CNL- 04

# नेपाली साहित्यको इतिहास

History of Nepali Literature


## उत्तराखण्ड मुक्त विश्वविद्यालय

**मानविकी विद्याशाखा**

**फो नं. 05946-261122, 261123**

**टोल फ्री नं. 18001804025**

**ई-मेल info@uou.ac.in**

**http://uou.ac.in**

## अध्ययन परिषद्

| | |
|---|---|
| प्रोफेसर एच. पी. शुक्ल<br>निदेशक, मानविकी विद्याशाखा<br>उत्तराखण्ड मुक्त विश्वविद्यालय | डा राकेश चन्द्र रयाल<br>एसोसिएट प्रोफेसर,<br>पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा ,उत्तराखण्ड मुक्त विश्वविद्यालय |
| प्रोफेसर दिवाकर प्रधान<br>विभाग प्रमुख, भारतीय भाषा विभाग<br>काशी हिन्दू विश्वविद्यालय, बनारस | डा. राजकुमार छेत्री<br>सहायक-अध्यापक,नेपाली विभाग<br>दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङ, पश्चिम बङ्गाल |

## विषयवस्तु विशेषज्ञ

| |
|---|
| डा. खगेन शर्मा<br>गुवाहाटी विश्वविद्यालय |

## पाठ्यक्रम संयोजन

| |
|---|
| डा राकेश चन्द्र रयाल<br>एसोसिएट प्रोफेसर,<br>पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा ,उत्तराखण्ड मुक्त विश्वविद्यालय |

# एकाइ लेखक

| | |
|---|---|
| साहित्य इतिहास र नेपाली साहित्य लेखनको इतिहास परम्परा | डा. बाला कृष्ण अधिकारी, उपप्राध्यापक, केन्द्रिय नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ |
| प्राथमिककालीन नेपाली साहित्य | डा गोमा देवी शर्मा, पीजीटी, आर्मी पब्लिक स्कुल, नारेङ्गी,गुवाहाटी,असम |
| माध्यमिककालीन नेपाली साहित्य | चन्द्रप्रसाद घिमिरे, अध्यापक, नेपाली विभाग, ज्ञानपीठ डिग्री कलेज, निकासी, असम |
| आधुनिक नेपाली साहित्य पद्य | डा. सृजना शर्मा,अतिथि प्राध्यापक,नेपाली विभाग,पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, गुवाहाटी, असम |
| आधुनिक नेपाली साहित्य गद्य | डा. सृजना शर्मा, अतिथि प्राध्यापक,नेपाली विभाग, पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, गुवाहाटी, असम |
| भारतीय आधुनिक नेपाली साहित्य | डा. सृजना शर्मा, अतिथि प्राध्यापक,नेपाली विभाग,पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, गुवाहाटी,असम |
| नेपाली भाषा साहित्यमा प्रचलित आन्दोलनहरू | एकदेव अधिकारी, पूर्व अतिथि प्राध्यापक,नेपाली विभाग,पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, गुवाहाटी,असम |

**पाठ्यक्रम सम्पादन**

| |
|---|
| **डा. खगेन शर्मा** |

**प्रकाशन वर्ष – अक्टोबर 2021**
**कपिराइट-** उत्तराखण्ड मुक्त विश्वविद्यालय
**संस्करण**- पहिलो
**प्रकाशक-** कुलपति, उत्तराखण्ड मुक्त विश्वविद्यालय, हल्दवानी-263139(नैनिताल)।
**मुद्रक-**
(यो सामग्रीको कुनै पनि अंश उत्तराखण्ड मुक्त विश्वविद्यालयको लिखित अनुमतिबिना कुनै पनि रूपमा अथवा मिमियोग्राफी एवम् चक्रमुद्रणद्वारा वा अन्य उपायले पुनः प्रस्तुत गर्ने अनुमति छैन।)

# अनुक्रम


| एकाइ संख्या | एकाइको नाम | पृष्ठ सख्या |
|---|---|---|
| 01 | साहित्य इतिहास र नेपाली साहित्य लेखनको इतिहास परम्परा | 4 |
| 02 | प्राथमिककालीन नेपाली साहित्य | |
| 03 | माध्यमिककालीन नेपाली साहित्य | |
| 04 | आधुनिक नेपाली साहित्य पद्य | |
| 05 | आधुनिक नेपाली साहित्य गद्य | |
| 06 | भारतीय आधुनिक नेपाली साहित्य | |
| 07 | नेपाली भाषा साहित्यमा प्रचलित आन्दोलनहरू | |


# एकाइ १

# साहित्येतिहास र नेपाली साहित्यको इतिहासलेखनको विकास

## एकाइको संरचना

१. प्रस्तावना

२. उद्देश्य

३. परिचय

४.	साहित्य र साहित्येतिहासबिचको सम्बन्ध

५.	साहित्येतिहासको अवधारणा

६.	साहित्येतिहासको महत्त्व र उपयोगिता

७.	नेपाली साहित्यको इतिहासलेखनको विकासयात्रा

७.१ पृष्ठभूमि

७.२ चरणविभाजन

७.३ वर्तमान अवस्था

८.	नेपाली साहित्यको कालविभाजन

८.१	कालविभाजनका आधार र नामकरण

८.२	नेपाली साहित्येतिहासको कालविभाजनका मतहरू

९.	निष्कर्ष

**१०.	थप अध्ययनका लागि सन्दर्भसामग्री**

---

## १. प्रस्तावना

प्रस्तुत पाठ्यांश साहित्य र साहित्येतिहासका बिचको सम्बन्ध, साहित्येतिहासको अवधारणा, साहित्येतिहासको महत्त्व र उपयोगिता एवम् नेपाली साहित्यको इतिहासलेखनको विकासयात्राको सङ्क्षिप्त रूपरेखाका साथै नेपाली साहित्यको कालविभाजनका विभिन्न प्रयासहरूको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा प्रस्तुतिमा केन्द्रित रहेको छ।

## २. उद्देश्य

प्रस्तुत पाठ्यांशका निर्धारित पाठ्यवस्तुको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(१) साहित्य र साहित्येतिहासबिचको सम्बन्धका बारेमा जानकारी लिन,

(२) साहित्येतिहासको मूल अवधारणाका बारेमा जानकारी लिन,

(३) साहित्येतिहासको महत्त्व र उपयोगिता बोध गर्न,

(४) नेपाली साहित्यको इतिहासलेखनको विकासयात्राका बारेमा थाहा पाउन,

(५) कालविभाजनका आधार र नामकरणका साथै नेपाली साहित्यको कालविभाजनका विभिन्न मतहरूका बारेमा जानकारी लिन।

## ३. परिचय

'साहित्य' र 'इतिहास' दुई शब्दको मेलबाट 'साहित्येतिहास' शब्दको निर्माण भएको छ । 'साहित्य' ले भाषिक कलाका माध्यमबाट मानवीय भावचेतनाको अभिव्यक्ति भन्ने अर्थ बुझाउँछ भने 'इतिहास' ले मानव सभ्यताको आरम्भदेखि वर्तमानसम्मका सम्पूर्ण घटना, तिनका कारण र तीसँग मानवीय अन्तःसम्बन्धको शृङ्खलाबद्ध अध्ययन भन्ने अर्थ बुझाउँछ । 'साहित्येतिहास' शब्दले साहित्यका इतिहासको अध्ययन गर्ने एउटा शास्त्र वा साहित्यका इतिहासको अध्ययन गर्ने पद्धति बुझाउँछ । साहित्य र साहित्येतिहासका बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । साहित्येतिहासको आधार साहित्य हो । साहित्यको आरम्भदेखि वर्तमानसम्मका सम्पूर्ण साहित्यिक गतिविधि, घटना, अभियान तथा आन्दोलन, मुख्य स्रष्टा, तिनका प्रतिनिधि कृति, स्रष्टापरक र कृतिपरक मूल प्रवृत्ति, ती प्रवृत्तिको सामान्यीकरणका आधारमा समग्र साहित्यिक इतिहासको अध्ययन, विश्लेषण र मूल्याङ्कन साहित्येतिहासले गर्दछ । साहित्यको विकासयात्राको व्यवस्थित जानकारी दिने भएकाले यसको प्राज्ञिक महत्त्व उच्च रहेको छ । सम्बद्ध भाषा र देशको साहित्येतिहासका बारेमा ऐतिहासिक, गुणात्मक र परिमाणात्मक ज्ञान प्रदान गर्ने भएकाले यो सैद्धान्तिक र व्यावहारिक दृष्टिले उपयोगी पनि रहेको छ ।

मोतीराम भट्टको कवि भानुभक्ताचार्यको जीवन चरित्र (वि.सं. १९४८) देखि नेपाली साहित्यको इतिहासलेखनको बीजारोपण भएको हो । नेपाली साहित्यको पहिलो ग्रन्थाकार इतिहासकृति यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका (वि.सं. २०१७) हो । यसरी हेर्दा मोतीराम भट्टदेखि आरम्भ भएको साहित्यको ऐतिहासिक अध्ययन परम्पराले यज्ञराज सत्यालको पुस्तकका माध्यमबाट इतिहासग्रन्थ प्राप्त गर्न सफल भएको हो । रत्नध्वज जोशीको वि.सं. २००० को शारदा पत्रिकामा प्रकाशित 'नेपाली भाषाको नूतन साहित्य चर्चा' लेखबाट नेपाली साहित्यको कालविभाजन गर्ने परम्पराको थालनी भएको हो । त्यसदेखि यता विभिन्न इतिहासकारहरूले विभिन्न आधारमा कालखण्डको नामकरण गर्दै कालविभाजनसम्बन्धी आआफ्ना अभिमत प्रस्तुत गरेका छन् । प्रस्तुत पाठ्यवस्तुमा उपर्युक्त विभिन्न सन्दर्भको विवेचना गरिएको छ ।

## ४. साहित्य र साहित्येतिहासबिचको सम्बन्ध

भाषाका माध्यमबाट गरिने मानवीय मस्तिष्कको कलात्मक वा सिर्जनात्मक अभिव्यक्ति नै साहित्य हो । स्रष्टाले आफ्ना विचार र भावनालाई लिपिबद्ध गरेपछि नै लिखित साहित्यको आरम्भ हुन्छ । साहित्य र साहित्येतिहासका बिचमा घनिष्ठ सम्बन्ध हुन्छ । साहित्यलेखन हुनेबित्तिकै यसको इतिहास आरम्भ हुन्छ तर त्यसलाई निश्चित ढाँचामा आबद्ध गरेपछि मात्र साहित्येतिहास लेखनको सुरुआत हुन्छ । यसका लागि साहित्यका पाठक, समालोचक र इतिहासकारमा इतिहासलेखनको अवधारणा बोधका साथै लेखनपद्धतिको विकास हुनु अनिवार्य हुन्छ । त्यसैले साहित्यलेखन र साहित्येतिहास लेखनबिच अन्योन्याश्रित सम्बन्ध छ ।

साहित्य लेखनपरम्पराको लामो अभ्यासपछि सम्बद्ध भाषाका साहित्यिक अध्येता तथा चिन्तकहरूले साहित्येतिहासको परिकल्पना गर्दछन् । साहित्येतिहासकारले बितेका साहित्यिक घटनाहरूको उत्खनन् गर्दछन्, लुकेका तथ्यहरूलाई उधिनेर ऐतिहासिक मूल्य प्रदान गर्दछ, एउटा निश्चित घटनावृत्त तयार गर्दछ र त्यसलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दछ । कथाकारले कथा लेखेजस्तै साहित्येतिहासकारले इतिहासका घटनावृत्तलाई पूर्वापर क्रमशृङ्खलामा उनेर इतिहासको स्वरूप निर्माण गर्दछ । मान्छेले आफ्नो अस्तित्वरक्षाका लागि गर्नुपरेका सङ्घर्षको कलात्मक अभिव्यक्ति साहित्यमा हुन्छ भने यस प्रकारको सङ्घर्षबाट कुन युगमा कस्तो कलाचेतना निर्माण भयो,

त्यसको मुख्य कारण के थियो, त्यस्तो कलाचेतना कहिलेसम्म कायम रह्यो र त्यसमा कुन कारणले कसरी परिवर्तन भयो भन्ने कुराको अध्ययन साहित्येतिहासमा हुन्छ । साहित्येतिहासमा मानवीय सभ्यताको इतिहासका सापेक्षमा मानवीय विचार, चेतना र कलामूल्यलाई अन्तःसम्बद्ध गरेर हेर्ने काम गरिन्छ । त्यसैले साहित्यलेखन सबैभन्दा प्राथमिक कार्य हो भने साहित्यको इतिहासलेखन साहित्यलेखनपछिको द्वितीयक कार्य हो ।

साहित्य सिर्जनात्मक अभिव्यक्तिको उपज हो भने साहित्येतिहास ऐतिहासिक आलोचनात्मक एवं ऐतिहासिक चेतनाको उपज हो । साहित्य बढी हृदयसंवेद्य हुन्छ भने साहित्येतिहास विचारप्रधान हुन्छ । साहित्यमा हार्दिकता प्रधान हुन्छ भने साहित्येतिहासमा बौद्धिकता प्रधान हुन्छ । साहित्यमा कलात्मक भावको प्रधानता हुन्छ भने साहित्येतिहासका कालक्रमिक तथ्यको प्रधानता हुन्छ । साहित्यिक तत्त्वहरूको संश्लेषणबाट साहित्य लेखिन्छ भने ऐतिहासिक तत्त्वहरूको संश्लेषणबाट साहित्येतिहास लेखिन्छ । लिपिबद्ध (प्रकाशनसमेत) नगरिएसम्म साहित्यको कुनै औचित्य नरहेजस्तै नलेखिएसम्म साहित्येतिहासको कुनै अर्थ र महत्त्व र औचित्य स्थापित हुँदैन । साहित्य भावपरक सिर्जना हो भने साहित्येतिहास साहित्यमाथिको विमर्शका आधारमा गरिने तथ्यपरक पुनःसिर्जना हो । पहिले साहित्य लेखिन्छ र त्यसपछि लेखिएका साहित्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्येतिहास लेखिन्छ । भावनात्मक हुने भएकाले सामान्य पठितले पनि सुन्दर साहित्य लेख्न सक्छ तर तथ्यपरक र विचारधारात्मक हुने भएकाले साहित्येतिहास लेख्नका लागि उच्च पठित तथा पठनमा अभ्यस्त हुनु आवश्यक हुन्छ ।

## ५. साहित्येतिहासको अवधारणा

साहित्यका इतिहासको वैज्ञानिक अध्ययन गर्ने शास्त्र र पद्धतिलाई साहित्येतिहास भनिन्छ । संसारका प्रायःजसो विकसित भाषामा साहित्य लेखिन्छ । साहित्य लेख्ने परम्परासँगै साहित्येतिहास निर्माण हुँदै जान्छ । साहित्येतिहासका लागि– (१) सम्बन्धित भाषाको साहित्यलेखन परम्परा, (२) साहित्यको ऐतिहासिक अध्ययन गर्ने दृष्टिकोण, र (३) साहित्यिक इतिहासको अध्ययनपद्धति विकास हुनु आवश्यक हुन्छ ।

साहित्येतिहास भन्नाले साहित्यको कालक्रमिक विकासपरम्पराको व्यवस्थित अध्ययन भन्ने बुझिन्छ । यसमा लेखिएका साहित्यको आरम्भदेखि वर्तमान अवस्थासम्मको कालक्रमिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको हुन्छ । साहित्यका इतिहासकारले अतीतको अध्ययन गर्दा प्राप्त गरेका विभिन्न तथ्यहरूलाई त्यस युगका विभिन्न मूल्यसँग जोडेर विश्लेषण र मूल्याङ्कन गर्दछ । यसरी गरिएको विश्लेषण र मूल्याङ्कनबाट इतिहासका सम्बन्धित घटना, स्रष्टा, कृतिका ऐतिहासिक एवं साहित्यिक मूल प्रवृत्तिको मूल्यनिर्धारण हुन जान्छ । अतीतको अध्ययन नगरिए पनि इतिहास त बनेकै हुन्छ तर यस सन्दर्भमा अतीतको व्यवस्थित खोजी गरी त्यसबाट प्राप्त तथ्य र तिनको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा लेखिएको कालक्रमिक लेखोट नै साहित्येतिहास हो भन्ने बुझ्नु उपयुक्त हुन्छ ।

साहित्येतिहास विगतका साहित्यिक गतिविधिहरूको अनुसन्धान वा खोजी हो । अनुसन्धानपरक हुने भएकाले साहित्येतिहासमा ज्ञानविज्ञानका अन्य विभिन्न शास्त्रमा जस्तै अध्ययनको प्रक्रियाबद्धता हुन्छ । यसमा साहित्यको आरम्भ, विकास र विस्तारका साथै वर्तमान अवस्थाको पद्धतिगत अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको हुन्छ । इतिहासका विभिन्न साहित्यिक आरोह–अवरोह, विभिन्न समयमा साहित्यले समाजलाई र समाजले साहित्यलाई पारेका प्रभाव तथा मानवीय कलाचेतनाको विकासशीलताको अध्ययन साहित्येतिहासमा हुन्छ । यसले अतीतका साहित्यिक मूल प्रवृत्ति, अतीतका साहित्यिक तथ्यबारे देखिएका अन्योल तथा विवादको निवारण पनि गर्ने प्रयत्न गर्दछ । वर्तमानको साहित्यमा जेजस्ता प्रवृत्ति देखिएका छन् ती सबै इतिहासकै शृङ्खलाबद्ध विकासका

परिणति भएको र वर्तमानको साहित्यिक विकासले भविष्यलाई समेत मार्गनिर्देश गर्ने मान्यतामा साहित्येतिहास आधारित हुन्छ । यसले इतिहासको सबैभन्दा विश्वसनीय अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने चेतना साहित्य र साहित्येतिहासका पाठकलाई प्रदान गर्दछ । तसर्थ साहित्येतिहास साहित्यिक परम्पराको वैज्ञानिक अध्ययन गर्ने पद्धति हो ।

साहित्येतिहासको निश्चित विधाशास्त्र हुन्छ । यसमा स्थान, काल, स्रष्टा, परिवेश, कृति, प्रवृत्ति र त्यसको सामान्यीकरणले विशेष भूमिका खेलेका हुन्छन् । साहित्येतिहास लेखनका लागि घटनावृत्त, विचारधारा, कालविभाजन, जीवनी, कार्यकारण सम्बन्ध, इतिहासचेतना, प्रकल्पना र मूल्यनिर्णयजस्ता विभिन्न तŒवहरूको संश्लेषण हुनु आवश्यक हुन्छ । साहित्यको इतिहासका समग्र घटना, अभियान र आन्दोलन, स्रष्टा, कृति आदिको पूर्वापर क्रमसम्बद्ध विवरण नै घटनावृत्त हो । साहित्यिक इतिहासको घटनावृत्तलाई हेर्ने सामूहिक वैचारिक चेतना विचारधारा हो । अखण्ड इतिहासलाई यसका प्रवृत्तिगत निरन्तरता र परिवर्तनका आधारमा विभिन्न कालखण्डमा विभाजन गर्ने एउटा परिपाटी कालविभाजन हो जसमा विभाजनको आधार, विभाजित कालखण्डको नामकरण, निर्धारित कालखण्डको औचित्यपुष्टि र प्रवृत्तिगत सामान्यीकरणजस्ता पक्षहरूले महŒवपूर्ण भूमिका खेलेका हुन्छन् । स्रष्टाहरूको व्यक्तिगत र साहित्यिक परिचयको विश्लेषण र स्थाननिर्धारण नै साहित्येतिहासका सन्दर्भमा जीवनी हो । साहित्येतिहासको घटनावृत्तमा रहेका नयाँ घटना र नयाँ प्रवृत्तिका कारणहरूको खोजी गरी तिनलाई ऐतिहासिक मूल्यवत्ता प्रदान गर्नु कार्यकारण सम्बन्ध हो । इतिहासका साहित्यिक घटना, तथ्य, स्रष्टा आदिलाई अतीत र वर्तमान दुवैका सापेक्षमा हेर्ने दृष्टि इतिहासचेतना हो । अतीतमा विलुप्त तथ्य, अस्पष्ट जानकारी, अपूर्ण तथ्यलाई क्रमशः प्रकाशमा ल्याउन, स्पष्ट पार्न र पूर्णता दिन र साहित्येतिहासको कालविभाजन गर्नका लागि प्रयोग गरिने परिकल्पना (हाइपोथेसिस) नै प्रकल्पना हो । स्रष्टा, कृति, प्रवृत्ति, कालखण्ड, युग र चरणहरूका प्रवृत्ति एवं विशेषता खुट्याएर इतिहासमा त्यसको मूल्य के रहेको छ भनी निर्णय दिने अवधारणा मूल्यनिर्णय हो ।

साहित्येतिहासका तत्त्वहरूको कमबेसी प्रयोगका आधारमा यसका प्रकारहरू निर्धारण हुने गर्दछन् । ती हुन् :

(१) घटनावृत्त प्रधान भएमा इतिवृत्तात्मक साहित्येतिहास

(२) विचारधाराको प्रधानता भएमा विचारधारात्मक साहित्येतिहास

(३) कालविभाजनलाई मात्र महत्त्व दिइएमा रैखिक साहित्येतिहास

(४) जीवनीलाई प्रधान महत्त्व दिएर लेखिएमा जीवनीपरक साहित्येइतिहास

(५) इतिहासका घटनाको कार्यकारण सम्बन्ध निरूपण गरी लेखिएमा विश्लेषणात्मक साहित्येतिहास,

(६) इतिहासचेतनालाई महत्त्व दिएर लेखिएमा इतिहासचेतनायुक्त साहित्येतिहास

(७) अस्पष्ट, अपूर्ण र अप्राप्य तथ्यलाई पूर्णता दिई लेखिएमा प्रकल्पनात्मक इतिहास,

(८) मूल्यनिर्णय गरेर लेखिएमा मूल्याङ्कनपरक साहित्येतिहास ।

साहित्येतिहासका लागि उपर्युक्त तत्त्वहरूका अतिरिक्त योजना, विधि र प्रस्तुतिजस्ता कार्यशृङ्खलाको पनि व्यवस्थित समन्वय हुनुपर्दछ । पद्धतिको पालना नगरी लेखिएका साहित्येतिहास व्यवस्थित हुन सक्दैनन् । योजना भनेको कस्तो साहित्येतिहास लेख्ने भन्ने कुराको पूर्वतयारी हो । साहित्येतिहास लेखनमा विधिको महत्त्वपूर्ण भूमिका

हुन्छ । सामग्रीसङ्कलन, सङ्कलित सामग्रीको वर्गीकरण, वर्गीकृत सामग्रीको सत्यापन र अर्थापन, सामान्यीकरण र निष्कर्षणजस्ता कार्यप्रक्रियाको समष्टि नै साहित्येतिहास लेखनका सन्दर्भमा विधि हो । साहित्येतिहासलाई ग्रन्थाकार रूपमा प्रस्तुत गर्ने समग्र युक्ति प्रस्तुति हो । मस्यौदालेखन, परिमार्जन, साफीलेखन, टङ्कण, टङ्कणशुद्धि, छपाइ, बँधाइ, गातापृष्ठ निर्माण र आकर्षक ग्रन्थका रूपमा प्रकाशनसम्मका सम्पूर्ण कार्यप्रक्रियाहरू प्रस्तुतिअन्तर्गत पर्दछन् । प्रस्तुतिका आधारमा (१) आकृतिमूलक, (२) विवरणात्मक, (३) वर्णनात्मक र (४) विश्लेषणात्मक गरी चार प्रकारका साहित्येतिहास हुन्छन् । यसरी योजना, विधि र प्रस्तुतिको समुच्चालाई साहित्येतिहास लेखनको पद्धति भनिन्छ ।

## ६. साहित्येतिहासको महत्त्व र उपयोगिता

साहित्यका इतिहासको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अतीतको साहित्यिक यात्रा, विकास र विस्तारका क्रममा देखापरेका अनेक उतारचढाव, सङ्कट र त्यसबाट मुक्तिका लागि भएका अनेक पहलकदमी आदिको सम्पूर्ण जानकारी साहित्येतिहासले दिने भएकाले यो साहित्यिक अतीतको साहसिक यात्रा (एडभेन्चर) हो । साहित्येतिहासले साहित्यका पाठक, अध्येता, विश्लेषक, चिन्तक आदिका लागि एउटा ऐतिहासिक मानचित्र प्रस्तुत गर्दछ । जसरी भूगोलको यात्रामा हिँडेका यात्रीलाई नक्साको महत्त्व हुन्छ त्यसरी नै साहित्यका स्रष्टा, अध्येता र अनुसन्धातालाई साहित्येतिहासको आवश्यकता हुन्छ । कुन राष्ट्र कति विकसित छ, कुन भाषा कति विकसित छ र कुन देशको संस्कृति तथा परम्परा कति समृद्ध छ भन्ने कुरा साहित्येतिहासले देखाउँछ । त्यसैले कुनै पनि राष्ट्र, त्यहाँका भाषा र संस्कृतिको समृद्धिको स्तरमापन गर्न साहित्येतिहास महत्त्वपूर्ण हुन्छ ।

साहित्येतिहास प्राज्ञिक कार्य हो यसले यसका विद्यार्थीलाई प्राज्ञिक कर्ममा अभ्यस्त बनाइराख्ने र नयाँनयाँ कुराको खोजीका लागि उत्प्रेरित गरिरहने भएकाले यसको महत्त्व उच्च रहेको छ । साहित्येतिहासमा जातीय, वर्गीय, लैङ्गिक, विचारधाराहरूको पनि खोजी गरिएको हुन्छ । कुनै पनि जाति (जस्तै : नेपाली महाजाति) ले आफ्ना भाषिक कलाचेतनासँग सम्बद्ध ऐतिहासिक विरासतको बोध साहित्येतिहासबाटै गर्नसक्ने भएकाले पनि यसको महत्त्व उच्च रहेको छ । सफल साहित्यकार, समालोचक बन्न पनि इतिहासका विकासयात्राको गहन बोध हुनु आवश्यक छ । परवर्ती पुस्ताले आफ्ना साहित्यिक इतिहासका स्रष्टा वा कृति कुन युगमा जन्मेका हुन्, कुन युगमा तिनले आफ्ना साहित्यिक सङ्घर्ष थालनी गरी कसरी आफूलाई स्थापित गर्न सके र साहित्यपरम्परामा तिनले दिएका योगदान के हुन् भन्ने कुराको बोध गर्न सकेनन् भने साहित्य, समालोचना र साहित्येतिहासको कुनै औचित्य रहँदैन । एउटा स्रष्टाले आफ्ना साहित्यका इतिहासको गौरवलाई बोध गर्न सकेन र ‘स्वान्तसुखाय’ का लागि मात्र लेख्न थाल्यो भने समाज र इतिहासमा उसको कुनै औचित्य रहँदैन । त्यसैले स्रष्टाले आफ्ना सिर्जनकर्मको औचित्यबोध गरी इतिहासमा आफ्नो सशक्त पदचिह्न छोड्ने प्रेरणाका लागि पनि साहित्येतिहासको महत्त्व रहेको छ । यी सबै महत्त्व हाम्रा सैद्धान्तिक ज्ञान र व्यावहारिक (शैक्षिक, प्राज्ञिक, पेसागत र जीवनका अन्य पक्ष) ज्ञान, व्यवहार र सिपसँग जोडिने भएकाले साहित्येतिहास हाम्रा लागि निकै उपयोगी रहेको छ ।

## ७. नेपाली साहित्यको इतिहासलेखनको विकासयात्रा

### ७.१ पृष्ठभूमि

संसारका विभिन्न आधुनिक भाषामध्ये देवनागरी लिपिमा लेखिने, नेपालको मुख्य भाषाका रूपमा रहेको, भारतका दार्जिलिङ, सिक्किम, आसाम, गौहाटी आदि क्षेत्रमा पनि एउटा प्रमुख भाषाका रूपमा प्रयोग गरिने, नेपाली

महाजाति संसारका जुनजुन भूभागमा पुगेका छन् ती सम्पूर्ण ठाउँमा पुगेर प्रतिष्ठितसमेत बनेको सम्पूर्ण नेपाली महाजातिको मातृभाषा र साझा सम्पर्कको भाषा हो। यस नेपाली भाषामा लेखिएको साहित्यलाई नेपाली साहित्य भन्ने गरिन्छ। अहिलेसम्मको खोजअनुसन्धानका आधारमा नेपाली भाषाको लिखित इतिहास लगभग १००० वर्ष लामो रहेको छ । त्यसपूर्व नेपाली भाषा कथ्य रूपमा कहिलेदेखि आरम्भ भयो भन्ने कुरा खोजीकै विषय रहेको छ । अभिलेख युग, वाङ्मय युग हुँदै विकास र समृद्धिको यात्रामा रहेको नेपाली भाषामा विक्रमको उन्नाइसौँ शताब्दीको पूर्वार्धदेखि नै पहिलो सुललित साहित्यिक ध्वनि गुञ्जिएको कुरा अध्ययनले देखाएको छ । यसरी नेपाली साहित्यलेखन परम्पराको सबा दुई शताब्दीको यात्रामा पछिल्लो सबा एक शताब्दीदेखि अतीततर्फ फर्केर हेर्ने र त्यसको विरासतका बारेमा विमर्श गर्ने प्रचलन आरम्भ भई क्रमशः विकसित, विस्तारित र समृद्ध हुँदै गइरहेको छ। वि.सं. १९४० को पूर्वार्धमा जब नेपाली भाषासाहित्य प्रकाशनको युगमा प्रवेश गऱ्यो तब नेपाली साहित्यको अतीतलाई फर्केर हेर्ने र त्यसको ऐतिहासिक मूल्यका बारेमा खोजी, अध्ययन, चिन्तन र विश्लेषण गर्ने परम्पराको आरम्भ भयो।

## ७.२ चरणविभाजन

हालसम्मको खोजी र प्राप्त तथ्यका आधारमा नेपाली साहित्यलेखनको आरम्भ वि.सं. १८०० को आसपासदेखि भएको मानिन्छ भने नेपाली साहित्यको इतिहासलेखनको प्रारम्भिक प्रयत्न मोतिराम भट्टको कवि भानुभक्ताचार्यको जीवन चरित्र (१९४८) लाई मानिन्छ। त्यस्तै पहिलोपल्ट ऐतिहासिक विधिको प्रयोग गरी लेखिएको नेपाली साहित्यको पहिलो साहित्येतिहास ग्रन्थ यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका (२०१७) लाई मानिन्छ । मोतीराम भट्टको उपर्युक्त कार्य भानुभक्तको जीवनीसँग सम्बद्ध भए पनि यसले पहिलोपल्ट कुनै स्रष्टाको विलुप्त जीवनीलाई उत्खनन् गर्ने तथा उनका कृति र कृतित्वको सङ्क्षिप्त विश्लेषण र मूल्याङ्कन गर्ने कार्य आरम्भ गरेकाले यसलाई नेपाली साहित्यको इतिहासलेखनको बीजाधानका रूपमा लिने गरिन्छ । भानुभक्त आचार्यसम्बन्धी ऐतिहासिक तथ्यको खोजी गरी तिनको तुलनात्मक निर्णय दिने कार्य मोतीराम भट्टबाट थालनी गरेकाले यसै समयदेखि नै नेपाली साहित्यमा इतिहासलेखनको प्रारम्भिक चेतना सुरु भएको मानिन्छ। यसरी वि.सं. १९४८ देखि हालसम्म लगभग सबा सय वर्षको इतिहासलाई निम्नलिखित चरणहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) पहिलो चरण (वि.सं. १९४८ देखि २०१६ सम्म)

(ख) दोस्रो चरण (वि.सं. २०१७ देखि २०२६)

(ग) तेस्रो चरण (२०२७ देखि २०५४)

(घ) चौथो चरण (२०५५ देखि यता)

### (क) पहिलो चरण

नेपाली साहित्यको शृङ्गारिक धाराका प्रतिनिधि व्यक्तित्व, समालोचक, कवि, नाटककार, सम्पादक एवं जीवनीकार मोतीराम भट्टले **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) प्रकाशन गरेर साहित्येतिहास लेखनको एक महत्त्वपूर्ण तत्त्व जीवनीलेखनको थालनी गरे। यसबाट नै नेपाली साहित्यको इतिहासलेखनको गर्भाधान भएको पाइन्छ । उनले यस कृतिमार्फत इतिहासको गर्तमा लुकेका भानुभक्त आचार्यसहित अन्य केही कविको नाम,

भानुभक्तको सङ्क्षिप्त जीवनी र साहित्यिक व्यक्तित्वको अन्वेषण गरे र त्यसको ऐतिहासिक मूल्याङ्कनसमेत गरे । उनको यस कार्यले नेपाली साहित्यको इतिहासलेखनको बीजारोपण ग¥यो र भावी कार्यका लागि अनुसन्धानको ढोका खोलिदियो । उनको यस कार्यले पछिका यस्तै ऐतिहासिक र अनुसन्धानात्मक कार्यका लागि प्रशस्त उत्प्रेरणा पनि प्रदान गर्न सफल भयो । त्यसपछि राममणि आ.दी.को 'कविता रीति' (**माधवी**, १९६५), शम्भुप्रसाद ढुङ्गेलको **आदिकवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९६९), पण्डित कृष्णचन्द्र अर्याल र पण्डित बैजनाथ जोशी (सेढाईँ) द्वारा लिखित तथा पण्डित जगन्नाथ जोशी (सेढाईँ) द्वारा संशोधित ग्रन्थ **गोरखा–भाषा (मातृ–भाषाको महत्व)** (वि.सं. १९७४), दीनानाथ सापकोटाको **रामायण सुन्दरकाण्ड** (१९८९ : सम्पादित कृति), ब्रह्मशमशेर जबराको **कवि भानुभक्त** (१९९५), नरदेव पाण्डेयको **कविवर मोतीराम भट्टको सचित्र जीवन चरित्र** (वि.सं. १९९५), सूर्यविक्रम ज्ञवालीको **भानुभक्त स्मारक ग्रन्थ** (१९९७) आदि कृतिले मोतीराम भट्टद्वारा थालनी गरिएको जीवनी लेखन, तुलनात्मक अध्ययन, नयाँ स्रष्टाको खोजी र स्थापना गर्ने कार्यको निरन्तरता दिएका छन् ।

वि.सं. २००० को **शारदा**मा रत्नध्वज जोशीले 'नेपाली भाषाको नूतन साहित्य चर्चा' शीर्षकको लेख प्रकाशित गरेर नेपाली साहित्यको कालविभाजन गर्ने परम्पराको आरम्भ गरेका छन् । त्यसैले यस कार्यपछि पहिलो चरणको दोस्रो उपचरण आरम्भ भएको मान्नु उपयुक्त हुन्छ । वि.सं.२०० को **शारदा**मै तारिणीप्रसाद कोइरालाको 'नेपाली कथा–साहित्य र त्यसका लेखक' शीर्षकको लेखले विधागत साहित्यको इतिहासलेखनमा पहिलो तर प्रारम्भिक प्रयत्न गरेको देखिन्छ । बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) पनि नेपाली साहित्यको इतिहासलेखन र कालविभाजनका दृष्टिले महत्त्वपूर्ण छ । त्यसपछि वि.सं. २०१७ पूर्व प्रकाशित नेपाली साहित्यको इतिहासलेखनका दृष्टिले महत्त्वपूर्ण कार्यहरूमा ईश्वर बरालका **झ्यालबाट** (२००६), **प्रगति**मा प्रकाशित 'आधुनिक नेपाली साहित्यको क्रम–विकास' (२०१०) शीर्षकको लेख, **प्रगति**मै प्रकाशित 'प्राथमिक नेपाली साहित्य : १, इन्दिरस र विद्यारण्यकेशरी अर्याल' (२०११) शीर्षकको लेख, **हिमालचुली** (कवितासङ्ग्रहः २०१२), सोही सालको **प्रगति**को अर्को अङ्क २ (३) मा प्रकाशित 'नेपाली साहित्यमा प्राथमिक काल–२ वसन्त शर्मा र यदुनाथ पोखऱ्याल' शीर्षकको लेख, **सयपत्री** (निबन्धसङ्ग्रह : २०१३) **इन्द्रेणी**मा प्रकाशित 'आधुनिक केही कवि र इन्द्रेणी (२०१३) शीर्षकको लेख र **धरती**मा प्रकाशित 'आधुनिक २००४ वि. देखि कथा–प्रवाह' (२०१४) शीर्षकको लेख आदि नेपाली साहित्यको समग्र र विधागत इतिहासलेखनका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । यीबाहेक हृदयचन्द्रसिंह प्रधान, बालचन्द्र शर्मा, रत्नध्वज जोशी, ज्ञानमणि नेपाल, योगी नरहरिनाथ आदिका खोजअनुसन्धानपरक लेख र कमल दीक्षितको **यस्तो पनि** (२०१४) ले ऐतिहासिक सामग्रीको अध्ययन–अनुसन्धानको विमर्शलाई अझै गति प्रदान गरेको पाइन्छ । यसरी वि.सं. १९४८ देखि २०१६ सम्म भएका इतिहासपरक जीवनी, सम्पादनपरक रचनासङ्ग्रह र फुटकर लेखहरू नेपाली साहित्यको इतिहासलेखनका प्रारम्भिक कार्य हुन् । यिनले नेपाली साहित्यका इतिहासलेखनको प्रारम्भिक चेतना स्थापित गर्न र परवर्ती इतिहासचेतनालाई विकसित गर्नमा महत्त्वपूर्ण योगदान दिएका छन् भने नेपाली साहित्यको पहिलो ग्रन्थाकार इतिहासलेखनमा पृष्ठभूमिको काम गरेका छन् । तसर्थ यस चरणलाई नेपाली साहित्यका इतिहासलेखनको पृष्ठभूमि काल पनि मान्न सकिन्छ ।

**(ख) दोस्रो चरण**

वि.सं. २०१७ देखि २०२६ सम्मको एक दशकलाई नेपाली साहित्येतिहास लेखनमा दोस्रो चरण वा विकासको चरण मान्नु उपयुक्त देखिन्छ । नेपाली साहित्यको तत्कालीन स्वरूपलाई स्पष्ट रूपले अभिव्यक्त गर्न सक्षम **नेपाली साहित्यको भूमिका** (२०१७) कृतिको प्रकाशनबाट यस क्षेत्रमा एउटा ठुलो अभावपूर्ति भएको देखिन्छ ।

ऐतिहासिक चेतनासहित नेपाली साहित्यलाई अवधारणातः तीन कालखण्डमा वर्गीकरण यसै कृतिबाट खास साहित्यको इतिहासलेखनको आरम्भ भएको देखिन्छ । घटनावृत्त, कालविभाजन, जीवनी, मूल्यनिर्णय, प्रकल्पना, इतिहासचेतनाजस्ता तत्त्वहरूको प्रयोग हुनु यस कृतिको सबल पक्ष हो भने नेपाली साहित्यको इतिहासलाई एउटा अटुट शृङ्खलाका रूपमा प्रस्तुत नगरेर फुटकर लेखहरूको सङ्ग्रहजस्तो देखिनु यस कृतिको मुख्य सीमा हो । यसपछि कमल दीक्षितको **कालो अक्षर** (२०१७) ले प्रारम्भिक तथा माध्यमिक कालीन नेपाली साहित्यका कतिपय तथ्यहरूमाथि प्रकाश पार्‍यो । डिल्लीराम तिमसिना र माधव भँडारीको **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८) नामक पुस्तक नेपालीको दोस्रो साहित्येतिहास कृति हो । तत्कालिक अभावपूर्तिका निम्ति भनिए पनि नेपाली साहित्यको कालविभाजन गरी प्रत्येक कालखण्डलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दै समयखण्ड र क्रमअनुरूप नै साहित्यकारहरूको चर्चा गर्ने काम यसमा गरिएको छ । एउटै ग्रन्थमा नेपाली साहित्यको इतिहासलाई अविच्छिन्न रूपमा विमर्श गरिएको यो पहिलो कृति हो । कालखण्डको नामकरणमा एकरूपता नभेटिनु, व्यक्तिका आधारमा कालखण्डको सीमा तोक्नु, शारदा पत्रिका र लेखनाथ पौड्याललाई एउटै सीमारेखा (?) मा राखेर आधुनिक काल छुट्याउनु, साहित्यका समग्र विधालाई ऐतिहासिक कालखण्डमा पूर्णरूपमा समेट्न नसक्नु यस कृतिका सीमा हुन् ।

नेपाली साहित्यको इतिहासलेखनको सैद्धान्तिक सचेतता नभए यस चरणमा इतिहासलेखनसँग सम्बद्ध अन्य कृतिहरूमा कमल दीक्षितको **बुइँगल** (२०१८), बालकृष्ण पोखरेलले **धौलागिरि** (२०१८) मा प्रकाशित 'पुरानो नेपाली साहित्यको ढुकुटी' शीर्षकको लेख, भोलानाथ पौडेल र धनबज्र बज्राचार्यको सम्पादित कृति **गल्लीमा फ्याँकिएका कसिङ्गर** (२०१८), ज्ञानमणि नेपालद्वारा सम्पादिन पुराना कविता (२०१८), नेपाली साहित्य संस्थानले २०२० सालमा काठमाडौँमा आयोजना गरेको सेमिनारमा बाँडिएको 'नेपाली साहित्यको विवरण' शीर्षकको सेमिनारपत्र, जनकलाल शर्माको **जोसमनी सन्त परम्परा र साहित्य** (२०२०), बालकृष्ण पोखरेलको सम्पादित कृति **पाँच सय वर्ष** (२०२०), हर्षनाथ भट्टराईको **नेपाली भाषा र साहित्य** (२०२०) आदि महत्त्वपूर्ण छन् । कुनै एउटा मात्र कालखण्डमा केन्द्रित पहिलो साहित्येतिहास रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१) हो । यसले नेपाली साहित्यको आधुनिक कालमाथि विमर्श गरेको छ । २०२२ सालमा रामपुरमा आयोजित सेमिनारमा देशव्यापी साहित्य सेमिनारले तयार पारेको प्रतिवेदन देशव्यापी साहित्य सेमिनारको विवरण, बालकृष्ण पोखरेलको **राष्ट्रभाषा** (२०२२), यज्ञराज सत्यालको **नेपाली साहित्यको संक्षिप्त विवेचना** (२०२३), कृष्णप्रसाद पराजुलीले **पन्ध्रतारा र नेपाली साहित्य** (२०२४), **साझा कविता** (२०२४), **साझा निबन्ध** (२०२५), **साझा समालोचना** (२०२५), एच.बी. नवपानीयको नेपालबाहिर **नेपाली साहित्यको गतिविधि** (२०२५), ज्ञानमणि नेपालको **वनका फूल** (२०२५), रत्नध्वज जोशीको **नेपाली कथाको कथा** (२०२६), कमल दीक्षितका **कागतीको सिरप** (२०२६) र **पर्खंदै बित्ला कि ?** (२०२६), मोहनराज शर्माको **नेपालीका केही आधुनिक साहित्यकार** (२०२६), पारसमणि प्रधानका **नेपाली साहित्यको साउँ अक्षर** (२०२६), **नेपाली भाषा र साहित्यको विवरण** (२०२७) आदि कृतिहरू महत्त्वपूर्ण छन् । यस चरणमा **रूपरेखा**, **गोरखापत्र** आदि पत्रिकामा शृङ्खलाबद्ध रूपमा छापिएका बालकृष्ण पोखरेल, ईश्वर बराल, तानासर्मा आदिका लेखहरूले पनि नेपाली साहित्यको इतिहासलेखनको आवश्यकता र औचित्यका बारेमा नयाँ विमर्शको थालनी गरेको देखिन्छ ।

वि.सं. २०१७ देखि २०२६ सम्म भएका विभिन्न गतिविधिहरूले नेपाली साहित्यको इतिहासलेखन एउटा स्पष्ट दिशातर्फ अग्रसर हुँदै गएको देखिन्छ । यस चरणमा (१) समग्र नेपाली साहित्यको इतिहासलेखनमा महत्त्वपूर्ण उपलब्धि हासिल भए, (२) नेपाली साहित्यका इतिहासको आधुनिक कालखण्डलाई मात्र आधार बनाएर त्यसको

झलक प्रस्तुत गर्ने कृतिहरू प्रकाशित भए, (३) नेपाली साहित्यका विविध विधामा केन्द्रित ऐतिहासिक कृतिहरू प्रकाशित भए, (४) नेपाली साहित्यको ऐतिहासिकतासँग सम्बद्ध कृतिहरू प्रकाशित भए र (५) नेपाली साहित्यको इतिहास र कालविभाजनमा केन्द्रित फुटकर लेखरचनाहरू प्रकाशित भए। यस चरणको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि नेपाली साहित्येतिहास ग्रन्थको प्रकाशन हुनु हो भने अर्को महत्त्वपूर्ण उपलब्धि नेपाली साहित्यको कालविभाजनसम्बन्धी चिन्तन, विमर्श र मतभेदको आरम्भ हो। यसरी नेपाली साहित्यको इतिहासलेखनको आधार निर्माण गर्नमा २०१७ देखि २०२६ बिचको अवधि अत्यन्त विमर्शपूर्ण र उपलब्धिपूर्ण रहेको पाइन्छ।

**(ग) तेस्रो चरण**

नेपाली साहित्यको इतिहासलेखन परम्परामा 'साहित्यको इतिहास' शीर्षक नै राखेर प्रकाशित भएको पहिलो इतिहासग्रन्थ तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७) हो। यस कृतिको प्रकाशनले नेपाली साहित्यको इतिहासलेखनमा आलोचनात्मक चरणको आरम्भ भएको पाइन्छ। पूर्ववर्ती चरणमा प्रशस्त कार्यहरू भए पनि आलोचनात्मक/विश्लेषणात्मक कोटिका साहित्येतिहास लेखिएका थिएनन्। त्यसैले यस चरणलाई पूर्ववर्तीभन्दा नयाँ मानिएको हो। नेपाली साहित्यको इतिहासलाई आलोचनात्मक कोणबाट विश्लेषण गर्दै निर्भीक र निडर भएर स्रष्टा, कृति र प्रवृत्तिको मूल्याङ्कन गर्नु, कालविभाजनमा नयाँ अवधारणा राख्नु, इतिहासचेतनाको प्रयोग गर्नु यस कृतिका सबल पक्ष हुन् भने कालविभाजनमा छ्यासमिसे आधारको प्रयोग हुनु, मूल्यनिर्णयमा पक्षपात देखिनु यस कृतिका सीमा हुन्। यस चरणमा प्रकाशित अन्य साहित्येतिहास कृतिहरूमा तारानाथ शर्माको **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९) र दार्जिलिङको नेपाली भाषा समितिद्वारा प्रकाशित **नेपाली भाषा र साहित्यको संक्षिप्त परिचय** (२०२९) र **A BRIEF INTRODUCTION TO NEPALI LANGUAGE AND LITERATURE** (सन् १९७२), दीनानाथ शरणको हिन्दी भाषामा लेखिएको **नेपाली साहित्य का इतिहास** (२०३१), दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४), अभि सुवेदीको **Nepali Literature : Background & History** (२०३५), शरद्चन्द्र शर्माको **नेपाली साहित्यको इतिहास (प्रथम खण्ड) (२०३७)**, दयाराम श्रेष्ठको **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), बालचन्द्र शर्माको **नेपाली साहित्यको इतिहास** (२०३९) आदि महत्त्वपूर्ण रहेका छन्। नेपाली साहित्येतिहास ग्रन्थको गुणात्मकता र परिमाणका दृष्टिले यो चरण सर्वाधिक उपलब्धिपूर्ण रहेको देखिन्छ।

वि.सं. २०४० को दशकमा नेपाली भूभागमा साहित्यको इतिहासलेखनको तत्परता कमजोर भए पनि भारतीय नेपाली इतिहासकारहरूले यसलाई थप गति प्रदान गरेको देखिन्छ। यस क्रममा नगेन्द्र शर्माको **Nepali Literature : In a Nutshell** (सन् १९८३) र कुमार प्रधानको **A History of Nepali Literature** (सन् १९८४) गरी अङ्ग्रेजीमा दुई ओटा कृतिहरू प्रकाशित भए भने कमला सांकृत्यायनको हिन्दी ग्रन्थ **नेपाली साहित्य** (सन् १९८६) प्रकाशित भयो। त्यस्तै असीत राईको **भारतीय नेपाली साहित्यको विकासक्रम** (सन् १९८६) ले भारतीय नेपाली साहित्यको दिग्दर्शन गरायो। साहित्येतिहास लेखनका दृष्टिले यस दशकको सबैभन्दा महत्त्वपूर्ण र नेपाली साहित्यको इतिहासलेखनको समग्र विकासयात्राको एउटा महत्त्वपूर्ण कृति घनश्याम नेपालको **नेपाली साहित्यको परिचयात्मक इतिहास** (सन् १९९१) प्रकाशित भयो। सङ्क्षेपमा धैरै तथ्यहरू दिन खोजिएको यस कृतिमा साहित्येतिहास सिद्धान्तको विमर्श पनि गरिएको छ भने तदनुसार नेपाली साहित्यलाई प्रवृत्तिका आधारमा विभिन्न कालखण्डमा विभाजन गरी विमर्श गरिएको छ।

वि.सं. २०५० को दशकमा पनि नेपाली साहित्यको इतिहासबारे चिन्तन–मनन भयो, गोष्ठीहरू भए र प्रकाशनका दृष्टिले पनि केही ठोस कामहरू भए । यस क्रममा भीम योञ्जनको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०५३), रामप्रसाद दाहालको **सिङ्गो नेपाली भाषा–साहित्यको इतिहास र साहित्यकारहरूको परिचय** (२०५४) विशेष महत्त्वपूर्ण छन् । यस चरणमा नेपाली साहित्यको इतिहासलेखनमा संस्थागत चासो बढेको देखिन्छ । नेपालबाट भन्दा ज्यादा तत्परता नेपालबाहिरबाट देखाइएको पाइन्छ । विश्वविद्यालयका पाठ्यक्रममा राखिएका पाठ्यवस्तुको आवश्यकतालाई बढी ध्यान दिइएको देखिन्छ । यसको अर्थ स्वतन्त्र अनुसन्धाताको प्रयास कमजोर नै देखिन्छ । नयाँ ढङ्ग र ढाँचाका साहित्येतिहास लेखिँदै गएको देखिन्छ । हिन्दीमा लेखिएको तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), दीनानाथ शरणको **नेपाली साहित्य का इतिहास** (२०३१), दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) र घनश्याम नेपालको **नेपाली साहित्यको परिचयात्मक इतिहास** (सन् १९९१) यस चरणका सर्वाधिक महत्त्वपूर्ण र उपलब्धिपूर्ण साहित्येतिहासग्रन्थ हुन् ।

वासुदेव त्रिपाठी, इन्द्रबहादुर राई, कृष्णचन्द्रसिंह प्रधान, केशवप्रसाद उपाध्याय, रामलाल अधिकारी, मोहनराज शर्मा आदि विभिन्न लेखकका विधागत समालोचना तथा विधागत इतिहास र परम्पराको विमर्श गरिएका प्रशस्त कृतिहरू यस चरणमा प्रकाशित छन् । यस चरणमा नेपाली भाषा समिति, दार्जिलिङ, नेपाल प्रज्ञा–प्रतिष्ठान, नेपाल, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., कीर्तिपुर, नेपाल आदि विभिन्न सङ्घसंस्थाले सामूहिक रूपमा नेपाली साहित्यको इतिहासलेखन र प्रकाशनमा आफ्नो प्रत्यक्ष संलग्नता देखाएका छन् भने विभिन्न साहित्येतिहासकार तथा समालोचकहरूले समग्र साहित्येतिहास, खण्ड साहित्येतिहास र विधागत साहित्येतिहास लेखनमा चासो दिएका छन् । नेपाली साहित्यको इतिहासलेखनको यात्रा यस चरणमा अझै समृद्ध हुँदै गएको देखिन्छ ।

### (घ) चौथो चरण

नेपाली साहित्यको इतिहासमा २०५५ सालपछि चौथो चरणको आरम्भ भएको देखिन्छ । यस चरण आरम्भको मूल कारण इतिहासचेतनाको नवीनता हो । नेपालबाहिरबाट शान्तिराज शर्माको **नेपाली साहित्य–इतिहासको रूपरेखा (उत्तरआधुनिक प्रस्तुति)** (सन् १९९८) प्रकाशित भएपछि नेपाली साहित्यको इतिहासलेखनमा उत्तरआधुनिक चेतनाको प्रवेश भयो भने अर्कातिर पाटन संयुक्त क्याम्पसको नेपाली विभागद्वारा २०५४ सालमा आयोजित विचार गोष्ठीमा ऋषिराज बरालले प्रस्तुत गरेको 'नेपाली साहित्यको इतिहास–लेखन : समस्या र समाधानको प्रश्न' विषयक कार्यपत्र तथा अभियान साहित्य प्रतिष्ठानद्वारा २०५५ सालमा आयोजित विचार राजेन्द्र सुवेदीद्वारा प्रस्तुत 'नेपाली साहित्यको इतिहासलेखनमा देखापरेका त्रुटि र निराकरणका सम्भावनाहरू' शीर्षकको कार्यपत्रको समष्टि प्रयासबाट नेपालीमा साहित्यको इतिहासलेखनसँग सम्बद्ध बहुआयामिक विमर्शको आरम्भ भयो । यसले साहित्येतिहास लेखनको परम्परागत सोचमा एकातिरबाट उत्तरआधुनिक पद्धतिको विमर्शलाई प्रवेश दियो भने अर्कातर्फ अझै सशक्त रूपमा विकासवादी पद्धति तथा मार्क्सवादी पद्धतिलाई प्रवेश दियो । कुनै निश्चित वाद, सिद्धान्त, दर्शन आदिमा केन्द्रित विमर्श यसअघि भएको थिएन, २०५० को दशकको मध्यवर्ती समयबाट नेपालीमा यस्तो विमर्श आरम्भ भयो । त्यसैले नेपाली साहित्यको इतिहासलेखनमा यस समयलाई निरन्तरतामा एउटा गतिलो क्रमभङ्गता मानेर चौथो चरण मानिएको हो । यसपछि इतिहासलेखनको सैद्धान्तिक विमर्शको सशक्त आरम्भ र त्यसका आधारमा लिखित साहित्येतिहासको विश्लेषण गर्ने प्रायोगिक कार्यको सशक्त आरम्भ पनि भएको देखिन्छ । पूर्ववर्ती चरणका कार्यहरूको निरन्तरता र नवीन कार्यको सशक्त आरम्भबाट यसपछिको साहित्येतिहास लेखन र त्यसबारेको विमर्शले निकै विकसित रूप लिएको देखिन्छ ।

चूडामणि बन्धुद्वारा सम्पादित र तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको परियोजनामा प्रकाशित **नेपाली साहित्यको इतिहास (प्रथम खण्ड)** (२०६०) कृति नेपाली साहित्यको इतिहासलेखनको महत्त्वपूर्ण प्राप्ति हो । वि.सं. २०६० को दशकमा समग्र नेपाली साहित्यको इतिहासलेखनसँग सम्बद्ध अन्य कुनै इतिहासग्रन्थ प्रकाशन भएको देखिँदैन तर विधागत इतिहासलेखनसँग सम्बद्ध थोरै कार्यहरू भएका छन् । यसको मूल कारण २०६० पूरै दशक नेपाली राजनीतिमा सङ्क्रमणकाल रहनुलाई मान्न सकिन्छ । वि.सं. २०७० को दशकको पूर्वार्धमा जगदम्बा प्रकाशनबाट नेपाली साहित्यको बृहत् इतिहास लेख्ने विशाल परियोजना निर्माण भएको छ । यसका मूल संयोजक माधवप्रसाद पोखरेल र अन्य सम्पादकहरूमा दयाराम श्रेष्ठ र चूडामणि बन्धु रहेका छन् । संसारभर छरिएर रहेका नेपाली भाषाका ८० भन्दा बढी लेखकहरूलाई अनुबन्ध गरी नेपाली साहित्यको समग्र इतिहासका साथै विभिन्न देशमा छरिएर रहेका नेपालीहरूले तीती देशमा सञ्चालन गरेका साहित्यिक परम्पराको समेत समावेश गरेर छ ओटा ठेलीमा प्रकाशन गर्ने योजना यस परियोजनाले बनाएको छ । हालसम्म यसका पहिलो र दोस्रो ठेली प्रकाशित भइसकेका छन् भने अन्य चारओटा ठेलीहरू लेखन, सम्पादन र छपाइकै क्रममा रहेका छन् ।

चौथो चरण विधासाहित्यको इतिहासलेखनका दृष्टिले पनि बढी महत्त्वपूर्ण रहेको छ । कविता विधामा खगेन्द्रप्रसाद लुइटेलको कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) महŒवपूर्ण छ । कथा विधामा अविनाश श्रेष्ठको **आधुनिक भारतीय नेपाली कथा** (२०६४), लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीको **नेपाली कथाको इतिहास** (२०६९), दयाराम श्रेष्ठको **नेपाली कथा र कथाकार** (२०७०) महत्त्वपूर्ण छन् । उपन्यासको इतिहासलेखनमा खगेन्द्रप्रसाद लुइटेलको **नेपाली उपन्यासको इतिहास** (२०६९) बढी महत्त्वपूर्ण छ । नाटकको इतिहासलेखनमा केशवप्रसाद उपाध्यायका **नेपाली नाटक तथा रङ्गमञ्च : उद्भव र विकास** (२०५९), **नेपाली नाटक र नाटककार** (२०६१), कृष्ण शाह 'यात्री' को **प्रतिनिधि नेपाली नाटक** (२०६४) मा रहेको 'नेपाली नाटक : विगत र आगत' शीर्षकको भूमिका, व्रतराज आचार्यको **नेपाली नाटक** (२०६७) आदि महत्त्वपूर्ण छन् । निबन्ध र त्यसका विभिन्न उपविधाको इतिहासलेखनका दृष्टिले प्रमोद प्रधानको **नेपाली निबन्धको इतिहास** (२०६६) र समालोचनाको इतिहासलेखनमा राजेन्द्र सुवेदीको **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) र एकनारायण पौड्यालको **आधुनिक नेपाली समालोचनाको इतिहास** (२०७०) महत्त्वपूर्ण छन् ।

चौथो चरणमा साहित्यको इतिहासलेखनसम्बन्धी अध्ययन–अनुसन्धानका दृष्टिले विशेष महत्त्वपूर्ण देखिन्छ । यस क्रममा दयाराम श्रेष्ठको **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** (२०५९), बालाकृष्ण अधिकारीका **नेपाली साहित्यको इतिहासलेखन : सर्वेक्षण र विश्लेषण** (२०६६), **नेपाली साहित्यको कालविभाजन : ऐतिहासिक विश्लेषण** (२०६९) र **नेपाली साहित्यको इतिहासलेखनका आधार** (२०७६), **मार्क्सवाद र साहित्येतिहास दर्शन** (२०७७) तथा दयाराम श्रेष्ठ र बालाकृष्ण अधिकारीको **साहित्यको इतिहास** (२०७७) आदि कृतिहरू महत्त्वपूर्ण रहेका छन् ।

## ७.३ वर्तमान अवस्था

नेपाली साहित्यको इतिहासलेखन परम्परा विक्रमको बीसौँ शताब्दीको झन्डै मध्यदेखि चल्दै आजसम्म आइपुगेको छ । सिर्जनात्मक साहित्यको परम्परा स्थापित भएपछि नै बौद्धिक वर्गले इतिहासको रेखा कोर्ने जमर्को गर्न सक्तछ । शून्यमा साहित्यको इतिहासको लेख्न सकिँदैन । भानुभक्त आचार्यबाट नेपाली साहित्यलाई जनमनमा

पुऱ्याएका कारण उनको खोजीमा निस्किएका मोतीराम भट्टको सचेत प्रतिभाले इतिहासको नीरस तर अपरिहार्य बाटो पैल्याउने चेष्टा गऱ्यो । यहीँबाट बीजाधान भएको नेपाली साहित्यको इतिहासलेखन परम्परा विभिन्न चरण, घुम्ती, उतारचढाव र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै साहित्येतिहासको मौलिक विधाशास्त्र निर्माण भइसकेको अवस्था छ। थुप्रै इतिहासकार, सङ्घसंस्थाले एकल, युगल र सामूहिक प्रयत्न गरी नेपाली साहित्यको इतिहासलेखनको विकासयात्रालाई सशक्त बनाउने प्रयत्न गरेका छन् । पछिल्लो दुई दशक साहित्यको इतिहासलेखनमा आलस्य देखिए पनि साहित्यको इतिहास कसरी लेख्ने, साहित्यको इतिहासका आधार, दर्शन, पद्धति केके हुने भन्ने विषयमा भने अत्यन्त आशालाग्दो गरी विमर्श भएको देखिन्छ । अहिलेसम्म जेजति साहित्येतिहासहरू लेखिए ती सबैका महत्त्व उच्च छ । हरेक चरणमा नवनव प्रवृत्ति र प्रगति लिएर यो गतिशील हुँदै यहाँसम्म आइपुगेको छ । नयाँ पुस्ताले यस परम्परालाई अझै समृद्ध बनाउँदै लैजानुपर्ने कार्यभार आफ्ना काँधमा आएको बोध गरेमा नेपाली साहित्यलेखन परम्परा, नेपाली साहित्यको इतिहासलेखन र साहित्येतिहास चिन्तनपरम्परा पक्कै संसारका अन्य समृद्ध भाषाका दाँजोमा पुग्नेछ ।

## ८. नेपाली साहित्यको कालविभाजन

साहित्यको इतिहासलेखनमा कालविभाजन अनिवार्य रहेको हुन्छ । साहित्येतिहासमा साहित्यिक परम्परा, मूल्य, मान्यता र प्रवृत्तिको सोपानक्रमिक मूल्याङ्कन गरिने भएकाले अतीतदेखि वर्तमानसम्मका साहित्यिक प्रवृत्ति, धारागत विकास, सामाजिक सांस्कृतिक एवं राजनीतिक प्रभाव र राष्ट्रिय अन्तर्राष्ट्रिय नवनव साहित्यिक घटनाहरूको प्रभाव–प्रेरणाले साहित्यको इतिहासमा अनेक प्रवृत्तिहरूको निरन्तरता र नवप्रवर्तनको शृङ्खला चलिरहेको हुन्छ । साहित्यका इतिहासको स्वभाव अखण्ड हुन्छ र यसलाई सहज तरिकाले बुझ्नका लागि खण्डखण्डमा छुट्याउनु आवश्यक हुन्छ । इतिहासका साहित्यिक प्रवृत्तिका आधारमा विभिन्न कालखण्ड, चरण, उपचरण तथा धाराहरूमा विभाजन गर्ने परिपाटी नै कालविभाजन हो ।

### ८.१ कालविभाजनका आधार र नामकरण

संसारभरका विभिन्न साहित्येतिहासमा कालविभाजन र विभाजित कालखण्डको नामकरणका आधारहरू फरकफरक रहेको पाइन्छ । साहित्यको कालविभाजनका आधार र विभाजित कालखण्डको नामकरणका केही उदाहरणहरू निम्नानुसार रहेका छन् :

(क) शताब्दीका आधारमा, जस्तै : १८ औँ शताब्दी, १९ औँ शताब्दी, २० औँ शताब्दी आदि ।

(ख) प्रसिद्ध शासकवर्गको नाम र समयका आधारमा, जस्तै : पृथ्वी युग, कमनवेल्थ युग, एलिजावेथन युग आदि ।

(ग) राजनीतिक घटनाक्रमका आधारमा, जस्तै : प्रजातन्त्र काल, पञ्चायत काल, प्रत्यावर्तन युग आदि ।

(घ) साहित्यिक प्रवृत्ति, मूल भावधारा वा वादका आधारमा, जस्तै : वीरकाल, भक्तिकाल, शृङ्गार काल, स्वच्छन्दतावादी युग, प्रयोगवादी युग आदि ।

(ङ) प्रख्यात युग प्रतिनिधि साहित्य स्रष्टाका आधारमा, जस्तै : भानुयुग, मोती युग, चसर युग, जोन्सन युग आदि ।

(च) प्रसिद्ध साहित्यिक कृतिका आधारमा, जस्तै : मुद्राराक्षस युग आदि ।

(छ) कला–इतिहासका आधारमा, जस्तै : पुनर्जागरण युग, गोथिक काल आदि ।

(ज) धार्मिक प्रभावका आधारमा, जस्तै : प्रोटेस्टेन युग, क्याथोलिक युग आदि ।

(झ) भाषिक विकासका आधारमा, जस्तै : भर्नाकुलर साहित्य आदि ।

(ञ) सभ्यता विकासको क्रमका आधारमा, जस्तै : लौह युग, रजत युग, स्वर्ण युग आदि ।

(ट) विशिष्ट सामाजिक अभिलक्षणका आधारमा, जस्तै : प्राचीन वा प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल आदि ।

(ठ) कला–साहित्यिक आन्दोलन तथा अभियानका आधारमा, जस्तै : स्ट्रोम एन्ड ड्रङ युग आदि ।

(ड) लोकनायक र तिनका प्रभावका परिधिका आधारमा, जस्तै : गान्धी युग, तुलसी युग, सन्त ज्ञान दिलदास युग, मार्टिन लुथर युग आदि ।

(ढ) युद्ध, सन्धि आदिका आधारमा, जस्तै : विश्वयुद्धपूर्व युग, युद्धोत्तर साहित्य, सुगौली सन्धि काल आदि ।

(ण) समाजविकासको प्रगतिवादी चिन्तनका आधारमा, जस्तै : सामन्तकालीन साहित्य, पुँजीवादी युग, जनवादी युग आदि ।

(त) कुनै विधाविशेषको प्रधानताका आधारमा, जस्तै : महाकाव्य काल, आख्यान काल, मुक्तक काल आदि ।

(थ) समयविकासको क्रमका आधारमा, जस्तै : प्रारम्भिक काल, उत्थान काल, विकास काल आदि ।

(द) साहित्यिक शैलीका आधारमा, जस्तै : नयाँ समय, पुरानो समय आदि ।

(स्रोत : अधिकारी, २०६९, पृ.८८)

उपर्युक्त उदाहरणले साहित्यको इतिहासलेखनमा कालविभाजनका आधार र कालखण्डको नामकरणमा एकरूपता नभएको देखाउँछ । प्रत्येक भाषामा साहित्यका विकासको गति, प्रवृत्तिको निरन्तरता र परिवर्तनको स्वभाव तथा युगीन परिवेश र पृष्ठभूमि भिन्नभिन्न हुन्छ । त्यसैले कालविभाजनको आधार र नामकरण पनि एकअर्कामा भिन्न तरिकाले गरिएको पाइन्छ । नेपाली साहित्यको कालविभाजनका आधार र कालखण्डको नामकरणका सन्दर्भमा विद्वान्का फरकफरक मान्यता रहेका छन् । नेपाली साहित्यको कालविभाजनका सन्दर्भमा विशिष्ट सामाजिक अभिलक्षणका आधारमा प्रारम्भिक÷प्राथमिक काल, माध्यमिक काल, आधुनिक (उत्तरआधुनिकसमेत) आदि कालखण्डमा विभाजन गरी विभिन्न चरण, उपचरण र धाराको नामकरण साहित्यिक प्रवृत्ति, मूल विचारधारा र भावधाराका आधारमा नामकरण गर्ने प्रचलन बहुस्वीकार्य देखिएको छ ।

## ८.२ नेपाली साहित्येतिहासको कालविभाजनका मतहरू

आरम्भदेखि हालसम्म नेपाली साहित्यको इतिहासले लगभग साढे दुई सय वर्षको समयावधि पार गरेको छ। नेपाली साहित्यको इतिहासलाई विभिन्न कालखण्डमा विभाजन गरी अध्ययन–विश्लेषण गर्ने सबैभन्दा पहिलो प्रयत्न रत्नध्वज जोशीबाट भएको देखिन्छ उनले नेपाली साहित्यलाई निम्नलिखित तीन कालखण्डमा विभाजन गरेका छन् :

१. आदिकाल (भानुभक्तदेखि मोतीराम, शम्भुप्रसादसम्मको रचना)

२. मध्यकाल (सं. १९७३ देखिको लेखनाथ र लेखनाथीय ढङ्गका रचना)

३. आधुनिक काल (बालकृष्ण समको रचनाकाल देखि शारदा पत्रिकाको प्रकाशन वर्ष ९१ सालदेखि यता)

(जोशी, 'नेपाली भाषाको नूतन साहित्य चर्चा', **शारदा**, वि.सं. २०००)

जोशीको कालविभाजन इतिहासलाई तीन खण्डमा विभाजन गर्ने ढाँचाको छ। यो तीनखन्डे ढाँचा त्यसपछिका बहुसङ्ख्यक साहित्येतिहासकारले अवलम्बन गरेको देखिन्छ भने त्यसलाई बढी वैज्ञानिक पनि मानिएको देखिन्छ। उनीपछि नेपाली साहित्यको कालविभाजन गर्ने मुख्य साहित्येतिहासकार र तिनका कालविभाजनका मतलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

| **क्र.सं.** | **लेखकको नाम** | **लेख/कृतिको नाम** | **मिति** | **कालविभाजनको मत** |
|---|---|---|---|---|
| १. | बाबुराम आचार्य | **पुराना कवि र कविता** | २००३ | १. पुरानो समय (प्रारम्भदेखि १९६० सम्म)<br>२. नयाँ समय (सं १९६२ देखि यता) |
| २. | यज्ञराज सत्याल | नेपाली साहित्यको भूमिका | २०१७ | १. प्राथमिक काल (१९ औँ शताब्दीको प्रारम्भिक समय)<br>२. माध्यमिक काल (१९६०–७० देखिको समय)<br>३.आधुनिक काल (१९७०–७४ देखिको समय (लेखनाथ पौड्याल सक्रिय हुन थालेको समय) |
| ३. | डिल्लीराम तिमसिना र माधव भँडारी | **हाम्रो साहित्य र साहित्यकार** | | २०१८ १. प्रारम्भिक काल (सुवानन्ददासदेखि रघुनाथसम्म)<br>२. उत्थान काल (भानुभक्त आचार्यदेखि)<br>३. विकास काल (मोतीराम भट्टको समयदेखि)<br>४.आधुनिक काल ('शारदा' पत्रिका तथा कविशिरोमणि लेखनाथ पौड्यालको समयदेखि आजसम्म) |
| ४. | बालकृष्ण पोखरेल | नेपाली भाषा र साहित्य | २०२१ | १. आरम्भिक काल (१३७८—१८००)<br>२. उत्थान काल (सं. १८००—१९४०) |

| | | | | |
|---|---|---|---|---|
| | | | | ३. विकास काल (सं. १९४० उप्रान्त) |
| ५. | ईश्वर बराल | 'नेपाली साहित्यको कालविभाजन' (**रूपरेखा**) | २०२२ असोज | १. प्राथमिक काल (१८३३– १९४०)<br>२. माध्यमिक काल (१९४१–८५)<br>३. आधुनिक काल (१९८६–२००७)<br>४. प्रजातन्त्र काल (२००८–२०१८)<br>५. पञ्चायत काल (२०१८–अझै वर्तमान) |
| ६. | तारानाथ शर्मा | **नेपाली साहित्यको इतिहास** | २०२७ | १. भानुभक्तपूर्व युग (प्रारम्भदेखि विक्रमाब्द १८७१ सम्म)<br>२. भानुभक्त युग (१८७२ देखि १९३९ सम्म)<br>३. मोतीराम युग (१९४० देखि १९७६ सम्म)<br>४. क्रान्तिपूर्व युग (१९७७ देखि २००७ सम्म)<br>५. क्रान्तिउत्तर युग (सं. २००७ देखि आजसम्म) |
| ७. | वासुदेव त्रिपाठी | **विचरण** | २०२८ | १. प्राथमिक काल (सं १८२६–१९४० सम्म)<br>२. माध्यमिक काल (१९४०–१९७४)<br>३. आधुनिक काल (१९७५ देखि हालसम्म)<br>(क) परिष्कारवादी धारा (१९७५–१९९०)<br>(ख) स्वच्छन्दतावादी धारा (१९९१–२०१६)<br>(ग) प्रयोगवादी धारा (२०१७–२०२९)<br>(घ) समसामयिक धारा (२०३०–यता) |
| ८. | दीनानाथ शरण | **नेपाली साहित्य का इतिहास** | २०३१ | १. आदिकाल (सन् १७७६–१८४१)<br>२. पूर्व मध्यकाल (सन् १८४१–१८८२)<br>३. उत्तर मध्यकाल (सन् १८८३–१९१२)<br>४. आधुनिक काल (१९१३ देखि यता) |
| ९. | बालचन्द्र शर्मा | **नेपाली साहित्यको इतिहास** | २०३९ | १. उत्पत्तिकाल (हाम्रो साहित्यको भावात्मक परम्परा<br>२. प्रयोगकाल (हाम्रो साहित्यिक प्रारंभिक प्रवृत्ति)<br>३. पूर्वमध्यकाल (भानुभक्त)<br>४. मध्यकाल (सामन्तकालीन साहित्य : मुद्रण र विस्तारको युग)<br>(क) मोतीराम भट्ट<br>(ख) सदाशिव शर्मा अधिकारी र उनको साहित्यसाधना)<br>५. आधुनिककाल (चक्रपाणि चालिसे)<br>६. आधुनिककाल (लेखनाथ पौड्याल) |

| | | | | |
|---|---|---|---|---|
| | | | | ७. आधुनिककाल (लक्ष्मीप्रसाद देवकोटा) |
| १०. | मोहनराज शर्मा | **नेपालीका केही आधुनिक साहित्यकार** | २०४० | १. प्राथमिक काल : १८००–१८७२<br>२. पू र्व–मध्य काल १८७३–१९३९<br>३. उत्तर–मध्य काल : १९४०–१९७४<br>४. प्राक्–आधुनिक काल : १९७५–२००७<br>५. आधुनिक काल : २००८– हालसम्म |
| ११. | घनश्याम नेपाल | **नेपाली साहित्यको परिचयात्मक इतिहास** | सन् १९९१ | १. प्रस्तावना काल (सन् ९८९–१७५०)<br>२. स्तवन काल (१७५०–१८८२)<br>३. शृङ्गार काल (१८८३–१९१७)<br>४. नीति काल (१९१७–१९३३)<br>५. रोमाण्टिक काल (१९३४–१९६०)<br>६. प्रयोग काल (१९६०–१९७४)<br>७. आलोचना काल (१९७४–उप्रान्त) |
| १२. | शान्तिराज शर्मा | **नेपाली साहित्य–इतिहासको रूपरेखा (उत्तर आधुनिक प्रस्तुति)** | २०५५ : सन् १९९८ | १. प्राचीन काल (दसौं शताब्दी–१८८२)<br>२. माध्यमिक काल (१८८३–१९१७)<br>३. आधुनिक काल (१९१८–१९७४)<br>४. उत्तरआधुनिक काल (१९७५–यता) |
| १३. | बालाकृष्ण अधिकारी | **नेपाली साहित्यको कालविभाजन : ऐतिहासिक विश्लेषण** | २०६९ | १. प्रारम्भिक काल (आरम्भदेखि १९४० सम्म)<br>(क) वीरगाथामूलक धारा (१८०० देखि १८७१)<br>(ख) भक्तिगाथामूलक धारा (१८७२–१९४०)<br>२. माध्यमिक काल (१९४१ देखि १९९० सम्म)<br>(क) शृङ्गारिक धारा (१८०० देखि १८७४)<br>(ख) शास्त्रीयतावादी धारा (१८७५–१९९०)<br>३. आधुनिक काल (१९९१ देखि यता)<br>(क) पहिलो चरण (१९९० देखि २०१९)<br>(१) आदर्शवादी र स्वच्छन्दतावादी धारा (१९९१–२००३)<br>(२) यथार्थवादी र प्रगतिवादी धारा (२००४–२०१९)<br>(ख) दोस्रो चरण (२०२० देखि २०५१)<br>(१) प्रयोगवादी धारा (२०२०–२०३५)<br>(२) प्रगतिवादी र स्वच्छन्दतावादी धाराको |

| | | | | |
|---|---|---|---|---|
| | | | | पुनरागमन (२०३६–२०५१)<br>(ग) तेस्रो चरण (२०५२ देखि यता)<br>(१) मार्क्सवादी र उत्तर आधुनिकतावादी धारा (२०५२–२०६२)<br>(२) समसामयिक धारा (२०६३–यता) |

माथिका बाहेक अन्य धेरै विद्वान्हरूका समग्र नेपाली साहित्यको इतिहास र विधागत साहित्यको इतिहाससँग सम्बद्ध कालविभाजनका मतहरू रहेका छन् । यसको अर्थ नेपाली साहित्यको कालविभाजनमा प्रशस्त मतमतान्तर पाइन्छ । विद्वान्हरूले आआफ्नै प्रकल्पना (हाइपोथेसिस) अनुसार कालविभाजन गर्ने भएकाले यस्तो मतमतान्तर पाइनु स्वाभाविक मानिन्छ । विद्वान्हरूले कालविभाजनसम्बन्धी आआफ्नै मूल्य, मान्यता, तथ्य र त्यसको विश्लेषण गर्ने मापदण्ड र आधारको प्रयोग गरे पनि साहित्यको कालविभाजन र विभाजित कालखण्डको नामकरण साहित्यिक प्रवृत्तिकै आधारमा गरिनुपर्दछ । नेपाली साहित्यको इतिहासलाई सामाजिक अभिलक्षणका आधारमा प्राथमिक, माध्यमिक र आधुनिक (कतिपयले उत्तरआधुनिक पनि) गरी तीन कालखण्डमा विभाजन गरी ती कालखण्डअन्तर्गत साहित्यिक मूल प्रवृत्ति, विचारधारा र भावधाराका आधारमा चरण तथा उपचरणको निर्धारण गर्ने र सोही आधारमा कालखण्डको नामकरणसमेत गर्ने चलन देखिन्छ ।

## ९. निष्कर्ष

साहित्यको उत्पत्ति, विकास र विस्तारका अनेक उतारचढावको वस्तुपरक विश्लेषण गर्ने शास्त्र साहित्येतिहास हो । साहित्ययेतिहास साहित्यका अतीतका घटना, स्रष्टा, कृति, प्रवृत्ति आदिको विश्लेषण र मूल्याङ्कनपरक अध्ययन हो । साहित्येतिहास कुनै पनि देश र भाषाका सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, दार्शनिक, कलाचेतना आदिको समष्टि अध्ययन पनि हो । साहित्येतिहासमा घटनावृत्त, विचारधारा, कालविभाजन, जीवनी, कार्यकारण सम्बन्ध, प्रकल्पना, इतिहासचेतना र मूल्यनिर्णयजस्ता तŒवहरूको संयोजन गरिएको हुन्छ । त्यस्तै योजना, विधि र प्रस्तुतिजस्ता प्रक्रियागत चरणहरूले साहित्येतिहासको अध्ययन पद्धति निर्धारण हुन्छ । इतिहासमा भएका साहित्यिक समग्र घटना, स्रष्टा, कृति आदिको अध्ययन–विश्लेषण गरी तिनका प्रवृत्तिको निरन्तरता र परिवर्तनका शृङ्खलालाई पहिल्याउने भएकाले तथा वर्तमानका साहित्यिक प्रवृत्तिको मूल्याङ्कन गरी भविष्यको विकासलाई एउटा प्रभावकारी मार्गनिर्देश गर्ने भएकाले साहित्येतिहासको महŒव र उपयोगिता उच्च रहेको हुन्छ ।

नेपाली साहित्यको इतिहासलेखनको बीजारोपण मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) बाट भएको हो । यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७) नेपाली साहित्यको पहिलो इतिहासग्रन्थ हो । तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७) 'साहित्यको इतिहास' शीर्षक भएको र नेपाली साहित्यको समग्र इतिहासलाई आलोचनात्मक ढङ्गले विश्लेषण गरिएको पहिलो बृहत् साहित्येतिहास ग्रन्थ हो । नेपाली भूमिभन्दा बाहिरबाट नेपाली साहित्यको इतिहास लेखनमा भूमिका खेल्ने पहिलो विद्वान् दीनानाथ शरण (**नेपाली साहित्य का इतिहास** : २०३१) हुन् भने साहित्येतिहास सिद्धान्त र नेपाली साहित्यको इतिहासलेखनको विकासयात्राका साथै साहित्यिक मूल प्रवृत्तिलाई फरकफरक कालखण्ड बनाई इतिहास लेख्ने पहिलो साहित्येतिहासकार घनश्याम नेपाल (**नेपाली साहित्यको परिचयात्मक इतिहास**, सन् १९९१) हुन् । नेपाली साहित्यको इतिहासलेखनमा उत्तरआधुनिक मान्यताको प्रयोग गर्ने साहित्येतिहासकार शान्तिराज शर्मा (**नेपाली**

**साहित्य–इतिहासको रूपरेखा (उत्तरआधुनिक प्रस्तुति)**, सन् १९९८) हुन् । नेपाली साहित्यको इतिहासलेखनको निरन्तरता अहिलेसम्म पनि चलिरहेको छ र यसमा एकल, युगल, सामूहिक र संस्थागत प्रयत्नहरू भइरहेकै छन् । वर्तमानमा नेपाली साहित्यको बृहत् इतिहास तयार गर्ने जगदम्बा प्रकाशनको परियोजना र यसका प्रधान सम्पादक माधवप्रसाद पोखरेल तथा सम्पादकद्वय चूडामणि बन्धु र दयाराम श्रेष्ठसहित ८० भन्दा बढी लेखकहरूको प्रयत्न विशेष स्तुत्य रहेको छ । यस परियोजनाले पहिलोपल्ट नेपाली साहित्यको विस्तृत इतिहास तयार पार्ने कुरामा आशावादी हुन सकिन्छ ।

साहित्यको अखण्ड इतिहासलाई विभिन्न काखण्ड, चरण, उपचरण र धारामा विभाजन गरी अध्ययन गर्ने परिपाटी नै साहित्यको कालविभाजन हो । साहित्यको कालविभाजनका लागि निश्चित आधारको प्रयोग गरी त्यसअनुसार कालखण्ड, चरण, उपचरण र धाराहरूको नामकरण गर्नु आवश्यक मानिन्छ । नेपाली साहित्यको कालविभाजन गर्ने पहिलो विद्वान् रत्नध्वज जोशी हुन् । त्यसपछि बाबुराम आचार्य, यज्ञराज सत्याल, डिल्लीराम तिमसिना र माधव भँडारी, बालकृष्ण पोखरेल, ईश्वर बराल, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, दयाराम श्रेष्ठ, घनश्याम नेपाल, शान्तिराज शर्मा, बालाकृष्ण अधिकारी आदिले नेपाली साहित्यको कालविभाजनसम्बन्धी आआफ्ना मतहरू राखेका छन् । ती मतहरूमा प्रशस्त विवाद देखिन्छ र यस्तो विवाद हुनु साहित्यको इतिहासलेखनका दृष्टिले उपयुक्त नै मानिन्छ । हालसम्म पनि नेपाली साहित्यको इतिहासलेखन र कालविभाजनको परम्परा निरन्तर चलिरहेकै छ ।

## १०. थप अध्ययनका लागि सन्दर्भसामग्री

अधिकारी, बालाकृष्ण. (२०६६). **नेपाली साहित्यको इतिहासलेखन : सर्वेक्षण र विश्लेषण**. काठमाडौँ : युग पब्लिकेसन प्रा.लि. ।

अधिकारी, बालाकृष्ण. (२०६९). **नेपाली साहित्यको कालविभाजन : ऐतिहासिक विश्लेषण**. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

अधिकारी, बालाकृष्ण. (२०७६). **नेपाली साहित्यको इतिहासलेखनका पद्धति**. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

अधिकारी बालाकृष्ण, (२०७७). **नेपाली साहित्यको इतिहासलेखनका आधार**. काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान

अधिकारी बालाकृष्ण. (२०७७). **मार्क्सवाद र साहित्येतिहास दर्शन**. काठमाडौँ : शिखा बुक्स ।

नेपाल, घनश्याम. (सन् २००९). **नेपाली साहित्यको परिचयात्मक इतिहास**. सिलगुडी : एकता बुक हाउस ।

बन्धु, चूडामणि (सम्पा.). (२०६०). **नेपाली साहित्यको इतिहास (प्रथम खण्ड)**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, शरद्चन्द्र. (२०३७). **नेपाली साहित्यको इतिहास (माध्यमिक काल)**. काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, दयाराम. (२०५९). **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**. काठमाडौँ : त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम र अधिकारी, बालाकृष्ण. (२०७७). **साहित्यको इतिहास**. ललितपुर : साझा प्रकाशन ।

# एकाइ २

# प्राथमिककालीन नेपाली साहित्य - (सन् १७७३ – १९१७ सम्म)

**एकाइको संरचना**


१. प्रस्तावना

२. उद्देश्य

३. परिचय

४. प्राथमिककालीन नेपाली पद्य साहित्य (सन् १७७३ -१९१७)

४.१. पूर्वार्ध चरण – वीरधारा

४.२. उत्तरार्ध चरण - भक्तिधारा

४.२.१ कृष्णभक्ति धारा

४.२.२ रामभक्ति धारा

४.२.३ निर्गुण भक्तिधारा (जोसमनी सन्तकाव्य धारा)

५. प्राथमिककालीन गद्य साहित्य

५.१ प्राथमिककालीन नेपाली कथा (सन् १७७० -१९०० सम्म)

५.२ प्राथमिक नेपाली उपन्यास (सन् १७७०-१८८८)

५.३ प्राथमिक नेपाली नाटक - सन् १७७८ - १८८६

५.४ प्राथमिक नेपाली नियात्रा साहित्य

६. निष्कर्ष

७. थप अध्ययनका लागि सन्दर्भसामग्री


## १. प्रस्तावना

प्रस्तुत पाठ्यांश प्राथमिककालीन नेपाली साहित्य - (सन् १७७३ – १९१७ सम्म) महत्त्व र उपयोगिता एवम् नेपाली साहित्यको विकासयात्राको सङ्क्षिप्त रूपरेखाका साथै प्राथमिककालीन नेपाली साहित्यको सन्दर्भका विभिन्न प्रयासहरूको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा प्रस्तुतिमा केन्द्रित रहेको छ।

## २. उद्देश्य

यो एकाई प्राथमिककालीन नेपाली साहित्यमा केन्द्रित छ। यसमा प्राथमिककालीन नेपाली साहित्यको सम्पूर्ण परिचय संक्षेपमा दिने प्रयास गरिएको छ। यो एकाईबाट विद्यार्थीहरू निम्नलिखित भाषिक क्षमता र ज्ञान प्राप्त गर्न सक्षम हुनेछन् -

(क) प्राथमिककालीन नेपाली साहित्यको पृष्ठभूमि

(ख) प्राथमिककालीन नेपाली साहित्य र प्रमुख साहित्य धारा

(ग) कवि, कृति र प्रवृत्तिहरू बारे जानकारी

(घ) प्राथमिककालीन गद्य साहित्य, लेखक, कृति र प्रवृत्तिहरूको जानकारी

(ङ) प्रश्नोत्तर दिने कला

---

## ३. परिचय

प्राथमिककालीन नेपाली साहित्य भारत र नेपाल दुवै देशको राजनैतिक पृष्ठभूमिमा निर्मित भएको पाइन्छ। यस बेला नेपालको इतिहासमा राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण अभियान चरममा थियो। नेपाली वीरहरू युद्धमा अदम्य साहस देखाउँदै विभिन्न राज्यहरूलाई जीतेर त्यहाँ गोर्खा शासनको झण्डा फहराउँदै थिए। सम्पूर्ण देशमा युद्धको वातावरण थियो। यस समयमा साधारण जनताले पनि युद्धकै सपना देख्थे। यस वातावरणमा कविहरू पनि कविताको माध्यमबाट गोर्खा सैनिक र शासकको वीरताको आगोमा घिउ थप्ने काम गर्दै थिए। राजाहरूको स्तुतीगान गरेर केहि प्रसस्ती पाउने अभिलाषा पनि यस कालका कविहरूले गरेको देखिन्छ। यस कालका कविहरूले युग अनुसार वीर रसले भरिएका कविताहरूको सृजना गरे। उता भारतमा कम्पनी शासन विस्तार गर्न मग्न बृटिशहरूले नेपाली सेनाको वीरतालाई देखेर उनीहरूका अग्रगामी पाइलामा नेल हालिदिने अठोट गरे। आफ्नो अभियानलाई कार्यरूप दिन उनीहरूले नेपालसँग सीमाविवाद शुरु गरेर आकस्मिक युद्ध थोपिदिए। सन् १८१४ मा भएको भारत-नेपाल युद्धले नेपाली वीरताका अग्रगामी पाइलाहरूमा सँधैकालागि विराम लगाई दियो। **सुगौली सन्धि**सँगै यस युद्धको अन्त भयो। यस सन्धिका शर्त अनुसार नेपालले आफ्नो वृहत् भूभाग बृटिश शासित भारतलाई सुम्पिनु पर्‍यो। सुगौली सन्धि नेपालमा एउटा डरलाग्दो त्रास बनेर देखा पर्‍यो। यस त्रासदेखि मुक्ति पाउनका लागि जनता ईश्वरका शरणमा जान लागे। यता यस सन्धि अन्तर्गत भारतमा गाभिएको भूभागमा बसोवास गर्ने हजारौं नेपाली भाषी जनता माटोसँगै भारतीय रैती बन्न पुगे। बलियो गोर्खा शासनको छत्रछायाबाट वञ्चित हुने र क्रूर बृटिश शासनको अङ्ग बन्ने बाध्यताले गर्दा यी जनताले आफूलाई असहाय महसूस गर्दै सहाराविहिन भएर ईश्वरलाई पुकार्न लागे। यसरी यस परिस्थितिको प्रभावबाट नेपाली साहित्यमा भक्तिधाराको सूत्रपात भएको देखिन्छ।

## ४. प्राथमिक नेपाली पद्य साहित्य (सन् १७७३ -१९१७)

प्राथमिककालीन कवितामा प्राप्त प्रवृत्ति अनुसार यस कालको पद्य साहित्यलाई दुई चरणहरूमा बाँड़ेर अध्ययन गर्न सकिन्छ -

(क) पूर्वार्ध चरण - वीरधारा (सन् १७७३-१८१४)

(ख) उत्तरार्ध चरण - भक्तिधारा (सन् १८१५-१९१७)

## ४.१ पूर्वार्ध चरण : वीरधारा (सन् १७७३ -१८१४)

समग्र नेपाली साहित्यमा पूर्वार्ध चरण अन्तर्गत **वीरधारा**को थालनी पृथ्वीनारायण शाहका समकालीन कवि सुवानन्द दासको कविता **पृथ्वीनारायण**बाट शुरु भएको पाइन्छ। यस कवितालाई सबैभन्दा पहिला योगी नरहरिनाथ र जनकलाल शर्माले सन् १९५५ मा प्रकाशमा ल्याएका थिए। नेपाली साहित्य-इतिहासका विद्वानहरूले विभिन्न प्रकारान्तरबाट खोज गरि यस कविताको रचनाकाल सन् १७७३-७४ तिर मानेका छन्। यस समयका धेरैजसो कविहरूको जन्म-मृत्यु, कविता लेखनको तिथिमिति सम्बन्धी जानकारी प्राप्त भइसकेको छैन। हालसम्म उपलब्ध तथ्यका आधारमा यस चरणका कविहरूको संक्षिप्त परिचय तल दिइन्छ -

**(क) सुवानन्ददास** - सुवानन्ददास नेपालका राजा पृथ्वीनारायणका समकालीन कवि थिए भन्ने विद्वानहरूको भनाइ छ। यिनको जन्म-मृत्युको अनुमानित समय सन् १७२१-१८०० मानिएको छ। उनको **पृथ्वीनारायण** (सन् १७७३-७४) तिर लेखिएको कवितालाई नेपाली साहित्यको वीरधाराकालीन पहिलो कविता मानिएको छ। यस कवितामा पृथ्वीनारायण शाहको वीरताको वर्णन गरिएको पाइन्छ। तत्कालीन गोर्खा भाषामा लेखिएको यस कवितामा वर्णनात्मकता, ओज गुण, वीर रस, जनप्रचलित शब्द साथै अन्य केही क्लिष्ट शब्दहरूको प्रयोग, प्रगीतात्मकता जस्ता प्रवृत्तिहरूको दर्शन पाइन्छ।

**(ख) शक्तिबल्लभ अर्ज्याल** - संस्कृत भाषाका प्रकाण्ड विद्वान शक्तिबल्लभ अर्ज्याल पृथ्वीनारायण शाहका राजपुरोहित र राजदरबारी कवि थिए भन्ने विद्वानहरूको भनाइ छ। यिनको जन्म-मृत्युको अनुमानित समय सन् १७२४ - १८०६ मानिएको छ। यिनको सन् १७८३ तिर लेखिएको **तनहुँको भकुण्डो** शीर्षक कविता फेला परेको छ। यो स्वागता छन्दमा लेखिएको छ। यसमा तत्कालीन राजनैतिक गतिविधिलाई विषयवस्तु बनाइएको छ। वीर रसले भरिएको र शास्त्रीय छन्दमा लेखिएको यस कवितामा छन्द अलङ्कारहरूको सुन्दर प्रयोग साथै परिष्कृत भाषाशैली देख्न पाइन्छ। **जयरत्नाकर** (१७९८)**, हास्यकदम्ब** (१७९८), **महाभारत विराटपर्व** (सन् १८१५), **ललितमाधव, सुधातरङगिणी** र **दानप्रकाश** शक्तिबल्लभ अर्ज्यालले लेखेका कृतिहरू हुन्।

**(ग) उदयानन्द अर्ज्याल** - उदयान्द अर्ज्याल पृथ्वीनारायण शाहकालीन अर्को प्रमुख कवि थिए। यिनका कवितामा पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहसम्मका तीन पुस्ताका राजाहरूको वीरगाथा गायन गर्नका साथै आफ्नो परिचय दिएका छन्। **पुरानो बातको अर्जी** (सन् १७८६ तिर), **वंश वृत्तान्त** (सन् १७८६) **पृथ्वी चन्द्रोदय** (लघु महाकाव्य, सन् १८१३ तिर), **सोमेश्वर विजय** (सन् १८१४ तिर), **बेताल पच्चीसी** (१८१५ तिर), **गोर्खाको थिति** (सन् १८१५ तिर), **दुःस्वप्न दोषहर स्तोत्र** (सन् १८२० तिर), **कविकुल वर्णन** (१८३० तिर)।

**पुरानो बातको अर्जी** छब्बीस श्लोकमा लेखिएको कविता हो। यसमा गोर्खा राजा पृथ्वीनारायणको तनहुँ विजयको वर्णन छ। **बेताल पच्चीसी** भारतका विक्रमादित्यका शासनकालीन प्राकृत भाषाका कथाकार बेलातभट्टले लेखेको **बेतालपञ्चविंशतिका** को अनुवाद हो भन्ने अनुमान छ। **पृथ्वीचन्द्रोदय, सोमेश्वर विजय,** वीरकाव्य हुन्

भने **गोर्खाको थिति** गोर्खा शासन र जनता सम्बन्धी जानकारी दिने कृति हो। **वंश वृत्तान्तमा** कविले आफ्नो संपूर्ण पुर्ख्यौलीको परिचय साथै आफ्नो परियय दिएका छन्।

**(घ) सुरानन्द बाँडा -** सुरानन्द बाँडा बहादुरशाहकालीन कवि थिए। उनका कवितामा राजाको महिमागान पाइन्छ। **बहादुरशाह वर्णनम, त्रिरत्न सौन्दर्य गाथा, अध्यात्म रामायण, व्याघ्र भैरव, त्रिरत्न सुन्दर शोडशी** सुरानन्द बाँडाका कृतिहरू हुन्। **बहादुरशाह वर्णनम्** दुई श्लोकहरूमा लेखिएको कविता हो। यसको शीर्षक **आशानदी** दिइएको छ। यो सन् १७८० तिर लेखिएको काव्य हो। यसमा बहादुर शाहको स्तुतीगान गरिएको छ। यो अलंकारयुक्त प्रगीतात्मक रचना हो।

**(ङ) राधाबल्लभ अर्ज्याल** - यिनको जन्म सन् १६३१ तिर भएको थियो। डा.गोविन्द टण्डनले लेखेको पुस्तक **इतिहासका थप पृष्ठहरू**मा उल्लेख गरेअनुसार राधाबल्लभ अर्ज्याल प्रसिद्ध ज्योतिष लक्ष्मीनारायण अर्ज्यालका छोरा थिए। प्रसिद्ध कवि शक्तिबल्लभका अर्ज्याल उनका दाजु थिए। शक्तिबल्लभपछि राधाबल्लभ अर्ज्याल राजपुरोहित भएका थिए। उनी नेपालका राजा गिर्वाणयुद्धप्रकाशका समकालीन थिए। राधाबल्लभ अर्ज्यालको पुर्ख्यौली घर गोरखामा थियो। उनी धेरैजसो काठमाडौँमा नै बस्दथे। छवटा बिहे गर्दापनि उनका सन्तान भएनन्। उनले आफूले कमाएको धनसम्पत्ति थुप्रै निर्धनहरूमा बाँडेको, जनकल्याणका लागि गुठी बनाएको र देवालयहरू निर्माणमा लगाएको कुरा थाहा लाग्छ। उनले श्रीपशुपतिनाथको मन्दिरको गर्भगृहमा चाँदीको ढोका चढाउनका लागि ६ हजार रुपैयाँ सङ्कल्प गरेका थिए। उनको मृत्युपछि यो सङकल्प पूरा भयो। उनको मृत्यु सन् १७११ तिर भयो। तत्कालीन प्रथा अनुसार जेठी पत्नी पहिल्यै स्वर्गवासी भएकाले उनका पाँचवटी पत्नीहरू उनीसँगै सती गएका थिए। उनको **साँढ्याको कवित्त** शीर्षक कविताको रचना गरेका छन्। यो वीर रस र ओज गुणले भरिएको प्रगीतात्मक रचना हो। यो तत्सम र अवधी भाषा मिश्रित गोर्खा भाषामा लेखिएको छ। यो साधारण नेपाली पाठकका लागी बोधगम्य छैन। **साँढ्याको कवित्त** शीर्षकका दुइटा अन्य बेनामी कविताहरू पनि प्राप्त छन्। कतिपय विद्वानहरूले यी दुइटैलाई राधाबल्लभ अर्ज्यालकै कविता मानेका छन्।

**(च) यदुनाथ पोखे्रल** - यदुनाथ पोखे्रलको जन्म सन् १७०८ मा भएको थियो। यिनी तत्कालीन नेपालका प्रधानमन्त्री भीमसेन थापाका समकालीन थिए। उनले **कृष्णचरित्र वर्णन** (सन् १८३३ तिर) र **स्तुती पद्य १, २, ३ (१८३३ तिर)** शीर्षक दुइटा कविता कृति लेखेका छन्। **कृष्णचरित्र वर्णन** भुजंगप्रयात छन्दमा लेखिएको रचना हो। यस कृतिमा कृष्णको बाललीला, माखचोरी, पुतना र तृणवत जस्ता राक्षसको वध, वृन्दावन विहार आदिको सुन्दर वर्णन गरिएको छ। यो कृष्णभक्तिभावमा आधारित कृति हो। **स्तुती पद्य** वीरभावमा आधारित कृति हो। यिनले राजाको स्तुतीको सट्टा प्रधानमन्त्रीको स्तुतीगान गरेको पाइन्छ। अलङ्कारयुक्त भाषाशैलीमा लेखिएका यिनका कविता शास्त्रीय छन्दमा रचित छन्। यिनका कवितामा देशभक्ति र वीररसको अनौठो अभिव्यक्ति पाइन्छ। सरल, सहज गोर्खा भाषाको प्रयोग, ओज गुण, वीर रस, प्रकृति चित्रण, प्रबन्धात्मक काव्यरचना आदि यिनका काव्यमा पाइने विशेषताहरू हुन्। वीरकाव्य बाहेक यिनले **कुलवर्णन कविता** र **बन्धुविनपराष्टकम्** जस्ता सामाजिक भावधाराका कविता कृतिको पनि रचना गरेका थिए। यिनको मृत्यु सन् १७८० तिर भएको थियो।

**(छ) रामभद्रपाध्या रेग्मी** - रामभद्रपाध्या रेग्मी सामाजिक विचारधाराबाट प्रेरित कवि हुन्। उनका **बन्धुबिनपराष्टकम्** (सन् १७९१ तिर) र **लक्ष्मीधर्म सम्वाद** शीर्षक कृतिहरूको उल्लेख पाइन्छ। **बन्धुबिनपराष्टकम्** नारी जातिलाई

लक्ष्यगरि लेखिएको कृति हो। यसमा बुहारीलाई सक्दो उपदेश दिइएको छ। **लक्ष्मीधर्म सम्वाद**मा लक्ष्मी माता र धर्मराज बीच सम्वाद शैलीमा नारीको लक्षण र कुलक्षणको वर्णन गरिएको छ। यी दुवै कृतिमा नारीलाई पुरुषको इच्छा, आकांक्षामा समर्पित हुने उपदेश दिइएको छ। पुरुषलाई ईश्वरको रूपमा महिमाण्डित गरिएको छ भने नारीलाई पुरुषकी दासीका रूपमा वर्णन गरिएको छ। यी कृतिबाट तत्कालीन समाजमा नारीको स्थिति र समाजको नारीप्रति के कस्तो दृष्टिकोण थियो भन्ने कुराको जानकारी पाइन्छ। दुवै कृतिहरूमा तत्कालीन नेपाली भाषाको स्वाभाविक रूप देख्न पाइन्छ।

**(ज) रघुनाथ राई भाट** - रघुनाथ राई भाटको जन्म सन् १७२२-२३ तिर कहलुर, हिमाचल प्रदेशमा भएको थियो। कहलुर वर्तमानमा विलासपुर शहरको नामले चिनिन्छ। यी भाट (युद्ध गायन गर्ने जाति) थिए। गोर्खा राजाहरूले नेपालको राज्य विस्तार गर्दै सतलुज नदी पारिसम्म पुगेको इतिहास छ। गोर्खा वीरहरूको वीरताको गुणगान गाउँदै उनी नेपाल दरबार पुगेका थिए। उनका शौर्यगानले प्रभावित भएर पृथ्वीनारायण शाहले उनलाई दरबारमा आश्रय दिएका थिए। विद्वानहरूको भनाइअनुसार उनले राजा र सैनिकहरूको शौर्यगानमा थुप्रै कविताहरू लेखेका थिए तर उनको एउटा मात्रै **आशिश** शीर्षक कविता प्राप्त छ। यस कवितामा कविले ओजपूर्ण भाषामा युद्धको सजीव वर्णन गर्दै आफ्ना आश्रयदाताको युद्धमा जीतका निम्ति युद्धकी देवीसँग आशिश मागेका छन्। यिनको भाषामा संस्कृत, ब्रज, हिमाचली आदि भाषाहरूको मिश्रण पाइन्छ। रघुनाथ भाट भारतीय नेपाली साहित्यका प्रथम कविका रूपमा चिनिन्छन्।

**(झ) गुमानी पन्त** - गुमानी पन्तको जन्म सन् **१७९० को फेब्रुआरी महिनामा भारतको नैनिताल अन्तर्गत काशीपुर** भन्ने ठाउँमा भएको थियो। वर्तमानमा काशीपुर उत्तराखण्ड राज्यको एउटा ठूलो शहरको रूपमा विकसित छ। गुमानी पन्तको मूल नाम लोकरत्न पन्त थियो। उनले आफ्ना हजुरबा र पिताबाट घरैमा संस्कृतको शिक्षा पाएका थिए। पछि गएर उनले ज्योतिष र आयुर्वेदको शिक्षा पनि ग्रहण गरेका थिए। आसु कवित्वको प्रतिभा भएकाले उनी काशीपुर, पटियाला, अलवर आदि राज्यका दरबारमा सम्मानित थिए। गुमानी पन्त मूल रूपमा संस्कृत, कुमाउँनी र हिन्दी भाषाका कवि थिए। कुमाउँका सर्वप्राचीन कवि हुनका साथै उनलाई खड़ीबोली हिन्दीका सर्वप्राचीन कवि हुने गौरव प्राप्त छ। ५७ वर्षको उमेरमा सन् १८४७ मा उनको मृत्यु भएको थियो। गोर्खाराजाहरूले कुमाउँ विजय गरेपछि त्यहाँ गोर्खाभाषाको प्रचार-प्रसार भएकाले गर्दा गुमानी पन्तले गोर्खा भाषामा फुटकर कविता लेखेका हुन् भन्ने विद्वानहरूको भनाइ छ। उनका गोर्खा भाषामा **धन्य गोर्खाली** राजा शीर्षकको प्रगीतात्मक कविता फेला पर्दछ जसमा ४० पङ्तिहरू छन्। यो कविता दयाराम श्रेष्ठद्वारा सम्पादित **वीरकालीन कविता** शीर्षक पुस्तकमा संकलित छ। संस्कृत, कुमाउँनी र नेपाली मिश्रित यस कवितामा केहि प्रार्थना र तत्कालीन गोर्खा शासनमाथि व्यङ्ग्य प्रहार गरिएको पाइन्छ।

**(ञ) मौलाराम तोमर** - मौलाराम तोमरको जन्म सन् १७४० मा श्रीनगरमा भएको थियो। उनका पिताको नाम मङ्गतराम र माताको रामदेवी थियो। यी धेरै विद्वान हुनाले गढवालका चार राजा प्रदीपशाह, ललितशाह, जयकृत शाह तथा प्रद्युम्नशाह, काङगडाका राजा सन्सारचन्द साथै नेपालका राजा रणबहादुर शाहका दरबारमा सम्मानित थिए। काङ्गडामा गोर्खा सत्ता कायमभएपछि गोर्खाभाषाको प्रचार-प्रसार राजभाषाको रूपमा भयो। गढवाली मातृभाषी तोमरले यसैबाट प्रभावित भएर नेपालीमा कविता लेखेका थिए। रणबहादुर शाहको शासन कालमा मौलाराम तोमर काठमाडौं गएका थिए। गोर्खा राजाको शौर्यगानमा केन्द्रित कविता लेखेर उनी पुरस्कृत पनि भएका थिए। भीमसेन थापा र बलवीर सिंह जस्ता तत्कालीन नेपालका प्रधानमन्त्री र सर्वोच्च सैनिक अधिकारी पनि उनको काव्य-प्रतिभा देखि

प्रभावित थिए। यसैले गर्दा उनले धेरै सम्मान साथै जागीर पनि पाएका थिए। मौलाराम एक कुशल चित्रकार पनि थिए। यिनले बनाएका चित्र ब्रिटेन संग्रहालय, बोस्ट्न संग्रहालय, गढ़वाल संग्रहालय, भारत कला भवन, बनारस, अहमदाबादको संग्रहालय साथै लखनऊ, दिल्ली, कलकत्ता र इलाहाबादका आर्ट गैलरीहरूमा देख्न पाइन्छ। उनको मृत्यु सन् १८३३ मा भएको थियो।

कवि मौलाराम तोमरका हिन्दी, फारसी, संस्कृत, गढवाली भाषाका ज्ञाता र कवि थिए। उनले हिन्दीमा **गढवाल राजवंशका इतिहास** लेखेका छन्। उनका नेपालीमा फुटकर कविताहरू मात्रै प्राप्त छन्। **रणबहादुर चन्द्रिका** र **गीर्वाण युद्ध प्रकाश** उनका प्राप्त फुटकर रचनाहरू हुन्। **रणबहादुर चन्द्रिका**को मुख्य विषय राजा रणबहादुरको शौर्यगान गर्नका साथै गोर्खा वीरहरूको वीरताको गायन गर्नु हो।

**प्रवृत्तिहरू** - नेपाली साहित्यको प्राथमिककालमा फेला परेका धेरैजसो रचनाहरू वीररसलाई आधार बनाएर लेखेका पाइन्छन्। यसकालका धेरैजसो कविहरू राजदरबारमा आश्रित थिये। आफ्ना दाताहरूको गुणगान र शौर्यगान गर्नुनै उनीहरूको लक्ष्य थियो। यी कविताबाट तत्कालीन राजनीतिबारे धेरै कुरा जान्न पाइन्छ। शौर्यगान बाहेक केहि कविहरूले सामाजिक विषयवस्तुमाथि पनि अभिव्यक्ति दिएको पाइन्छ। यस समयमा कुनै पनि प्रबन्धात्मक कृतिहरू लेखेको पाइँदैन। धेरैजसो कविहरूको जन्म-मृत्युको तिथि प्राप्त छैन। सन्दिग्ध प्रामाणिकता, आश्रयदाताको शौर्यगान, लोक छन्द र शास्त्रीय छन्दमा कविताको सिर्जना, युद्धको सजिव वर्णन गर्नु, फुटकर कवितामा अभिव्यक्ति, वीररसको प्रधानता, शासनको नराम्रो नीतिको चित्रण, संस्कृत, ब्रज, कुमाउँनी, गढवाली मिश्रित गोर्खा भाषाको प्रयोग यस कालमा लेखिएका कवितामा पाइने प्रवृत्तिहरू हुन्।

**आफ्नो प्रगति जाँच गर्नुहोस्-**


१. नेपाली साहित्यको प्राथमिककालीन कवितालाई प्रभावित पार्ने परिस्थितिबारे छोटो टिप्पणी लेख्नुहोस्।
२. प्राथमिककालीन कुनै पाँच कवि र रचनाहरूको छोटो परिचय प्रस्तुत गर्नुहोस्।
३. प्राथमिकालीन कवितामा देखापरेका प्रवृत्तिमाथि 100 शब्दमा एउटा अनुच्छेद लेख्नुहोस्।

## ४.२ उत्तरार्ध चरण - भक्तिधारा (सन् १८१५ -१८८३)

प्राथमिककालीन नेपाली साहित्यको उत्तरार्ध चरणमा हामी भक्तिधारालाई पाउँछौं। **सुगौली सन्धि** (१८१५) देखि नेपाली साहित्यमा मोतीराम भट्टको आगमनपूर्व (१८८३) सम्मको अवधिलाई नेपाली साहित्यमा भक्तिकाल भनेर जानिन्छ। सन् १८१४ मा अङ्ग्रेजसँग भएको युद्धमा नेपालले पराजित हुनु पर्‍यो। युद्धपछि भएको सुगौली सन्धिसँगै नेपालले आफ्नो वृहत् भू-भाग अङ्ग्रेज शासित भारतलाई सुम्पिनु पर्‍यो। यस सन्धिले नेपालका अग्रगामी चरणलाई सँधैका लागि विराम लगाइदियो। सन्धिमा हस्ताक्षर गर्न बाध्य भएपछि नेपाली वीरता सेलाउँदै गयो। यता नेपालको शासन व्यवस्था राणा शासकहरूको हातमा गएपछि राजदरबार षडयन्त्रको अखाडा बन्न पुग्यो। राजदरबारमा निरन्तर हुने हत्याकाण्ड र राणाशासकहरूको त्रासले गर्दा जनताले ईश्वरको शरणमा आफूलाई समर्पित गरेको बुझिन्छ।

सुगौली सन्धि अन्तर्गत भारतका नागरिक बन्न पुगेका हजारौं नेपाली जनता पनि आफूलाई असहाय मान्दै ईश्वर पुकार गर्न लागेको देखिन्छ। यसरी युगअनुरूप कविहरू वीर प्रवृत्तिलाई छाडेर भक्तिसाहित्यको सिर्जना गर्न लागे। तत्कालीन कविहरूले ईश्वरको साकार (सगुण) र निराकार (निर्गुण) दुवै रूपको वर्णन गरेको पाइन्छ।

यस कालमा भक्तिका दुइटा धाराहरू देखा पर्दछन् - **सगुणभक्तिधारा (कृष्णभक्ति धारा र रामभक्ति धारा) र निर्गुणभक्तिधारा** । यसलाई तल दिएको आरेखबाट सजिलैसँग बुझ्न सकिन्छ -




भक्तिधारा अन्तर्गत देखापरेका कवि र रचनाहरूको संक्षिप्त परिचय तल दिइन्छ-

### ४.२.१ कृष्णभक्ति धारा

ईश्वरका साकार रूपहरू मध्ये श्रीकृष्णका रूप र गुणको वर्णन प्राचीनकाल देखिनै भएको देखिन्छ। कृष्ण आख्यान परम्पराको आधार भागवत पुराणलाई मानिन्छ। वैदिक र संस्कृत साहित्यमा श्रीकृष्णका तीन रूप देख्न पाइन्छ - धर्म उपदेशक ऋषि, नीति विशारद क्षत्रीय राजा र बाल एवं किशोर रूपमा विभिन्न लौकिक र अलौकिक लीलाहरू देखाउने। संस्कृत साहित्यमा जयदेवको **गीतगोविन्दमा** कृष्णभक्ति देख्न पाइन्छ। हिन्दीमा गीतगोविन्दकै प्रभावमा चौधौं शताब्दिमा विद्यापतिले कृष्णभक्ति काव्य लेखेको पाइन्छ। हिन्दी साहित्यमा यसलाई चरमचुलीमा पुऱ्याउने काम बल्लभाचार्य, सूरदास, रसखान, मीराबाई आदि सन्त, कवि-कवयित्रीहरूले गरेको देखिन्छ। हिन्दी र अन्य भारतीय साहित्यको तुलनामा नेपालीमा भक्तिकाव्य लेखनको कार्य अलि पछि भएको पाइन्छ। नेपाली भाषी समुदायमा घटने विभिन्न घटनाहरूले नै नेपाली साहित्यमा कृष्णभक्ति साहित्य परम्परा विकसित गर्न ठूलो भूमिका खेलेको देखिन्छ। नेपाली साहित्यमा कृष्णकाव्य परम्पराको थालनी **वसन्त शर्मा** लुइटेलका काव्यहरूबाट भएको पाइन्छ। श्रीकृष्णको जीवनलीलासँग सम्बन्धित गतिविधिहरूलाई विषयवस्तु बनाई मौलिक वा अनुदित कविताका रूपमा अभिव्यक्ति दिने कविहरू कृष्णभक्ति धाराभित्र पर्दछन्। नेपाली कृष्णधाराभित्र पर्ने सबै कविहरूको परिचय निम्नलिखित छ -

**(क) वसन्त शर्मा लुइटेल** - (सन् १८०३-१८९०)- नेपाली कवितामा भक्तिधाराका प्रवर्तक वसन्त शर्मा लुइटेल कृष्भक्तिधाराका प्रथम र केन्द्रिय कविका रूपमा देखापरेका छन्। यिनका **श्रीकृष्णचरित्र** (सन् १८२६), **समुद्रलहरी**

(सन् १८१४) शीर्षकका दुइटा कृति उपलब्ध छन्। **श्रीकृष्णचरित्र** शार्दुलविक्रिडित छन्दमा लेखिएको नेपाली साहित्यको पहिलो आख्यानात्मक प्रबन्ध काव्य हो। **समुद्रलहरी** लोकछन्द लहरीमा लेखिएको कृति हो। वसन्त शर्माका दुइटै काव्यकृतिमा शिष्ट, सरल र जनप्रचलित नेपाली भाषामा लेखिएका छन्। यी कृतिमा वीरकालीन कविता सरह अन्य भाषाको प्रभावबाट मुक्त शुद्ध नेपाली भाषाको प्रयोग गरिएको छ।

**(ख) इन्दिरस** - नेपाली कृष्णभक्त कवि इन्दिरसले भागवत पुराणको दशौँ स्कन्धको आधारमा **गोपिका स्तुति** भन्ने कृतिको रचना गरेका छन्। ३२ श्लोकमा रचिएको यस कृतिमा गोपीहरूको विरह गाथालाई विषयवस्तु बनाइएको छ। यसमा श्रीकृष्णलाई मनमोहन, प्रजापालक र दुख निवारकको रूपमा वर्णन गरेका छन्। हिन्दा र ब्रजभाषाका शब्दहरूको बढी प्रयोग पाइने यस रचनामा भक्ति र वियोग शृङगारको दर्शन पाइन्छ। लयात्मकता र गेयता, ललित शब्दावलीको प्रयोग यस कृतिमा पाइने अरू प्रवृत्तिहरू हुन्।

**(ग) विद्यारण्यकेशरी अर्ज्याल** - विद्यारण्य केशरीको जन्म सन् १८०६ जनवरीमा नेपाल सुनाखानीमा भएको थियो। १५ उनका पिता दैवज्ञकेसरी संस्कृत का प्रकाण्ड पण्डित थिए। जीवनको उत्तरार्द्धमा दैवज्ञकेशरी काशीवासका लागि गए। विद्यारण्य पनि पितासँग काशीमा आए। उनको सम्पूर्ण शिक्षा-दीक्षा काशीमै सम्पन्न भयो। यहाँ उनले संस्कृत र हिन्दी साहित्यको अध्ययन गरे। विशेष रूपमा उनि हिन्दीका कृष्णभक्त कविहरूबाट प्रभावित भए। सन् १८४५ मा उनको मृत्यु भयो। विद्यारण्य केशरीका का **युगलगीत, द्रौपदी स्तुति** र **वंशीचरित्र** प्रकाशित छन्।

**युगल गीत** एउटा मुक्तक रचना हो जसको आधार श्रीमद्भागवतको पैंतीसौँ अध्याय हो। यसमा गोपिहरूको विरह वर्णन गरिएको छ। **द्रौपदी स्तुति** स्वागता छन्दमा लेखिएको एउटा मुक्तक रचना हो जसमा दस छन्दहरू छन्। यसको विषयवस्तु महाभारतको सभापर्व अन्तर्गत द्रौपदी चीरहरण हो। कौरव सभामा अपमानित द्रौपदीको असहाय स्थिति, विलाप, उद्धारार्थ भगवान कृष्णलाई प्रार्थना आदि घटनाको मर्मस्पर्शी वर्णन गर्नु यसको विषयवस्तु हो। **वंशीचरित्र** श्रीकृष्ण भक्ति सम्बन्धी रचना हो। विद्यारण्यकेशरीले हिन्दी, ब्रजभाषा, संस्कृतका शब्दहरू मिश्रित नेपाली भाषामा अभिव्यक्ति दिएका छन्।

**(घ) वीरशाली पन्त** - (१८०३-१८७८ तिर) वीरशाली पन्तले **विमलबोधानुभव** र **सरस प्रेमावली** जस्ता कृतिको सिर्जना गरेका छन्। पहिलो कृति शिखरिणी छन्द र ८८ र आधा श्लोकमा लेखिएको छ। यसमा अध्यात्म चिन्तनलाई विषयवस्तु बनाइएको छ। यस कृतिमा भौतिक र पारभौतिक तत्वको गहिरो चिन्तन गरिएको पाइन्छ। दोस्रो कृति ७४२ श्लोकहरूमा रचित छ। वीरशाली पन्तको भाषामा तत्सम शब्दहरूको बाहुल्य देख्न पाइन्छ।

**(ड) हीनव्याकरणी विद्यापति** - (सन् १७७२-१८५० तिर) - आफूलाई हीनव्याकरणीको नामले आफ्नो परिचय दिने विद्यापतिको परिचय अझै अज्ञात छ। हिन्दी साहित्यका सर्वप्राचीन मैथिल कोकिलका नामले चिनिने विद्यापतिको विषयमा अध्ययन गर्दा थाह लाग्छ कि विद्यापति मिथिलाका राजा शिवसिंह का दरबारी कवि थिये। राजाको मृत्युपश्चात लामो समय उनले जनकपुर नेपालमा बिताए। यसैले उनले नेपालीमा पनि कविता रचना गर्ने प्रेरणा पाए भन्ने शोधकर्ता पुनम मिश्रको भनाई छ। नेपाल राजदरबार पुस्तकालयमा **विद्यापतिको गीत** शीर्षक नामले एउटा पाण्डुलिपि भएको कुरा थाह पाइन्छ। पण्डित हरप्रसाद शास्त्रीले नेपाल सरकारसँग निवेदन गरेर यसमाथि शोध गराएका थिए। काशीप्रसाद जायसवाल, नगेन्द्रनाथ गुप्त जस्ता विद्वानहरूले यस विषयमाथि व्यापक शोध गरेका छन्। यसले

हिन्दी कवि विद्यापतिले नै नेपालीमा कविता रचना गरेका हुन कि भन्ने बलियो शङ्का हुन्छ। यस विषयमा अझ शोध गर्न आवश्यक छ। विद्यापतिले **राघवबाह्रमासा** (सन् १८२९), **गीतवाणी** (सन् १८३०), **गीतगोविन्द** (सन् १८३०), **सागतराग** (सन् १८३०), **सातनायिका** (सन् १८३०) जस्ता काव्यको सिर्जना गरेको उल्लेख पाइन्छ। यी सबै अनुदित हुन भन्ने विद्वानहरूको भनाई छ। तत्सम शब्दयुक्त नेपाली भाषा, शृङ्गारिक भक्तिभाव, मुक्तक काव्य यिनका कविताका मुख्य प्रवृत्तिहरू हुन्।

**(च) पतञ्जलि गजुर्‍याल** - (सन् १८२३-१८८७) - यिनी कृष्णभक्तिकालीन कवि हुन्। यिनी **बालगोपालवाणी, मत्स्येन्द्रनाथको कथा, हरिभक्तमाला, जैमिनी भारत** जस्ता कृतिहरूका रचनाकार मानिन्छन्। शास्त्रीय छन्दलाई प्रयोग गर्दै विषयवस्तुलाई सुन्दर बान्कीमा प्रस्तुत गर्नु यिनका कविताको विशेषता हो।

**प्रवृत्तिहरू** - कृष्णलीलाको वर्णन गर्नु, वात्सल्य, सख्य र कान्ता भावले युक्त भक्तिरसको महिमा, शान्त रस साथै शृंगार रसको प्रयोग, मुक्तक र गेय शैलीमा काव्यरचना, ब्रज, हिन्दी मिश्रित सरल, नेपाली भाषाको प्रयोग आदि नेपाली कृष्णभक्ति काव्यमा पाइने प्रवृत्तिहरू हुन्।

### ४. २. २ रामभक्ति धारा

रामकाव्यको आधार बाल्मीकि रचित संस्कृत रामायण हो। जैन साहित्य, बौद्ध साहित्य जस्ता सर्वप्राचीन साहित्यमा पनि रामकथाको उल्लेख पाइन्छ। रामकाव्य परम्परा संस्कृत, प्राकृत, अवधी र भारतका अन्य भाषा हुँदै नेपाली भाषामा पनि भित्रिएको देखिन्छ। हिन्दीमा तुलसीदास, बङगालीमा कृत्तिवास, दक्षिण भारतमा कम्बन्, असमीयामा माधव कन्दली लगायत प्राय सबै भाषाहरूमा रामकथा लेखिएको पाइन्छ। ईश्वरका साकार रूपहरू मध्ये भगवान श्रीरामको जीवन सम्बन्धी अनेक गतिविधिहरूलाई विषयवस्तु बनाई कवितात्मक अभिव्यक्ति दिने कविहरू रामभक्तिधारा भित्र पर्दछन्। यस धाराका कविहरूले श्रीरामलाई आफ्नो आराध्य मान्दै उनको जीवन तथ्यमाथि अभिव्यक्ति दिएका छन्। नेपालीमा यो परम्परा रघुनाथले शुरु गरेका थिए र भानुभक्त आचार्यले यसलाई चरमचुलीमा पुरियाएका थिए। नेपाली भाषामा रामकाव्य लेख्ने कविहरूको परिचय तल दिइएको छ -

**(क) रघुनाथ पोखरेल -** रघुनाथ पोखरेलको जन्म काठमाण्डूमा सन् १८११ मा भएको थियो। उनका पिता चक्रधर पोखरेल तत्कालीन महाराजधिराजका दरबारमा आश्रित थिये। उनका पिता संस्कृतका पण्डित हुनाले उनले पिताबाट घरमै संस्कृतको सामान्य शिक्षाग्रहण गरे। सन् १८५८ मा पत्नीको मृत्यु भएपछि उनि काशी तिर प्रस्थान गरे। उनको मृत्यु काशीमै सन् १८६१ मा भयो। काशीमा रघुनाथ ब्रज हिन्दी साहित्यका विद्वानहरूको सम्पर्कमा आए जसको प्रभाव उनको कवि व्यक्तित्वमाथि पर्‍यो। यसपछि उनी काव्य सिर्जनामा लागे। रघुनाथले **सुन्दरकाण्ड**को अनुवाद गरेको पाइन्छ। यो मूल संस्कृत रामायणको पद्यानुवाद हो तर पनि रघुनाथले यसलाई आफ्नो मौलिक रङ्ग दिएर नेपालीत्व प्रदान गरेको देखिन्छ। यसमा संस्कृतको छन्द परम्पराका साथै कविले शैली पनि संस्कृत साहित्यकै अपनाएका छन्। यो एउटा स्वतन्त्र मुक्तक रचना हो जसलाई खण्डकाव्य भन्न सकिन्छ। मालिनी, बसन्ततिलका, स्रग्धरा, मन्दाक्रान्ता, इन्द्रव्रजा, शार्दुलविक्रिडित र शिखरिणी छन्दहरू यस कृतिमा देख्न पाइन्छन्। रघुनाथ नेपाली साहित्यमा रामकाव्य परम्पराको थालनी गर्ने कवि हुन्।

**(ख) भानुभक्त आचार्य -** भानुभक्त आचार्यको जन्म पश्चिम नेपाल अन्तर्गत तनहुँमा सन् १८१४ मा भएको थियो। उनका पितामह वृद्धावस्थामा काशीवासका लागि भारत आए। उनिसँग भानुभक्त पनि शिक्षा-दीक्षाका लागि काशी आए। काशीवासमा भानुभक्त धेरै हिंदी, संस्कृत विद्वान र रचनाकारहरूको र सम्पर्कमा आए। यसका प्रभावले उनि केटा-केटी अवस्थामै तुकबन्दी गर्न थालेका थिए। भानुभक्तले साहित्य रचना गर्ने प्रेरणा एउटा घाँसीबाट पाएका थिए। यसै प्रेरणाले उनले **सातकाण्ड रामायण**को मौलिक रचना सरल नेपाली भाषामा गरे। उनको मृत्यु सन् १८६९ मा नेपालमा भयो। **सातकाण्ड रामायण** (१८५३), **भक्तमाला** (१८५३), **वधुशिक्षा** (१८६२), **प्रश्नोत्तरी** (१८५५) र **रामगीता** (१८५९) भानुभक्त आचार्यका कृतिहरू हुन्। यी कृतिहरू बाहेक उनले धेरै फुटकर कविताहरू पनि लेखेका छन्। धेरै कृतिहरूको रचना गरेता पनि **सातकाण्ड रामायण** भानुभक्तलाई विश्वसामु चिनाउने ग्रन्थ हो। शास्त्रीय परम्परा अनुसार यो एउटा महाकाव्य हो। यसमा रामको जन्मदेखि लिएर अन्तसम्मको कथा छ। यसको मूल आधार बाल्मीकि रामायण हो। यो सात काण्डहरूमा विभाजित छ। यसका पात्र उच्चकुलीन, आदर्श र मर्यादाका पालक छन्। यसमा अन्तमा रावणत्वमाथि रामत्वको विजय देखाइएको छ। शार्दुलविक्रीड़ित, भुजङ्गप्रयात, शिखरिणी यसका प्रमुख छन्दहरू हुन्। नेपाली भाषाको एकरूपता भानुभक्तीय रामायणको सबै भन्दा ठूलो देन हो। तबसम्म विभिन्न भाषिका रूपमा छरिएको नेपाली भाषाले रामायणको माध्यमबाट एउटा सिँगो भाषा रूप प्राप्त गऱ्यो। भानुभक्तको यसै देनले गर्दा उनलाई आदिकविको रूपमा चिनिन्छ र असार २९ गते उनको जन्मदिन विश्वभरि भानुजयन्तीका रूपमा मनाइन्छ।

**प्रवृत्तिहरू** - नेपाली रामकाव्यमा विभिन्न प्रवृत्तिहरू देखा पर्दछन्। लोक कल्याणको कामना, प्रजा केन्द्रित राजशासन व्यवस्था, आदर्श पात्र, समन्वय भावना, नवधा भक्तिको स्वरूप, सामाजिक भेदभावको विरोध, प्रबन्ध काव्यको सिर्जना, शिष्ट नेपाली भाषाको प्रयोग, छन्दबद्धता जस्ता विभन्न प्रवृत्तिहरूले रामकाव्यलाई जनताको पूज्य काव्य बनाएको देखिन्छ।

**आफ्नो प्रगति जाँच गर्नुहोस्**

१. नेपाली भाक्तिकाव्यको पृष्ठभूमि बारे लेख्नुहोस्।
२. भानुभक्त आचार्य र सातकाण्ड रामायणको परिचय संक्षेपमा लेख्नुहोस्।
३. रामभक्ति धारामा के कस्ता साहित्यिक प्रवृत्तिहरू देखापरेका छन्? यसबारे एउटा अनुच्छेद लेख्नुहोस्।

### ४. २. ३ निर्गुण भक्तिधारा (जोसमनी सन्तकाव्य धारा)

नेपाली साहित्यमा सन्त काव्यधारामा जोसमनी सन्तहरूको नाम उल्लेखनीय छ। जोसमनी सन्त परम्पराको थालनी नेपालमा भएको थियो। यो सम्प्रदाय नेपालमा समय-समयमा विकसित हुने विभिन्न सम्प्रदायहरूमा एउटा जिउँदो सम्प्रदाय को रूपमा देखा परेको हो। यसले धार्मिक वितण्डावाद र मतभेदलाई हटाएर धार्मिक एकतालाई स्थापना गर्नमा ठूलो भूमिका निभाएको थियो। जोसमनी सम्प्रदायको नामकरणलाई लिएर विद्वानहरूमा धेरै मतभेद रहेको पाइन्छ। आलोचक जनकलाल शर्मा यसलाई प्रवर्तक विशेषको आधारमा नामकरण गरेको मान्छन् भने मथुरादत्त पाण्डे यसलाई 'ज्योतिर्मनी' शब्दबाट उत्पन्न भएको शब्द मान्दछन्।

जोसमनी सन्तहरूले अज्ञान जनित अन्धकारलाई समाप्त गरेर परमज्योतिको आराधनामा बल दिएको पाइन्छ। यी सन्तहरूले मणिरूपी आन्तरिक परमज्योति जलाएर हरिपद वा परम्पद पाउने शिक्षा दिएका छन्। यसलाई प्रारम्भमा 'ज्योतिर्मणि' भनियो र पछाडि नामको अपभ्रंश हुँदै यो जोसमनी हुन पुग्यो भन्ने विद्वानहरूको भनाइ छ। **शशीधर**लाई यस सम्प्रदायका आदि गुरू मानिएको छ। कालान्तरमा यो सम्प्रदाय **खागी** र **त्यागी** दुइटा समुदायमा बाँडिएको देखिन्छ। सन्त ज्ञानदिलदासले दार्जिलिङमा इसाई पादरीलाई शास्त्रार्थमा हराएर बाइबल ग्रन्थ जलाएका थिए। इसाई मान्यतामाथि सन्त मान्यताको विजय भयो भन्ने देखाउनका लागि उनले बाइबल ग्रन्थ जलाएर त्यसको खरानीको कण्ठी बनाई आफ्ना शिष्यहरूलाई लगाउन दिए। त्यसपछि खाग (खाक-खरानी) को कण्ठी धारण गर्ने **खागी** र न गर्ने **त्यागी** भनिए। जोसमनी सन्तहरूले नारीलाई पनि भक्तिकी अधिकारिणी मान्दै सम्प्रदायमा दीक्षित गरेरका थिए। यस सम्प्रदायका सन्त पुरुषका नामपछाडि **दास** र नारीका नाम पछाडि **माई** जोडने प्रथा थियो। यस सम्प्रदायका कविहरूको परिचय तल दिइन्छ-

**(क) शशिधरदास** - (सन् १७४७-१८५१) - यिनी **वैराग्याम्बर** र **पाखण्ड अखण्ड शब्द**का शब्दका रचनाकार हुन्। दोहा छन्दमा लेखिएका यिनका कविता मिश्रित वा सधुक्कडी भाषामा लेखिएका छन्।

**(ख) अगममदिलदास** - अगमदिलदास को जन्म भोजपुर जिल्ला अन्तर्गत छिनामखु गाँउमा सन् १७९३ मा भएको थियो। यिनी **सोह्र निर्गुण कविता**का रचनाकार मानिन्छन्। यिनको नेपाली भाषामा अन्य भाषाहरूको मिश्रण पाइन्छ। यिनका कवितामा परमधाम या परम्पद प्राप्तिको कामना गरिएको पाइन्छ।

**(ग) अखडदिलदास (१८११-१८७८)** - अखडदिलदासले लेखेका **पाँच निर्गुण भजन** उपलब्ध छन्। यिनले ईश्वरका अनेक निराकार रूपको काव्यात्मक अभिव्यक्ति दिएका छन्। यिनका कवितामा हिंदी साथै अन्य भाषाका शब्दहरूको मिश्रण देख्न पाइन्छ।

**(घ) ज्ञानदिलदास** - सन् १८२१ मा धनकुटा, नेपालमा जन्म लिएका ज्ञानदिलदास निर्गुण भक्तिधाराका सबैभन्दा समर्थ सन्तकवि हुन्। यिनले नेपाल र भारत दुवै स्थानमा सन्तमतको प्रचार गरेका थिए। यिनले **उदयलहरी** र **भजन संग्रह** लेखेको पाइन्छ। जम्मा १०१ श्लोकहरूमा रचित **उदयलहरी** निर्गुण भक्तिधारा को एक्लो विशिष्ट प्रतिनिधि काव्य रचना हो।

माथि उल्लेख गरिएका कविहरू बाहेक अच्युतदिलदास, अभयानन्ददास, कमलदास, कशणदास, धरणीदास, धर्मदिलदास, घिर्जेदिलदास, श्यामदिलदास, सीतारामदास जस्ता सन्तहरूले पनि एकाध फुटकर कविता र भजनहरू सधुक्कडी भाषामा लेखेको पाइन्छ।

**प्रवृत्तिहरू** - जोसमनि सन्त साहित्यले सामाजिक परिवर्तनमा ठूलो भूमिका खेलेको पाइन्छ। निर्गुण ईश्वरको उपासना, मूर्तिपूजाको खण्डन, तीर्थाटन, पूजापाठ जस्ता वाह्य धार्मिक क्रियाकलाप भन्दा बढि ज्ञान वा आत्मज्योति जागरणमा बल दिनु, नारी-पुरुष दुवैलाई बराबरी महत्व दिनु, फुटकर कविताको रचना, लोक छन्दमा काव्य रचना, सहज जीवनमा विश्वास आदि जोसमनि सन्त साहित्यका प्रवृत्तिहरू हुन्।

**आफ्नो प्रगति जाँच गर्नुहोस्-**

१. जोसमनि शब्दको उत्पत्ति कसरी भयो? यसको अर्थ र विकासको परिचय प्रस्तुत गर्नुहोस् ।

२. भक्ति साहित्यमा सन्त ज्ञानदिलदासको अवदानबारे लेख्नुहोस्।

३. निर्गुण भक्ति साहित्यमा केकस्ता प्रवृत्तिहरू देखापरेका छन्? संक्षेपमा लेख्नुहोस्।

## ५. प्राथमिकालीन नेपाली गद्य साहित्य

### ५.१ प्राथमिककालीन नेपाली कथा (सन् १७७० -१९०० सम्म)

विक्रम सम्वत १८२७ देखि १९५७ सम्म अर्थात् इस्वी सन् १७७०-१९०० सम्मको समयावधिलाई नेपाली कथाको प्राथमिक काल भनिन्छ। यस कालमा कथासाहित्यको रूप, गुण भएको कुनै पनि रचना ऐलेसम्म फेला परेको छैन। अहिलेसम्मको खोज अनुसन्धानबाट प्राप्त भएका तथ्यहरूको आधारमा प्राथमिककालीन प्रसिद्ध कवि शक्तिबल्लभ अर्यालद्वारा लिखित **महाभारत विराट पर्व** (सन् १७७०) नेपाली साहित्यको पहिलो आख्यानात्मक कृतिको रूपमा देखापरेको पाइन्छ। यसपछि देखापरेका अन्य कृतिहरूमा भानुदत्तको **हितोपदेश मित्रलाभ**को अनुवाद (सन् १७७५), शक्तिबल्लभ अर्यालको संस्कृत नाटकको अनुवाद **हास्यकदम्ब** (सन् १८२८), अज्ञात व्यक्तिद्वारा लिखित **दशकुमारचरित** (सन् १८१८) आदि पाइन्छन्। कथातत्त्वका दृष्टिले **पीनासको कथा** (सन् १९००) लाई पहिलो नेपाली कथा मानिएको छ। पीनासको कथापछि **मुन्शीका तीन आहान** (सन् १८१९), **बहत्तर सुगाको कथा** (सन् १८३३), **सत्तलसेनको कथा** आदि यस कालका उल्लेख्य रचनाहरू मानिन्छन्। त्यसपछि लगभग ८० वर्षसम्म नेपाली कथामा कुनै कलम चलेको पाइँदैन। सन् १९०१ मा **गोरखापत्र**को प्रकाशन प्रारम्भ हुन थालेपछि मात्र नेपाली कथाको विकास भएको देखिन्छ। यस कालका प्रमुख गद्यकृतिहरू तल लेखिएका छन्-

| **रचनाकार** | **रचना** |
|---|---|
| शक्तिबल्लभ अर्ज्याल - | **महाभारत विराटपर्व** (सन् १७७०), |
| | **हास्यकदम्ब** (नेपाली अनुवाद, सन् १८२८) |
| भानुदत्त - | **हितोपदेश मित्रलाभ** (सन् १७७६) |
| गौरीशंकर पण्डित - | **बेताल पञ्चविंशती कथाहा** (सन् १७९८) |
| अज्ञात - | **दशकुमार चरित** (सन् १८१८) |
| मुन्सी - | **तीन आहानहरू** (सन् १८१९) |
| अज्ञात - | **सत्संग वर्णन भयाको कथाहा** (सन् १८३१ तिर) |
| अज्ञात - | **राजप्रपञ्चको व्यहोराको एउटा खिसा** (सन् १८३१ तिर) |
| अज्ञात - | **बहत्तर सुगाको कथा** (सन् १८३३) |

रामकृष्ण वर्माले सङग्रह गरेको - **गोर्खा हास्यमञ्जरी** (१८९५)

अज्ञात - **पिनासको कथा** (सन् १९००)

**प्राथमिककालीन कथा साहित्यका केही प्रमुख प्रवृत्तिहरू**

- संस्कृतका शास्त्रीय कथाका साथै अन्य भाषाका लोकप्रिय आख्यानलाई नेपालीमा अनुवाद गरी कथात्मक रचनाको सिर्जना गरिएकाले मौलिकताको अभाव पाइन्छ।
- आदर्श, उपदेश, धर्म र नीतिशास्त्रका साथै मनोरञ्जन दिने मुख्य उद्देश्यले यस्ता रचनाहरूको सिर्जना गरिएकाले रामायण, महाभारत, हितोपदेश, बेतालपच्चीसी, बहत्तर सुगा जस्ता ग्रन्थतर्फ बढी आकर्षित भएको पाइन्छ।
- घटना र पात्रहरूको बाहुल्य हुनु।
- रहस्य र अलौकिक शक्तिको आग्रह देखिन्छ।
- मानवेतर शक्तिको उपस्थापन गरेको पाइन्छ।
- गद्यमा पद्यलाई पनि मिसाएको पाइन्छ।
- कथाका घटकमा सन्तुलन र कलात्मकता साथै चरित्र चित्रणमा जीवन्तताको अभाव।

**५.२ प्राथमिक नेपाली उपन्यास (सन् १७७०-१८८८)**

नेपाली उपन्यासको इतिहासलाई हेर्दा सन् १७७०-१८८८ को समयावधिलाई **नेपाली उपन्यासको प्राथमिक काल** भनिन्छ। यो नेपाली उपन्यासको पृष्ठभूमि काल पनि हो। यसरी प्राथमिककालीन नेपाली उपन्यासको इतिहासलाई हेर्दा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** (सन् १७७०) नेपाली उपन्यासको सर्वप्रथम प्रारम्भ बिन्दु ठहरिएको छ। यसपछि भानुदत्तको **हितोपदेश मित्रलाभको अनुवाद** (सन् १७७६), शक्तिवल्लभ अर्यालको **हास्यकदम्ब** (सन् १७९८), बेनामे लेखकको **पिनासको कथा** (सन् १८१५), बेनामे लेखकको **दशकुमारचरित** (सन् १८१८), **अज्ञात लेखकको स्वस्थानी व्रतकथा** (सन् १८२१), अज्ञात लेखकको **बहत्तर सुगाको कथा** (सन् १८३६), सुन्दरानन्द बाँडाको **अध्यात्म रामायण** (१८३९) जस्ता कृतिहरू रहेका पाइन्छन्। उपर्युक्त कृतिहरू आख्यानात्मक भए पनि शिल्पका आधारमा पूर्ण रूपले उपन्यास नभएर उपन्यासका पूर्वरूप मात्र भएको देखिन्छ। यस प्रारम्भिक प्रयासले सन् १८८९ मा शिवदत्त शर्माले लेखेको उपन्यास **वीरसिक्का** (सन् १८८९) मा आएर नेपाली उपन्यास साहित्यले आधुनिक उपन्यासको आकार प्राप्त गर्न सफल भएको देखिन्छ।

**यस कालका प्रमुख विशेषताहरू** -

- उपन्यास र कथाबिच स्पष्ट विधागत अन्तर देखिँदैन।
- सबै कृतिहरू नैतिक उपदेशमा केन्द्रित भएखा पाइन्छन्।
- यी कृतिहरूको लक्ष्य समाज सुधारको चाहना हो।

- प्राय सबै कृतिहरू अनुवादमा केन्द्रित रहेका छन।
- उपजीव्य ग्रन्थ (रामायण र महाभारत) बाट विषयवस्तुको चयन गरिएको पाइन्छ।
- धार्मिक क्रियाकलापबाट पारलौकिक सुधारको अपेक्षा राखिएको पाइन्छ।
- जम्मै कृतिहरूमा घटनाप्रधान आख्यानलाई बढी महत्व दियेको देखिन्छ।
- वर्णनमा साहसि कुराहरू, कौतूहलता, स्वच्छन्द प्रेम र आश्चर्यजनक, अद्भुत घटनाहरूको अभिव्यक्ति देख्न पाइन्छ।

विभिन्न साहित्य इतिहासकारहरूका भनाइलाई सूत्रबद्ध गर्दा वि.स **१८३१ अर्थात** सन् १७७४ **मा** नेपालका राजा पृथ्वीनारायणले शाह लेखेको **दिव्योपदेश** देखि इस्वी देखि १९०० सम्मको समयावधिलाई **नेपाली निबन्धको प्राथमिक काल** मान्न सकिन्छ। यस कृतिको ऐतिहासिक महत्व छ। विधागत हिसाबले पृथ्वीनारायण शाहको **दिव्योपदेश** आजका आधुनिक निबन्धभन्दा लामो आत्मपरक आत्मजीवनीको छनक दिने खालको छ। यो कृति प्राथमिक नेपाली गद्य साहित्यका इतिहासको एउटा महत्त्वपूर्ण कोसे ढुङ्गाका रूपमा रहेको देखिन्छ। सन् १७९४ मा लेखिएको रामभद्र पाध्याको कृति **लक्ष्मीधर्म सम्वाद**मा पनि गद्यको राम्रो नमुना पाइन्छ। यसपछि दैवज्ञ ज्योतिनरसिंहको **तुलसीस्तव** सन् १८०९ मा देखापर्दछ। वाणीविलास पाँडेको **बाग्मतीपुल स्तम्भ अभिलेख** (सन् १८११), दैवज्ञकेशरी अर्ज्यालको **गोरक्षयोग शास्त्र** (सन् १८२०), यदुनाथ उपाध्यायको **रतिकोष सार** (१८२८), ललितत्रिपुरसुन्दरीको लेखेको **राजधर्म** (सन् १८३१ तिर), सुरानन्द बाणाको **त्रिरत्नसौन्दर्य गाथा** (सन् १८३४ तिर), भवानी दत्त पाँडेको **आत्मबोध** (सन् १८३६ तिर), शशिधरको **जसमनि जोगशास्त्र** (सन् १८५२), चिरञ्जीवि शर्माको **आफ्नु कथा** (१८९८ केही निबन्धात्मक गुण भएका कृतिहरूको रूपमा पाइन्छ। यस समयमा निबन्धको गद्य शैली केहि हदसम्म निर्मित भएको पाइन्छ तर आधुनिक निबन्धमा पाइने गुणहरू भने कम नै देखिन्छ। यस अवधिका निबन्धात्मक कृतिमा कलापक्ष भन्दा औपदेशिक सोद्देश्यता बढि मुखरित भएको पाइन्छ।

### ५.३ प्राथमिक नेपाली नाटक - सन् १७७८ - १८८६

नेपाली साहित्यमा नाटकको विकास समाजमा प्रचलित लोकनाटकको माध्यमबाट भएको पाइन्छ। प्राचीनकाल देखिनै नेपाली समाजमा रामायण बालुन, कृष्णचरित्र बालुन जस्ता लोक नाटकको प्रचलन भएको तथ्यलाई नकार्न सकिँदैन। यसरीनै विवाहका अवसरमा खेलिने रत्यौलीलाई पनि नेपाली लोकनाटकको अर्को रूप भन्न सकिन्छ।

नेपाली साहित्यमा सन् **१७७८** देखि **१८८६** सालसम्मको समयावधिलाई **नेपाली नाटक साहित्यको प्राथमिक काल** भनिन्छ। शक्तिबल्लभ अर्यालद्वारा संस्कृतबाट नेपालीमा अनुवाद गरिएको **हास्यकदम्ब** (सन् १७७८) नाटकलाई लिपिबद्ध नेपाली नाटकको प्रारम्भ बिन्दु मानिएको छ। यस नाटकमा चरित्र, अभिनय, सम्वाद जस्ता नाटकीय तत्वको उपस्थिति रहेको पाइन्छ। यसपछि अर्को अनुदित नाट्य कृतिमा भवानीदत्त पाण्डेको **मुद्राराक्षस** (सन् १८७८ तिर) देखा पर्दछ। नेपाली नाटकको प्रारूप निर्माणका लागि यी कृतिहरू महत्वपूर्ण मानिन्छन्। यो समयावधि नेपाली भाषामा नाटक अनुवादको थालनीका रूपमा परिचित छ।

### ५.४ प्राथमिक नेपाली नियात्रा साहित्य

मानिस भ्रमणशील प्राणी हुनाले एकै ठाउँमा टिकेर बस्न रुचाउँदैन। उ निरन्तर यात्रा गर्न तयार हुन्छ। उसको मनमा रहेको कौतुहलता र जिज्ञासाको भाव नै नियात्रा साहित्य सृजनको आधार हो भन्न सकिन्छ। कुनै स्थान विशेषको यात्रा गरेपछि त्यस स्थानको भौगोलिक अवस्था, आर्थिक, राजनैतिक, धार्मिक परिवेश, विकास, भिन्नै अनुभव जस्ता अनुभूतिको चित्रण गर्दै लेखिने यात्रा अनुभवलाई नेपालीमा नियात्रा भनिन्छ। नेपाली साहित्यमा नियात्रा साहित्यको थालनी सन् १४९३ बाट भएको थाहा लाग्छ। **राजा गगनीराजको यात्रा** यस क्षेत्रको सबैभन्दा जेठो कृतिका रूपमा देखापरेको छ। यसमा राजाले मुगुदेखि मुस्ताङसम्म गरेको यात्राको विवरण लेखिएको छ। यसपछि अज्ञातद्वारा लिखित **जङ्गबहादुरको बेलायत यात्रा** (१८५०) अर्को कृतिको रूपमा फेला पर्दछ। यस कृतिमा जङ्गबहादुर राणाले लामो समयसम्म गरेको बेलायत यात्राको वर्णन गरिएको छ।

**आफ्नो प्रगति जाँच गर्नुहोस् -**
१. प्राथमिककालीन कथा साहित्यको परिचय दिंदै यसका प्रवृत्तिहरू लेख्नुहोस्।
२. प्राथमिककालीन नेपाली उपन्यास साहित्यको परिचय र प्रवृत्तिको परिचय लेख्नुहोस्।
३. राजा गगनीराजको यात्रा कस्तो रचना हो? नेपाली नियात्रा साहित्यमा यसको के महत्व छ?

## ६. निष्कर्ष

प्राथमिककालीन नेपाली साहित्य विभिन्न परिस्थितिहरूको पृष्ठभूमिमा उब्जिएको पाइन्छ। यसमा कविता सबै भन्दा फस्टाएको विधाको रूपमा देखा पर्दछ। यस कालमा प्रबन्धात्मक रचनाहरूको अभाव पाइन्छ। शास्त्रीय छन्द र लोकछन्द दुवैको प्रयोग यस कालका कविहरूले गरेको देखिन्छ। धेरैजसो संस्कृत र अन्य भाषाबाट अनुवाद र संस्कृतलाई आधार बनाएर लेखिएका कृतिहरू फेला पर्दछन्। वीरकाव्य, भक्तिकाव्य र अन्य रचनाहरूले यस कालको साहित्य भण्डारमा वृद्धि गरेको देखिन्छ भने गद्य साहित्यको थालनी यस कालको अर्को महत्वपूर्ण साहित्यिक उपलब्धि हो। संस्कृत, हिंदी, ब्रजभाषा, अवधी, कुमाउँनी, गढवाली आदि भाषाका शब्दहरूको प्रवेशले नेपाली शब्दभण्डारमा वृद्धि गरेको देखिन्छ। प्राथमिककालीन नेपाली साहित्यले भावि नेपाली साहित्यको बलियो घडेरी तयार गरेको कुरालाई इनकार गर्न सकिँदैन यसैले नेपाली साहित्यको इतिहासमा यस कालखण्डको धेरै महत्व छ।

## ७. थप अध्ययनका लागि ग्रन्थहरू


उपाध्याय, केशवप्रसाद. (सन् १९७२). **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति,** काठमाडौँ : साझा प्रकाशन।

नेपाल, घनश्याम. (सन् १९८१). **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी : नेपाली साहित्य प्रचार समिति।

पराजुली, ठाकुर. (२०४६). **नेपाली साहित्यको परिक्रमा.** काठमाडौँ : साझा प्रकाशन।

शर्मा, गोमादेवी. (सन् २०१८). **भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास**. गोर्खाज्योति प्रकाशन।
शर्मा,  ताना,  (सन् १९७२). **नेपाली साहित्यको इतिहास.** काठमाडौँ : संकल्प प्रकाशन।

# एकाइ ३

# माध्यमिककालीन नेपाली पद्य

## एकाइको संरचना

१. प्रस्तावना
२. उद्देश्य
३. परिचय
४. माध्यमिककालीन नेपाली पद्य साहित्य
५. माध्यमिककालीन गद्याख्यान
   ५.१ माध्यमिककालीन नेपाली नाटक
६. निष्कर्ष
७. थप अध्ययनका लागि सन्दर्भसामग्री

## १. प्रस्तावना

प्रस्तुत पाठ्यांश माध्यमिककालीन नेपाली साहित्यको महत्त्व र उपयोगिता एवम् माध्यमिककालीन नेपाली साहित्यको विकासयात्राको सङ्क्षिप्त रूपरेखाका साथै यसका सन्दर्भका विभिन्न प्रयासहरूको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा प्रस्तुतिमा केन्द्रित रहेको छ।

## २. उद्देश्य

यो एकाई प्राथमिककालीन नेपाली साहित्यमा केन्द्रित छ। यसमा प्राथमिककालीन नेपाली साहित्यको सम्पूर्ण परिचय संक्षेपमा दिने प्रयास गरिएको छ। यो एकाईबाट विद्यार्थीहरू निम्नलिखित भाषिक क्षमता र ज्ञान प्राप्त गर्न सक्षम हुनेछन् -

(क) माध्यमिककालीन नेपाली साहित्यको पृष्ठभूमि

(ख) माध्यमिककालीन नेपाली साहित्य र प्रमुख साहित्य धारा

(ग) कवि, कृति र प्रवृत्तिहरू बारे जानकारी

(घ) माध्यमिककालीन गद्य साहित्य, लेखक, कृति र प्रवृत्तिहरूको जानकारी

## ३. परिचय

सन् १८८३ देखि १९१७ सम्मको अवधिलाई नेपाली साहित्यको इतिहासलाई माध्यमिक काल मानिएको छ। माध्यिमक कालले नेपाली साहित्यका विकासको मध्य अवधिलाई सङ्केत गर्छ। नेपाली साहित्यका इतिहासकार तारानाथ शर्माले मोतीरामयुग,डिल्लाराम शर्मा तथा माधव भण्डारीले विकास काल, मोहनराज शर्माले उत्तर मध्य काल भनेका छन् भने घनश्याम नेपालले भने शृंगार काल भन्न मन पराएका छन्। नेपाली साहित्यको प्राथिमक कालमा वीर भावको आधिपत्य रहेको पाइन्छ भने माध्यमिक कालमा कवि लेखकहरू रतिरागात्मक तथा श्रृंगारिकतर्फ आकर्षित भएको पाइन्छ।

## ४. माध्यमिककालीन नेपाली पद्य साहित्य

प्राथिमक कालीन नेपाली साहित्यमा मूलतः स्तुतिमूलक रहेको पाइन्छ भने शृंगार कालमा आएर नेपाली कवि लेखकहरू रति रागात्मक तथा शृंगारिक भावतर्फ उन्मुख भएको देखिन्छ भने माध्यमिक कालमा नेपाली साहित्यको प्रवृत्ति परिवर्त्तनका निम्ति केही कारण छन्। शृंगार कालको प्रवर्त्तनलाई प्रेरित गर्ने त्यस्ता मूलभूत कारणहरू निम्न प्रकारले रेखांकित गर्न सकिन्छ-

१. राजनैतिक कारण
२. सामाजिक आर्थिक पृष्ठभूमि
३. साँस्कृतिक पृष्ठभूमि
४. शक्षिक व्यवस्था र परिवेश
५. मुद्रण-प्रकाशन सुविधा र भाषिक पृष्ठभूमि
६. साहित्यिक परम्परा

माध्यमिक कालिन प्रमुख नेपाली कविहरू- माध्यमिक कालमा प्रकाशनको माध्यमहरूको प्रसारले गर्दा साहित्यिक रचनातर्फ कविहरूको ध्यानाकर्षन भएकाले गर्दा यस युगका सम्पूर्ण कविहरूको नाम उल्लेख गर्न सम्भव नभए तापनि प्रमुख निम्न उल्लेखित कविहरूलाई लिन सक्छौँ-

**(क) राजीवलोचन जोशी**- ( सन् १९४८-१९२९) माध्यमिक कालका नाम कहलाएका कविका रूपमा राजीवलोचन जोशीको स्थान सुरक्षित छ। उनलाई मोतीराम भट्टले **कवि शिरोमणि** भनेर उपाधि प्रदान गरेका थिए । उनले रचना गरेका छोटा पद्यहरू प्रशस्त पाइन्छन्। उनको प्रमुख कृति **केदारकल्प** (सन् १८८२) हो। यस ग्रन्थमा बद्रीकेदार यात्राको राम्रो वर्णन गरिएको छ। यसका अतिरिक्त यिनका कवितात्मक कृतिहरूमा **चानक भाषाश्लोक** (सन् १८८४), **पतिव्रता धर्म** (सन् १८८४), **विस्मातहर्ष तरङगिनी** (सन् १९१२) आदि ।उनका कविताहरू रसिला र व्यङ्ग्योक्तिले परिपूर्ण हुन्थे। यसका साथै घुमाउरो किसिमले अर्थ लुकाएर मानिससलाई मनोरञ्जन दिने

खालका कविता लेख्न उनी खप्पीस थिए। संस्कृत साहित्यमा यस्ता कवितालाई कुटपद्य भनिन्छ र  नेपाली साहित्यको माध्यमिक कालमा पनि यसैको धरोहर स्वरूप समस्यापूर्ति प्रचलन चल्यो। यसरी सिलोकको अन्तिन पङ्क्ति विषय र प्रसङ्ग मिल्ने गरी रच्न लगाउने चलनलाई नै समस्यापूर्ति भनिन्थ्यो । यस्ता खालका कविता लेख्ने अभ्यास माध्यमिक कालमा जनप्रिय बनेको थियो।

**(ख) होमनाथ खतिवडा**- (सन् १८५५-१९२८) होमनाथ खतिवडा नेपालमा जन्मेका भए पनि कतिपए राजनैतिक कारणले गर्दा नेपाल छोडेर बनारसमा बसेका थिए । उनी बनारसमा धार्मिक ग्रन्थहरूको नेपालीमा अनुवाद र प्रकाश गर्ने कार्यमा लागे। होमनाथ खतिवडाले सर्वप्रथम रामायणको **अश्वमेध काण्ड** (सन् १९०४) निर्माण गरे। यस पछि उनले महाभारतको **विराटपर्व** निर्माण गरे र त्यो कृति नेपाली समाजमा अत्यन्तै जनप्रिय बन्यो। यसका अतिरिक्त उनले महाभारतको **सभापर्व, कृष्णचरित्र र नृसिंहचरित्र** ग्रन्थहरू लेखे। यी ग्रन्थहरू भानुभक्तेली शैलीमा लेखिएकोले गर्दा निकै चर्चित बने।

**(ग) शिखरनाथ सुवेदी-** (सन् १८६५-१९४९) काठमाण्डौँको मच्छेगाउँमा जन्मेर बनारसलाई कर्मक्षेत्र बनाउने शिखरनाथ सुवेदी माध्यमिक कालका उल्लेखनीय कवि प्रतिभा हुन्। उनी विशेष गरेर बनारसमा बसी साधरण नेपाली जनतालाई आवश्यक सूचना र सल्लाह दिने पुस्तक **शिखरनाधभष्य**(सन् १९०३) र **थरगोत्रप्रवरावली** (सन् १९१२) बढी उपयोगी मानिएका छन्। शिखरनाथ सुवेदीको पहिलो रचना साठी श्लोके **वीर-षष्टिका** हो जुन सन् १८९९ मा छापिएको थियो। उनका अन्य कृतिहरूमा **शृंगारदर्पण** (सन् १८९९),**बृहतकाव्य** (सन् १९१०), **कर्णपर्व** (सन् १९१२), **रामाश्वमेध राजा** (सन् १९२०),**गङ्गामाहात्म्यको सवाई**(सन् १९२१), **स्वस्थानी** आदि।

**(घ) लक्ष्मीदत्त पन्त-** (सन्१८७६-१९०६) काठमाण्डौँको जलेश्वरमा जन्मिएका लक्ष्मीदत्त पन्तका प्रकाशित कृतिहरू नदेखिए तापनि मोतीमण्डलीका एक सशक्त प्रतिभका रूपमा उनी रहेका छन्। उनले शृंगारिक भावभूमिमा रचना गरेका कविता,गजल र काव्य अत्यन्तै आकर्षक छन्। उनका रचना **श्लोक सङग्रह,मनोद्वेग प्रवाह,गफास्टक,संगीत चन्द्रोदय** जस्ता सङग्रहहरूमा फेला पर्छन। शृंगारिक भावभूमिमा पाठकको चित्ताकर्षण गर्नु उनको  विशेषता रहेको छ। मोतीमण्डलीको सक्रीय कविको रूपमा उनको योगदान उल्लेखनीय रहेको छ।

**(ड) मोतीराम भट्ट-** (सन् १८६६-१८९६) नेपाली साहित्यका उज्वल नक्षत्र मोतीराम भट्टको जन्म काठमाण्डौँमा भएको हो। उनका पिताको नाम पं दयाराम र माताको नाम रिपुमर्दिनी हो। सानै उमेरमा बनारसतर्फ लागेका मोतीरामले १५ वर्षको उमेर सम्ममा संस्कृत, पर्सियाली,उर्दु भाषाको अध्ययन गरेको पाइन्छ। भारतमा  हिन्दी भाषाको उत्थानका लागि खटिएका भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित र प्रेरित भएर मोतीरामले पनि नेपाली भाषा र साहित्यका उत्थानका लागि धेरै काम गरेका छन्।

मोतीरामले भानुभक्त पूर्ववर्ती कविहरूको अनुसन्धान गरी ती रचनाहरूलाई छपाउनो र समकालीन संगठित गराउँदै आफू पनि कविता लेख्ने प्रकाशन गर्नेतर्फ संलग्न भए। यसरी भानुभक्तको रामायणका विभिन्न काण्ड र पछि सम्पूर्ण रामायण प्रकासित गरे। बानारसबाट काठमाणडौँ आएर अध्ययम पश्चात कलकत्तामा एम.ए पढ्दा क्षयरोगले पीडित भई युवावस्थामै स्वर्गवासी बन्न पुगे।

उनका कवितात्मक प्रकाशित कृतिहरूमा **पञ्चकप्रपञ्च** र **तीजको कथा** (सन् १८८८),गजेन्द्रमोक्ष( सन् १८९२),स्वप्नाध्याय( सन् १८९३),ठूलो संगीत चन्द्रोदय ( सन् १८९५), उषाचरित्र( सन् १८९५), प्रह्लाद भक्तिकथा( सन् १८९५) प्रमुख छन्। यी पुस्तककार कवितात्मक कृतिहरूका अतिरिक्त पनि भनुभक्तीय रामायणको सम्पादन र प्रकाशन  गरे। गफाष्टक,श्लोकसङ्ग्रह,सूक्तिसिन्धु जस्ता तत्कालिन कवितासङ्ग्रहरूमा पनि कवि भट्टका कविता सङ्कलित छन्। कवि सोतीराम भट्टले साहितायका अनेक विधा जस्तै नाटक,जीवनी,अनुवाद,सम्पादन जस्ता कर्यमा योगदान गरे तापनि उनको कवि प्रतिभा नै प्रमुख रूपमा रहेको पाइन्छ। कवि मोतीराम भट्टका उपलब्ध काव्यात्मक कृतिहरूको अतिरिक्त नेपाली साहित्यमा गजल, भजन र फुटकर कविता रचनाका साथै पिकदुत जस्ता काव्यकृति पनि अत्यन्तै प्रबावकारी र स्तरीय छन्।

यसरी मोतीराम भट्ट नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय कविको रूपमा स्थापित बन्न पुगेका छन्। उनी शृंगारिक धाराको उद्बोदन गर्ने प्रथम सशक्त कविको रूपमा र पाठकहरू माझ प्रभावकारी ढंगले छन्द, रस, अलङ्कारलाई कवितामा सन्तुलित प्रयोग गरेर विषयवस्तुलाई उपस्थापन गर्ने सक्ने बेजोड प्रतिभाका रूपमा मूल्याङ्कन गरिन्छ।

**(च) तीर्थराज पाण्डे-** (सन् १८७२-१९२३)पश्चिम नेपालको दर्दोर भन्ने ठाउँमा जन्मेका तीर्थराज पाण्डे मोतीमण्डलीका प्रभावकारी सदस्य थिए। उनलाई मोतीरामले कविराज उपाधि दिएर सन्मान गरेका थिए। उनी संस्कृत साहित्ययका ठूला विद्वान थिए । उनका),विद्यासुन्दर संवाद (सन् १९०५) उपदेश  मञ्जरी (सन् १९१७) प्राप्य छन्। नैतिकता र प्रेमलाई विषयवस्तु बनाएर कविता लेख्ने कवि तीर्थराज पाण्डे शृंगार कालका निकै चर्चित साहित्यकार हुन ।

**(छ) गोपीनाथ लोहनी-** (सन् १८१४-१९६८) मोतीमण्डलीका सक्रिय सदस्य त्यस युगका नामी प्रतिभा थए। संस्कृत,अङ्ग्रेजी र नेपाली भषाका ज्ञाता गोपीनाथ लोहनी थुप्रै गजल तथा फुटकर कविताका साथै पुस्तककारक कवितात्मक प्रकाशित कृतिहरूमा **सत्य दुर्गाभाषा** (सन् १८९०),**ध्रुवचरित्र** (सन् १८९०),**नृग चरित्र**(सन् १८९३),**नलोपख्यान** (सन्१८९९) आदि पाइन्छन्।

**(ज) शम्भुप्रसाद ढुङ्ग्याल**- (सन् १८९०-१९३०) शृंगार कालीन नेपाली साहित्यका अर्का एकजना प्रतिभाशाली कवि हुन् शम्भुप्रसाद ढुङ्ग्याल। १५ वर्षको कविता लेख्न संलग्न भएका थिए। उनको आर्थिक दयनीयताका कारण नेपालको राणा सरकारलाई रिझाउन श्रीचन्द्रप्रतापवर्णन( सन्१९१४) नामक सुन्दर स्तुती पद्यको रचना गरे। यसैले

चन्द्रशमसेर राणा प्रसन्न भएर आशुकविको पागुरी गुताइदिए। यसका अतिरिक्त उनका पुस्तककार रूपमा चन्द्रवदनी,श्रीमद्भागवत कृष्ण चरित्रका साथै द्युतशतक काव्य,वेश्यावर्णन,मैतालु छोरी,जूवा जस्ता अनेक काव्यहरू गफसिन्धु,कवितासङ्ग्रह,सुन्दरी,चन्द्र, गोर्खा संसार आदिमा अनेक कविता छापिएका छन्।

माध्यमिक कालका प्रमुख कविहरूका अतिरिक्त अरू अनेक कविहरूले नेपाली कविताको विकासको क्षेत्रमा धेरै योगदान दिएका छन्। कसैले पुस्तक प्रकाशन गरे भने कसैले एक दुइ कविता,गजल भजन र पद्याख्यान जस्ता रचना गरेर साहित्यको विकासमा सहयोग गरेका छन्। यस्ता प्रमुख कवि हरूमा-भुवनप्रसाद ढुङ्गेल, वैयाकरण नेपाल,कुञ्जविलास गौतम, भवानीप्रसाद खतिवडा, रामप्रसाद सत्याल, कुलचन्द्र गौतम, रेवतीरमण न्येउपाने, केदारमान खतिवडा, पहलमानसिंह स्वार, कालिदास पराजुली, नरेन्द्रनाथ रिमाल, दधिराम मरासिनी, कृष्णप्रसाद रेग्मी, चक्रपाणि चालिसे, सोमनाथ सिग्द्याल, तारानाथ शर्मा नेपाल, बैजनाथ सेढाईं, श्यामजीप्रसाद अर्याल, दिपकेश्वर लोहनी, पद्मप्रसाद ढुङ्गाना आदि।

## ५. माध्यमिककालीन गद्याख्यान

नेपाली साहित्यको माध्यमिककालमा गद्यले विविध विषयवस्तु र आयामका दृष्टिले व्यापक रूप लिन्छ। हुनत माध्यमिक कालको गद्याख्यानको विकास प्रारम्भिक कालको आख्यानकै निरन्तरको परिणाम हो। माध्यमिक कालकोगद्याख्यानको मूल प्रेरणा स्रोतका दृष्टिले

संस्कृत, हिन्दी, अरबी, फारसी, बङ्गला, अङ्ग्रेजी र विषयका दृष्टिले परिणाम हो। माध्यमिक कालकोगद्याख्यानको मूल प्रेरणा स्रोतका दृष्टिले संस्कृत, हिन्दी, अरबी, फारसी, बङ्गला, अङ्ग्रेजी र विषयका दृष्टिले धार्मिक, नैतिक-औपदेशिक धारा, कौतुहल-रोमाञ्चक धारा, सामाजिक धारा हुन्। माध्यमिक कालमा पनि आध्यात्मिक, नैतिक तथा स्तुतिमूलक कृतिहरू प्रसस्तै लेखिए पनि यस  कलमा मूल काव्य धारा भने शृंगारिक  र रमाख्यानमूलक पाइन्छ।

आनुमानित सन् १८८९ मा हरिकृष्ण रचित शिवदत्त शर्मा अनुदित **वीरसिक्का** को प्रकाशनदेखि नेपाली गद्याख्यानको नेपाली आख्यानको माध्यमिक काल प्रारम्भ भएको मानिएको छ । यस अवधिमा देखापरेका उल्लेखनीय रचना र रचनाकार निम्नलिखित छन् :

| **रचनाकार** | **रचना** |
|---|---|
| शिवदत्त शर्मा | वीरसिक्का  (सन् १८८९) |
| हरिहर शर्मा | भगवत भक्ति विलासिनी (सन् १८८९) |
| चिरञ्जीवी पौड्याल | सुखार्णव(सन् १८९३) |
| | प्रेमसागर (सन् १८९३तिर) |

| | |
|---|---|
| अज्ञात | बेताल पचीसी (सन् १८९५) |
| सदाशिव शर्मा | नरेन्द्र मोहनी (सन् १८९७) |
| | बोक्सी चरित्र(सन् १८९८) |
| | महेन्द्रप्रभा (सन् १८९८) |
| | लाक्षारञ्जित स्फटिक स्तम्भ (सन् १८९८) |
| | सुन्दरी भूषण (सन् १८९८) |
| नरदेव पाण्डे | नलोपख्यान ((सन् १८९६) |
| | मेरिना चरित्र (सन् १८९८) |
| गिरीशबल्लभ जोशी | वीरचरित्र ( ललेखन सन् १८९६,प्रकाश सन् १९००) |
| | बहादुर चरित्र (सन् १८९७) |
| | प्रारब्धदर्पण (लेखन सन् १८९८,प्रकाशन १९८८) |
| | आदित्यसेन चन्द्रकला |
| तीर्थप्रसाद उपाध्याय | वेदान्तसार : नयाँ उपन्यास (सन्१९००) |
| द्वारिकानाथ उपाध्याय | यमपञ्चक प्रपञ्च (सन् १८९८) |
| रामप्रसाद सत्याल | कलावती (सन् १९०८) |
| | वीरमती  (सन् १९०९-१९१०) |
| रसिक | विलीसिनी (सन् १९०८) |
| खि.ना.सा | एक औपदेशिक कथा ((सन् १९०९-१९१०) |
| राममणि आ.दि. | पतिव्रत्य प्रभाव (सन् १९१०) |
| विज्ञान विलास | प्रियम्बदा (सन् १९१६) |
| पद्मनाभ सापकोटा | डा. सूर्यप्रसाद (१९१६) |
| | बङ्गविजेता ( सन् १९१७) |
| पहलमानसिंह स्वाँर | एकलाख रूपियाँको चोरी (सन् १९१८) |
| प्रतिमान सिंह | महाकाल जासुस (सन् १९१९) |
| शम्भुप्रसाद ढुङ्गेल | वरलाभ (सन् १९२०) |
| | प्रेमकान्ता (सन् १९२०) |
| वेदनाथ आचार्य | दयाकी भावी (सन् १९२१) |
| लाहुरे (सूर्यविक्रम ज्ञावली) | देवीको वलि (सन्१९२७) |
| रूपनारायण सिंह | अन्नपूर्ण (सन्१९२८) |
| ऋद्धिबहादुर मल्ल | शर्मिष्ठा (सन् १९२९) |

| | |
|---|---|
| अज्ञात | विलाप (सन् १९२९) |
| | नरबहादुर गुरुङ (सन् १९२९) |
| प्रेमसिंह आले | करनीको फल (सन् १९२९) |
| रामसिंह गोर्खा | एउटा गरीब सार्कीको छोरी (सन् १९२९) |
| अम्बलिकादेवी | राजपूत रमणी (सन् १९३३) |

यसका अतिरिक्त **गोर्खापत्र**मा आख्यानात्मक विभिन्न लेखकका रचनाहरू प्रकाशित भएको पाइन्छ। गोर्खापत्रमा प्रकाशित केही रचनाहरू : **पतिव्रता चरित्र**, **प्रत्यगमन**,**क्रोध**, **माला**,**धर्मात्मा**,**बदला**,**सुकुल गुन्डाको कहानी**,**हीराको औंठी**,**स्वर्गको साँचो**,**अद्भुत कुकुर**,**चातुरी**,**बूढाको विवाह**,**नैषध काव्यविचार**,**कथा सरित्सागर** आदि हुन्।

माध्यमिक कालमा गोरखापत्रबाहेक स्वदेश तथा विदेशबाट प्रकाशित सुन्दरी, माधवी, चन्द्र, गोर्खाली, चन्द्रिका, जन्मभूमि, गोर्खासंसार, तरूण गोर्खा जस्ता विभिन्न पत्र-पत्रिकामा कथा भन्न सुहाउँदा निकै कथाहरू प्रकाशित भए पनि विधागत स्वरूप र स्तरीयता त्यति देख्न पाइँदैन।

**५.१ माध्यमिककालीन नेपाली नाटक**

माध्यामिक कालको नेपाली नाटक परम्परा

रूपरेखा: श्रव्य र दृश्य गरी दुई भेदमध्ये नाटक दृश्य विधा अन्तर्गत पर्छ। साहित्यका अन्य विधाका तुलनामा नाटक सबैभन्दा प्रभावशाली र सशक्त विधा मानिन्छ। नेपाली साहित्यका कथा कविता उपन्यास निबन्ध आदि विधाहरूका तुलनमा नाटक विधा केहीपछि मात्र सुरु भएको थाहा पाइन्छ।अध्ययन अनुशीलन गरेर हेर्दा अनुदित र रूपान्तरित अवस्थाबाट नेपाली नाट्य लेखनले आफ्नो मौलिक स्वरूप प्राप्त गरेको र सोहीअनुरूप विकासोन्मुख दिशातिर अग्रसर भएको थाहा हुन्छ। नेपाली नाटक साहित्यको झन्डै २ सय वर्षको इतिहास रहेको छ ।

नेपाली नाटकको विकास प्रक्रिया: नेपाली नाटकको लिखित परम्परा वा रंगमंचीय परम्पराको सारै लामो इतिहास छैन्। नेपाली नाटकको विकासक्रमलाई विद्वानहरूले विभिन्न कालखण्डमा वर्गीकरण गरी यसको विकास प्रक्रियामा प्रकाश पारेको पाइन्छ। प्राय सबैजसो विद्यानहरूले काल विभाजनको मूल सुत्र प्रवृत्तिगत अन्तर विकासलाई नै मानेको पाइन्छ। यस दृष्टिले नेपाली नाटकको विकास प्रक्रियालाई कालक्रमिक रूपमा निम्नलिखित तरिकाले चर्चा गर्न सकिन्छ।

प्राथमिककालीन नेपाली नाटक(वि.स्. १८५५--१९४३)

माध्यमिक कालीन नेपाली नाटक(वि सं१९४४--१९८५)

आधुनिक कालीन नेपाली नाटक (वि.सं१९८९ देखि वर्तमानसम्म)

माध्यमिक कालीन नेपाली नाटक:यस एकाइमा हामी माध्यमिक कालीन नेपाली नाटकको विकास प्रक्रियाबारे चर्चा गर्नेछौं।विक्रम सम्वत १९४४ देखि १९८५ सम्मको समयावधिलाई (मोतिराम भट्टदेखि बालकृष्ण समको आगमनपूर्वको समयलाई) नेपाली नाटकको माध्यमिक काल भनिन्छ । माध्यमिक नेपाली कविता र आख्यानजस्तै माध्यमिक नेपाली नाटक पनि शृङ्गारिक प्रवृत्तिकै देखिन्छन् । यस अवधिमा नेपाली नाटकको जग बसेको र नेपाली नाटकले केही गति लिन सकेको देखिन्छ। अपेक्षित उन्नति हुन थालेको भेटिन्छ। वीरशमशेर (१९४२--१९५८) को राज्य कालदेखि नाटकको पुनरुत्थान हुन थालेको हो साथै वीरशमशेरकै समयमा देवशमशेरको दरबारमा अभिनय गर्नको निम्ति कवि मोतिराम भट्टलाई नेपालीमा नाटक लेखाइयो। मोतीरामले त्यस प्रयोजनको लागि संस्कृतको कालिदास रचित अभिज्ञान शाकुन्तलमलाई नेपालीमा अनुवाद गरे। यो नै नेपाली भाषाको प्रथम मञ्चित नाटक हो भन्ने विद्वानहरूको भनाइ छ। यसरी मोतिराम सँगसँगै अरु एकाध नाटककार हरूले पनि नाटक लेख्ने प्रयास गरेको पाइन्छ। संस्कृत, उर्दू, फारसी तथा हिन्दी आदि भाषाबाट मोतिराम भट्टद्वारा अनुभवी तर रुपान्तरित नाटकहरू प्रकाशित भएका पाइन्छन् र तीमध्ये केही मन्चित भएका पाइन्छन् भने उनमा कतिपय नाटक अप्रकाशित नै रहेको थाहा पाइन्छ। मोतीराम भट्टका उदयले माध्यमिक कालको नाटकको स्थिती गरिमापूर्ण बन्न जान्छ। नेपाली भाषामा लेखिएका मोतीराम भट्टका नाट्य रचनाहरू--

मोतीराम भट्ट-- शकुन्तला (१९४४--१९४८)

प्रियदर्शिका(१९४४--१९४८)

पद्मावती (अपूर्ण,अप्राप्त)

काशीराम चन्द्रसेन्( अपूर्ण,अप्राप्त)

हुस्न अफरोज आराम दिल(उर्दू, अप्राप्त)

गुल सनोबर(उर्दू, अप्राप्त)। यी नाटकहरू नेपाली रंगमञ्चमा अभिनय गरिएको थाहा लाग्छ। विक्रम संवत १९६० मा बंगाली नाटककार माइकल मधुसूदन दत्तको "के एकै इ सभ्यता बले" नाटक मेदिनी प्रसाद रेग्मीद्वारा नेपालीमा रूपान्तरित भई ज्ञान भक्तितरङ्गिनी प्रकाशित हुन्छ। यस नाटकमा नेपालीपन पनि पाइन्छ। केही विद्वानहरू अनुसार यही नाटककै प्रकाशन कालदेखि नेपाली नाटकको लेखन प्रकाशनको इतिहास शुरु हुन्छ। त्यसपछि विक्रमसंवत् १९६२ मा पहलमानसिंह स्वाँरको अटल बहादुर नाटक प्रकाशित भएको पाइन्छ। अटल बहादुर नाटकमा अंग्रेजी नाटककार सेक्सपियरको छायाँ परेको पाइन्छ भनेर एकाध विद्वानहरूले भनेता पनि यसमा नेपाली सामाजिक परिवेश र नेपाली वातावरण स्वाभाविक रूपमा समेटिएको हुनाले यसलाई नेपालीको पहिलो मौलिक एवं पहिलो वियोगान्त नाटक भनिएको छ।अटल बहादुर नाटक मा अंग्रेजी नाटककार शेक्सपियरको प्रसिद्ध नाटक ह्याम्लेटको छाया परेको पाइएता पनि कतिपय विद्वानहरूले यसलाई ह्याम्लेटको रुपान्तर नमानेर यो मौलिक नाटक नै हो भनिएको छ। पहलमानसिंह स्वाँरद्वारा लिखित अन्य नाटकहरू हुन् विमला देवी,विष्णुमाया नाटिका,लालुभागा आदि उल्लेखनीय नाटक रहेको पाइन्छ।

पहलमानसिंह स्वाँरपछि गिरिश वल्लभ जोशी पशुपति सभा (विक्रमसंवत् १९६९) र सत्यनाग चरित्र नाटक लेखेको देखापर्छन् तर उनको पशुपति सभा नाटक अप्राप्य छ भने सत्यनाग चरित्र चाहिँ प्रज्ञा (कार्तिक--माघ (विक्रमसंवत् २०४९, पूर्णाङ्क ७६ वर्ष २१)मा प्रकाशित भएको पाइन्छ।

नेपाली साहित्यको इतिहासमा आशुकविका रूपमा चर्चित तर प्रसिद्ध रहेका शम्भुप्रसाद ढुङ्गेलले संस्कृत बाट नेपालीमा अनुबाद गरेर रत्नावली (विक्रम संवत १९७२ )शाकुन्तला नाटक(१९७३),प्रियदर्शिनी प्रकाशन (विक्रमसंवत् १९७२) विद्यासुन्दर (विक्रमसंवत् १९७५) उत्तररामचरितम्(१९८५--८६)र मालती माधब (विक्रमसंवत् १९८५)नाटकहरू नेपाली नाटक जगतलाई दिएका छन्। केदार शमशेर थापाका वीर सावित्री (वि. स. १९७२) दुर्गा भक्ति तरंगिणी (वि स १९७३) वीर सुकन्या र ध्रुव चरित्र (विस् १९७३)नाटकहरू पनि उल्लेखनीय छन्। यसपछि मध्यकालीन नेपाली नाटक परम्परामा देखापर्ने प्रमुख नाटककार हुन् लेखनाथ पौड्याल। लेखनाथ पौडेल र राममणि आ.दि.ले भतृहरि निर्वेद नाटक लेखेका छन्। यसबाहेक लेखनाथ पौडेलले लक्ष्मीपूजा,गौरी गौरव,अभिज्ञान शाकुन्तलम्,पार्वती परिणय, दिगम्बर विवाह नाटक लेखेका छन्। विक्रम संवत १९७४ मा अशोक सुन्दरी नाटकको रचना शम्भुप्रसाद ढुङ्गेल,वीरेन्द्र केशरी अर्याल,जिवेश्वर रिमाल र झुमाकलाल मिश्रले संयुक्तरूपमा गरेको देखिन्छ। वि स १९७४-७५मा में सूर्यविक्रम ज्ञवालीले संस्कृतबाट नेपालीमा अनुबाद गरेको श्रृङ्गारिक नाटक श्यामी कमारीमा मौलिकताको आभास पाइन्छ। वि सं १९७८ देखि पारसमणि प्रधान लिखित सुन्दरकुमार र बुद्ध चरित्र प्रकाशित नाटकहरू पाइन्छन् भने उनले चन्द्रगुप्त (वि सं १९७९) रतनावली(वि सं १९७९) माहाभारत (वि सं १९८०) सती सावित्री र सीता वनवास आदि नाटकहरू पनि लेखेका र नाटकहरू दार्जिलिङका रंगमंचहरूमा मञ्चित र प्रदर्शित हुनसकेको जानकारी पाइन्छ।

यस माध्यमिक कालका केही नाटकहरू श्रृङ्गारिक र आदर्शवादी प्रवृतिका छन् ।यस समयका नाटकहरू चरित्रलाई भन्दा कथावस्तुलाई प्राथमिकता दिएर सामाजिक आदर्शलाई ध्यानमा राखेर लेखिएका पाइन्छन्। यससमयका नाटकहरू मूलतः पौराणिक र केही सामाजिक विषय प्रधान रहेका छन्। यसरी अन्वेशण अध्ययन र अनुसन्धान गरेर हेर्दा माध्यमिक कालिन नेपाली नाटकको अन्तिम चरणमा रामप्रसाद सत्यालको फुलमा भमरा अर्थात् भक्त प्रह्लाद र सती सावित्री चरित्र प्रकाशित भएको देखिन्छ। माध्यमिक कालमा अरु पनि धैरै नाटक हरू को रचना भएका थिए तर एकाधिक नाटकहरू प्रकाशनमा आउन नसकेको कुरा पनि उल्लेखनीय छ।

उपसंहार: माध्यमिक कालीन नेपाली नाटकको विकास परम्परा र प्रवृत्तिलाई सङ्क्षेपमा निम्नलिखित केही बुँदाहरूमा टिप्न सकिन्छ

१. माध्यमिक कालीन नेपाली नाटक अनुवाद र रुपान्तरण हुँदै मौलिकता तर्फ लम्केको बोध हुन्छ।

२. संस्कृतको सिमित घेरा नाघेर अंग्रेजी,हिन्दी,उर्दू,फारसी अरबी,बंगाली आदि नाटकहरू को प्रभाव पर्दै गएको र रङ्गमञ्चीय क्षेत्रको विस्तार हुन सकेको देखिन्छ।

३. यस अवधिका नाटकहरू चरित्र प्रधानभन्दा बस्तु प्रधान रहेका देखिन्छन्।

४. प्राय नाटकहरू हल्का मनोरन्जन प्रधान, तिलस्मी जासूसी प्रधान पनि भेटिन्छन् ।मन्थर गतिमा भए पनि यस माध्यमिक कालमा नेपाली नाटकले केही गति लिन सकेको र विकास तर्फ लम्कन सकेको देखिन्छ।

## ७. निष्कर्ष

प्रायः ५२ वर्ष अर्थात् सन् १८८३-८४ देखि १९३५-३६ सम्मको नेपाली साहित्यको माध्यमिककाल भनिन्छ। यो कालमा धेरैवटा साहित्यिक मोड तथा धाराले स्थान पाए। यो समयावधिमा पूर्वार्द्धमा मोतिराम भट्टको मुख्य योगदान रहेको छ भने उत्तरार्थमा लेखनाथ पौड्यालको योगदानलाई पनि ससम्मान सम्झिनुपर्छ। यस अवधिका साहित्यिक गतिविधिले आधुनिक मोडमा लम्किन मदत गरेको देखिन्छ। राजाहरूको इच्छामा साहित्य सेवा गर्नु पर्ने वाध्यता रहेको अवस्थामा गरिएको कार्यहरूले धेरै कुराको इङ्गित गर्छ।

८. अभ्यास

(क)- मोतिराम भट्टको साहित्यिक परिचय लेख्नुहोस्।

(ख)-माध्यमिककालको नाटक र नाट्यकारको छलफल गर्नुहोस्।

(ग)-माध्यमिककालको विशेषता लेख्नुहोस्।

(घ)- माध्यमिककालको प्रवृत्तिहरू लेख्नुहोस्।

९-थप अध्ययनका लागि सन्दर्भसामग्री।


नेपाल, घनश्याम. (सन् १९८१). **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी : नेपाली साहित्य प्रचार समिति।

पराजुली, ठाकुर. (२०४६). **नेपाली साहित्यको परिक्रमा.** काठमाडौँ : साझा प्रकाशन।

शर्मा, गोमादेवी. (सन् २०१८). **भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास**. गोर्खाज्योति प्रकाशन।

शर्मा, ताना, (सन् १९७२). **नेपाली साहित्यको इतिहास.** काठमाडौँ : संकल्प प्रकाशन।

# एकाइ ४
# नेपाली साहित्यको आधुनिककाल (पद्य खण्ड)

---

**एकाइको संरचना**

१. प्रस्तावना
२. उद्देश्य
३. परिचय
४. नेपाली कविताको आधुनिक काल
  ४.१ आधुनिककालका नेपाली कविताको चरण विभाजन
    ४.१.१ परिष्कारवादी धारा
    ४.१.२ परिष्कारवादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता
  ४.२ स्वच्छन्दतावादी धारा
    ४.२.१ स्वच्छन्दतावादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता
  ४.३ प्रयोगवादी धारा
    ४.३.१ प्रयोगवादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता
  ४.४ समसामयिक धारा
    ४.४.१ समसामयिक धाराकालमा लेखिएका कवितामा निहित विशेषता
५. निष्कर्ष
६. अभ्यास प्रश्न
  ६.१ एक शब्दमा उत्तर दिनुहोस्
  ६.२ खाली स्थान भर्नुहोस् -
  ६.३ क र ख अंश मिलाएर उत्तर दिनुहोस्
  ६.४ निबन्धात्मक प्रश्न
७. थप अध्ययनका लागि सन्दर्भसामग्री

---

## १. प्रस्तावना

प्रस्तुत पाठ्यांश नेपाली साहित्यको आधुनिककाल (पद्य खण्ड) को महत्त्व र उपयोगिता एवम् नेपाली साहित्यको आधुनिककाल (पद्य खण्ड) साहित्यको विकासयात्राको सङ्क्षिप्त रूपरेखाका साथै यसका सन्दर्भका विभिन्न प्रयासहरूको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा प्रस्तुतिमा केन्द्रित रहेको छ।

## २. उद्देश्य

यो एकाई आधुनिककालीन नेपाली साहित्यमा केन्द्रित छ। यसमा आधुनिककालीन नेपाली साहित्यको परिचय संक्षेपमा दिने प्रयास गरिएको छ। यो एकाईबाट विद्यार्थीहरू निम्नलिखित भाषिक क्षमता र ज्ञान प्राप्त गर्न सक्षम हुनेछन् -

(क) नेपाली साहित्यको आधुनिककाल (पद्य खण्ड)को जानकारी

(ख) नेपाली साहित्यको आधुनिककाल (पद्य खण्ड)को साहित्य धारा

(ग) आधुनिककाल (पद्य खण्ड) साहित्य, लेखक, कृति र प्रवृत्तिहरूको जानकारी

## ३. परिचय

नेपाली साहित्यले विविध मोड उपमोड पार गरेर नेपाली साहित्यको वर्तमान अवस्थासम्म आइपुगेको छ। यसलाई मूलतः प्राथमिक, माध्यमिक तथा आधुनिककालका रूपमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ। नेपाली साहित्यमा **शारदा**को प्रकाशनलाई कोशे ढुङ्गोको रूपमा हेर्ने गरिन्छ। माध्यमिककालीन प्रवृत्तिबाट बेग्लै प्रवृत्तियुक्त साहित्यलेखनको आरम्भ भएपछि नेपाली साहित्यमा विविध विधाको विकासमा तीव्रता आयो । पत्रपत्रिकाको प्रकाशन व्यवस्था तथा विविध प्रयोगले नेपाली साहित्यलाई अग्रगतिमा गतिमान तुल्याएको हो।

प्रस्तुत अध्यायमा आधुनिक नेपाली साहित्यका विविध विधामध्ये पद्य साहित्यको चर्चा-परिचर्चा गरिनेछ। यस खण्डमा नेपाली कविता विधाको विकासक्रमको परिचयात्मक अध्ययन गरिनेछ।

## ४. नेपाली कविताको आधुनिक काल

नेपाली कविताको आधुनिक काल **सुक्तिसिन्धु** वि.सं १९७४ -को प्रकाशनपछि भएको मानिन्छ। लेखनाथ पौडेलले माध्यमिककालीन प्रमुख प्रवृत्ति शृङ्गारिक धारालाई तोड्दै परिष्कारवादी प्रवृत्तिलाई नेपाली साहित्यमा भित्र्याएपछि नेपाली काव्यधारामा आधुनिककालको प्रादुर्भाव भएको हो भन्न सकिन्छ। यस क्रममा सुन्दरी र माधवी पत्रिकाको महत्त्वपूर्ण भूमिका मानिन्छ। माध्यमिक कालबाटै **माधवी** प्रकाशित भए पनि नेपाली साहित्यमा आधुनिकता भित्र्याउन यसको विशेष भूमिका रहेको थियो। यसै समयको राममणि आदिको कविता रीतिले काव्य, भाषा, रस शैली आदि विविध कुरामा मार्ग निर्देशन गर्दै जातीय सुधारका लागि नैतिक उपदेश दिएर आधुनिकता भित्र्याउने कार्य गरेको छ। लेखनाथ पौडेलद्वारा यसै कालमा माध्यमिककालीन प्रमुख प्रवृत्ति शृङ्गारिक धारालाई त्यागेर नेपाली काव्यमा नवीन दिशा, नवीन भाषा शैली, लय, सौन्दर्यसहित शिल्पसज्जाले सुसंस्कृत तुल्याउँदै सामाजिक, नैतिक एवं सांस्कृतिक दिशा निर्देश गर्ने कार्य गरे। यसैकारण उनलाई नेपाली कवितामा आधुनिकता भित्र्याउने श्रेय दिइन्छ।

### ४.१ आधुनिककालका नेपाली कविताको चरण विभाजन

नेपाली कविताको आधुनिक काललाई विभिन्न चरणमा वर्गीकरण गरिएको छ –

परिष्कारवादी धारा – वि.सं १९७५-१९९० ( इस्वी १९१८-१९३३)

स्वच्छन्दतावादी-प्रगतिवादीधारा – १९९१-२०१६ (इस्वी १९३३-११९५९)

प्रयोगवादी धारा - २०१७-२०२९ (इस्वी १९६०-१९७२

समसामयिक - २०३० (इस्वी २०७३) देखि हालसम्म

### ४.१.१ परिष्कारवादी धारा

परिष्कारवादी धारालाई शास्त्रीयतावादी धारा पनि भनिन्छ। माध्यमिककालीन प्रवृत्ति शृङ्गारवादी धारालाई अन्त्य गरेर परिष्कार ल्याउने कार्यमा लेखनाथ पौडेल कवितामा लागेपछि यस धाराले एउटा स्वरूप पायो। यस कालमा कवितामा भाषा शैलीको परिष्कार गर्दै तथा धार्मिक, आध्यात्मिक तथा नीति चेतनाको संचार गरी समाज सुधारको स्वरलाई मुखरित गराउनु नै यसको प्रमुख ध्येय रहेको पाइन्छ। लेखनाथ पौडेलले आरम्भ गरेको परिष्कार र परिमार्जनलाई नेपाली साहित्यका अर्का मुर्धन्य साहित्यकार बालकृष्ण समले अघि बढाए। यस प्रवृत्तिका अन्य सक्रिय कविहरू हुन्- सोमनाथ सिग्देल, कुलचन्द्र गौतम, धरणीधर कोइराला, महानन्द सापकोटा आदि।

यस धारामा स्तरीय अभिव्यक्तिले कविता अझ परिष्कृत बनेको देखिन्छ साथै काव्य भाषा शालीन तुल्याउन कविहरूले विशेष रूचि दिन थालेका थिए। पूर्वीय दर्शनलाई प्रमुख रूपमा आत्मसात गर्दै बौद्धिकता र भावनाको सन्तुलित प्रयोगले गर्दा यस धाराका कविताले विशेष परिमार्जन र परिष्कृतितिर उन्मुख देखिन्छ। यसकालका केन्द्रीय कवि लेखनाथ पौडेलका प्रमुख कृति हुन्- **ऋतुविचार, सत्यकलि संवाद, तरुण तपसी।** सोमनाथ सिग्देलको **आदर्श राघव**, कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय**, बालकृष्ण समको **आगो र पानी, चीसो चुलो**, महानन्द सापकोटाको **मनलहरी, अपुङ्गो, हाम्रो नेपाल,** धरणीधर कोइरालाको **नैवेद्य, स्पन्दन** आदि पनि यसै कालमा प्रकाशित भएका हुन्।

### ४.१.२ परिष्कारवादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता

- जातिय जागरण
- सामाजिक चेतनाको उद्बोधन
- शिष्ट, शालीन र संयमित प्रस्तुतिकरण,
- वस्तुपरक कविता रचना।
- शृङ्गारिक कविता लेखनको अन्त्य
- बौद्धिकतातर्फ उन्मुख
- कविताका सबै रूपको सृजनामा पूर्वीय काव्यशास्त्रलाई मूल आधार बनाएर प्रस्तुति
- प्रकृति चित्रण
- पूर्वीय र पाश्चात्य दुवै दर्शनको प्रभाव
- सामाजिक-सांस्कृतिक मूल्यप्रति सचेत तथा शैक्षिक जागरण र सुधारको चाहना
- लोक छन्द र शास्त्रीय छन्दको प्रयोग
- अभिव्यक्तिको स्तरीकरण, बौद्धिकता र भावनाको संयमित प्रयोग
- संतुलित अभिव्यक्तितिर सचेतता
- शिल्पको सचेतता

- ➢ परिष्कृत भाषा शैली
- ➢ मानव भाषाको निर्वाह।

**४.२ स्वच्छन्दतावादी धारा**

आधुनिक नेपाली कविताको प्रवर्तन भएर परिष्कारवादी धाराको विकासक्रममै वि.सं १९९१ देखि नेपाली कवितमा स्वच्छन्दतावादी धारा देखा पर्न थालेको पाइन्छ। यस धाराका प्रवर्तक कवि लक्ष्मीप्रसाद देवकोटा हुन्। वि.सं १९९१ देखि वि.सं २०१६ सम्म रहेको यस धाराको नेतृत्व कवि लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् अनि कवि सिद्धिचरण श्रेष्ठलाई यस धाराका सहप्रवर्तक भनेर मानिन्छ। यस प्रवृत्तिलाई बङ्गला स्वच्छन्दतावादी कविता, हिन्दीको छायावादी कविता तथा अङ्ग्रेजीको रोमान्टिक कविताले विशेष प्रभाव पारेर यसको विकासलाई प्रेरित तुल्याएको पाइन्छ। परिष्कारवादी कवितामा जस्तो संयमित, शालीन तथा नीतिवादी घेरमामा बस्नका सट्टा स्वच्छन्दतावादी कविहरू कल्पनाको बेगमा बढी केन्द्रित देखिन्छन्। प्रकृतितिरको आकर्षण, लोक संस्कृति तथा ग्रामीण जनजीवनको चित्रण तथा कल्पनाशीलता र आध्यात्मिकताप्रति स्वच्छन्दतावादी प्रवृत्तिले विशेष झुकाव राखेको पाइन्छ। क्रान्तिप्रतिको चासो, राष्ट्रियता, प्रकृतिप्रेम जस्ता प्रवृत्तिहरू यस काव्यधारामा प्रष्ट देखिन्छन्।

लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** (१९९१)लाई यस धाराको प्रमुख कृति मानिन्छ। सिद्धिचरण श्रेष्ठको **उर्वसी**, माधवप्रसाद घिमिरेको **राजेश्वरी, राष्ट्रनिर्माता**, लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल, प्रमिथस** जस्ता कृतिहरूको यस धाराको विकासमा प्रमुख भूमिका रहेको मानिन्छ। यसका साथै कवि युद्धप्रसाद मिश्र, केदारमान व्यथित, भूपि शेरचन, विजय मल्ल, गोपालप्रसाद रिमाल आदि कविहरू यस धाराका महत्त्वपूर्ण सर्जक मानिन्छन्। आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी प्रगतिवादी काव्यधारालाई सबैभन्दा उर्वर मानिन्छ।

*अपतन साहित्य परिषद्* सिक्किममा स्थापित पहिलो साहित्यिक संस्था हो। यसको स्थापना १५ अप्रेल, १९४७-मा गान्तोकमा भएको थियो। सिक्किममा अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री, निमावाङ्दी तार्गेन लेप्चा कै नामको अघिल्लो अक्षर मिलाएर अपतनको गठन भएको हो। पछिबाट यस संस्थामा रश्मिप्रसाद आले, भूपाल लामिछाने, लक्ष्मण छेत्री, सन्तबीर लिम्बू, रामदत्तलाल ठाकुर, पण्डित शिवनाथ मिश्र, चन्द्रदास राई, वृजानन्द सिंह र हरिप्रसाद प्रधान आदि पनि प्रविष्ट भएका थिए। यस संस्थाका सबै सदस्यले आफ्नो नामको पछि अपतन उपनाम जोडेर नेपाली साहित्यमा क्रान्ति नै ल्याएका थिए। सिक्किमबाट यसले थुप्रै सामाजिक तथा साहित्यिक कार्यहरू गरेको थाहा लाग्दछ। दार्जिलिङ्गे भूमिबाट मनग्गे हातहरू कविता सिर्जनामा लागेका पाइन्छन्। इन्द्रकील पुष्पाञ्जलीको प्रकाशन १९५० मा हुँदा अपतन साहित्य परिषदको स्थापना भइसकेको थियो। यस संग्रहमा नौजना कविहरूका अड्तीसवटा कविता अनि पाँचवटा प्रहेलिका र यसका उत्तरहरू समावेश गरिएको छ। यसका एकजना स्तम्भ तुलसी अपतन हुन्। उनको **इन्द्रकील पुष्पाञ्जली (१९५०, सहलेखन), बापु वन्दना (१९५२), सङ्कल्प (१९५६), के होला (१९५९), नहेर आज मलाई (१९७६), कर्णकुन्ती (१९८८), बुद्धिबङ्गारो (१९९३)** आदि प्रकाशित भएका छन्। परिष्कारवादी तथा कालान्तरमा स्वच्छन्दतावादी कविका रूपमा स्थापित तुलसी अपतनका कविता सरल, सरस, सहज अनि परिनिष्ठित भाषाको प्रयोग पाइन्छ।

दार्जिलिङ भेकबाट जातीय कविका रूपमा उदय भएका कवि अगमसिंह गिरीका कवितामा साम्राज्यवाद, सार्वभौमिकता, आत्मगौरव, राष्ट्रवादका विशिष्ट अभिव्यक्त पाइन्छ। उनले युद्धको विभिषिकामा गोर्खाली जातिले खप्नुपरेका पीड अनि युद्धोपरान्त पनि जातिलाई युद्धका परिणतिस्वरूप प्राप्त भएका आँशु, पीडा, लाञ्छना अनि विकलाङ्गताप्रति कवि संवेदनशील बनेको पाइन्छ। ओजपूर्ण ढङ्गमा नेपाली जातिको गौरवगान गर्ने कविका

**याद(१९५५), आँसु (१९६८), युद्ध र योद्धा (१९७०), आत्मव्यथा (१९५९), जीवनगीत (१९६०), जलेको प्रतिबिम्ब रोएक प्रतिध्वनि (१९७८)** जस्ता कविता तथा खण्डकाव्यहरू प्रकाशित भएको पाइन्छ।

वीरेन्द्र सुब्बाका कवितामा नेपालीपन, राष्ट्रिय चिन्तन, क्रान्तिकारी र विद्रोही स्वरका साथै सामाजिक विसङ्गतिप्रति आक्रोश र व्यङ्ग्यको प्रस्तुतिमा कविको दक्षता झल्केको पाइन्छ। उनका **एकान्त (१९५०), मेघमाला (१९६२), कुसुम छोरी (१९६७), स्वर्णिमा (१९७८)** जस्ता कृति प्रकाशित छन्।

ओकिउयामा ग्वाइन भारतका एकजना ईश्वरीय चिन्तन, आध्यात्मिकता तथा प्रकृतिचित्रणलाई प्रशय दिएर कविता लेखन कार्यमा संलग्न कवि हुन्। उनका कवितामा बौद्ध चिन्तन प्रखर भएर आएको पाइन्छ। उनको **चित्रलेखा** (१९५८), **भावसम्भवा(१९६१), अनामिका (१९६५)** जस्ता कृति प्रकाशित भएको पाइन्छ। यस काव्यधाराका कविहरूले आत्मपरकशैलीमा स्वस्फूर्त रूपमा आफ्ना अभिव्यक्ति कवितामा दिएका छन्।

### ४.२.१ स्वच्छन्दतावादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता

- परिष्कारवादी काव्यसिर्जनाका विपरित स्वच्छन्द प्रवृत्तिको अवलम्बन
- प्रकृतिका विविध पाटाको अभिव्यक्ति
- क्रान्तिकारी र विद्रोही भावनाको अभिव्यक्ति
- कृतिमताको विरोध
- अतीतप्रति आस्था र मोह
- वस्तुपरकतामा भन्दा आत्मपरकतामा जोड
- युगीन विसङ्गति र विकृतिप्रति आक्रोश र व्यङ्ग्य प्रहार
- सहज-स्वस्फूर्त भाषा शैलीको प्रयोग
- विद्रोह र व्यङ्ग्यको चर्को स्वर
- आत्मसम्मान तथा सामाजिक जागरणको भाव
- राजनीतिक उन्मुक्तिको चाहना
- राष्ट्रीयताप्रतिको अगाध प्रेम
- समाजको प्रगति तथा निरङ्कुशताप्रति विद्रोहको स्वर
- गद्यात्मक अभिव्यक्तिको प्रयास र विस्तार
- 

### ४.३ प्रयोगवादी धारा

वि.सं २०१७- वि.सं २०२९ सम्मको काललाई नेपाली कवितामा प्रयोगवादी धारा भनेर चिनिन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन वि.सं २०१६ मा भएपछि आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धारा मत्थर हुन थालेपछि प्रयोगवादी धाराको थालनी भएको मानिन्छ। कवि मोहन कोइरालाको नेतृत्वमा प्रादुर्भाव भएको यस धारामा विशेषगरी भाषा शैली र भावमा नवीनता भेटिन्छ। यसको विकासमा रूपरेखा पत्रिकाको विशेष भूमिका रहेको छ। अमूर्त शैली, अवचेतन लेखन प्रक्रियालाई समातेर विसङ्गत, शृङ्खलताविहीन कविता लेखन, दुरुह तथा कठिन

शब्दहरूको प्रयोग, दुर्बोध्य, जीवनलाई वासनाको प्रतीकका रूपमा लिनु, प्रयोगवादी धारका विशेषता मानिन्छन् । यसधाराका कविहरूले नवीन विम्ब र प्रतीकहरूको प्रयोग गरेका देखिन्छन् । सामान्य पाठकहरूलाई यी कविता निकै कठिन लाग्दछन् । तर समग्र कविता पढिसकेपश्चात् मात्रै यी कविताको अर्थ लाग्न सक्तछ । परम्परागत कवितालेखनलाई तोड्दै नवीन शैली प्रयो गरेर कवितालाई विशिष्ट तुल्याउने प्रयास गरेकै कारण यसधारका कवितालाई प्रयोगवादी कविता भनेर चिन्न थालेको पाइन्छ । प्रयोगवादी कवितालेखनमा मोहनकोइरालालाई केन्द्रिय कविका रूपमा चिनिन्छ । उनका थुप्रै फुटकर कविता, खण्डकाव्य, महाकाव्य आदि प्रकाशित छन् । उनका कृतिहरू हुन् –

- **सूर्यदान – वि.सं २०२१ (इस्वी १९६४)**
- **लेक – वि.सं २०२५ (इस्वी १९६८)**
- **मोहन कोइरालाका कविता – वि.सं २०३० (इस्वी १९७३)**
- **सारङ्गी बोकेको समुद्र - वि.सं २०३२ (इस्वी १९७५)**
- **नदी किनारामा माझी – वि.सं २०३८ (इस्वी १९८१)**
- **ऋतु निमन्त्रणा – वि.सं २०४० (इस्वी १९८३)**

मोहन कोइरालाका कविता क्लिष्ट छन् । सामाजिक विसङ्गति र विकृतिको चित्रण भएका यिनका कवितामा बौद्धिकताको प्रयोग पाइन्छ । यसकालका अन्य कविहरू हुन् –

- द्वारिका श्रेष्ठ- **द्वारिका श्रेष्ठका कविता – वि.सं** २०३४ (**इस्वी १९७७)**
- मदन रेग्मी – **मदन रेग्मीका कविता – वि.सं** २०३८ (**इस्वी १९८१)**
- कृष्णभक्त श्रेष्ठ- **कृष्णभक्त श्रेष्ठका कविता – वि.सं** २०३३ (**इस्वी १९७६)**
- उपेन्द्र श्रेष्ठ – **निम्तो – वि.सं २०१७ (इस्वी १९६०)**
    - **उपेन्द्र श्रेष्ठका कविता** (**वि.सं** २०२९) (**इस्वी १९७२)**
- कुमार नेपाल- **चर्केको पर्खाल (वि.सं** २०१५) (**इस्वी** १९५८) आदि कविता सङ्ग्रह यस धाराका उत्कृष्ट काव्य रचनाहरू हुन् । यिनका साथै वैरागी काइँला, ईश्वरवल्लभ, मोहन हिमांशु थापा, पुष्कर लोहनी, पोषण पाण्डे, पारिजात, वासु शशी, जगदीश शमशेर राणा, गुमानसिंह चामलिङ, भूपि शेरचन, हरिभक्त कटुवाल, वानिरा गिरी, तुलसी दिवस, कुन्दन शर्मा आदिको कलम यस कालमा सक्रिय रहेको पाइन्छ ।

बोधगम्यताका आधारमा यी कविता धेरै सफल नभए पनि नेपाली साहित्यको विकासक्रममा विभिन्न प्रयोग गरेर विशिष्ट योगदान दिने यस धाराको आफ्नै महत्त्व रहेको छ ।

### ४.३.१ प्रयोगवादी धाराकालमा लेखिएका कवितामा निहित विशेषता

- क्लिष्टता, दुरुहता, दुर्बोध्यता र जटिलता, बौद्धिकता, अमूर्तता, प्रतीकात्मकता
- कवि र पाठकमाझको सम्बन्ध प्रायः विच्छेद

- युगीन जनजीवनको अर्थहीनता, निराशा, निस्सारता, कुण्ठा, विसङ्गति, विकृति, सन्त्रास, संशय आदिको चित्रण
- अतियथार्थवादी, अस्तित्ववादी, विसङ्गतिवादी चिन्तनको प्रस्तुति
- टुक्रे अनुभूतिको विस्तारमा लामो कविताको सिर्जना
- विसङ्गत भावलाई विसङ्गत शिल्पका माध्यमबाट प्रस्तुति
- व्यष्टिमा कविता नअर्थिने भएका कारण समष्टिमा कविताको अर्थ खोज्नुपर्ने
- दुर्बोध्य विम्ब र प्रतीकको अधिक प्रयोग
- विशृङ्खल, टुटेफुटेको, चित्रात्मक, विचलनयुक्त, दुर्बोध्य भाषाशैलीको प्रयोग
- जीवनलाई वस्तुता र सम्पूर्णताका कोणबाट हेर्ने आयामेली आन्दोलनको सूत्रपात
- जीवनको निरर्थकतालाई बोध गर्दै राल्फाली कविता प्रयोगको सूत्रपात

### ४.४ समसामयिक धारा

वि.सं २०३० देखि यता आधुनिक नेपाली कवितामा समसामयिक धारा मानिन्छ। प्रयोगवादी कविता धेरै क्लिष्ट भएका कारण सामान्य पाठकमाझमा समसामयिक धारा आएको ठानिन्छ। समसामयिक कविले कवितालाई सरल, बोधगम्य, सहज र सम्प्रेषणीय बनाउने दिशातर्फ कलम चालेका पाइन्छन्। यस धाराका लेखनमा सरल र सहज भाषा शैलीको प्रयोग पाइन्छ। व्यङ्ग्य, विसङ्गति, विद्रोह, विकृतिप्रति असन्तुष्टि प्रकट गरिएका यस कालका कविता बोधगम्य देखिन्छन्। तत्कालीन सामाजिक, राजनीतिक, आर्थिक स्थितिबाट आक्रान्त नेपाली कविहरूले त्यसलाई कविताको विषयवस्तु बनाएका छन्।

प्रयोगकालमा पाठक र कवि माझमा आएको सम्बन्ध विच्छेदलाई यसकालका कविताले पुनः जोड्ने कार्य गरेको पाइन्छ। विशेषगरी वि.सं २०३६ मा थालिएको सडक कविता क्रान्तिले पाठक र कवितामाझ न्यानो सम्बन्ध स्थापित गराउन सक्षम बनेको देखिन्छ। कल्पना, अतिशय भावुकता र अमूर्ततालाई त्यागेर वर्तमान मानिसले भोगीरहेका भोगाइको वस्तुपरक र यथार्थ चित्रणमा यस धाराका कविता आकृष्ट देखिन्छ। पतनोन्मुख अर्थव्यवस्था, बढ्दो महङ्गी, सामाजिक- राजनैतिक पतन, देशको बिग्रदो स्थिति, विसङ्गत हुँदै गएका परम्परागत सामाजिक, सांस्कृतिक मूल्यहरू, ह्रासोन्मुख प्राकृतिक सम्पदाहरू, प्रशासनिक भ्रष्टाचार, अन्याय, अत्याचार, दुराचार जस्ता विषयलाई यस धाराका कवितामा विषयवस्तु बनाएर प्रस्तुत गरिएको पाइन्छ।

यसकालमा असमबाट नेपाल भित्रेका कवि हरिभक्त कटुवालले समसामयिक धारालाई प्रेरणा प्रदान गरेका छन्। उनले लघु कविता, मुक्तक तथा गीतका माध्यमबाट समसामयिक कविताका प्रवृत्तिलाई अभिव्यक्ति दिएका छन्। यस धारका अन्य प्रमुख कविहरू हुन् – मीनबहादुर विष्ट, विमल कोइराला, विनोद अश्रुमाली, दिनेश अधिकारी, मञ्जुल, तोया गुरुङ, विश्वमान श्रेष्ठ, अशेष मल्ल, कणाद महर्षी, कृष्ण भूषण बल, सरूभक्त, विमल निभा, विष्णु विभु घिमिरे, बूँद राणा, जीवन आचार्य, विनय रावल, मञ्जु काँचुली, श्यामल, गोपाल पराजुली, नव सापकोटा, अविनाश श्रेष्ठ, फणिन्द्र नेपाल, तीर्थ श्रेष्ठ, पूर्ण विराम, मोमिला आदि हुन्।

कवि राजेन्द्र भण्डारी भारतीय कविहरूमा समकालीन समयसम्म सक्रिय एकजना विशिष्ट कवि हुन्। उनको प्रथम प्रकाशित कृति **हिउँदे यी चिसा रातका पर्दाहरूमा** इस्वी १९७९ मा प्रकाशित भएको हो। त्यसयता उनका अझ ४

वटा कविता सङ्ग्रहरू प्रकाशित भइसकेका छन् । युगीन विसङ्गति र विकृतिप्रति व्यङ्ग्य गर्दै कवितामा मानवतावादी र अग्रगामी चिन्तनको अभिव्यक्ति दिने कवि भण्डारीका कवितामा पर्याप्त विम्ब र प्रतीकको उपयुक्त प्रयोग पाइन्छ । भाषा शैलीको सरल विन्यास, सहज र प्रभावकारी प्रस्तुतिले गर्दा यिनका कविता सहजै बोधगम्य तथा सरस बनेका छन् । यिनले मानवीय समस्याहरूलाई इतिहास सचेत भइ युगीन जनजीवनमा व्याप्त भएको देखाउन ग्रामीण, प्राकृतिक परिवेशलाई आफ्ना कवितामा प्रश्रय दिएको पाइन्छ । विविध मिथ, विम्ब आदिको प्रयोगले गर्दा यी कविता विछट्टै बन्न पुगेका हुन् । कवि पवन चामलिङको तीनवटा कविता सङ्ग्रहरू प्रकाशित भएको पाइन्छ । **अन्तहीन सपना- मेरो विपना (इस्वी १९८६), मेरा प्रारम्भिक कविताहरू (इस्वी १९८६) र म को हुँ (१९८६) ।** सिक्किममा अत्यन्त व्यस्त राजनैतिक जीवन यापन गर्ने चामलिङका कवितामा युगीन जीवनका यथार्थ पाटालाई सहजै बोधगम्य, सरल, सरस ढङ्गमा प्रस्तुति दिएको पाइन्छ । उनी एकजना मानवतावादी कविका रूपमा स्थापित छन् ।

सिक्किमे भूमिबाट इस्वी ४० को दशकदेखि नै विविध कविहरूको उदय भएको पाइन्छ । यीमध्ये केही विशिष्ट नामहरू यहाँ उल्लेखयोग्य देखिन्छन् – अगमसिंह तामाङ **(अगमसिंह तामाङका कविताहरू – १९५०),** गिर्मी शेर्पा **( बाँझो दिनमा पलाएका मेरा केही कविताहरू – १९७४, हिप्पोक्रिट चाँप गुराँस र अन्य कविता – १९८८),** जीवन थिङ **(साङलीभित्रका घोडाका टापहरू- १९८३),** विजय वान्तवा **( आफैभित्र आफैलाई सुनौँ – १९८८, अर्धसत्यमा बाँच्नेहरू – १९९२),** प्रेम थुलुङ **( अर्थहीन यात्रा -१९९२, सारहीन सत्य- १९९२,** कालुसिंह रणपहेली **(मूल्यन अवमूल्यन -१९९४, युग्मक, -१९९८),** सुधा राई **( फूलको यौन फूलैसित जोड (१९९५),** वीणाश्री खरेल **( प्रश्नचिह्न-१९९६),** भीम दाहाल **(समृद्ध व्यथा – कंगाल अभिव्यक्ति – १९९७, रगतको हस्ताक्षर – २०००),** शोभा कान्ति थेगिम **(मेरो देवराली-१९९७) आदि प्रकाशित भइसकेका छन् ।**

भारतबाट कविताक्षेत्रमा सक्रिय रहने अन्य साहित्यकारहरूको नाम यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानिन्छ । विविध समयमा दार्जिलिङ, सिक्किम, पूर्वाञ्चल भारतका असम तथा अन्यराज्यबाट विविध कविहरूको उदय भएको छ । उनीहरूले भारतीय नेपाली साहित्यको विकासमा उल्लेखनीय र स्पष्ट योगदान दिएका छन् । **दार्जिलिङ भेकबाट** शिवकुमार राईको **डाँफेचरी** (१९५४), रामकृष्ण शर्माको **बलिदान (१९५३), भावालु मेरो मन (१९७३),** पारसमणि प्रधानको **बटुलबाटल (१९५६), जपमाला ( १९५७), कवि र कविता (१९५७),** नरबहादुर दाहालको **उन्माद** (१९५७) र **तिम्रो प्रित नै मेरो गीत** (१९७०), सुवास घिसिङको **कोपिला** (१९६४) जस्ता कृति प्रकाशित भएको पाइन्छ । अझ रामलाल अधिकारी, गुमानसिंह चामलिङ, प्रेम शेर्पा विरोकी, बुद्धकुमार मोक्तान, नकुलकाजी, असीत राई, राजेन्द्र भण्डारी, रेणुका थापा, मनप्रसाद सुब्बा, नरेन्द्रप्रसाद कुमाईँ, मोहन दुखुन, शरद क्षेत्री, सावित्रीसिंह सुन्दास, सन्तवीर लकान्द्री, हरेन आले, विकास गोतामे, लक्ष्मणश्रीमल, मनबहादुर गुरुङ, नोर्जाङ स्याङ्देन, जस योञ्जन प्यासी, जीवन नामदुङ, सनुमती राई, तुलसीराम कश्यप, केदार गुरुङ, लक्खीदेवी सुन्दास, विन्द्या सुब्बा, कुमारी खाती, केवलचन्द्र लामा, जगत राई, भाइचन्द प्रधान, मोहन ठकुरी, विक्रम रूपासा, स्नेहलता राई आदि सक्रिय रहेर भारतीय नेपाली साहित्यको विकास गरेको पाइन्छ । असम तथा पूर्वाञ्चलका अन्य राज्यबाट पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, गोपीनारायण प्रधान, दुर्गाप्रसाद उपाध्याय घिमिरे, युद्धवीर राणा, भविलाल लामिछाने, आलोक गौतम, नव सापकोटा, अविनाश श्रेष्ठ, दिल साहनी, गोमा शर्मा, छविलाल उपाध्याय खतिवडा, लोकनाथ चापागाईँ, दिलबहादुर नेवार, मणिसिंह थापा, कृष्णप्रसाद भट्टराई, चन्द्रकला नेवार, जयन्तकृष्ण शर्मा, शान्ति थापा, उमाकान्त ज्ञवाली, इन्दुप्रभा देवी आदिको सक्रियताले भारतीय नेपाली साहित्यलाई अग्रगति प्रदान गरेको पाइन्छ ।

### ४.४.१ समसामयिक धाराकालमा लेखिएका कवितामा निहित विशेषता

नेपालमा चलेका प्रमुख तीनवटा राजनैतिक आन्दोलन – वि.सं २०३६ साल, वि.सं २०४६ सालको जनआन्दोलन तथा वि.सं २०६३ सालको जनआन्दोलनले नेपाली कविताका समसामयिक कविता लेखनमा विशिष्ट छाप छोडेको छ । यस धाराका कविताले विक्रमी ३० को दशकबाट नै सरल, सरस तथा सहज अभिव्यक्तिका माध्यमबाट आफ्ना वरिपरिका सामाजिक- राजनैतिक- आर्थिक विसङ्गति र विद्रुपलाई स्वर दिने कार्य गरेका छन् । वर्तमान युगको विसङ्गतिप्रति आक्रोश व्यक्त गरेर समाज सुधार र परिवर्तनका निम्ति समसामयिक कवितामा अभिव्यक्ति दिइएको पाइन्छ ।

## ५. निष्कर्ष

नेपाली साहित्यको आधुनिक कालमा नेपाली साहित्यमा विविध विशेषता देखा परेको पाइन्छ । नेपाली साहित्यले विश्वमा चलेका विविध राजनैतिक, सामाजिक तथा वैज्ञानिक परिवर्तनका फलस्वरूप आफूलाई पनि नवीन दृष्टिकोण दिएको पाइन्छ । यसर्थ यसकालला लेखक कविहरूले समसामयिक वैश्विक परिप्रेक्ष्यलाई आफ्ना रचनामा उतारेको देखिन्छ । नेपाली साहित्यको आधुनिक काल शारदाको प्रकाशनदेखि आरम्भ भएको मानिन्छ । वास्तवमा प्रकाशनको व्यवस्था तथा विश्वमा विज्ञानको नवीन अनुसन्धान आदिले गर्दा शारदापछि थुप्रै नेपाली पत्रपत्रिकाले पनि छापिने व्यवस्था भयो । यसपछि भने ठुलो जमातमा एकैपल्ट पुस्तकाकारमा लेखक कविले आफ्ना अनुभूतिलाई पुऱ्याउने जमर्को थालियो । यसरी नेपाली पत्र पत्रिका तथा पुस्तकादिको प्रकाशनले लेखक कविहरूमा जोश, जाँगर र सक्रियता भरेको सत्य हो ।

यसैकालबाट पुराना शैलीका परम्परागत लेखनबाट छुट्टिँदै विस्तारै वैश्विक परिप्रेक्ष्यलाई आत्मसात् गरेर सृजनात्मक लेखनलाई अघि बढाइएको पाइन्छ । नेपाली साहित्यमा स्वच्छन्दतावादी धारा, परिस्कारवादी धारा, प्रयोगवादी धारा, मनोविश्लेषणवादी धारा, नारीवादी धारा हुँदै समकालीनधारामा आइपुग्दा उत्तरआधुनिक विधा भञ्जनको अवशेष पनि देखापरेको पाइन्छ । यसरी हेर्दा नेपाली साहित्यले निकै ठुलो फड्को मारेको थाहा लाग्दछ । प्रस्तुत अध्यायमा तिनै विविध धारा तथा उपधाराको परिचयात्मक अध्ययन प्रस्तुत भएको छ ।

**नोट** – *भारतीय नेपाली साहित्यको इतिहासलाई अर्कै एकाइमा विस्तृत चर्चा गरिने भएका कारण यहाँ विस्तारमा चर्चा गरिएको छैन । नेपाली साहित्यको श्री वृद्धिमा भारतबाट भएका प्रयास यहाँ प्रसङ्गवश केही चर्चा भएका छन् । तर विस्तृत चर्चा अर्कै एकाइमा गरिएको छ ।*

## ६. अभ्यास

क. आधुनिक नेपाली कविताका विशेषता के के हुन् ( कुनै पाँचवटा)

ख. नेपाली कविताको समकालीन प्रवृत्ति के कस्ता छन् ?

ग. आधुनिक नेपाली कवितामा आयामेली आन्दोलनको विशेषता कस्तो रह्यो?

घ. नेपाली कवितामा रोमान्टिक प्रवृत्ति के कस्ता छन् ?

ङ. आधुनिक नेपाली कवितामा प्रयोगकालमा देखा परेका प्रमुख तीनजना कविको परिचय दिनुहोस्?

च. आधुनिक नेपाली कविताको विकासमा देखापरेका मूलभूत प्रवृत्तिको चर्चा गर्नुहोस् ।

छ. आधुनिक नेपाली कवितामा लक्ष्मी प्रसाद देवकोटाको योगदानको चर्चा गर्नुहोस् ।

### ६.१ एक शब्दमा उत्तर दिनुहोस्

क. शारदाको प्रकाशन कहिलेबाट थालियो? (उत्तर – १९९१)

ख. कवि पवन चामलिङका तीनवटा कविता सङ्ग्रहरू …………हुन्। (अन्तहीन सपना- मेरो विपना (इस्वी १९८६), मेरा प्रारम्भिक कविताहरू (इस्वी १९८६) र म को हुँ (१९८६))

ग. तिमी त यहाँ नचिनिने भएछौ भन्ने कविताका कवि ……हुन्। (अगमसिंह गिरी)

घ. राल्फा आन्दोलनको नेतृत्व कसले गरेका थिए? ( उत्तर – पारिजात)

ङ. दार्जिलिङ भूमिका कुनै तीनजना कविको नाम लेख्नुहोस् (राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, रेणुका थापा)

च. सुधपा भनेर दार्जिलिङका नेपाली साहित्यका …………र …… लाई सम्बोधन गर्ने गरिन्छ।

छ. शब्दहरूको पुनर्वासका कवि हुन्……………..( राजेन्द्र भण्डारी)

ज. मदिरा होइन मेरो पसिना कविताका कविको नाम हो ………………….(नव सापकोटा)

झ. ओकिउवामा ग्वाइनको १९५८ मा ……………………कविता सङ्ग्रह प्रकाशित भएको हो।

ञ. सम्वेदना ओ सम्वेदना कविता कृतिका कवि हुन् .......... ( अविनाश श्रेष्ठ)

### ६.२ खाली स्थान भर्नुहोस् -

१. अपतन साहित्य संस्थाको स्थापना …………… मा भएको हो। (उत्तर - १५ अप्रेल, १९४७)

२. असम पूर्वाञ्चलका प्रसिद्ध तीनजना कविहरू हुन् ………, ……………., …………….. । ( हरिप्रसाद गोर्खा राई, हरिभक्त कटुवाल, युद्धवीर राणा)

३. बालकृष्ण समको प्रह्लाद खण्डकाव्यमा उल्लिखित वैज्ञानिकहरूको नाउँ हो ………… (हला र चक्रबाहु)

४. कवि शिरोमणि लेखनाथ पौडेलको तरूण तपसीलाई …………. पनि भनिन्छ। (नव्यकाव्य)

५. महाकविको उपाधिद्वारा ……………… -लाई विभुषित गरिएको छ।(उत्तर - लक्ष्मीप्रसाद देवकोटा)

६. आयामेली साहित्यका प्रमुख स्तम्भका रूपमा ……, …………,.(इन्द्रबहादुर राई, बैरागी काईला र ईश्वर बराल)- लाई चिनिन्छ।

७. राल्फा आन्दोलनको नेतृत्व ………………………… ले गरेकी हुन्। (पारिजात)

८. सिक्किम भूमिका प्रमुख तीनजना कवि हुन् ………………..,……………….., …...……………. । (तुलसी अपतन, रश्मीप्रसाद आले, पवन चामलिङ)

९. सारङ्गी बोकेको समुद्र कवि …………ले २०३४ मा कविता सङ्ग्रहका रूपमा प्रकाशित गराएका हुन्।

१० नेपाली साहित्यमा जातीय कविका रूपमा …… लाई चिनिन्छ। (उत्तर- अगमसिंह गिरी)

### ६.३ क र ख अंश मिलाएर उत्तर दिनुहोस्

| | **क अंश** | | **ख अंश** |
|---|---|---|---|
| क | राजेन्द्र भण्डारी | अ | लेक |
| ख | पारिजात | आ | तरूण तपसी |

| | | | |
|---|---|---|---|
| ग | भविलाल लामिछाने | इ | मानुषी |
| घ | बालकृष्ण सम | ई | पर्वत |
| ङ | लेखनाथ पौडेल | उ | मदिरा होइन मेरो पसिना |
| च | नव सापकोटा | ऊ | उज्यालोको अवदान |
| छ | ओकिउयामा ग्वाइन | ऋ | क्षर अक्षर |
| ज | गोपीनारायण प्रधान | ए | ईश्वरको मृत्यु |
| झ | बैरागी काइँला | ऐ | आगो र पानी |
| ञ | मोहन कोइराला | ओ | चित्रलेखा |

**उत्तर** – क-ऋ, ख-इ, ग-ए, घ-ऐ, ङ-आ, च-उ, छ-ओ, ज-ऊ, झ-ई ञ-क

### ६.४ निबन्धात्मक प्रश्न

क. नेपाली कविताको समसामयिक धाराका प्रमुख प्रवृत्ति के कस्ता छन्?

ख. आधुनिकताका मुख्य अभिलक्षण के के हुन् ?

ग. प्रयोगवादी नेपाली कविताका मूल प्रवृत्ति के के हुन् ?

घ. आधुनिक नेपाली कविताका विविध धाराको चर्चा गर्दै अपतन साहित्य संस्थाको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

ङ. आधुनिक नेपाली कविताको विकासमा दार्जिलिङ क्षेत्रको के कस्तो योगदान रहेको छ ?

## ७. थप अध्ययनका लागि सन्दर्भसामग्री


असीत राई, २००४, **भारतीय नेपाली साहित्यको इतिहास,** दार्जिलिङ : साझा पुस्तक प्रकाशन।

घनश्याम नेपाल, ई. १९९४, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, गान्तोक: जनपक्ष प्रकाशन।

तारानाथ शर्मा, २०२७, **नेपाली साहित्यको इतिहास**, त्रिपुरेश्वर : सहयोगी प्रकाशन।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, २०३४, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

दयाराम श्रेष्ठ, २०५९, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** काठमाडौँ : त्रिकोण प्रकाशन।

नेपाली साहित्यकोश, २०५५, **नेपाली साहित्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, २०६३, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक

सृजना शर्मा, २०२०, **सृजनाका समालोचना,** असम : पूर्वायण प्रकाशन।

# एकाइ ५

# नेपाली साहित्यको आधुनिककाल (गद्य खण्ड)

**एकाइको संरचना**


१.	प्रस्तावना
२.	उद्देश्य
३.	परिचय
४.	नेपाली उपन्यासको आधुनिककाल
५.	नेपाली नाटकको आधुनिककाल
६.	नेपाली निबन्धको आधुनिककाल
७.	नेपाली समालोचनाको आधुनिककाल
८.	निष्कर्ष
९.	अभ्यास प्रश्न
    ६.१ एक शब्दमा उत्तर दिनुहोस्
    ६.२ खाली स्थान भर्नुहोस् -
    ६.३ क र ख अंश मिलाएर उत्तर दिनुहोस्
    ६.४ निबन्धात्मक प्रश्न
१०.	थप अध्ययनका लागि सन्दर्भसामग्री


## १. प्रस्तावना

नेपाली साहित्यले विविध मोड उपमोड पार गरेर नेपाली साहित्यको वर्तमान अवस्थासम्म आइपुगेको छ। यसलाई मूलतः प्राथमिक, माध्यमिक तथा आधुनिककालका रूपमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ। नेपाली साहित्यमा **शारदा**को प्रकाशनलाई कोशे ढुङ्गोको रूपमा हेर्ने गरिन्छ। माध्यमिककालीन प्रवृत्तिबाट बेग्लै प्रवृत्तियुक्त साहित्यलेखनको आरम्भ भएपछि नेपाली साहित्यमा विविध विधाको विकासमा तीव्रता आयो। पत्रपत्रिकाको प्रकाशन व्यवस्था तथा विविध प्रयोगले नेपाली साहित्यलाई अग्रगतिमा गतिमान तुल्याएको हो।

प्रस्तुत अध्यायमा आधुनिक नेपाली साहित्यका गद्यमा रचिएका विविध विधाको चर्चा परिचर्चा गरिनेछ। यसमा क्रमशः कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना आदिको विकासक्रमको परिचयात्मक अध्ययन गरिनेछ ।

## २. उद्देश्य

प्रस्तुत एकाइको अध्ययनपछि विद्यार्थीले जान्न सक्नेछन् –

- आधुनिक नेपाली गद्य साहित्यका विविध विधाको प्रवृत्ति।
- आधुनिक नेपाली गद्य साहित्यमा महत्त्वपूर्ण योगदान दिने भारत तथा नेपालका साहित्यकारको परिचय।
- आधुनिक नेपाली गद्य साहित्यको सम्पूर्ण पृष्ठभूमि, प्रकिया तथा वर्तमान समयसम्मको यात्राका प्रमुख मोड-उपमोड।
- आधुनिक नेपाली साहित्यका गद्य विधाको कालक्रमिक अध्ययन तथा तिनले नेपाली साहित्यमा पारेको प्रभाव।
- आधुनिक नेपाली साहित्यको विकासमा गद्य विधाको महत्त्व।

## ३. परिचय

नेपाली कथा परम्परामा आधुनिक इतिहास पहिल्याउँदै जाँदा **शारदा**को प्रकाशन इस्वी १९३४अनि (इस्वी १९३८ सम्म  (**कथाकुसुम**को प्रकाशन)  पुगिन्छ । **कथा कुसुम** कथासङ्ग्रहमा प्रकाशित गुरुप्रसाद मैनाली-, बी पी कोइराला, बालकृष्ण सम र पुष्कर शमशेरका कथाहरू सङ्कलित छन् । हालसम्म प्राप्त यही नै नेपाली कथा साहित्यको मुद्रित प्रथम कथा- सङग्रह हो। **कथा कुसुम**को सम्पादकीयमा सम्पादक सूर्यविक्रम ज्ञवालीले आधुनिक कथाको सिद्धान्तको स्थापनाका साथै यसमा सङ्ग्रहित कथाको समालोचकीय मन्तव्य पनि व्यक्त गरेका छन्।

पारसमणि प्रधानको सम्पादनमा **भारती** (१९४९-५८) मा छापिएका कथामध्ये चयनि-कथा **भारती**मा प्रकाशित भएका छन्। यसै समयमा रूपनारायण सिंहका कथा पनि पत्रिकामा प्रकाशित भएका पाइन्छन्। यस युगलाई नेपाली साहित्यको रोमान्टिककालीन युगका रूपमा विद्वान्हरूले नामाकरण गरेका छन्। यसरी आरम्भ भएको कथा लेखनलाई भवानी भिक्षु, गोविन्द मल्ल, शिवकुमार राई, इन्द्र सुन्दास, हायमनदास राई ‘किराँत’, हरिप्रसाद गोर्खा राई, लक्ष्मीप्रसाद देवकोटा, अच्छा राई रसिक, केशवराज पिंडाली, गोविन्दप्रसाद लोहनी आदि कथाकारहरूले पोषण गर्दै रोमान्टिककालीन कथालेखनको ऐतिहासिकतालाई गुणवत्ता प्रदान गरे। यस कालमा प्रकाशित प्रमुख प्रतिनिधि कृति हुन् ।

- **कथाकुसुम** )इस्वी १९३५(
- **दोषी चस्मा**) इस्वी १९४९(
- **कथा नवरत्न** )इस्वी १९५०(
- **कथा भारती**) इस्वी १९५०)
- **मैयासाहेब** )इस्वी १९६०(

यस समयका विशेषता पहिल्याउने हो भने प्रथम चरणमा सामाजिक यथार्थवादी, नियतिवादी, आदर्शोन्मुख कथाहरू लेखिनका साथै बी पी कोइरालाद्वारा यौन मनोवैज्ञानिक कथा पनि लेखिन थाले । सम र पुष्करका कथामा बौद्धिक चाल र तार्किक चतुऱ्याइ देखियो भने रूपनारायणका कथामा सामाजिक वास्तविकताको आदर्शोन्मुख चित्रण देखिन्छ । मैनाली र सिंहलाई पछयाउँदै शिवकुमार राई, इन्द्र सुन्दास, हायमन दास राई 'किराँत', हरिप्रसाद गोर्खा राई आदि कथाकारले कथा रचे भने बी पी कोइरालालाई भिक्षु र गोविन्द मल्लले पछयाएको देखिन्छ । नेपाली कथाको आधुनिक कालको प्रारम्भकाललाई सामाजिक यथार्थवादी धारा भनेर पनि भनिन्छ। यसकालमा समाजमा अवस्थित कुप्रथासामाजिक ,अन्धविश्वास ,सङकीर्ण रुढि , विकृति र विसङ्गतिको चित्रणका साथै नारीवर्गको दमन र दयनीय स्थितिको चित्रण पनि पाइन्छ । यद्यपि नारीलाई विद्रोह गर्न प्रवृत्त तुल्याउनका सट्टा नारीलाई सहनशीला भएर सामाजिक संस्कार र संस्कृतिलाई पृष्ठपोषण गर्ने भूमिका प्रदान गर्नमै कथाकारहरू प्रवृत्त रहेको पाइन्छ । सुधारवादी प्रवृत्तिको बाहुल्य रहेका यस्ता कथामा समस्यामूलक छन्, तर तिनमा समस्याको समाधानतर्फ कथाकारहरू लागेका छैनन्, बरू नैतिकता तथा परम्पराको संरक्षण गर्ने दोहोरो दायित्व नारीलाई प्रदान गर्दै यसकालमा विवशतामा बाँचेपनि नारीले आफ्ना सुशील प्रवृत्तिद्वारा जीवनलाई नवीन गतितिर उन्मुख गराउनु पर्दछ भन्ने किसिमका आदर्शोन्मुख यथार्थवादी कथालेखनको बाहुल्य रहेको पाइन्छ । यसै कालबाट मानवीय संवेदनाको उद्घाटनले नै यसपछि आएको नेपाली कथाको अर्को विशेष प्रवृत्ति- मनोविश्लेषण-को बीजारोपण गरेको थाहा पाइन्छ ।

मनोवैज्ञानिक यथार्थवादी धारामा प्रवृत्त रहेर कथालेखनमा विशेषगरी विश्वेश्वर प्रसाद कोइराला, भवानी भिक्षु, गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, तारिणीप्रसाद कोइराला, देवकुमारी थापा, पोषण पाण्डे, प्रेमा शाह, पुष्कर लोहनी, कमल दीक्षित आदिले प्रचुर कथा लेखेका छन् । यस कालमा लेखिएका कथामा यौनजन्य कुण्ठाको उद्घाटन गर्दै यौन आवेगका असामान्य स्थितिको चित्रण गरिएको पाइन्छ । फ्रायडको सिद्धान्तबाट प्रेरित भएका कारण बाल मनोविज्ञानलाई अचेतन मनको गहिराइबाट विश्लेषण गर्दै यौन ग्रन्थीको विकास तथा यौनेच्छाको दमनबाट सिर्जित विभिन्न मनोवैज्ञानिक विकट अवस्थाको चित्रणलाई यसकालका कथामा कलात्मक प्रस्तुति दिएको पाइन्छ। अचेतन मनका अन्तर कुन्तर खोतलेर मानवीय संवेग तथा संवेदनलाई प्रस्तुति दिने कार्य र मानवीय स्वभावको विकासमा यौनको भूमिकाको अभिन्न सम्बन्धलाई स्थापित गर्न यसकालका कथाहरू सफल रहेको पाइन्छ। यसकालमा देवकुमारी थापा, दौलतविक्रम विष्ट, बदरीनाथ भट्टराई, माया ठकुरी, अच्छा राई रसिक, भीमनिधि तिवारी, चक्रपाणि चालिसे, श्यामदास वैष्णव, हृदयचन्द्रसिंह प्रधान, परशु प्रधान, अगमसिंह गिरी, कुमार ज्ञवाली, जस्ता कथाकारहरूले पनि सामाजिक यथार्थवादी प्रवृत्तिलाई अघि बढाएको पाइन्छ।

अच्छा राई रसिक र केशवराज पिंडालीले हास्य व्याङ्ग्यात्मक कथा लेखे भने, लोहनी भने सामाजिक वर्गभेद र आर्थिक विषमताको विरोध तथा कम्युनिष्ट नारावादी कथा लेखनतर्फ लागेको देखिन्छ। यता देवकोटाले भने

सामाजिक विद्रूप, सामाजिक विसङ्गति र अन्धविश्वासप्रति व्याङ्ग्यात्मकतालाई आफ्ना कथामा उतारे । यसकालमा प्रगतिवादी धारा अन्तर्गतका आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई कथागत वैशिष्ट्यका रूपमा प्रयोग गरिएको पाइन्छ । यसकालमा काठमाडौँमा प्रलेस,चैनपुरमा जन साँस्कृतिक सभा ,प्रगतिशील लेखक सङ्घ - काशीमा प्रगतिशील प्रकाशन मण्डलजस्ता संस्थाहरूका छातामा बसेर प्रगतिवादलाई अघाडि बढाएको पाइन्छ। रमेश विकल , भवानी ,ऋषिराज बराल ,खगेन्द्र सङ्ग्रौला ,माधव भँडारी ,हरि खनाल,बालकृष्ण पोखरेल ,पारिजात ,डीपी अधिकारी ताना शर् ,हरि खनाल ,श्यामप्रसाद अधिकारी ,घिमिरेमाभमणि दाहाल बल्ल ,चूडामणि रेग्मी ,कृष्णप्रसाद शर्मा , आदिको कलम प्रगतिवादी कथालेखनमा प्रवृत्त रह्यो ।

कथाको विकास हुँदै गर्दा बी पी कोइराला, देवकोटा आदिबाट प्रभावित भई कथामा प्रयोगात्मकता भित्र्याउन धैरै नवीन युवा लागिपरे । एकातिर रूपनारायण र मैनालीकै परिपाटीलाई पछयाउँदै इन्द्रबहादुर राई, रमेश विकल, शरद छेत्री, रामलाल अधिकारी, सानु लामा आदिले कथा लेखनलाई निरन्तरता दिए भने बी पी, भिक्षु र गोविन्द मल्ल गोठालेलाई पछयाउँदै मनोविश्लेषणात्मक प्रवृत्तिलाई आफ्ना कथामा उतार्ने कथाकारहरू विजय मल्ल, पोषण पाण्डे, राधाकृष्ण शर्मा, बालकृष्ण पोख्रेल, प्रेमा शाह, कुमार नेपाल आदि हुन् ।

यी बाहेक केही नयाँ कथा परिपाटी लिएर देखापरेका प्रयोगवादी कथाकारले यस युगलाई नेतृत्व गरे । जसमध्ये शङ्कर लामिछाने विज्ञान कथा, कथाहीन कथा आदि विधिलाई आत्मसात् गरेर कथालेखनमा लागे अर्कातिर पारिजात, अर्जुन निरौला, ध्रुवचन्द्र गौतम, मञ्जुल राल्फा आदिले आधुनिक समाजमा अस्तित्वको सङ्कट, मानवीय मूल्यको विघटन, विसङ्गति, नैराश्य र जुगुप्सा जस्ता स्थिति र भावहरूको व्याङ्ग्यात्मक र स्वैरकल्पनामूलक शैलीमा प्रस्तुति गरे । नयाँ नयाँ किसिमले प्रयोग गर्ने क्रममा कथाकार इन्द्रबहादुर राईले विपना कतिपय कथा-सङ्ग्रहका कथामा प्रकृतिवादी यथार्थवादको प्रयोग गरे भने कथास्थामा उनी आयामवादी प्रयोगतर्फ उद्यत भए । कठपुथलीको मन कथा सङ्ग्रहसम्म आइपुग्दा लीलावादी प्रयोगको यात्रा उनले अँगालिसकेको पाइन्छ । प्रयोगकालीन-कथालेखनको अध्ययन गर्दा अर्को विशेषता के देखिन्छ भने नेपालका नेपाली कथाकारहरूले मनोविश्लेषणात्मक प्रवृतिको प्रयोग बढी गरे भने भारतीय नेपाली कथाकारहरूले प्रायजसो सामाजिक यथार्थः, अस्तित्ववाद, नैराश्य, जुगुप्सा, प्रेम, दयनीयता आदि क्षेत्रमा केन्द्रित भएर कथा लेखेका छन् । नेपाली कथा लेखनको प्रयोगकालमा सशक्त प्रयोक्ताका रूपमा कथाकार पारिजात देखा परिन् । उनका अध्ययन र जीवन भोगाइका क्रममा विकसित जीवन दर्शनले नै उनलाई कथा लेखनमा विविध प्रयोग गर्न प्रेरित गरेको हो भन्ने बुझ्न सकिन्छ । यसकालमा शङ्कर लामिछाने , मोहनराज शर्मापारिजात आदिका कथामा प्रयोगवादी ,भागिरथी श्रेष्ठ ,प्रेमा शाह ,गोपाल पराजुली ,मनुब्राजाकी , वैशिष्टको प्राचुरता रहेको पाइन्छ ।

प्रयोगवादी कथालेखनको प्रवृत्ति मूलतः परम्परागत संरचना र रूपविन्यासलाई अस्वीकार गर्दै विषयवस्तु र शिल्पप्रयोगप्रति बढी सचेतता देखाउन मै केन्द्रित रहेको पाइन्छ । यसकालका कथामा अस्तित्ववादी चिन्तन, विसङ्गतिवादी प्रवृत्ति तथा शून्यवादी मूल्यबाट निर्देशित भएको टड्कारो देखिन्छ । जीवनका निरर्थकताको चित्रण गर्दै मानवतावादी दृष्टिकोणलाई महत्त्व दिएका कथाहरू लेखिएको पाइन्छ । वैयक्तिक स्वतन्त्रताको आग्रह राखिएका कथासितै जीवनको सूक्ष्म पक्षलाई निरीक्षण गरिएको थाहा लाग्दछ । कथानक तत्त्वको ह्रास भएको, कथानकहीन कथा, अकथा आदि यस कालका कथाको अर्को विशेषता हो । यसकालका कथामा पूर्वप्रसङ्ग तथा चेतना प्रवाह

शैलीको प्रयोग पनि प्रचुर भएको देखिन्छ । नयाँ भाषिक योजना एवं प्रतीक र विम्बको अत्याधिक प्रयोग गर्दै जीवनको सम्पूर्णताको खोजमा यसकालका कथाकारहरू प्रवृत्त रहेको पाइन्छ ।

नेपाली नारीवादी लेखनमा अहिलेसम्म दुई किसिमका खेमा देखापरेका छन् । एक पाटोले नारीवादी सामाजिक दबाउको समस्या, उत्पीडन, शोषण आदिबाट आक्रान्त नारीहरूको पक्ष लिएको छ भने अर्का थरीले नारी समानताको कुरा गर्दछ र उसको अस्तित्व रक्षणमा उद्यत रहन्छ । पारिजात, भागीरथी श्रेष्ठ अनि विन्ध्या सुब्बा पहिला पङ्क्तिमा उभिन्छन् भने सिता पाण्डे, मञ्जु काँचुली, सुषमा मानन्धर दोस्रो हुद्दाका पक्षधर हुन् । विसं. १९६०-मा नारीवाद अर्को धारामा प्रवेश गरेपछि नेपाली लेखकहरूले पनि पुरुषहरूले नारीका भोगाइ, उनीहरूका सुखदुख- अनि समस्यालाई राम्ररी बुझ्न र व्यक्त गर्न सक्दैनन् भन्ने कुरा अनुभव गरे । पारिजात, माया ठकुरी, प्रेमा शाह, बेन्जु शर्मा, बानिरा गिरी प्रभृति नारी कलमकारको कलम चलिरहे पनि अझै पर्याप्त नारी लेखन हुनसकेको छैन भन्ने विद्वान्हरूको भनाइ छ । वि.सं १९५१-को राजनीतिक परिवर्तन अनि सुधारले नचाहिँदो विधानमा परिवर्तन ल्याए पनि थोरै लेखकले मात्र यसको सदुपयोग गरिरहेका छन् । वर्तमानसम्म पनि निम्न श्रेणीका मानिसहरूको सामाजिक स्थिति अत्यन्त दयनीय र दीनहीन छ । उच्च श्रेणीका नारीहरूले पनि परम्परागत सामाजिक निरङ्कुश प्रचलन र रीतिथितिद्वारा - आफ्ना आकांक्षाहरू दबाएर शोषित पीडित हुनु परिरहेकै छ । यसरी नेपाली नारीवादी साहित्य लेखनमा नारीहरूबारे नारी कलमकारसाथै  कलम चलाउने पुरुष कलमकारहरूको सङ्ख्या पनि उल्लेख्य नै छ । यीमध्ये केही प्रमुख नाम लिन सकिन्छ – मदनमणि दीक्षित, परशु प्रधान, नरेन्द्र प्रसाई, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, कृष्ण गौतम, कृष्ण धरावासी, ऋषिराज बराल आदि । यी लेखकहरूले नारीवादी लेखनमाथि चिन्तन मनन गर्दै नारीका पक्षलाई प्रकट गरिरहेका छन् ।

वि.सं २०३६ पछिको कथालेखनलाई साहित्येतिहासकारहरूले समसामयिक धारा मानेका छन् । यसकालका प्रमुख कथाकारहरूमा कविताराम, गणेश रसिक, पूर्णविराम, पद्मावती सिंह, खगेन्द्र सङ्ग्रौला, लव गाउँले, मञ्जु काँचुली, ऋषिराम बराल, नारायण ढकाल, मोहनराज शर्मा, कृष्ण धरावासी, सनत रेग्मी, सीता पाण्डे, घनश्याम ढकाल, विजय चालिसे, तेजप्रसाद श्रेष्ठ, भगीरथी श्रेष्ठ, राजव, अमर शाह, कपिल लामिछाने, सीता पाण्डे, अविनाश श्रेष्ठ आदि हुन् ।

यस धाराका कथाकारहरूले नेपाली कथालाई वैश्विक सन्दर्भसित जोड्ने कार्य गरेका छन् । सामाजिक जीवनमूल्यको स्थापना, जीवनको यथार्थ र सत्यको प्रस्तुति, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेर प्रस्तुत गरिएका यी कथामा कष्टपूर्ण जीवनको चित्रण भेटिन्छ । समसामयिक कथालेखनका प्रवृत्तिको अध्ययन गर्दा सामाजिक- साँस्कृतिक तथा नैतिक मूल्यको ह्रास भएको स्थितिको चित्रण टड्कारो देख्न सकिन्छ । यिनमा सामाजिक तथा प्रशासनिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य गर्दै समाजमा भएको अव्यवस्थाको चित्रण पाइन्छ । अन्तराष्ट्रिय सन्दर्भ, आधुनिक प्रविधिले मानव जीवनमा ल्याएको जटिलता तथा तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति दिने यस्ता कथामा सरल तथा जटिल दुवै किसिमका भाषिक प्रयोग गरिएको पाइन्छ ।  समसामयिक कथालेखनले समसामयिक घटनाक्रम तथा जीवन शैलीलाई नै कथागत वैशिष्ट्यका रूपमा अभिव्यक्ति दिएको पाइन्छ ।

## ४. नेपाली उपन्यासको आधुनिककाल

आधुनिक नेपाली उपन्यासको आरम्भ रुद्रराज पाण्डेको रूपमतिबाट भएको मानिन्छ । यसमा आदर्शोन्मुख यथार्थवादी चित्रण भेटिन्छ भने घटना, पात्र र परिवेशको यथार्थ चित्रण गर्दै अन्तिममा नियतिका सहारामा छोडिदिनु र जीवन यस्तो हुनुपर्दछ भनेर आदर्शतिर उन्मुख गराइने प्रवृत्तिबाट थालिएको नेपाली उपन्यासको आधुनिकप्रवृत्ति विभिन्न धारा उपधारामा विभाजित भेटिन्छ । यीमध्ये स्वच्छन्दतावादी धारामा वैयक्तिकता, काल्पनिकता, विद्रोहात्मकता, भावुकता, प्रकृतिप्रेम कृत्रिमताबाट मुक्ति जस्ता कुराको चित्रण पाइन्छ । रूपनारायण सिंहको भ्रमरलाई स्वच्छन्दतावादी धारा प्रवेश गराउने प्रथम उपन्यासको श्रेय दिइन्छ । यसपछि अच्छा राई रसिक, शिवकुमार राई, लीलाध्वज थापा, मोहनबहादुर मल्ल, लक्ष्मीप्रसाद देवकोटाआदिका कलम यसप्रवृत्तिलाई अघि बढाउन तत्पर देखिएको पाइन्छ ।

आधुनिक नेपाली उपन्यास लेखनको दोस्रो प्रवृत्तिलाई सामाजिक यथार्थवादी धारा भनिन्छ । यस प्रवृत्तिलाई आत्मसात गरेर उपन्यास लेखनमा सक्रिय रहने प्रमुख उपन्यासकार लैनसिंह वाङ्देल हुन् । उनको **मुलुकबाहिर** (वि.सं २००४) को प्रकाशनसँगसँगै आधुनिक नेपाली उपन्यासमा सामाजिक यथार्थवादी उपन्यास लेखन परम्परा आरम्भ भएको मानिन्छ । उनीपछि लीलबहादुर छेत्री, दौलतविक्रम विष्ट, शङ्कर कोइराला,, तुलसीराम कुँवर, भवानी भिक्षु, ध.च. गोतामे, राजेश्वर देवकोटा, गोविन्दराज भट्टराई आदिले यस धारालाई अघि बढाएको पाइन्छ । यस कालमा लेखिएका उपन्यासमा सामाजिक जनजीवनका संस्कार, रहनसहन, आचरण अनि उनीहरूको जीवनशैलीको यथार्थ चित्रण पाइन्छ । यहाँ समाजमा विद्यमान कुसंस्कार, जातिपातिको विभेद, लैङ्गिक असमानताले सिर्जेको त्रासद स्थितिको चित्रणका साथै जीवनका ससाना घटना तथा निर्णयहरूले जीवनलाई दिने गतिको यथार्थ चित्रण पाइन्छ । यस उपन्यासमा तत्कालीन समाजमा व्याप्त रूढी, मान्यता तथा धार्मिक-सांस्कृतिक विश्वासको चित्रणको उद्घाटनमा कलात्मक प्रस्तुति पाइन्छ ।

नेपाली उपन्यासमा ऐतिहासिक यथार्थवादी धारालाई आत्मसात गर्दै ऐतिहासिक साक्ष्य तथा घटना परिघटनालाई आधार बनाएर केही उपन्यास लेखिएका छन् । डायमन समशेर राणाको **वसन्ती, सेतोबाघ, प्रतिबद्ध** जस्ता उपन्यास, केशवराज पिँडालीको **एकादेशकी महारानी**, दौलतविक्रम विष्टको **फाँसीको फन्दा** जस्ता उपन्यासले ऐतिहासिक परिघटनालाई आधारभूमिका रूपमा प्रयोग गरिएको पाइन्छ । यसपछि नेपाली साहित्यमा अतियथार्थवादी धारा अन्तर्गत उपन्यास लेखिए । अतियथार्थवादी प्रवृत्तिमा परम्परागत रुढिको तीव्र आलोचन गर्दै नैतिक मूल्य र मान्यताहरूको विरोध गरिएको पाइन्छ । यसमा स्वचालित लेखन तथा चेतनाप्रवाहशैलीको प्रयोग गरिएको हुन्छ । यसर्थ यसमा विसङ्गत कथ्यपरिपाटीलाई अगाँलेर तारतम्यहीन ढङ्गमा कथातन्तु बुनिएको पाइन्छ । लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** वि.सं २००८), गोविन्दबहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल, अपर्णा**, अर्जुन निरौलाको **घाम डुबेपछि,** हिरण्य भोजपुरे आदिका उपन्यासमा यसको प्रयोग प्रभावपूर्ण देखिन्छ ।

आलोचनात्मक यथार्थवादको प्रयोग गर्दै हृदयचन्द्र सिंहको उपन्यास **स्वास्नीमान्छे** (वि.सं २०११) बाट आरम्भ भएको मानिन्छ । यसपछि दौलतविक्रम विष्ट, ध्रुवचन्द्र गौतम प्रभृत्तिले आफ्ना उपन्यासमा शोषण र उत्पीडनको विरोध गरेर आलोचनात्मक यथार्थवादको प्रयोग गरेका छन् । पूँजीवाद र शक्तिप्रतिको विरोध, निन्दा र कटुआलोचना गर्नु यसधाराका उपन्यासको वैशिष्ट्य हो ।

मनोविश्लेषणात्मक यथार्थवादी लेखनले नेपाली उपन्यास लेखनलाई एउटा नवीन आयाम दिएको थाहा लाग्दछ । मानिसका आन्तरिक द्वन्द्व, अन्तरमुखी र बहिर्मुखी प्रवृत्तिको चित्रण, मानसिक विकृति र विसङ्गतिआदिको चित्रण यस धाराअन्तर्गत लेखिएका उपन्यासमा प्रमुख देखिन्छन् । गोविन्दबहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल** (वि.सं २०१६)-बाट आरम्भ भएको मनोवैज्ञानिक यथार्थवादलाई विजयमल्ल, विपी कोइराला, तारिणीप्रसदा कोइराला, पारिजात, भवानी भिक्षु, दौलतविक्रम विष्ट आदिले स्थापित गरेको पाइन्छ । यसकालपछि अस्तित्ववादी धारामा पारिजात, विपी कोइराला, सरूभक्त आदिले अघि बढाएका छन् । मानिसको विसङ्गत जीवनको प्रस्तुति, जन्म-मृत्युको कुण्ठा, सन्त्रास अनि स्वैरकल्पना तथा चेतनाप्रवाह शैलीको प्रयोग गरी मानिसले अस्तित्वको खोज गर्ने प्रवृत्तिलाई यसधाराकका उपन्यासमा स्थान दिएको पाइन्छ । शून्यवाद, अस्तित्ववाद र मनोविश्लेषणात्मक यथार्थको प्रस्फुटनमा यसकालका उपन्यासहरू केन्द्रित देखिन्छन् ।

द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट प्रेरित हुँदै समाजमा हुने असमानता, अन्याय, अत्याचार, शोषण-दमन तथा सामाजिक विभेदलाई आलोचना गर्दै समानतालाई स्थापना गर्नुपर्दछ भन्ने भावका उपन्यासलेखनको नवीन परिपाटी आरम्भ भएपछि नेपाली उपन्यास लेखनमा प्रगतिवादी धारा भित्रिएको मानिन्छ । डी.पी अधिकारी, पारिजात, खगेन्द्र सङ्ग्रौला, मोदनाथ प्रश्रित, रमेश विकल,ऋषिराज बराल, हरि खनाल प्रभृतिका उपन्यासमा यस प्रवृतिको सफल निर्वाह भएको छ । यसै कालदेखि प्रयोगवादी उपन्यासलेखनमा पनि नेपाली उपन्यासकारहरू प्रवृत्त देखिन्छन् । ध्रुवचन्द्र गौतम, पारिजात, ओकिउयामा ग्वाइन, अर्जुन निरौला, असीत राई, के.बी. नेपाली, मञ्जुल, कृष्णसिंह मोक्तान, शरद क्षेत्री, परशु प्रधान, नन्द हाङ्खिम, भवानी भिक्षु, गुप्त प्रधान, रामलाल अधिकारी, समीरण छेत्री प्रियदर्शी, हर्क योञ्जन, नारायण वाग्ले आदिले प्रयोगवादी उपन्यासलेखनमा कलम चलाएका देखिन्छन् । यसैकालमा संयुक्त लेखनमा पनि उपन्यास लेखिको थाहा लाग्दछ । जस्तै दसजना लेखकको सामुहिक उपन्यास **'आकाश विभाजित छ'** (वि.सं २०३१), तेह्रजना लेखकको '**अवतार विघटन**' (वि.सं २०४०) जस्ता उपन्यास पनि यसै कालमा देखिए ।

## ५. नेपाली नाटकको आधुनिककाल

आधुनिक नेपाली नाटकमा नाट्य सम्राटको उपाधिले सुशोभित बालकृष्ण समका नाटकले विशिष्ट स्थान ओगटेको पाइन्छ । राणाकालीन दरवारिया नाटक परम्पराबाट प्रेरित

समले नेपाली नाटकलाई विशिष्ट उचाइँमा ल्याएर पर्याप्त मौलिकता र विविधता प्रदान गरेको पाइन्छ । उनको **मुटुको व्यथा** (वि.सं १९८६) बाट नेपाली नाटकमा आधुनिक कालको आरम्भ भएको मानिन्छ । यस अघिसम्मका नाटकमा अरबी, फारसी तिलस्मी तथा जासुसी प्रवृत्ति प्रमुख रूपमा रहेका नाटकको प्रस्तुतिको प्रधानता थियो भने उनको यस नाटकमा पर्याप्त मौलिकता तथा सामाजिकतालाई समले निर्वाह गरेका छन् । यसर्थ यो प्रथम आधुनिक नाटकका रूपमा स्थापित हुन सकेको हो । यसैबाट वियोगान्त नाट्यलेखन पनि भित्रिएको हो । समलाई पद्यात्मक, गद्यात्मक, दुखान्त, सुखान्त, सामाजिक, पौराणिक, ऐतिहासिक सबै किसिमका नाट्यप्रवृत्तियुक्त नाटक लेख्ने सफल नाटककारको श्रेय जाँदछ ।  संयोगात्मक र वियोगात्मक दुवै किसिमका नाटक लेखनमा प्रवृत्त बालकृष्ण समका

नाटकमा भाषागत चमत्कारिता तथा वैचारिक उचाइँ पाइन्छ भने बौद्धिकता तथा आधुनिकताको पर्याप्त छाप पनि पाइन्छ।

नेपाली साहित्यमा एकाङ्की नाट्यपरम्परालाई स्थापित गर्ने समले सामाजिक यथार्थको चित्रण गर्दा उनी नारीको खस्कँदो सामाजिक स्थितिप्रति विशेष संवेदनशील भएको प्रष्ट देखिन्छ । तर उनका नाटकमा प्रयुक्त नारीपात्रहरू पिडित छन्, सामाजिक-धार्मिक-सांस्कृतिक तथा आर्थिक शोषणमा परेका यस्ता नारीहरू सदैव आदर्शोन्मुख यथार्थवादी छन्। उनीहरू विद्रोहको स्वर उराल्न सक्दैनन् बरू सहनशीला बनेर आफ्ना सत्कर्मद्वारा नै विजित बनेका छन् भने कतै पिडिता पनि। यसर्थ बालकृष्ण समले नारीप्रति संवेदनशील बनेर समस्यामूलक नाट्य सिर्जना गरेका छन् भन्न सकिन्छ। कालान्तरमा गोपालप्रसाद रिमालको मसान नाटकमा आएर मात्रै नारीले आफूमाथि भएको अन्याय, अत्याचारप्रति विद्रोह गर्दै स्वनिर्णय गर्ने जमर्को गरेको भेटिन्छ

समसितै नेपाली साहित्यको रोमान्टिककालमा भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, लक्ष्मीप्रसाद देवकोटाले नेपाली निबन्धको विकासमा विशिष्ट योगदान दिएको पाइन्छ । समका नाटकमा पूर्वीय र पाश्चात्य दुवै नाट्य शैलीलाई आत्मसात् गरिएको पाइन्छ भने संरचनागत विविधता, ऐतिहासिक, पौराणिक विषय वस्तुलाई आधारित तुल्याएर अनि समस्यामूलक, सामाजिक आदि सबै किसिमका नाटक लेखिएको पाइन्छ।। बालकृष्ण समका नाटकमा पाइने पर्याप्त तर्क, विचार, चिन्तन र बौद्धिकताको प्रधानता अनि पद्यात्मक- अलङ्कृत शैलीलाई छोडेर स्वभावोक्तिपूर्ण गद्यशैलीमा सामान्य संवादलाई सरलस सरस रूपमा प्रस्तुति दिने कार्य भीमनिधि तिवारीले गरेका छन्। उनका नाटकमा यथार्थको सहज र सुबोध निर्वाह भएका कारण यी सामाजिक यथार्थवादी नाट्यलेखनमा सफल मानिन्छन्। यसकालमा लेखिएका नाटकमा देशप्रेम, मानवतावादी स्वर, आदर्श र नैतिकताको सन्देश, शुद्ध र मीठो नेपाली भाषाको प्रयोग पाइन्छ।

गोपाल प्रसाद रिमालले ईब्सेनद्वारा प्रतिपादित समस्यामूलक पद्धतिलाई नेपाली नाट्यजगतमा भित्र्याएको मानिन्छ। समाजमा व्याप्त नारी शोषण, अन्याय आदि सामाजिक समस्यालाई उजागर गर्दै अन्ततः नारीद्वारा त्यस्ता असमानता, अन्यायप्रति विद्रोह गर्न लगाउन रिमाल सफल भएका छन्। यसैले सङ्ख्यात्मक रूपमा थोरै लेखेर पनि गुणात्मकतामा नवीन आयाम थप्ने रिमालको छुट्टै महत्त्व रहेको छ। उनका नाटकलाई नेपाली नाटकमा सामाजिक यथार्थवादी धाराको प्रवेश गराउने श्रेय जाँदछ।

रिमालकै परम्परालाई अझ विकसित तुल्याउँदै गोविन्द बहादुर मल्ल गोठालेले प्रतीकात्मकता र मनोवैज्ञानिक प्रवृतिलाई आत्मसात् गर्दै नाट्यसिर्जना गरेका छन्। आधुनिक नेपाली नाटकको विकासक्रमको आरम्भिक अवस्थामा समाजमा व्याप्त सामाजिक अन्धविश्वास, रुढि, आदिको आलोचना गर्दै समस्यामूलकता, मनोवैज्ञानिकता आदिलाई आधारभूमि बनाएर नाट्य परम्पराको निर्वाह गरिएको पाइन्छ। नारीलाई केन्द्रमा राखेर उनीहरूको समस्या उजागर गर्ने कार्य पनि यहाँ टड्कारो देखा पर्दछ। रिमालकै परिपाटीमा वासु शशी, माधव भँडारी, मनबहादुर मुखियाका नाटक पनि

देखा परेका छन् । यसकालमा रचिएका नाटकमा सामाजिक समस्याको यथार्थवादी प्रस्तुति पाइन्छ । यसकालमा लेखिएका नाटकमा स्थानीय कथ्यभाषाको यथासम्भव र विश्वस्नीय प्रयोग पाइन्छ ।

नेपाली नाटक लेखनको पछिल्लो चरणमा गोविन्द बहादुर मल्ल गोठालेको **भुसको आगो** (वि.सं २०१३) पछि मनोविश्लेषणात्मक र प्रयोगवादी धारा भित्रिएको मानिन्छ । यसकालमा मनोवादी प्रवृत्तिलाई गोविन्द बहादुर मल्ल, विजय मल्ल, वासु शशी, मनबहादुर मुखिया आदिले सक्रिय भइ निर्वाह गरेका छन् । यसकालमा चरित्रकेन्द्री नाट्यलेखनलाई मनोविश्लेषणात्मक सिद्धान्तको निर्वाह गर्दै अघि बढाइएको पाइन्छ । यी नाटकहरू मानव मनको सूक्ष्म अवलोकनतर्फ बढी उन्मुख देखिन्छन् भने नारी मनका जटिल मनोवृत्तिको पनि यहाँ चित्रण भेटिन्छ । समसामयिक जटिलतालाई विभिन्न प्रतिक विम्बका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । सामाजिक विकृति र विसङ्गतिप्रतिको तीव्र व्यङ्ग्य गर्दै अतियथार्थ र मनोविज्ञानको सफल अङ्कन पनि यस कालका नाटकमा गरिएको छ ।

नेपाली साहित्यको प्रयोगकालमा नाटकमा पनि विविध प्रयोग भए । एकातिर आधुनिक समयको व्यस्तताले गर्दा भने अर्कातिर चलचित्रको विकास र व्यापकताले गर्दा नाटकहरू रङ्गमञ्चको अभिनय-दृश्य-श्रव्यको परिपाटीबाट पुस्तकका रूपमा साहित्य विधाका रूपमा पठनसामग्रीका रूपमा खुम्चिन पुग्यो । थोरै पात्र, थोरै दृश्य, थोरै अङ्क र थोरै घटनामा आधारित भएर आयामको लघुतालाई आफ्ना विशेषताका रूपमा अभिव्यक्ति दिन थाले । यसकालमा ध्रुवचन्द्र गौतमको त्यो एउटा कुरा वि सं. २०३० मा प्रकाशित भएपछि प्रयोगवादी नाटकलेखन आरम्भ भएको मानिन्छ । यसपछि विजय मल्ल, वासु शशि, ध्रुवचन्द्र गौतम, जी.छिरिङ, शिवकुमार राई, मनबहादुर मुखिया, लीलबहादुर छेत्री, रामलाल अधिकारी, विरेन्द्र सुब्बा, आर.पी लामा प्रभृतिले नवीन प्रयोग गरी नाट्यलेखनमा अग्रसर भएको पाइन्छ । यसकालमा अस्तित्ववादी, अतियथार्थवादी, विसङ्गतिवादी, प्रतीकवादी चिन्तनलाई आधार मानेर नाटक लेखनतर्फ उन्मुख भएका नाटककारहरूले अमूर्त विषयलाई प्रकट गर्न सूत्र र सङ्केतको माध्यमबाट प्रस्तुति दिएका छन् ।

यसकालमा विजय मल्ल मनोविश्लेषणात्मक नाट्यलेखनमा प्रवृत्त बनेका छन् । समाजवादी विचारलाई उनका नाटकमा प्रश्रय दिएको पाइन्छ । यसैकालमा अस्तित्ववादी, विसङ्गति वादी र बौद्धिकतावादी प्रयोगलाई पनि भित्र्याउने श्रेय उनैलाई दिइन्छ । वासु शशीका नाटकमा रिमालकै प्रवृत्तिले विकास पाएको बोध हुँदछ । यसकालमा रचिएका नाटकमा मनोविकार, यौन कुण्ठा, अस्तित्वको सङ्कट, विसङ्गतिबोधको त्रासद चित्राङ्कन आदि नेपालबाट लेखिएका नाटकको नाट्यगत वैशिष्य मानिन्छ भने भारतबाट रचिएका नाटक सामाजिक समस्या, रूढि, अन्धविश्वास, सामाजिक-सांस्कृतिक सङ्कट आदिको प्रस्फुटनमै केन्द्रित देखिन्छन् ।। मनबहादुर मुखियाका नाटकमा यी कुराको निर्वाह सफल भएको थाहा लाग्दछ । एकातिर अमूर्त विषयको सूत्रात्मक प्रस्तुति पाइन् भने अर्कातिर विम्ब र प्रतीकहरूको कलात्मक प्रस्तुतिले गर्दा नाटकमा मनोहारिताको विकास भएको छ । परमपरागत नाट्यशैलीको त्याग गरी आधुनिक नाट्यशैली वरण गरिएका यसकालका नाटकमा सूक्ष्म कथावस्तुको प्रयोग, स्वैर कल्पनाको प्रयोग र चेतनप्रवाह शैलीको प्रयोगले गर्दा बेग्लै रूपमा प्रस्तुति दिइएको देखिन्छ । यसै कालमा सडक नाटक, रेडियो रूपक,

विज्ञान नाटक जस्ता नवीन प्रयोग पनि आरम्भ भयो । नेपाली नाटकको विकासमा अविनाश श्रेष्ठ, मोहनराज शर्मा, गोपाल पराजुली, सरुभक्त, श्रवण मुकारुङ, वेदकुमारी न्यौपाने, अशेष मल्ल प्रभृतिको पनि विशेष योगदान रहेको छ ।

भारतबाट नेपाली एकाङ्की लेखनमा सक्रिय नामहरूमा असीत राई, आई.के सिंह, एच.बी राई, किताबसिंह राई, कुमार घिसिङ, कृष्णभक्त खड्का, गनुसिंह गुरुङ, जस योन्जन प्यासी, जगत् छेत्री, जी.छिरिङ, टङ्क शर्मा, टीकाराम शर्मा, पुकार गुरुङ, प्रकाश कोविद, भविलाल लामिछाने, मनबहादुर गुरुङ, रामलाल अधिकारी, राधिका राया, मनबहाटुदुर मुखिया, मोहन विष्ट, लीलबहादुर छेत्री, शिवकुमार राई, समीरण छेत्री प्रियदर्शी, सानुभाई शर्मा, हरिभक्त कटुवाल आदि प्रमुख हुन् । भारतबाट लेखिएका नाटकहरूले भारतीय भूमिमा नेपाली साहित्यको श्रीवृद्दि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थाहा पाइन्छ ।

## ६. नेपाली निबन्धको आधुनिककाल

नेपाली साहित्यमा निबन्ध लेखन आधुनिक विधा हो । यद्यपि यसको जरो केलाउँदै जाँदा यसको प्रारम्भिक अवस्था माध्यमिककालमै देखा पर्न थालेको पाइन्छ । **शारदा**को प्रकासन हुन थालेकै वर्ष बालकृष्ण समको बर्दाहामा सिकार निबन्ध यसैमा प्रकाशित भयो । यसैबाटा आधुनिक वस्तुपरक निबन्ध लेखन परम्परा नेपाली साहित्यमा थालिको भनिन्छ । यसपछि लक्ष्मीप्रसाद देवकोटाको निबन्ध आषाढको पन्ध्र **शारदा**मा प्रकाशित हुँदछ । निबन्धको प्रमुख विशेषता आत्मपरकतालाई मान्ने हो भने यसैलाई आधुनिक निबन्धको प्रतिनिधि भनेर मान्नुपर्ने हुन्छ । त्यसपश्चात् विभिन्न समयमा देवकोटाले लेखेका निबन्धको सँगालो लक्ष्मी निबन्ध सङ्ग्रह र दाडिमको रूखनेर सङ्ग्रहमा सङ्कलित छन् । देवकोटाकै निबन्ध परिपाटिलाई पछयाउँदै हृदयचन्द्र सिंहले पाँचवटा निबन्ध सङ्ग्रह इस्वी १९६० सम्ममा प्रकाशित गराए । यसैकालमा यदुनाथ खनाल, बदरीनाथ भट्टराई, भीमनिधि तिवारीले स्वच्छन्दतावादी निबन्धलेखनलाई अघि बढाएका हुन् भने हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, अच्छा राई रसिक, आनन्ददेव भट्ट आदिले यथार्थवादी निबन्ध लेखनलाई पृष्ठपोषण गरेका छन् ।

नेपाली साहित्यमा वि.सं १९९१ देखि वि.सं २००२ सम्मका निबन्धमा आदर्शवादी र स्वच्छन्दतावादी प्रवृत्तिको प्रबलता देखिन्छ । वि.सं २००३ देखि वि.सं.२०२० सम्मका निबन्धमा आदर्शवादी, स्वच्छन्दतावादी र यथार्थवादी प्रवृत्ति भेटिन्छ भने वि.सं २०२० देखि हालसम्मका निबन्धमा विविध प्रयोग भएको पाइन्छ । यसकालमा प्रगतिवादी, हाँस्य व्यङ्ग्यात्मक निबन्धलेखन, यात्रा अनुभूति समेटिएका निबन्ध, आदि पनि लेखिँदै आएको छ । एकातिर आत्मशैलीप्रधान निबन्ध लेखिएको पाइन्छ भने अर्कातिर प्रबन्धलेखनमा पनि निबन्धकारको ध्यानाकर्षण र चासो बढ्दो देखिन्छ ।

नेपाली साहित्यमा पारसमणि प्रधानको **टिपनटापन** (वि.सं १९६९), **रोचक संस्मरण** (वि.सं १९६९), **क्वाँटी** (वि.सं १९७२), **काठे झाक्री** (वि.सं १९७४) जस्ता सङ्ग्रहमा सङ्ग्रहित निबन्धले नेपाली निबन्धलेखनलाई पोषण गरेको पाइन्छ । यसपछि रामकृष्ण शर्मा, श्रीधर खनाल, रामकृष्ण शर्मा, चूडानाथ भट्टराई, अच्छा राई रसिक, केशवराज पिंडाली, भैरव अर्याल, रामकुमार पाँडे, मोहनराज शर्मा, सानुभाई शर्मा आदिले रोमान्टिक कालीन निबन्धलेखनमा विशेष योगदान दिका छन् । यसैकालमा लेखिएका निबन्धलाई प्रबन्ध र निबन्ध दुई विधामा छुट्याएर पनि अध्ययन गरिने परम्परा थालिएको छ । प्रबन्ध भनेर वस्तुपरक लेखनलाई मानिन्छ भने आत्मपरक निबन्धलाई निबन्ध भनिन थालिएको छ ।

कालान्तरमा नेपाली साहित्यमा बौद्धिकता र वैज्ञानिक चिन्तनको प्रयोग गरेर निबन्ध लेखिन थालियो । वास्तवमा नेपाली साहित्यको प्रयोगकालीन अवस्थामा साहित्यका सबै विधामा नवीन प्रयोग गर्न थालिएको पाइन्छ । यस प्रवृत्तिबाट निबन्ध पनि प्रभावित भयो । यसैकारण देवकोटाद्वारा आधुनिक नेपाली निबन्ध लेखनको थालनीमै चिन्तन प्रधानता, भावात्मक उचाई, शैलीगत नवीनता प्रयोग गरेर उत्कृष्ट निबन्ध र प्रबन्ध लेखन थालिएको हो । यसैलाई अझ अग्रगति दिनमा शङ्कर लामिछाने, रामलाल अधिकारी, ताना शर्मा, बालकृष्ण पोखरेल, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, राममणि रिसाल, राजनारायण प्रधान, भैरव अर्याल, सानुभाइ शर्मा, प्रेम थापा, इन्द्रबहादुर राई, गोकुल सिन्हा, कृष्णप्रसाद ज्ञवालीको योगदानद्वारा पहिलो चरणको आधुनिक निबन्ध लेखन फस्टाएको पाइन्छ ।

नेपाली निबन्धको विकास परम्पराको एउटा किनार लक्ष्मीप्रसाद देवकोटा हुन् भने अर्को किनार शङ्कर लामिछाने हुन् भन्ने भनाइ पाइन्छ । लामिछानेले नेपाली गद्यमा अमूर्त चिन्तनको प्रथम प्रयोग गरेका छन् । छोटो, छरितो वाक्यमा रचिएका उनका निबन्धमा बहुआयामिक चिन्तनका साथै अनौपचारिक र आकर्षक शैलीमा गम्भीर, असाधारण विषय वस्तुको प्रस्तुति सहज बनेको हुन्छ । यसैले उनका विचार र शैली दुवै अनुपम रहेका निबन्धले नेपाली साहित्यमा नवीनता ल्याएको पाइन्छ ।

इन्द्रबहादुर राई अर्का एकजना प्रयोगवादी निबन्धलेखनमा उन्मुख निबन्धकार हुन् । उनका निबन्धहरूमा भावमय भाषामा बौद्धिकतापूर्ण विचारको प्रस्फोटन पाइन्छ । चिन्तनप्रधान र प्रयोगात्मक निबन्धलेखनमा प्रवृत्त कृष्णचन्द्र सिंह प्रधानका निबन्धमा विविध विषय वस्तुको उठान पाइन्छ भने ताना शर्माले हास्यात्मकतालाई आफ्नो शैलीगत वैशिष्ट्यका रूपमा प्रस्तुति दिएका छन् । उनका भाषामा झर्रा शब्दले नौलोपन ल्याएको पाइन्छ ।

रामलाल अधिकारीको भाषिक विशेषता भनेको स्पष्टवादिता, दार्जिलिङ्गे झर्रोपन, अनि गफाडी टिप्पणी हो । उनका निबन्धले सरल, सहज र बोधगम्य विषयवस्तुलाई टेबुल गफका शैलीमा अगाडी बढाएको अनुभव हुँदछ ।

यसकालमा तीव्र व्यङ्ग्यात्मक निबन्धलेखनमा पारिजात, रमेश विकल, कृष्णचन्द्रसिंह प्रधान, बालमुकुन्द देव पाण्डे, ताना शर्मा, जनकलाल शर्मा, गोविन्द भट्ट, गङ्गाप्रसाद उप्रेती, निर्मोही व्यास, राजेन्द्र सुवेदी, मञ्जुल राल्फा, राजव, माधवप्रसाद पोखरेल, सुधा त्रिपाठी, भीष्म उप्रेती, युवराज नयाँघरे, झमक घिमिरे जस्ता साहित्यकारको कलम सक्रिय रहेको पाइन्छ । समाजमा व्याप्त विसङ्गति, विकृति, राजनैतिक सामाजिक विद्रुप आदिको चित्रणलाई निबन्धात्मक तन्तुमा बुनेर तीव्र व्यङ्ग्यात्मक अभिव्यक्ति दिन यी निबन्धहरू सक्षम र सफल देखिन्छन् । यसै प्रवृत्तिलाई निरन्तरता दिँदै नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिन यसपछि देखापरेका मनुजबाबु मिश्र, मोहन दुवाल, मोहन सिटौला, नरेन्द्रराज प्रसाई, विमल निभा, निर्मोही व्यास, ध्रुव मधिकर्मी, मधुसूदन गिरी, रोचक घिमिरे गोविन्दराज भट्टराई आदि उल्लेखयोग्य देखिन्छन् ।

यसकालमा लोक सांस्कृतिक विषयवस्तुलाई निबन्धमा भित्र्याउने कार्य एम एम गुरुङले गरेका छन् । यसकालमा सक्रिय अन्य निबन्धकारमध्ये किशोर नेपाल, डिल्लीराम तिमसिना, कृष्णप्रसाद ज्ञवाली, कमला सांस्कृत्यायन, ईश्वर बल्लभ, नगेन्द्र शर्मा, गणेशलाल सुब्बा आदि हुन् ।

हास्यव्यङ्ग्यात्मक निबन्धको पनि एउटा सुदीर्घ परम्परा नेपाली निबन्धलेखनमा पाइन्छ । यस प्रवृत्तिमा रहेर कलम चलाउनेहरूमा भैरव अर्याल, रामकुमार पाण्डे, चोलेश्वर शर्मा, लोकेन्द्रबहादुर चन्द, मुकुन्द आचार्य, होम सुवेदी,

हरि खनाल, नरनाथ लुइँटेल, रमेश खकुरेल, खगेन्द्र सङ्ग्रौला, रूद्र खरेल, भरतराज पन्त, विष्णु प्रभात, डम्बर बस्नेत, चूडामणि रेग्मी आदि हुन्।

## ७. नेपाली समालोचनाको आधुनिककाल

नेपाली साहित्यालोचना परम्परामा प्रशंसामूलक, गुणावगानपूर्ण र भावात्मक समीक्षाको सट्टा कृतिपरक, विश्लेषणात्मक र गुण दोष विवेचनापरक रूपमा नवीन समालोचनाको प्रवेश भएपछि नेपाली समालोचनामा आधुनिकताको प्रवेश भएको मानिन्छ। नेपाली साहित्यमा आधुनिक समालोचनाको विकास परम्परालाई चार चरणमा विभक्त गरेर अध्ययन गरिएको पाइन्छ –

- प्रथम चरण – वि.सं १९४८-१९९८
- द्वितीय चरण – माध्यमिककाल- वि.सं १९९९-२००६
- तृतीय चरण – वि.सं २००७-२०२४
- चतुर्थ चरण – वि.सं २०२५ देखि यता।

प्रथम चरणका आरम्भमा रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, बाबुराम आचार्य, यदुनाथ खनाल, बालचन्द्र शर्मा, ईश्वर बराल र रत्नध्वज जोशीका समालोचनाहरू विशेष उल्लेखयोग्य छन्। रामकृष्ण शर्माको वि.सं १९४२-मा **शारदा**मा अङ्ग्रेजी साहित्यको प्रभाव शीर्षक समालोचना प्रकाशित भएपछि नेपाली साहित्यको यथार्थपरक समालोचना र मूल्याङ्कनको थालनी भएको हो। उनीपछि हृदयचन्द्रसिंह प्रधानका समालोचनामा साहित्यको अध्ययन समाजको सापेक्षतामा गरिएको पाइन्छ। बाबुराम आचार्य मूलतः इतिहासकार हुन्। इतिहास शिरोमणिको उपाधिले विभूषित आचार्यले नेपाली साहित्य अध्ययनमा ऐतिहासिक र तुलनात्मक पद्धतिको प्रवर्तन गरेका हुन्। यदुनाथ खनाल वास्तवमा आदर्शवादी, बौद्धिकतावादी तथा नीतिवादी समालोचनामा प्रवृत्त देखिन्छन्। उनले नेपाली साहित्यमा समालोचनाको सिद्धान्त लेखनको कार्य गरेर १९४६ मा समालोचनाको सिद्धान्त प्रकाशित गरे।

वि.सं २००७ देखि वि.सं २०२४ सम्मको समयावधिमा सोमनाथ सिग्द्याल, बालचन्द्र शर्मा, चूडानाथ भट्टराय, डिल्लीराम तिम्सिना, माधवलाल कर्माचार्य, डीपि अधिकारी, श्यामप्रसाद शर्मा, कमल दीक्षित, सरिता ढकाल, यज्ञराज सत्याल, आनन्ददेव भट्टका समालोचनाले विशेष छाप छोडेको थाहा लाग्दछ।

ईश्वर बराल एकजना सफल सम्पादकका रूपमा प्रसिद्ध छन्। उनका विभिन्न समालोचनात्मक समीक्षाहरू तथा भूमिकामा पनि समालोचनात्मक अभिव्यक्ति प्रकाशित छन्। संस्कृत र हिन्दी काव्यशास्त्रलाई आधार बनाएर गरिएका अध्ययनकै आधारमा रचना गरिएका रत्नध्वज जोशीका समालोचनामा सोझो, स्पष्ट र सरलभाषाको प्रयोग गरिएको पाइन्छ।

माथि उल्लेख गरिएका समालोचकका समालोचनामा प्रभाववादी, बहिर्निष्ठ र भावात्मक टिप्पणीमूलक समालोचनाको प्रचलन रहेको देखिन्छ। यस कालको वैशिष्ट्य भनेको कृति अध्ययनलाई मूल केन्द्र मानेर गुण दोष दुवै पक्षको विवेचनाको स्वस्थ्य परम्पराको विकास हो।

प्रयोगकालीन समालोचनामा कृति केन्द्रित, वस्तुपरक, व्यवहारिक र तुलनात्मक पद्धतिलाई बढी प्रश्रय दिएको पाइन्छ । यसकालमा कृष्णचन्द्रसिंह प्रधान, वासुदेव त्रिपाठी, इन्द्रबहादुर राई, राजनारायण प्रधान, ताना शर्मा, दयाराम श्रेष्ठ सम्भव, कुमारबहादुर जोशी, केशवप्रसाद उपाध्याय, गुमानसिंह चामलिङ, डिल्लीराम तिमसिना, रामलाल अधिकारी आदि समालोचकद्वारा नेपाली समालोचनाका क्षेत्रमा नवीन प्रयोगात्मक समालोचनाको आरम्भ भयो ।

कृष्णचन्द्रसिंहका आरम्भकालीन समालोचना मार्क्सवादी चिन्तनबाट प्रेरित भएका देखिन्छन् भने कालान्तरमा उनी समाजपरक आलोचना गर्न नै केन्द्रित देखिए । नेपाली साहित्यमा विद्यावारिधिसम्मको अध्ययन अध्यापनको व्यवस्था नेपाल तथा भारतका विश्वविद्यालयमा थालिएपछि समालोचनाका क्षेत्रमा पनि अनुसन्धानात्मक समालोचनाको प्रादूर्भाव देखियो । यस्तै क्रममा वासुदेव त्रिपाठी प्रभाववादी र प्राज्ञिक समालोचकका रूपमा उदाए । उनीपछि नेपाली साहित्यको कृतिकेन्द्रित समालोचना र उच्च अध्ययनमा प्रवृष्ठ विद्यार्थी तथा शिक्षकका निम्ति प्रयोजनपरक समालोचनाको आरम्भ भएको थाहा लाग्दछ ।

इन्द्रबहादुर राईले नेपाली समालोचनालाई वस्तुपरक, वैज्ञानिक र व्यवहारिक रूपमा प्रस्तुति दिए । पाठमा निहित विचारको केन्द्रियतालाई टपक्क टिपेर त्यसैका आधारमा कृतिको विश्लेषण र समीक्षण गर्ने राईका समालोचनामा पाठहरूबाट नै दृष्टान्तहरू टिपिएको हुन्छ । यसर्थ ती बढी वस्तुनिष्ठ र पत्यारिला देखिन्छन् । उनले साहित्यका प्रायः जम्मै विधामा समालोचना गरेका छन् ।

मार्क्सवादी आलोचकका रूपमा प्रसिद्ध ताना शर्माका समालोचनामा प्रतिक्रियात्मक परिपाटीमा समालोचना गरिएको पाइन्छ । केशवप्रसाद उपाध्याय मूलतः ऐतिहासिक, जीवनीमूलक र काव्यशास्त्रीय दृष्टिकोण लिएर समालोचना गर्दछन् । कुमारबहादुर जोशीको समालोचना मूख्यतः देवकोटाका साहित्य अध्ययनमा आधारित विवेचनापरक समालोचना छन् । उनी भावनात्मक समालोचना पद्धतिको अनुयायी लाग्दछन् । डिल्लिराम तिमसिनाका समालोचनामा काव्यतात्विक समीक्षाका साथै तुलनात्मक पद्धति अवलम्बन गरिएको पाइन्छ । गुमानसिंह चामलिङले पूर्वीय र पाश्चात्य काव्यशास्त्रका आधारमा साहित्यालोचना गरेका छन् । रामलाल अधिकारीका समालोचना विशेषतः प्रभाववादी र टिप्पणीमूलक परिपाटीमा संरचित छन् । यसकालमा डा. कुमार प्रधान, डा. लक्खीदेवी सुन्दास, डा. राममणि रिसाल, गणेशलाल सुब्बा, दानियल खालिङ, बालकृष्ण पोखरेल, डिपी अधिकारी, गोकुल सिन्हा, महानन्द पौडेल, जगत् छेत्री, कमल दीक्षित आदिले पनि समालोचनाका क्षेत्रमा आफ्ना हस्ताक्षर छोडेका छन् । आधुनिक नेपाली समालोचनाको चौथो चरणमा गोविन्द भट्ट, ठाकुर पराजुली, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, भानुभक्त पोखरेल, शरद्चन्द्र शर्मा भट्टराई, मोहन हिमांशु थापा, चूडामणि बन्धु, गोपीकृष्ण शर्मा, वासु रिमाल यात्री, कुमारबहादुर जोशी, रामलाल अधिकारी, मुरारीप्रसाद रेग्मी, अभि सुवेदी, घटराज भट्टराई, घनश्याम कँडेल, राजेन्द्र सुवेदी, नरेन्द्र चापागाइँ, कृष्ण गौतम, रविलाल अधिकारी, ऋषिराज बराल, मोहन दुवाल, डा. रामचन्द्र लम्साल आदि आधुनिक समालोचनाको चौथो चरणमा सक्रिय रहेका छन् ।

आधुनिक नेपाली समालोचनाको पछिल्लो चरणमा शोधपरक समालोचना, भाषा-शैलीवैज्ञानिक समालोचना, रूपपरक समालोचना, पाठपरक समालोचना, मनोविश्लेषणात्मक समालोचना, बहुलतापरक

समालोचनाका साथै सैद्धान्तिक समालोचनाको विकास भएको पाइन्छ । यसकालका समालोचनामा प्रभाववादी समालोचना भन्दा विश्लेषणात्मक एवं मूल्याङ्कनात्मक समालोचना पद्धतिको विकास भएको छ ।

## ८. निष्कर्ष

नेपाली साहित्यको आधुनिक कालमा नेपाली गद्य साहित्यमा विविध नौला विधाहरू नौला विशेषतासहित देखा परेको पाइन्छ । नेपाली साहित्यले विश्वमा चलेका विविध राजनैतिक, सामाजिक तथा वैज्ञानिक परिवर्तनका फलस्वरूप आफूलाई पनि नवीन दृष्टिकोण दिएको पाइन्छ । यसर्थ यसकालका लेखकहरूले समसामयिक वैश्विक परिप्रेक्ष्यलाई आफ्ना रचनामा उतारेको देखिन्छ। नेपाली साहित्यको आधुनिक काल शारदाको प्रकाशनदेखि आरम्भ भएको मानिन्छ । वास्तवमा प्रकाशनको व्यवस्था तथा विश्वमा विज्ञानको नवीन अनुसन्धान आदिले गर्दा शारदापछि थुप्रै नेपाली पत्रपत्रिकाले पनि छापिने व्यवस्था भयो । यसपछि भने ठुलो जमातमा एकैपल्ट पुस्तकाकारमा लेखक कविले आफ्ना अनुभूतिलाई पुऱ्याउने जमर्को थालियो । यसरी नेपाली पत्र पत्रिका तथा पुस्तकादिको प्रकाशनले लेखक कविहरूमा जोश, जाँगर र सक्रियता भरेको सत्य हो ।

यसैकालबाट पुराना शैलीका परम्परागत लेखनबाट छुट्टिँदै विस्तारै वैश्विक परिप्रेक्ष्यलाई आत्मसात् गरेर सृजनात्मक लेखनलाई अघि बढाइएको पाइन्छ । नेपाली साहित्यमा स्वच्छन्दतावादी धारा, परिस्कारवादी धारा, प्रयोगवादी धारा, मनोविश्लेषणवादी धारा, नारीवादी धारा हुँदै समकालीनधारामा आइपुग्दा उत्तरआधुनिक विधा भञ्जनको अवशेष पनि देखापरेको पाइन्छ । यसरी हेर्दा नेपाली साहित्यले निकै ठुलो फड्को मारेको थाहा लाग्दछ । प्रस्तुत अध्यायमा तिनै विविध धारा तथा उपधाराको परिचयात्मक अध्ययन प्रस्तुत भएको छ ।

**नोट** – *भारतीय नेपाली साहित्यको इतिहासलाई अर्कै एकाइमा विस्तृत चर्चा गरिने भएका कारण यहाँ विस्तारमा चर्चा गरिएको छैन । नेपाली साहित्यको श्री वृद्धिमा भारतबाट भएका प्रयास यहाँ प्रसङ्गवश केही चर्चा भएका छन् । तर विस्तृत चर्चा अर्कै एकाइमा गरिएको छ ।*

## ९. अभ्यास

### ९.१ निबन्धात्मक प्रश्न

क. नेपाली कथाको समकालीन प्रवृत्ति के कस्ता छन्?
ख. आधुनिक नेपाली कथाका विशेषता के के हुन् ( कुनै पाँचवटा)
ग. आधुनिक नेपाली नाटकका विशेषता प्रवृत्ति के के हुन्?
घ. नेपाली कथाको समकालीन प्रवृत्ति के कस्ता छन्?
ङ. आधुनिक नेपाली उपन्यासका विविध धारा के के हुन्?
च. आधुनिक नेपाली निबन्धको विकासमा देखापरेका मूलभूत प्रवृत्तिको चर्चा गर्नुहोस् ।
छ. आधुनिक नेपाली नाटकमा बालकृष्ण समको योगदानको चर्चा गर्नुहोस् ।

## ९.२ एक शब्दमा उत्तर दिनुहोस्

क. शारदाको प्रकाशन कहिलेबाट थालियो ? ( उत्तर – १९९१)

ख. आयामेली साहित्यको मुखपत्र कुन पत्रिकालाई मानिन्छ ? ( उत्तर – फूल, पात, पत्कर)

ग. कथा नवरत्नका लेखकको नाम के हो ? ( उत्तर – रूपनारायण सिंह)

घ. राल्फा आन्दोलनको नेतृत्व कसले गरेका थिए ? ( उत्तर – पारिजात)

ङ. डायमन्ड समशेर जङ्गबहादुर राणाको ऐतिहासिक उपन्यासको नाम के के हो ? ( उत्तर – सेतो बाघ र बसन्ती)

च. कथा कुसुममा सङ्कलित कथाहरू कसकसले लेखेका हुन् ? (उत्तर - गुरुप्रसाद मैनाली, बी पी कोइराला, बालकृष्ण सम र पुष्कर शमशेर(

छ.तेह्रजना लेखकको संयुक्त लेखनमा लेखिएको उपन्यास अवतार विघटनको प्रकाशन कहिले भएको थियो ? (उत्तर – वि.सं २०४०)

झ. दश जना उपन्यासकारको संयुक्त लेखनमा आकाश विभाजित छ उपन्यासको प्रकाशन कहिले भएको थियो ? (उत्तर - वि.सं २०३१)

ञ. सिक्किम भूमिका कुनै प्रमुख तीनजना साहित्यकारको नाम लेख्नुहोस् । ( तुलसी अपतन, रश्मीप्रसाद आले, पवन चामलिङ)

ट. असम पूर्वाञ्चलका कुनै तीनजना साहित्यकारको नाम लेख्नुहोस् । ( हरिप्रसाद गोर्खा राई, हरिभक्त कटुवाल, युद्धवीर राणा)

## ९.३ खाली स्थान भर्नुहोस् -

१. अपतन साहित्य संस्थाको स्थापना .........मा भएको हो । (उत्तर - १५ अप्रेल, १९४७)

२. नेपाली साहित्यमा सुधपा भनेर..........., ..............., .............लाई सम्बोधन गरिन्छ । (उत्तर – सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान)

३. नेपाली साहित्यमा बालकृष्ण समलाई ...............को उपाधि प्रदान गरिएको छ । (उत्तर – नाट्य सम्राट)

४. नेपाली साहित्यमा कवि शिरोमणि भनेर ............. (उत्तर-कवि लेखनाथ पौडेल)- लाई सम्बोधन गरिन्छ ।

५. महाकविको उपाधिद्वारा .........-लाई विभुषित गरिएको छ ।(उत्तर - लक्ष्मीप्रसाद देवकोटा)

६. आयामेली साहित्यका प्रमुख स्तम्भका रूपमा ..........., .................................,
................(इन्द्रबहादुर राई, बैरागी काईला र ईश्वर बराल)- लाई चिनिन्छ ।

७. राल्फा आन्दोलनको नेतृत्व ............................... ले गरेकी हुन् । (पारिजात)

८. नेपाली साहित्यमा लोक सांस्कृतिक विषयवस्तुलाई निबन्धमा भित्र्याउने कार्य .............ले गरेका छन् । (उत्तर - एम एम गुरुङ)

९. सङ्कलन त्रय भनेर नाटकमा ............,.................., ................ को अन्विति लाई भनिन्छ ।

(उत्तर - काल, स्थान र कार्य)

१०. नेपाली साहित्यमा आयामेली कथाकारका रूपमा …………….. लाई चिनिन्छ। (उत्तर- इन्द्रबहादुर राई)

**९.४ क र ख अंश मिलाएर उत्तर दिनुहोस्**

| | क **अंश** | | **ख अंश** |
|---|---|---|---|
| क | रामकृष्ण शर्मा | अ | चिसो चुह्लो |
| ख | पारिजात | आ | आज रमिता छ |
| ग | लक्ष्मीप्रसाद देवकोटा | इ | शिरीषको फूल |
| घ | बालकृष्ण सम | ई | अङ्ग्रेजी साहित्यको प्रभाव |
| ङ | इन्द्रबहादुर राई | उ | आषाढको पन्ध्र |
| च | कुमार नेपाल | ऊ | बुद्धिबङ्गारो |
| छ | ओकिउयामा ग्वाइन | इ | डाँफेचरी |
| ज | सुवास घिसिङ | ई | चित्रलेखा |
| झ | शिवकुमार राई | ऋ | कोपिला |
| ञ | तुलसी अपतन | ए | चर्केको पर्खाल |

**उत्तर** – क-ई, ख-इ, ग-उ, घ-अ, ङ-आ, च-ए, छ-ई, ज-ऋ, झ-इ ञ-ऊ

**९.४ अभ्यास प्रश्न**

क. नेपाली उपन्यासका समसामयिक धाराका प्रमुख प्रवृत्ति के कस्ता छन्?
ख. आधुनिकताका मुख्य अभिलक्षण के के हुन्?
ग. स्वच्छन्दतावादी धाराका मूल प्रवृत्ति के के हुन्?
घ. आधुनिक नेपाली कथाका विविध धाराको चर्चा गर्दै आयामेली आन्दोलनको योगदानको मूल्याङ्कन गर्नुहोस्।
ङ. आधुनिक नेपाली नाटकको विकासमा दार्जिलिङ क्षेत्रको के कस्तो योगदान रहेको छ ?

## १०. थप अध्ययनका लागि सन्दर्भसामग्री


असीत राई, ई.२००४, **भारतीय नेपाली साहित्यको इतिहास,** दार्जिलिङ : साझा पुस्तक प्रकाशन

इन्द्रबहादुर राई, ई.२०३१, **नेपाली उपन्यासका आधारहरू**, दार्जिलिङ

केशवप्रसाद उपाध्याय, २०५२, **नाटक र रङ्गमञ्च**, काठमाडौँ : रमु प्रकाशन

केशवप्रसाद उपाध्याय, २०५९, **नेपाली नाटक तथा रङ्गमञ्च, उद्भव तथा विकास**, काठमाडौँ :

विद्यार्थी पुस्तक भण्डार
घनश्याम कँडेल, (२०५५), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन
घनश्याम नेपाल,( ई १९९४), **नेपाली साहित्यको परिचयात्मक इतिहास,** गान्तोक: जनपक्ष प्रकाशन
माधव प्रसाद पोखरेल (सम्पा.), (२०७६), **नेपाली साहित्यको बृहत् इतिहास (दोस्रो ठेली),** ललितपुर : कमलमणि प्रकाशन।
तारानाथ शर्मा, (२०२७), **नेपाली साहित्यको इतिहास,** त्रिपुरेश्वर : सहयोगी प्रकाशन
सृजना शर्मा, (ई.२०२०), **सृजनाका समालोचना,** असम: पूर्वायण प्रकाशन
दयाराम श्रेष्ठ र मोहनराज शर्मा, (२०३४), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
दयाराम श्रेष्ठ, (२०५९), **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** काठमाडौँ : त्रिकोण प्रकाशन
नेपाली साहित्यकोश, (२०५५), **नेपाली साहित्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
पेम्पा तामाङ, (२००५), **आख्यानदेखि पराख्यानसम्म,** सिक्किम : सरिता
प्रतापचन्द्र प्रधान, (२०४०), **नेपाली उपन्यास, पृष्ठभूमि र परम्परा**, दार्जिलिङ : दीपा प्रकाशन
मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।
रामलाल अधिकारी, (ई. १९७७), **नेपाली एकाङ्की यात्रा,** दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका
लख्खीदेवी सुन्दास, (२००८), **समय र समीक्षणा,** दार्जिलिङ : श्याम ब्रदर्स।

# एकाइ ६

# भारतीय आधुनिक नेपाली साहित्य

---

**एकाइको संरचना**

१. प्रस्तावना
२. उद्देश्य
३. परिचय
४. भारतीय नेपाली कविता
५. भारतीय नेपाली कथा
६. भारतीय नेपाली उपन्यास
७. निष्कर्ष
८. अभ्यास प्रश्न
   ६.१ एक शब्दमा उत्तर दिनुहोस्
   ६.२ खाली स्थान भर्नुहोस् -
   ६.३ क र ख अंश मिलाएर उत्तर दिनुहोस्
९. थप अध्ययनका लागि सन्दर्भसामग्री

---

## १. प्रस्तावना

भारतमा गोर्खाजातिको आफ्नै मौलिक संस्कृति, संस्कार, भाषा र साहित्य छ। प्रस्तुत अध्ययन भारतमा गोर्खा भनेर प्रसिद्ध जातिद्वारा संरचित, संरक्षित तथा विकास गरेको नेपाली साहित्यले नेपाली मूल साहित्यको प्रवर्धनमा के कस्तो अवदान दिएको छ भनेर विहङ्गम अध्ययनमा केन्द्रित रहने छ। प्रस्तुत एकाइमा भारतीय नेपाली साहित्यका विविध विधामध्ये पद्य तथा आख्यान साहित्यको इतिहासलाई समेटिएको छ । आख्यानेत्तर साहित्यलाई यहाँ समेटिएको छैन।

गोर्खा भनेर बुझिने जाति केवल नेपालको गोर्खा जिल्लाबाट संसारभरमा फैलिएका गोर्खाली नागरिकको अर्थ नदिएर हिमाली खण्डमा बसोबासो गर्ने विश्वप्रसिद्ध एउटा सामरिक जाति भनेर बुझ्नु पर्दछ। यो जाति नेपाल, भारत, बर्मा, भुटान जस्ता स्थानमा विशेषतः बसोबासो गर्दछन्। यसका साथै उनीहरू अमेरिका, अस्ट्रेलिया, युरोप, सिंगापुर, मलेसिया प्रभृति देशहरूमा पनि वर्तमान समयमा बसोबासो गरिरहेका छन्। भारतको सन्दर्भमा कुरा गर्दा भारतीय

गोर्खाली जातिलाई नेपाली पनि भनिन्छ। नेपाली भनेर उनीहरूले बोल्ने भाषालाई पनि बुझाइन्छ। यो भाषा भारतीय संविधानको आठौँ अनुसूचिमा अन्तर्भुक्त एउटा प्रमुख भारतीय भाषा हो। यसका प्रयोगकर्ता भारतका विभिन्न स्थलमा फैलिएका छन्। यसर्थ यस खण्डमा यहीँ भाषालाई मातृभाषा बनाएर आफ्नै भिन्नै हिमाली संस्कृति तथा संस्कार मान्ने भारतको एउटा जातिद्वारा विकसित साहित्यबारे यहाँ नेपाली साहित्यभनेर अध्ययन गरिएको छ।

## २. उद्देश्य

प्रस्तुत एकाइ पढिसकेपछि विद्यार्थीले जान्नेछन् –

- भारतीय नेपाली साहित्य भनेको के हो?
- आधुनिक भारतीय नेपाली पद्य विधा
- आधुनिक भारतीय गद्य विधा
- आधुनिक भारतीय आख्यान साहित्य।
- आधुनिक भारतीय आख्यान तथा पद्य विधाको विकासक्रमको विहङ्गम अवलोकन।

## ३. परिचय

नेपाली भनेर भारतीय परिप्रेक्ष्यमा पूर्वको असम- पूर्वाञ्चल तथा बर्मासम्म फैलिएको विशाल भूभागदेखि पश्चिममा राजस्थान त उत्तरमा कश्मिर अनि दक्षिणमा कन्याकुमारीसम्मको भूभागमा छरिएर बसोबास गर्ने एउटा हिमाली जातिलाई बोध गराउँछ। वास्तवमा नेपाली जाति हिमालयवरिपरिका क्षेत्रबाट नै छरिएका तथ्य भेटिन्छन्। नेपालको परिप्रेक्ष्यमा भने नेपाली भनेर नेपाली नागरिकलाई स्पष्ट रूपमा सम्बोधन गरिन्छ भने नेपाली जाति भनेर खस किराती संस्कृति मान्ने मानिसको समुदायलाई बुझिन्छ। नेपाली भूभाग विभिन्न समयमा फैलने र खुम्चने क्रम जारि थियो। सुगौली सन्धिद्वारा नेपाल देशको ठूलो भूभाग ब्रिटिस भारतमा गाभिएपछि नेपाली जातिले आफूलाई भारतको अभिन्न अङ्गका रूपमा स्वतन्त्रतापूर्व कालबाट नै स्वीकार गरेर भारतकै समृद्धि तथा सुरक्षाका निम्ति सदैव तत्पर रहिआएको सर्वविदित छ।

किला, काँगडा, हिमाचल प्रदेशका केही भूभाग, भाग्सु देहरादूनदेखि सिक्किम, पश्चिम बङ्गाल, पूर्वोत्तरका सातवटै राज्यमा प्रमुख रूपमा नेपाली जातिको बसोबासो पाइन्छ। नेपाली जातिले परिचयको सङ्कट भोग्दै आएकै कारण उनीहरूले गोर्खाल्यान्ड आन्दोलन गरेर एउटा छुट्टै गोर्खा बासभूमिको माग बारम्बार गरिरहेका भए तापनि वर्तमान समयसम्म उनीहरूले छुट्टै राज्य पाएका छैनन्। भारत स्वतन्त्र भएपछि भारतमा विभिन्न राज्य गठन हुने क्रममा भाषा, संस्कृति जस्ता घटकका आधारमा राज्य गठन तथा पूनर्गठन भएको थाहा लाग्दछ। तर भूमिसितै भारतमा गाभिएका गोर्खाहरूको माग बेला बेला हिंसात्मक भएर केही मानिसहरूले ज्यान गुमाए तापनि अझै सम्बोधन नभएका कारण उनीहरू एकै स्थानमा सङ्गठित भएर बसेको पाइँदैन। यसैले भारतका सबै राज्यमा बाक्लो-पातलो रूपमा

गोर्खाहरूको उपस्थिति पाइन्छ । उनीहरू सहज जीवनको खोज, उच्च शिक्षा, आर्थिक आर्जन आदिका निम्ति आफ्ना थात थलो छोडेर अन्य स्थानमा गएर सङ्घर्ष गरिबसेका देखिन्छन् । उनीहरू मूलतः सामरिक जाति हुन्, यसर्थ भारतमा गोर्खा रेजिमेन्टको गठन गरी ब्रिटिस भारतमै उनीहरूलाई भारतको किल्ला र फ्रन्टियर (साँध-सिमाना) संरक्षण गर्ने प्रमुख दायित्व प्रदान गरिएको थियो।

भारतीय नेपाली साहित्यको इतिहास केलाउँदा यिनै ब्रिटिसकालीन सेनामा भर्ना भएका रिकुटे वा रिक्रुट सेनाद्वारा सम्पोषित तथा रचित साहित्यबाट आरम्भमा नेपाली साहित्यको प्रारूप बन्दै गएको देखिन्छ। नवीन परिवेश, सैन्य जीवनका जटिलता तथा विभिन्न चुनौतीलाई सामना गर्दै मोर्चामा खटिएका ब्रिटसिकालीन भारतीय सेना वा फौजीहरूले विभिन्न सवाइ तथा लहरी साहित्यको सिर्जना गरेको थाहा लाग्दछ। यस्तै चियाबारीमा श्रममूलक कार्य गर्ने, नवीन सडक निर्माण गर्दा ढोल तान्दै गाउने श्रमगीत, खेतबारीमा काम गर्दा गाइने किसान जीवनआधारित श्रमगीत, कोइलाखानीमा काम गर्दा गाइने गीतहरू पनि नेपाली साहित्यका आदिरूप हुन्। धर्मभीरू नेपाली समाजमा विशेष हिन्दू तथा बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको थियो। तर ब्रिटिस साम्राज्यको स्थापना तथा मिसनरीको सक्रियतामा दार्जिलिङ, सिक्किम, नागाल्यान्ड, त्रिपुरसितै अन्य भारतीय प्रान्तमा पनि इसाइ धर्मको प्रचार प्रसारले गर्दा नेपाली भाषी मानिसहरू पनि धर्मान्तरण गरी इसाइ हुन थाले। यस्तै अन्य धर्म सम्प्रदाय, गुरु आदिको प्रभावमा पनि कालान्तरमा पूर्वोत्तर भारतमा साइ, शिरडी, ओम शान्ति, जस्ता थुप्रै धर्मगुरुहरूको प्रभावमा आध्यात्मिक साहित्यको पनि सृजना भएको थाहा लाग्दछ। नेपाली भक्ति साहित्यमा निर्गुण तथा सगुण भक्तिधाराको बाहुल्यता रहेको थाहा पाइन्छ। सगुण भक्ति साहित्यमा राम-कृष्ण आदिलाई आलम्बन बनाएर भजन, गीत आदि रचिएको पाइन्छ भने निर्गुण सन्त परम्परामा जोसमनि सन्त तथा ज्ञानदिलदासका भजनहरू विशेष चर्चित छन्।

भारतीय नेपाली साहित्यको अर्को विषय भनेको परिचयको सङ्कट हो। परिचयको सङ्कट भोगिरहेका भारतीय नेपालीहरूले गोर्खाल्यान्ड आन्दोलन भनेर आफ्नो वासभूमिका निम्ति सङ्घर्ष गर्दै विभिन्न अहिंशात्मक आन्दोलन गरिरहेका छन्। भाषा तथा जातिका आधारमा भारतमा कतिपय नवीन राज्यको निर्माण भइसकेको भए तापनि गोर्खालीको छुट्टै बासभूमिको माग अझै सम्बोधित हुन सकेको छैन। तर यस्ता अस्तित्वका सङ्कट, परिचयको सङ्कट तथा बेला बेला विदेशी भनेर लाञ्छना सहनुपर्दाको पीडा विभिन्न कविता, कथा, उपन्यास, गीत आदिका माध्यमबाट व्यक्त भएको देख्न सकिन्छ। यस्तै नेपाली जातिमा जातपात, छुवाछुत, अशिक्षा, निर्धनता, लैङ्गिक असमानता तथा आञ्चलिक सङ्कीर्णताले निम्त्याएका विडम्बनालाई विषय वस्तु बनाएर लेखिएका साहित्य पनि उपलब्ध छन्।

नेपाली साहित्य जस्तै भारतीय नेपाली साहित्यले पनि साहित्यिक वाद, आन्दोलन तथा प्रयोगका चरणहरू पार गर्दै निरन्तर अघि बढिरहेकै छ । यसैबारे प्रस्तुत अध्यायमा यथास्थान केही परिचयात्मक चर्चा गरिनेछ ।

नेपाली साहित्यले विविध मोड उपमोड पार गरेर नेपाली साहित्यको वर्तमान अवस्थासम्म आइपुगेको छ । यसलाई मूलतः प्राथमिक, माध्यमिक तथा आधुनिककालका रूपमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । नेपाली साहित्यमा शारदाको प्रकाशनलाई कोशे ढुङ्गोको रूपमा हेर्ने गरिन्छ । माध्यमिककालीन प्रवृत्तिबाट बेग्लै प्रवृत्तियुक्त साहित्यलेखनको आरम्भ भएपछि नेपाली साहित्यमा विविध विधाको विकासमा तीव्रता आयो । पत्रपत्रिकाको प्रकाशन व्यवस्था तथा विविध प्रयोगले नेपाली साहित्यलाई अग्रगतिमा गतिमान तुल्याएको हो ।

नेपाली साहित्य केवल नेपालमा मात्रै नभएर विश्वभरि नै छरिएर बस्ने नेपालीहरूद्वारा सिंचित साहित्य हो । नेपाली भाषालाई नेपाल नजिकै रहेको छिमेकी राष्ट्र भारतमा संविधानद्वारा संरक्षण दिएर आठौँ अनुसूचीमा अन्तर्भुक्त गरिएको छ । उन्नाइसौँ शताब्दीको आरम्भकालबाट नै नेपाली भाषालाई पठनपाठनको माध्यम रूपमा संरक्षण दिनुपर्दछ भनेर पारसमणि प्रधानको नेतृत्वमा अथक प्रयास भएको थाहा लाग्दछ । १९१६ -मा दार्जिलिङ सरकारी हाई स्कुलमा कलकत्ता विश्वविद्यालयका तत्कालीन उपकुलपति प्रो.सर्वाधिकारी समक्ष अन्य भाषा जस्तै नेपाली मातृभाषा एउटा विषय पढ्न पाउनुपर्ने माग राख्दै दश कक्षामा पढिरहेका अन्य साथी सहित पारसमणि प्रधानले आवेदन चढाए । उपकुलपति यी विद्यार्थीहरूको भाषा प्रेम देखेर प्रभावित भइ नेपाली मातृभाषा शिक्षाका लागि तीनवटा मानदण्ड पुरा गर्नुपर्ने सुझाउ दिए मानक व्याकरण, मानक शब्दकोश र मानक पत्रिका । तर त्यस समय यी सबै नेपाली भाषामा उपलब्ध थिएनन् । तर पारसमणि प्रधानले आफ्नो म्याट्रिक सकेपछि पनि यस कार्यका पनि यस कार्यका निम्ति लागि परेर चन्द्रिका पत्रिका १९१८ देखि प्रकाशित गराएर छवटा अङ्क कलकत्ता विश्वविद्यालयमा पुगेर उपकुलपतिकहाँ पुऱ्याए । यसपछि २४ जुलाई १९१८ मा नेपाली भर्नाकुलर म्याट्रिक, आइ.ए र बी.ए. मा लागु गरिने अधिसूचना जारी भयो ।

९ फरवरी १९१९ मा भारतका पहिलो नेपाली शिक्षकका रूपमा पारसमणि प्रधान नियुक्त भए । कलकत्ता विश्वविद्यालयको अधिसूचनाको आधारमा कालेबुङको एसयुएमआई (स्कटिस युनिभर्सिटी मिसन इन्सच्टिट्युट)-बाट नेपाली विषयको शिक्षा पाठशालामा लागु गर्ने प्रक्रम थालियो । त्यहाँका शिक्षक पारसमणि प्रधानले अब छात्रोपयोगी **नेपाली व्याकरण** लेख्न थाले । कालान्तरमा बङ्गालको डाइरेक्टर अब् पब्लिक इन्स्ट्रक्सन्सको अनुमोदन सहित म्याकमिलियन एन्ड को.– बाट उक्त पुस्तक १९२१ मा प्रकाशित भयो । पारसमणि प्रधानकै नेतृत्त्वमा र अथक प्रयासस्वरूप नेपाली भाषालाई पठन पाठनको माध्यम भाषाका रूपमा मान्यता प्राप्त भएको थाहा पाइन्छ । १९३५ मा चौथो श्रेणीसम्म नेपाली माध्यमलाई सरकारी अनुमति प्राप्त भयो भने १९३१ मा मिडल क्लास अर्थात् छैटौँ श्रेणीसम्म नेपाली माध्यम हुनसक्ने अनुमतिको अधिसूचना जारी भयो । बाध्यतावश् सबै कक्षा र विषयका पाठ्यपुस्तक लेख्ने दायित्व पारसमणिले नै उठाए । म्याकमिलन कम्पनीले नै छाप्ने जिम्मा लिए । पारसमणि प्रधानले बङ्ला भाषा माध्यमका असल पुस्तकहरूको नेपाली भाषामा रूपान्तरण गरे । ती पुस्तक हुन् – अनाथनाथ बसुको **भूगोल पाठ**, रायचौधरीको **पृथ्वीको इतिहास**, हेमेन्द्र कुमार सेनको **प्रकृति परिचय**, जे.सी. चक्रवर्तीको **अङ्क गणित**, मार्सडेनको **भारतीय इतिहास** आदि । यी बाहेक मौलिक कृतिका रूपमा नेपाली **साहित्य भाग १-४, नेपाली सरल**

**गणित १-४, प्राथमिक भूगोल र विज्ञान** आदि पनि तयार गरे । पारसमणि प्रधानले *‘हिन्दी साहित्य समाज’*को सिको गर्दै ‘गोर्खा साहित्य समाज’को स्थापना गर्दै पुस्तकालय पनि स्थापना गरेर नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान तुल्याएका छन् । त्यससमय प्रचलित नाम गोर्खालाई नै उनले आफ्नो संस्थाका नामका रूपमा स्वीकारेको देखिन्छ ।

साहित्य साधनामा सक्रिय रहने पारसमणिले आफ्ना छोरा नगेन्द्रमणि प्रधानलाई **द स्टुडेन्ट्स स्टान्डर्ड डिक्सनेरी** (इङ्लिस-नेपाली) १९४८ -मा तयार पार्न लगाए । आफूले भने सातौँ र आठौँ श्रेणीका पाठ्यपुस्तक लेख्नमा व्यस्त रहे । त्यससमय उनले हेमेन्द्र कुमार सेनको **प्रकृति परिचय**, बासु र लाहिरीको **भूगोल पाठ**, राय चौधरीको **पृथ्वीको इतिहास**, जे.सी चक्रवर्तीको **बीज गणित**, हल एन्ड स्टेवेनको **रेखा गणित**, जे. फिनामोरको **अङ्ग्रेज जातिको इतिहास**को नेपाली रूपान्तरण गरेको थाहा लाग्दछ ।

१ डिसम्बर १९४७, मा दार्जिलिङमा मणि प्रिन्टिङ प्रेसको स्थापना गरेर *भारती*को प्रकाशन १९४९ देखि आरम्भ गरे । बाह्र वर्षसम्ममा यस पत्रिकाका १०८ वटा अङ्क प्रकाशित भएको थाहा पाइन्छ । यसैको आधारमा कलकत्ता विश्वविद्यालयले भारत स्वतन्त्र भइसकेको बेला १९५३ मा बङ्गालको शिक्षा विभागले म्याट्रिकसम्म नेपाली माध्यम स्वीकृत गर्दै अधिसूचना जारी गरेपछि नेपाली भाषामा भारतमा पठन पाठन कक्षा दशसम्म स्वीकृति प्राप्त भयो ।

काशीमा अवस्थित हिन्दू विश्वविद्यालय र हिन्दू राष्ट्र (नेपाल) माझ सम्झौताको माध्यमले तत्कालीन राणा शासकहरूले नेपाली शिक्षक काहिविविलाई दिने प्रबन्ध ई. १९४३ मा गरे । यसरी १९४३ देखि काशी हिन्दू विश्वविद्यालयमा नेपाली विषयमा स्नातक स्तरमा पढाइन थालिएको बुझिन्छ । स्वतन्त्रतापूर्व नेपाली विषयलाई यहाँ विदेशी भाषा विभागमा राखिएको थियो भने स्वतन्त्रोत्तरकालदेखि भारतीय भाषा विभागमा नेपाली विषय राखिएको थाहा लाग्दछ । अन्य भारतीय भाषासितै नेपाली भाषाले पनि विद्यालयदेखि विश्वविद्यालसम्म पठन पाठनका रूपमा स्वीकृति र मान्यता पाएपश्चात् नेपाली साहित्यले पनि नवीन गति र मोड उपमोड लिएको थाहा लाग्दछ ।

नेपाली भाषाले टङ्कण युगमा प्रवेश गरेर मुद्रण तथा छापाखानामा प्रवेश पाएपछि विभिन्न पत्रपत्रिकामा आफ्ना लेख छपाउने उद्देश्यले नेपाली साहित्यकारहरूलाई अझ हौस्याएको हो । फलस्वरूप विभिन्न पत्रपत्रिकाले अङ्क तथा विशेषाङ्कका रूपमा कथा, कविता, उपन्यास, आदिको पोषण गर्न थालेका हुन् । भारतमा *शारदा, माधवी, चन्द्र, चन्द्रिका* जस्ता पत्र पत्रिकाले माध्यमिककालीन कवि-लेखकलाई आधुनिकताको जग बसाउन र सङ्क्रमणकालबाट आधुनिकतातिर अग्रसर हुन विशेष प्रेरित गरेको हो ।

## ४. भारतीय नेपाली कविता

दार्जिलिङमा ज्ञानदिल दासका **झ्याउरे भजन, टुङ्ना भजन, केही निर्गुण भजनहरू अनि उदय लहरी** (१८७७) आदिले भक्तिधाराको निर्गुण भक्तिसाहित्यको पोषण गरेको पाइन्छ। उनैद्वारा प्रतिपादित जोसमनी सम्प्रदायमा कालान्तरमा थुप्रै सन्त कविहरूको आविर्भाव भएको पाइन्छ। जसमध्ये बबगुनी गुरूङ एक हुन्।

सवाई र लहरीकाव्यको रचना भारतीय नेपाली साहित्यको मौलिकताको एउटा विशेष स्रोत हो। भारतभूमिमा आञ्चलिक कविता शैलीमा सवाई लहरीलाई झ्याउरेमा रचना गरिने गरिएको पाइन्छ। भारतीय धर्म र अध्यात्मलाई सवाइको माध्यमबाट कृष्णलाल नेवारले **लक्ष्मी धर्म सम्वाद**, ज्ञानदिल दासले **उदय लहरी**, बवगुनी गुरुङको **ब्रह्मतत्त्वको सवाई** (ई. १९९३), सुरवीर गुरुङको **भक्तिको सवाई** आदिबाट धर्म, अध्यात्म र परमात्माको आराधनाका माध्यम बनाएको पाइन्छ। भारतका क्षेत्र विशेषलाई आधार तुल्याएका सवाइ तथा लहरी साहित्यले पनि तत्कालीन भारतमा गोर्खाली जातिको बसोबासोबारे अनि तत्कालीन प्राकृतिक आपदा र युद्धको वर्णनलाई पनि अभिव्यक्ति दिइएको पाइन्छ। तुलाचन आलेको **मनीपुर्का लड़ाजिको सवाई** (ई. १८९३), धनवीर भँडारीको **अब्बर पहाडको सवाई** (ई. १८९४), **भैंचालाको सवाई** (पहिलो भाग : ई. १८९७), आत्माराम मगरको **भैंचालाको सवाई** (दोस्रो भाग : ई. १९०५), डाकमान राईको **दार्जलीङ्गका पैराको सवाई** (ई. १८९९), दिलुसिंह राईको वि.सं **१९५६ सालको पैह्राको सवाई** (ई. १९००) कृष्णबहादुर उदासको **अछामको सवाई** (ई. १९०८), गजवीर रानाको **नागाहिल्सको सवाई** (ई. १९१३), लालबहादुर आउँमासिको **भोटको लडाईको सवाई**, अनि कृष्णप्रसाद रेग्मीको **विरह लहरी** (ई १९०४), वृषध्वजसिंहको **अमृत लहरी** (ई. १९११), रत्ननारायण प्रधानको **प्रेमलहरी** (ई. १९१३), बलबहादुर सारु मगर प्रभृत्ति आठ जना लोक प्रतिभाहरूको **आनन्द लहरी** (आठ भाग, ई. १९१३-१६), बेनामी कथकेको **मदन लहरी**, गङ्गाप्रसाद बैदार र दिलबहादुर सरदारको सहलेखनमा प्रकाशित **धामीको सवाई** (१९३७) आदि सवाई र लहरी काव्यले भारतीय नेपाली साहित्यको आरम्भकालमा विशेष महत्त्व राखेको पाइन्छ। हाजीरमान राईको **मीठा मीठा नेपाली गीत** सङ्ग्रह (ई. १९००) लाई नेपाली साहित्यमा विशेष मान प्रदान गरिएको छ।

नेपाली कविताको आरम्भकालमा केही पत्रिकाले विशेष महत्त्व राख्दछन्। मणिसिंह गुरुङको पत्रिका *गोर्खा सेवक* (१९३४) भारतीय नेपाली साहित्यको उत्थानमा ऐतिहासिक महत्त्वको पत्रिका हो। १९४० देखि कवितामा देशप्रेम र चरित्रोत्थानका चर्चा भएका देखिन्छन् भने भारतको स्वतन्त्रताले ल्याएको उन्मुक्त वातावरणसितै १९४८ देखि नरसिंह थापाको *हिमाद्रि* पत्रिकाको प्रकाशन, १९५० बाट *बिन्दु*को प्रकाशन अनि १९६० पछि *ब्रह्मपुत्र* र *प्रभात* अनि १९७० बाट *हाम्रो ध्वनि* पत्रिकाको प्रकाशनले नेपाली कवितालाई उर्वरता प्रदान गरेको पाइन्छ।

नेपाली कवितामा कवि लेखनाथ पौडेलको उदय भएपछि नेपाली कविताले प्राथमिक कालीन वीर तथा भक्तिधारा अनि माध्यमिककालीन प्रमुख प्रवृत्ति शृङ्गारिक कविताबाट परिष्कारवादी धारमा प्रवेश गरायो। यसैलाई

नेपाली कवितामा आधुनिकता भित्र्याउने पदक्षेप पनि मानिन्छ । पारसमणि प्रधानको नेतृत्त्वमा दार्जिलिङबाट प्रकाशित *चन्द्रिका* पत्रिकाका ६ अङ्कमा पनि कविताहरू प्रकाशित भएका पाइन्छन् । यसकै उपज कवि धरणीधर कोइरालाका जातीय चेतनाका कविताहरू पनि हुन् ।

लेखनाथ पौडेलकै समकालीन कवि धरणीधर कोइरालाको उदय भारतीय नेपाली कवितामा विशेष उल्लेखनीय मानिन्छ । उनको **नैवेद्य** (ई १९२०) कविता सङ्ग्रह चर्चित छ । उनका अन्य प्रकाशित काव्य रचना हुन् – **स्पन्दन** (१९४७), **नेपाल मञ्जरी** आदि । उनले नेपाली जातिलाई जातीय जागरणका निम्ति आह्वान गर्दै **उद्बोधन** (जाग जाग अब जाग न जाग) भन्ने जस्ता कविताका माध्यमबाट जातीय जागरणको आह्वान गरेका छन् । दार्जिलिङमा जाति, भाषा तथा नेपाली साहित्यका निम्ति मरिमेट्ने सुधपामध्ये यिनी एक हुन् । उनका अन्य साथी पारसमणि प्रधान तथा सूर्यविक्रम ज्ञवालीको नेतृत्त्वमा त्यस समय दार्जिलिङमा जातीय जागरणको उद्बोधन गराउने कार्य भएको हो ।

परिष्कारवादी आन्दोलनले नेपाली कविताको ओज तथा परिष्करणप्रति चासो देखाएको थियो । उनलाई पछयाउँदै महानन्द सापकोटाले **मन लहरी** (ई. १९२६), लेखे भने पारसमणि प्रधानका **बटुलबाटुल** (ई. १९५७), **जपमाला** (१९७२) जस्ता कृति यसैकालमा देखा परेका हुन् ।

नेपालमा लक्ष्मीप्रसाद देवकोटा तथा सिद्धिचरण श्रेष्ठद्वारा स्थापित र पोषित स्वच्छन्दतावादी – प्रगतिवादी काव्यधारलाई पछयाउँदै भारतबाट पनि वीरेन्द्र, ओकिउयामा ग्वाइन, अगमसिंह गिरी, हरिभक्त कटुवाल आदिका काव्यरचना प्रकाशमा आउन थाले । यिनमा कतै स्वच्छन्दतावादी, प्रगतिवादी चेतना प्रबल देखियो भने कतै क्रान्ति, विद्रोह तथा आमूल परिवर्तनको स्वर पनि उर्लिएको पाइन्छ ।

१९४७ मा भारतले स्वाधीनता पाएपछि दार्जिलिङबाट रूपनारायण सिंह र पारसमणि प्रधानको सम्पादन तथा नगेन्द्रमणि प्रधानको प्रकाशकत्वमा *भारती* पत्रिका (१९४९) बाट निस्कन थालेपछि भारतीय नेपाली कवितामा नयाँ घुम्ती आरम्भ भयो । वीरेन्द्र सुब्बा (श्री विरेन्द्र) र दानियल खालिङ वा दान खालिङको संयुक्त लेखनमा **एकान्त** (१९५०) प्रकाशित भयो । यसलाई दार्जिलिङे कविताको माइलखुट्टी मानिन्छ । दानियलका कवितामा रहस्यवादको संज्ञा दिइएको छ ।  विरेन्द्र सुब्बाका **एकान्त** ( सहलेखन – १९५०), **मेघमाला,** (१९६३), **स्वर्णिमा** (१९८१), **तिस्ता** (२००४) जस्ता काव्य कृति प्रकाशित भएका छन् ।

सिक्किममा कविता विधाको घडेरी बसाल्ने कार्य यहाँ स्थापित साहित्यिक संस्था *अपतन साहित्य परिषद* (१९४७) ले गरेको थाहा लाग्दछ । यसमा अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसीबहादुर छेत्री, नर्बु छिरिङ लेप्चाद्वारा आफ्ना नामको प्रथम अक्षरलाई लिएर नामाकरण गरी साहित्य सेवाको थालनी भएको हो । पछिबाट सन्तवीर सुब्बा र रामदत्तलाल ठाकुरप्रभृति जोडिएपछि सिक्किमेली कविताले गति लिएको हो ।

परिष्कारवादी काव्यधाराबाट नै आफ्नो काव्य यात्रा आरम्भ गर्ने तुलसी अपतनले सिक्किमको भूमिमा अपतन साहित्य परिषद आरम्भ गरेर साहित्य सेवा गरेको थाहा लाग्दछ। यिनले मृत्युशोकलाई कविताका माध्यमबाट व्यक्त गरेका छन् । उनको **बापू वन्दना** (१९५२) (भारतका राष्ट्रपिता महात्मा गान्धीको हत्यापछि लेखिएको काव्यरचना हो भने गोर्खा लीगका नेता डम्बरसिंह गुरुङको निधनमा उनले **डम्बर स्मृति** भन्ने शीर्षकको कविता लेखेका छन् । यिनका प्रकाशित काव्यकृति हुन् – **इन्द्रकील पुष्पाञ्जली** (ई १९५०, सहलेखन), **सङ्कल्प** (ई. १९५४), **के होला** (ई. १९५९), **आँकुरा** (१९६५), **कला कमल** (खण्डकाव्य, १९६७), **अनुराग** (खण्डकाव्य, १९९० **नहेर आज मलाई** (ई. १९७६), **कर्ण कुन्ती** (१९८८), **बुद्धि बङ्गारो** (१९९२), आदि हुन् ।

भारतमा जातीय कवि भनेर मान प्रदान गरिएका अगमसिंह गिरीका खण्डकाव्य **युद्ध र योद्धा तथा आँसु**लाई भारतीय नेपाली साहित्यको विशिष्ट रचना मानिन्छ । उनका **याद** (१९५५, खण्डकाव्य), **आँसु** (१९५६); **आत्मव्यथा** (१९५९, खण्डकाव्य), **जीवन-गित** (१९६०, कविता सङ्ग्रह), **युद्ध योद्धा**. (१९७०, खण्डकाव्य), **जलेको प्रतिबिम्ब; रोएको प्रतिध्वनि** (१९७८, कविता सङ्ग्रह जस्ता कृति प्रकाशित छन् । नरेन्द्र प्रसाद कुमाईको **रोदन** (खण्डकाव्य) को प्रकाशन अनि ओकिउयामा ग्वाइनको **चित्रलेखा** (१९५७), **भावसम्भवा** (१९५८), **अनामिका** (१९५८), **सुनाखरी** (१९७८) लाई पनि नेपाली कवितामा विशेष पदक्षेप मानिन्छ। यिनका कवितामा बौद्ध दर्शन तथा जीवनको नश्वरताको आधिक्य देखिन्छ । प्रकृतिप्रेम यिनका कविताको मूल भाव हो । यिनका कवितामा परमतत्त्वको स्तवन तथा आत्मकेन्द्रिकता पाइन्छ । उनका कवितामा जापानी सतोरी सिद्धान्त र उपन्यासमा जापानी जेनको झलक देखिएको पाइन्छ ।

भारतबाट लेख्ने अन्य कविमा शिवकुमार राई – **डाँफेचरी** , दानियल खालिङ ( **एकान्त** – सहलेखन – १९५०), रामलाल अधिकारी – **चियाबारी** ( १९६५), **छोरी छोरी भएको घर** (खण्डकाव्य-१९६९), **जिजीविषा (१९९६), लिलाममा छन् मेरा कविता (२०००), मा निषाद** (२००३) । यी सितै जी छिरिङ, प्रेम शेर्पा विरोकी, सावित्री सुन्दास, कुमार घिसिङ, नरबहादुर दाहाल, महानन्द पौड्याल, भाइचन्द प्रधान, अच्छा राई रसिक, अगमसिंह तामाङ, लक्खीदेवी सुन्दास, सानुमति राई प्रभृतिका कविताले भारतीय नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

प्रयोगकालीन समयमा आयामेली आन्दलोन दार्जिलिङे समाजको एउटा महत्त्वपूर्ण देन हो । यसकालमा कवि ईश्वर बल्लभ, बैरागी काइँला तथा इन्द्रबहादुर राईको नेतृत्त्वमा यसको बीजारोपण भयो । इन्द्रबहादुर राई विशेषतः गद्यमै केन्द्रित रहेका पाइन्छन् भने काइँला र वल्लभका कविताले *तेस्रो आयाम*को नेतृत्त्व गऱ्यो । हुन त कालान्तरमा ईश्वर बल्लभ र बैरागी काइँला नेपाल फर्किए तर उनीहरूले दार्जिलिङकै भूमिमा बसेर *तेस्रो आयाम*को आविर्भाव गरेका हुन् । ईश्वर बल्लभका कृति – **आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन् (१९७२), एउटा सहरको किनारमा (१९७७), समान्तर (१९८१), कस्मै देवाय (१९८१), धुवाँको जङ्गल (२००४)** प्रकाशित भएका छन् ।

वैरागी काइँला – कवि काइँला आयामेली आन्दोलनका एकजना सशक्त कवि हुन् । ***तेस्रो आयाम*** तथा ***फूल पात पत्कर*** (१९६१) जस्ता पत्रिकासित सम्बद्ध यिनका **वैरागी काइँलाका कविताहरू** (१९७४), **अन्धा मान्छे र हात्ती** (२०११) जस्ता कविताकृति प्रकाशित भएको पाइन्छ ।

गुमानसिंह चामलिङ – **जीवन परिधिभित्र** (१९६३), **अन्तर्द्वन्द्व** (१९६४) **सूर्य उदाउनुभन्दा पहिल्यै** (१९६८), **कारागरभित्र प्रतीक्षा र अन्य कविता** (१९७८) प्रकाशित पाइन्छ । गुमानसिंह चामलिङका कविता प्रयोगवादी छन् । यिनले जातीय बिम्बहरूका साथै जीवन र जगत्सम्बन्धी तत्त्व चिन्तनका साथै राजनीतिक घटनाहरू पनि अङ्कित गरेका छन् ।

केदार गुरुङका **आज फेरि एउटा सम्झना र नयाँ दिनहरू** (१९७०), **तरंगमाथि लहर लागेर आएको अर्को प्रहर (१९७३), महाशक्तिहरूको पूजा (१९७५), छाँगुहरू सँधै सेतै भएर खस्ने गर्छन् (१९८४), फैलिएका हातहरू सूर्यग्रहण नीला दहहरू (१९८९), उर्लन्छन् छालहरू समय र ज्वारभाटाहरूजस्तै (१९९५), म आफ्नै कविताहरूको भारी घिसाएर हिँडिरहेछु (२०००) र खरीको बोट र सुनाखरीहरू (२००५)** जस्ता कृति प्रकाशित भएका छन् ।

यसै कालमा उदाएका भारतीय नेपाली कविहरूमध्ये भाइचन्द्र प्रधान, अच्छा राई ‘रसिक’, नरबहादुर दाहाल, नरेन्द्रप्रसाद कुमाई, हर्कजङ्गसिंह छेत्री, सानुमति राई, लक्खीदेवी सुन्दास, राम ‘अपतन’, जगत् राई, जगत् छेत्री, रामलाल अधिकारी, बुद्धकुमार मोक्तान, आरती राई, चन्द्रमित लक्सम, असित राई, नन्द हाङ्खिम, खड्गसिंह राई ‘काँडा’, मोहन दुखुन, लक्ष्मण श्रीमल, एम. पथिक, मोहन ओझा, शरद् छेत्री, दलसिंह ‘अकेला’, नरेशचन्द्र खाती, नोर्देन रुम्बा, मोहन ठकुरी, सम्पूर्णा राई, विकास गोतामे, जय योञ्जन ‘प्यासी’, भीम सन्तोष, टेकध्वज जिम्बा ‘आशा’, देव भण्डारी, युद्धवीर राणा, एम. बी राई, पार्वती रूम्बा, कुमार घिसिङ आले, बी. योञ्जन, भीम थापा, नोर्ज्याङ स्याङ्देन, शङ्कर सुब्बा ‘फागो’, भक्त राई, ज्ञानेन्द्र खतिवडा, राजेन्द्र भण्डारी आदि ।

खड्कसिंह ‘काँडा’को **मेरो नामले पुगेन मलाई** (१९९३) प्रकाशित छ । तर यिनी ६० कै दशकबाट कवितायात्रामा **दीपक** शीर्षकको कविता १९५७ मा प्रकाशित भएपछि काव्य यात्रमा लागेको थाहा पाइन्छ । यिनका कवितामा पर्याप्त राष्ट्रवादी भावना निहित भएको पाइन्छ ।

लक्खी देवी सुन्दास – **संभावित अर्थ समर्पित एकान्त** २००० सालमा प्रकाशित भएको छ । यिनले ५० को दशकदेखि कविता र कथाका माध्यमबाट आफ्नो साहित्यिक यात्राको थालीनी गरेकी हुन् । यिनका कतिपय कविता हिन्दी भाषामा पनि प्रकाशित भएका थिए ।

लोकनाथ प्रधान, (विरूवा,१९६६), पदम भुजेल (**भक्कानोहरू**, १९७५), नरेन्द्र खड्का र टीका पराजुली (**फूलहरू : काँडाहरू**, १९७७), हरेन आलेका **बैंसहरू** (१९७७), कितापसिंह राईको **जीवनफूल** (१९८२), का

कविता डुवर्स छेत्रबाट प्रकाशित भएको पाइन्छ । प्रयोगकालमा भारतका शरद् छेत्री – **चोइटिएको आकाश : मक्किएको चेतना** (१९७३), **पर्यटन र केही प्रिय कविताहरू** (१९७९), **कविता खोज्दै शरद्, शरद् खोज्दै कविता** (१९९२), नन्द हाङ्खिमको **प्रेमालाम** (१९७१), इन्द्रबहादुर गुरुङ ( **आगोहरू अनि फूलहरू**, १९८४, केही कृति केही विस्मृति (१९९१), बद्रीनारायण प्रधान, मायादेवी योञ्जन, आदिले डुवर्स छेत्रबाट कलम चलाएको थाहा पाइन्छ ।

सिक्किमेली भूमिबाट सक्रिय रहेका कवि गिर्मी शेर्पाको **बाँझो दिनमाथि पह्लाएका केही फूलहरू ( १९७८), हिपोक्रिट चाँप, गुराँस र अन्य कविता ( १९८८),** राज के श्रेष्ठ र पूर्ण राईका कविता ( कविता सङ्ग्रह, १९८०), सन्तोष वरदेवाको **अस्तित्व तिम्रो र मेरो (**१९८१), पूर्णबहादुर विष्टको **निम्तो** (१९८२), राज के श्रेष्ठ र भूपेन्द्र अधिकारीका **हामी दुइका मुक्तक** (१९८३), जीवन थिङको **साङ्लीभित्र बाँधिएका घोडाका टापहरू** (१९८३), वीरभद्र कार्कीढोलीका **निर्माण त्यो मोडसम्मको** (१९८४), **आभास** (१९८६), **कविता पर्खिएर आधारातसम्म** (१९८८), **एकमुठी कविता** (१९९४), **शब्द र मन** (२०००) शिवप्रधानका **रेशाहरू** (१९८४), **संघात** (१९८५), उपमान बस्नेतका **यी सुस्केरा देवराली चौतारी र वर पीपलका** (१९८४), **मूर्त – अमूर्त अभिव्यक्ति** (१९८५), **तुषारोले कठ्याङ्ग्रिएका रूग्ण, चिसा पलहरू** (१९९५), **घुम्टोभित्रको घुर्मैलो आकाश** (२००४), प्रद्युम्न श्रेष्ठको **पुष्प वाटिका** (१९८५), **मह** (१९९७), **मोह** (२००१) **र माया** (२००५), रविन गुरुङको **सोक्पा** (खण्डकाव्य, १९८६), **कोपिला** (१९८६), गोपाल गाउँलेका **केही अभिव्यक्ति स्वाभिमानका** (१९८६), उदयचन्द्र वशिष्ठको **अष्टावक्र गीता** (१९८७), देवकुमार दुमी र तारा देवी प्रधानका **दोभान** ( १९८७), विजय बान्तवाको **आफैभित्र आफै सुनौँ** (१९८८), रामदत्तलाल ठाकुरको **राम अपतनका केही कविताहरू** (१९८९), रोबर्ट रोजर रूछेनबुङको **रमाइलो बिहानीरो कथा** (कविता सङ्ग्रह, १९९०), प्रवीण राई जुमेलीका **घाउका आवर्तहरू (१९९५), शब्दातीत (२०००), इम्पास्टो अक्षर (२००६),** वीरू बाङ्देलका **आहट मानेभञ्ज्याङको (१९९५) र कसाईको बस्तीमा (२००५)**, भीम दाहालका **समृद्ध व्यथा : कङ्काल अभिव्यक्ति (१९९७) र रगतको हस्ताक्षर (२०००)**, विजय कुमार सुब्बाका **तेस्रो दृश्यको नेपथ्यतिर (कविता सङ्ग्रह, २००४),** थिरूप्रसाद नेपालको **मनको आकाशमा सुनका चरीहरू** (२००३), भारतीय नेपाली साहित्यमा युग्मकको आरम्भ गर्ने कालुसिंह रणपहेंलीका **मूल्यन अवमूल्यन** (खण्डकाव्य, १९९४), **युग्मक** (१९९८), **दुई हरफे कविता सङ्ग्रह र बाँच्नुको क्रम** (२००४), सुधा एम राईको **फूलको यौवन फूलैसित जोड (१९९५) र विरोधाभाष** (२०००), विणाश्री खरेलका **प्रश्न चिह्न (१९९७) र मेरो बकपत्र (२००३),** एक हरफे कविताबाट नवीन प्रयोग गर्ने कवि अमर बानिया लोहोरोका **भावधन** (२००५), **काव्याणु** (एक हरफे कविता सङ्ग्रह, २००६) , डा. शान्ति छेत्रीको **ज्वालामुखी र छालहरू** (१९९२) जस्ता कविता कृतिको प्रकाशनले भारतीय नेपाली कवितालाई पोषण गरेको पाइन्छ । सिक्किमबाटै काव्य शास्त्रीय छन्दमा कविता रचना गर्ने प्रतिष्ठित कविहरू हुन् चक्रपाणि भट्टराई, भवानी घिमिरे, कनकधारा स्वामी स्वदेशानन्द र के एन शर्मा । सिक्किमबाट नवीन प्रयोगमा आबद्ध अर्का महत्त्वपूर्ण

कवि हुन् भीम ठटाल । यिनको **जिद्दी बालक** (२००६)मा विचारप्रधान काव्यिक अभिव्यक्ति पाइन्छ । टी बी चन्द्र सुब्बाको **अभ्यस्त** (कविता सङ्ग्रह), **अनुद्वेगको रूप (१९९७), दुख सागर** (गीति काव्य) प्रकाशित छन् ।

प्रगतिवादी काव्यधाराबाट भारतीय नेपाली कविहरू पनि टाढा बसिरहन सकेनन् । उनीहरूले आफ्ना कवितामा पर्याप्त मात्रामा प्रगतिवादी चिन्तनको नवप्रयोग गरेको पाइन्छ । असीत राई – **अक्टोपस** (१९७१), **आफूलाई केही पर उभाएर हेर्दा (१९८२), शताब्दी सम्बोधन (२००४)**, जस्ता कृति प्रकाशित छन् । यिनका रचनामा चियाबारी र ग्राम्यजीवनको चित्रणका साथै श्रमजीवि नेपाली समाजका पक्षमा प्रगतिवादी स्वर सशक्त भएर देखा परेको छ । जस योञ्जन प्यासीको **एउटा देशको खोजमा (१९८५), शान्ति सन्देह (२००२), बोलाऊँ भने तिमीलाई (गीत सङ्ग्रह २०१०)** जस्ता कृति प्रकाशित छन् । मोहन दुखुनले कविता, खण्डकाव्य अनि छ वटा महाकाव्य रचेका छन् ।

भारतीय प्रगतिवादी धारमा देखिएका अन्य उल्लेखनीय कविहरू हुन् – कुमार घिसिङ, प्रेम शेर्पा विरोकी, बुद्ध कुमार मोक्तान, गोपीनारायण प्रधान प्रभृति कविहरूले नेपाली साहित्यमा भारतबाट विशेष योगदान पुऱ्याएको थाहा लाग्दछ ।

भारतीय नेपाली साहित्यमा *सङ्क्रमण* पत्रिकाको आफ्नै महत्त्व छ । १९९० देखि काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा विभागको नेपाली प्रभागका विद्यार्थीहरूबाट यसको प्रकाशन थालियो । कथाका क्षेत्रमा सञ्जय विष्ट अघि आए भने कविताका छेत्रमा केवलचन्द्र लामा, सञ्जय बान्तवा, सुधीर छेत्री, राज के सुब्बा, विमल छेत्री, किरणकुमार राई, उदय थुलुङ, रेमिका थापा र कविता लामा । यसै कालमा नवलेखन स्तम्भका माध्यमबाट उनीहरूका धारणालाई मूल्याङ्कन गर्न घनश्याम नेपाल र दिवाकर प्रधान अघि आए । अघिल्ला कविताले मानवहितलाई केन्द्रमा राखेर परम्परा, अस्तित्ववाद र अनुभवले प्रेरित वैज्ञानिक प्रगतिको पक्ष लिन्थ्यो भने समकालीन कविताले चाहिँ हिताहित –निरपेक्ष भाव राखेर तर्क र विज्ञानको भाषा अप्नाएरै वैज्ञानिक प्रयोगसहित मानवीय सम्वेदनामा विश्वास राख्दछ भन्ने मत दिवाकर प्रधानले व्यक्त गरेका छन् । यसकालमा कालेबुङबाट राजेन्द्र भण्डारी, सिलगढीबाट ज्ञानेन्द्र खतिवडा, राजा पुनियानी, मिरिकबाट सिद्धार्थ राई, बिजनबारीबाट मनप्रसाद सुब्बा, दार्जिलिङबाट सतिश रसाइली आदि सक्रिय भए । समकालीन प्रवृत्तिलाई टड्कारो रूपमा प्रयोग गर्ने कविमा राजेन्द्र भण्डारी अग्रणी मानिन्छन् । यसै कालमा कवि विचन्द्र प्रधानले धाराप्रवाह सङ्ग्रह निकाल्दै कवितालाई नवरोमान्टिक धारामा मञ्चीय बनाएर आवृति स्तरमा ख्याति दिने कार्य विचन्द्र प्रधानले गरेका हुन् ।

यस दशकपछि कालेबुङबाट विचलन लेखनका माध्यमबाट सुधीर छेत्री, मनोज बोगटी, उज्ज्वल बमजन, उमेश उपमा, सुरज रोसूरि प्रभृति देखा परे । नवलेखन र प्रयोगमा राजेन्द्र ढकाल, सुवास सोताङ, कमल रेग्मी, सुकराज दियाली, बासुदेव पुलामी, निरज थापा, रिपन रोसुरी, विनोद छेत्री, विनोद प्रधान, किशोर छेत्री, उपमान बस्नेत,

कर्णबहादुर चामलिङ, महेन्द्र स्याङ्बो, राजा पुनियानी, टिका भाइ, जय क्याक्टस, मिलन बान्तवा, सुरेन्द्र थीङ, लेखनाथ छेत्री, महेश दाहाल आदि कवितामा सक्रिय देखिए।

१९७० को दशकदेखि स्वच्छन्दतावादको प्रभावले पूर्वाञ्चललाई विशेष प्रभावित गरेको देखिन्छ। हरिभक्त कटुवालले थालेपछि पुष्पलाल उपाध्याय, गोकुलप्रसाद जोशी, गोपीनारायण प्रधान, कृष्णप्रसाद ज्ञवाली, विरही सुब्बा, जगत्‌बहादुर प्रधान, गजेन्द्र छेत्री, गुरुभक्त धिताल, पदमबहादुर थापा, हरीश पुरी, मणिसिंह थापा, मीरादेवी राई, राजसिंह लिम्बू, खेमलाल पोख्रेल, धर्मलाल भूसाल, मनबहादुर थापा, युद्धवीर राणा, अविनाश शेष्ठ तथा नवसापकोटा प्रभृतिको उदय भएको पाइन्छ। पूर्वोत्तर भारतका भविलाल लामिछाने, नव सापकोटाअनिरूद्ध ,गोपालबहादुर नेपाली , मोहन सुवेदी आदिका कवितामा क्रमश ,खडकबहादुर कौशिक ,इन्द्रकान्त कार्की,पदम छेत्री,युद्धवीर राणा ,गौतम नवप्रगतिवादी चेतना झल्कियो।

पूर्वोत्तर भारतको प्रसङ्गमा मणिपुरको योगादानलाई बिर्सिनु हुँदैन। तुलाचन आलेको **मनीपुर्को सवाई** बाट नै नेपाली साहित्यमा मणिपुरको महत्ता र भूमिका प्रष्ट हुँदछ। भारतीय नेपाली साहित्यमा तुलचन आलेको '**मनीपुर्को लडाइँको सवाई** १८९३सन् )) प्रकाशित पुस्तकलाई सर्व भारतीय नेपाली साहित्यमा सर्वप्रथम हुने सौभाग्य प्राप्त छ। मणिपुरका अर्का उपज हुन् चन्द्रेश्वर दुवे। यिनले धैरै लामो समय मणिपुरमा बसेर नेपाली साहित्यको उत्थानका निम्ति कार्य गरेका छन्। नेपाली आफ्नो मातृभाषा नभए तापनि नेपालीलाई आफ्ना अभिव्यक्तिका माध्यम तुल्याउने दुवेका नेपाली भाषामा प्रकाशित काव्य रचनाहरू हुन् - मेची बग्दै थियो १९६०खण्डकाव्य )), सम्झनाको डोको १९७०कवितासंग्रह )), भानुभक्त र घाँसी १९७५खण्डकाव्य )), लाहुरे १९७८कविता )), भावी पत्नी कविता ) (१९६०। यिनका अन्य विधामा पनि थुप्रै रचना प्रकाशित छन्। मणिपुरका अन्य कविहरूमा सीताराम लम्सालको लोक शिक्षा मञ्जरी ) १९७५, आलोक गौतमको (मान्छे भित्रको मान्छे बोल्छ (२००७), अनिरुद्ध गौतमको चश्मा भित्रका घायल आँखा १९८३कविता )) र अज्ञात शब्दका पछि पछि (१९८६), कृष्णप्रसाद काफ्लेको मनका खुट्का (छंदोबद्ध काव्य )(१९९१), श्राद्ध मञ्जरी (१९९२), मानवता (२०१४), पदमबहादुर राईको कस्तुरी (कविता) २००२, भवानी अधिकारी कोरौगी मशेक मडाल २००३मणिपुरी कविता )), कीर्तिमणि खतिवडा, दीपक पन्थ पूर्णिमाको जुन २००८गजल )), मन्थन २०११धार्मिक सामान्य ज्ञान )), नेत्र अधिकारी कलिला बेलपत्र (२००८), होमप्रसाद शिवाकोटी ज्ञानरत्न संग्रह )२०१०(, देवी थापा मामाको आमा २०१०लघुकथा )) , इचे शर्मिला काव्य ) २०११मणिपुरी ), बाबा २०१२लघुकथा )), सासू २०१३लघुकथा )), माइती २०१४लघुकथा )), बद्री नारायण खतिवडा कुमारी दीक्षा १९९९धार्मिक )), कुम्भ श्राद्ध (कधार्मि), डा सीताराम अधिकारी आधुनिक मान्छे २०११ (कवितासंग्रह), राहुल राई एकमुठी कविताहरू२०१३ (कविता) , कालो अक्षर २०१७ (कविता), घनश्याम कोइराला मिसकल २०१२ (कवितासंग्रह), सृष्टिका दुई धारा ,२०१३ (खण्डकाव्य)खत्री कुमार प्रकृति र मान्छे (२०१४), सृष्टि पौड्याल पन्थ, वसन्ती पौडेल बिहानको प्रतीक्षा(२०१७) , सीतादेवी छेत्री एउटा घरमा (२०१७)आदि प्रकाशित भएका छन्। यसले मणिपुरको नेपाली साहित्यको उर्वरा अवस्थाबारे केही सङ्केत दिंदछ।

वर्तमान समयसम्म पनि वासभूमिको समस्या खपेका भारतीय नेपालीका मुद्दालाई आधारित बनाएर कवि मनप्रसाद सुब्बा र रेमिका थापाले किनारीकरणको सिद्धान्तलाई भारती नेपाली साहित्यमा नव प्रयोग गरेका छन् । उनीहरूको **किनाराका आवाजहरू** कृति प्रकाशित भएपछि घनश्याम नेपाल, दिवाकर प्रधान, पेम्पा तामाङ प्रभृतिले यसको समीक्षागत मूल्याङ्क गरिरहेको पाइन्छ । भारतीय नेपाली साहित्यमा समसामयिक कविताले *महाकाव्य, खण्डकाव्य, लामो कविता* जस्ता स्वरूप प्रायः त्याग गरेको छ भने *फुटकर कविता, मुक्तक, युग्मक, गीत, गजल, तीहक, हाइकु, नज्म, रूबाइ र एकहरफे कवितासम्म* फस्टिएको पाइन्छ । असमको *कोलाज आन्दोलन* एक समय त्यहाँ खुबै लोकप्रिय भएको थियो । यसलाई अविनाश श्रेष्ठले नेतृत्त्व गरेका थिए । कवितामा नवप्रयोग गर्दै मनप्रसाद सुब्बा र रेमिका थापाको *किनारावाद*, सुधीर छेत्रीको *विचलन*, बासुदेव पुलामी र अन्यको *समावेशी*, राजा पुनियानीको *हस्तक्षेप* आदि जस्ता नयाँ कवितात्मक अभियानलाई अघि बढिरहेका छन्। कविता अब हेरिने वस्तुका रूपमा पनि विकसित भएको पाइन्छ। वाचनको माध्यमबाट कवितालाई जनसमाजमा रूचिकर बनाउन नयाँ नयाँ उपाय गरिएको पनि पाइन्छ। २०१६ देखि *अभिसङ्गी* भन्ने नयाँ अभियान आरम्भ भएको छ। यसको माध्यमबाट कविताको वाचनको भिडियो सिडी पनि निस्केका छन्। यसको नेतृत्व दार्जिलिङकी पवित्रा लामाले गरेकी छन् भने उषाकिरण सत्यदर्शी, कृतिका दाहाल, विक्की थापा आदि यस प्रयोगमा सक्रिय बनेका छन्।

## ५. भारतीय नेपाली कथा

नेपाली कथाको इतिहास पहिल्याउँदै जाँदा भानुदत्तले रचना गरेको **हितोपदेश मित्रलाभ** ( वि.सं १८३३) नेपाली कथाको लिखित प्रारूपका रूपमा प्राप्त हुन्छ । यो संस्कृत नैतिक कथाको अनुवाद हो । यसपछि ई. १८१९ मा **मुन्सीका तीन आहान** कथा देखा पर्दछ । देहरादूनबाट प्रकाशित हुने *गोरखा संसार* (१९२६) देखि मौलिक सामाजिक कथा लेखिन थालेको देखिन्छ । यस कथाको मुख्य उद्देश्य समाज सुधान गर्नु थियो यसैले गर्दा यहाँ प्रकाशित कथाहरू सामाजिक विषय वस्तुकै थिए । १९८६ वैशाखमा यसै पत्रिकामा छापिएको "**एउटा गरीब सार्कीको छोरी**" कथा रामसिंह गोर्खालीले लेखेका हुन् । यसमा तत्कालीन समाजमा व्याप्त धनी र निर्धनमाझको खाडल अनि जातपात जस्ता विषय लिएर हुने भेदभाव र छुत अछुत जस्तो सामाजिक विषयवस्तुलाई कथाको मूल कथ्य बनाइएको थियो । यसै पत्रिकामा प्रेमसिंह आलेको "करनीको फल" प्रकाशित भयो ।

आधुनिक विधाका रूपमा नेपाली कथा परम्पराको आधुनिक इतिहास पहिल्याउँदै जाँदा **शारदा**को प्रकाशन १९३४सन् )) अनि **कथाकुसुम**को प्रकाशन १९३सन् )८ (-सम्म पुगिन्छ । **कथा कुसुम** कथासङ्ग्रहमा प्रकाशित - गुरुप्रसाद मैनाली, बी पी कोइराला, बालकृष्ण सम र पुष्कर शमशेरका कथाहरू सङ्कलित छन् । हालसम्म प्राप्त यही नै नेपाली कथा साहित्यको मुद्रित प्रथम कथासङ्ग-्रह हो । **कथा कुसुम**को सम्पादकीयमा सम्पादक सूर्यविक्रम ज्ञवालीले आधुनिक कथाको सिद्धान्तको स्थापनाका साथै यसमा सङ्ग्रहित कथाको समालोचकीय मन्तव्य पनि व्यक्त गरेका छन् ।

आधुनिक नेपाली कथाको विकासमा भारत र नेपालबाट छापिने पत्रपत्रिकाको महत्त्वपूर्ण योगदान छ । शारदाको प्रकाशनपूर्वदेखि नै *गोरखा पत्र, गोर्खे खबर कागत, गोर्खा संसार, माधवी, चन्द्र, चन्द्रिका* आदि पत्रिकाहरूमा नेपाली कथाहरू प्रकाशित भएका थिए ।

भारतबाट प्रकाशित तीनवटा महत्त्वपूर्ण कथा १९१४ मा काशीबाट प्रकाशित रतनसिंह गुरुङको **औटपोस्टको कथा**, रामसिंह गोर्खाको **एउटा गरीब सार्कीकी छोरी**, प्रेमसिंह आलेको **करनीको फल**लाई भारतबाट प्रकाशित भएका प्रारम्भिक नेपाली कथा मान्न सकिन्छ भन्ने मत ईश्वर बरालको रहेको पाइन्छ । पारसमणि प्रधानको मान्यता भने अलि भिन्न छ । उनी लाहुरे छद्मनाम प्रयोग गरेर सूर्यविक्रम ज्ञवालीद्वारा रचित **देवीको बली** (१९२६) कथालाई भारतबाट प्रकाशित भएको प्रथम मौलिक नेपाली कथा मान्छन् । नेपाली साहित्यमा १९२७ मा ठाकुर चन्दनसिंहको सम्पादनमा देहरादूनबाट प्रकाशित हुने *गोर्खा संसार* पत्रिकामा रूपनारायण सिंहको **अन्नपूर्णा** कथा प्रकाशित भयो । यसै कथाले दार्जिलिङको नेपाली कथा साहित्यको थालनी गरेको श्रेय प्राप्त गरेको पाइन्छ । **कथा नवरत्न**मा सङ्ग्रहित नेपाली कथा तथा **भ्रमर** उपन्यासका रचना गर्ने रूपनारायण सिंहको आविर्भाव भएपछि आधुनिक नेपाली कथा साहित्यले नवीन उचाई प्राप्त गऱ्यो । १९५० मा *जागृति* नामक हस्तलिखित पत्रिकामा मायादेवी योञ्जनको **मन्दा** कथाबाट डुवर्शमा नेपाली कथालेखनको आरम्भ भएको ठानिन्छ । **रूपनारायण सिंहकै समकालीन इन्द्र सुन्दासको प्रथम कथा सपनाको सम्झना परिवर (१९३६)्तन पत्रिकामा कालेबुङबाट प्रकाशित भएको पाइन्छ ।**

पारसमणि प्रधानको सम्पादनमा **भारती** मा छापिएका कथामध्ये चयनित कथाहरू-(५८-१९४९) **कथा भारती**मा प्रकाशित भएका छन् । यसै समयमा रूपनारायण सिंहका कथा पनि पत्रिकामा प्रकाशित भएका पाइन्छन् । यस युगलाई नेपाली साहित्यको रोमान्टिककालीन युगका रूपमा विद्वान्हरूले नामाकरण गरेका छन् । यसरी आरम्भ भएको कथा लेखनलाई भारत तथा नेपाल दुवैतिरका कथाकारहरूले पोषण गरेका छन् । भवानी भिक्षु, गोविन्द मल्ल, शिवकुमार राई, इन्द्र सुन्दास, हायमनदास राई 'किराँत,' हरिप्रसाद गोर्खा राई, लक्ष्मीप्रसाद देवकोटा, अच्छा राई रसिक, केशवराज पिंडाली, गोविन्दप्रसाद लोहनी आदि कथाकारहरूले पोषण गर्दै रोमान्टिककालीन कथालेखनको ऐतिहासिकतालाई गुणवत्ता प्रदान गरे । यस कालमा प्रकाशित प्रमुख प्रतिनिधि कृति हुन् –

- **कथाकुसुम** (सन् १९३५)
- **दोषी चस्मा** (सन् १९४९)
- **कथा नवरत्न** (सन् १९५०)
- **कथा भारती** (सन् १९५०)
- **मैयासाहेब** (सन् १९६०)

यस समयका विशेषता पहिल्याउने हो भने प्रथम चरणमा सामाजिक यथार्थवादी, नियतिवादी, आदर्शोन्मुख कथाहरू लेखिनका साथै बी पी कोइरालाद्वारा यौन मनोवैज्ञानिक कथा पनि लेखिन थाले । उता सम र पुष्करका कथामा बौद्धिक चाल र तार्किक चतुऱ्याइ देखियो भने यता रूपनारायणका कथामा सामाजिक वास्तविकताको

आदर्शोन्मुख चित्रण देखिन्छ। मैनाली र सिंहलाई पछयाउँदै शिवकुमार राई, इन्द्र सुन्दास, हायमन दास राई 'किराँत', हरिप्रसाद गोर्खा राई आदि कथाकारले कथा रचे भने बी पी कोइरालालाई भिक्षु र गोविन्दमल्लले पछयाएको देखिन्छ।

भारतीय नेपाली कथा साहित्यको अध्ययन गर्दा रूपनारायण सिंहको **कथा नवरत्न** कथा सङ्ग्रहको प्रकाशन १९५० मा भएपश्चात् अन्य केही कथा सङ्ग्रह यस दशकमा देखा परेका छन्। तीमध्ये परशुराम रोकाको **पञ्चामृत** (१९५०), शिवकुमार राईको **फ्रन्टियर** (१९५१), **यात्री** (१९५७), भाइचन्द प्रधानको **षट्‌दल** (१९५२), जयनारायण गिरीको **कसिङ्गर** (१९५१), काजीमान कन्दङ्वाको **आठकथा** (१९५३), अच्छा राई रसिकको **सप्तकोशी** (१९५५), देवकुमारी सिन्हाको **एकादशी** (१९५४), **झझल्को** (१९५८), नरबहादुर दाहालको **वर पिपल** (१९५९), आदि प्रकाशित भएको पाइन्छ। यसकालमा स्वच्छन्दतावादी कथालेखनसितै आदर्शोन्मुखी यथार्थलाई पनि कथ्य विषय बनाइएको देखिन्छ। सामाजिक यथार्थ प्रस्तुत गर्दै आदर्शोन्मुख भएर एउटा स्वच्छ छवियुक्त समाज निर्माण यस कालका कथाको ध्येय देखिन्छ।

अच्छा राई रसिक र केशवराज पिंडालीले हास्य व्याङ्ग्यात्मक कथा लेखे भने, लोहनी भने सामाजिक वर्गभेद र आर्थिक विषमताको विरोध तथा कम्युनिष्ट नारावादी कथा लेखनतर्फ लागेको देखिन्छ। *गोर्खा* (१८४५) मा **'शङ्कर स्तुति'** हास्य व्यङ्ग्यात्मक कविता प्रकाशित गरेर साहित्यमा पदार्पण गर्ने रसिक का रचनामा हास्य व्यङ्ग्यले मर्म छोएको छ। उनका प्रायः रचनामा राजनीतिको तुस पाइन्छ भनी महानन्द पौड्यालले **'रसिकका केही अप्रकाशित कृति'मा** उल्लेख गरेका छन्। यता देवकोटाले भने सामाजिक विद्रूप, सामाजिक विसङ्गति र अन्धविश्वासप्रति व्याङ्ग्यात्मकतालाई आफ्ना कथामा उतारे। कथाको विकास हुँदै गर्दा बी पी कोइराला, देवकोटा आदिबाट प्रभावित भई कथामा प्रयोगात्मकता भित्र्याउन धेरै नवीन युवा लागिपरे। एकातिर रूपनारायण र मैनालीकै परिपाटीलाई पछयाउँदै इन्द्रबहादुर राई, रमेश विकल, शरद छेत्री, रामलाल अधिकारी, सानु लामा आदिले कथा लेखनलाई निरन्तरता दिए भने बी पी, भिक्षु र गोविन्द मल्ल गोठालेलाई पछयाउँदै मनोविश्लेषणात्मक प्रवृत्तिलाई आफ्ना कथामा उतार्ने कथाकारहरू विजय मल्ल, पोषण पाण्डे, राधाकृष्ण शर्मा, बालकृष्ण पोखेल, प्रेमा शाह, कुमार नेपाल आदि हुन्। बाल मनोवैज्ञानिक कथालाई उर्वर र फाँटिलो बनाउन देवकुमारी थापाका कथाहरूको महत्त्वप

यी बाहेक केही नयाँ कथा परिपाटी लिएर देखापरेका प्रयोगवादी कथाकारले यस युगलाई नेतृत्व गरे। जसमध्ये शङ्कर लामिछाने विज्ञान कथा, कथाहीन कथा आदि विधिलाई आत्मसात् गरेर कथालेखनमा लागे अर्कातिर पारिजात, अर्जुन निरौला, ध्रुवचन्द्र गौतम, मञ्जुल राल्फा आदिले आधुनिक समाजमा अस्तित्वको सङ्कट, मानवीय मूल्यको विघटन, विसङ्गति, नैराश्य र जुगुप्सा जस्ता स्थिति र भावहरूको व्याङ्ग्यात्मक र स्वैरकल्पनामूलक शैलीमा प्रस्तुति गरे।

भारतमा पनि यसको प्रभावमै नयाँ नयाँ किसिमले प्रयोग गर्ने क्रममा कथाकार इन्द्रबहादुर राईले **बिपना कतिपय** कथा थर्वादको प्रयोग गरे भनेसङ्ग्रहका कथामा प्रकृतिवादी यथा-**कथास्था**मा उनी आयामवादी प्रयोगतर्फ उद्यत भए। **कठपुतलीको मन** कथासङ्ग्रहसम्म आइपुग्दा लीलावादी प्रयोगको यात्रा उनले अँगालिसकेको पाइन्छ। - प्रयोगकालीन कथालेखनको अध्ययन गर्दा अर्को विशेषता के देखिन्छ भने नेपालका नेपाली कथाकारहरूले मनोविश्लेषणात्मक प्रवृतिको प्रयोग बढी गरे भने भारतीय नेपाली कथाकारहरूले प्रायजसो सामाजिक यथार्थः, अस्तित्ववाद, नैराश्य, जुगुप्सा, प्रेम, दयनीयता आदि क्षेत्रमा केन्द्रित भएर कथा लेखेका छन्।

नेपाली कथा लेखनको प्रयोगकालमा सशक्त प्रयोक्ताका रूपमा कथाकार पारिजात देखा परिन् । यसकालमा प्रकाशित कथा सङ्ग्रहमध्ये इन्द्रबहादुर राईको विपना कतिपय (१९६०), कथास्था ,(१९७२(, असित राईको वसन्त राग (१९६३), अमूल्य पुरस्कार (१९६६), मोहन थापाको सिपाहीकी स्वास्नी (१९६०), ऋषिको सप्तर्षि (१९६०), विक्रम रूपासाको त्यो अतित त्यो वर्तमान (१९६२), भाइचन्द प्रधानको म मरेको छैन (१९६३) आदि प्रकाशित भयो ।

भारतमा ६० को दशकबाट पुस्तक प्रकाशित गरेर नेपाली कथा साहित्यको ढुकुटी भर्न उद्दत मुख्य कथाकारहरू यस प्रकार छन्:- इन्द्रबहादुर राई , वसन्त कुमार राई, मोहन थापा, ऋषि, वीरविक्रम गुरुङ, विक्रम रूपासा, प्रेम योञ्जन, प्रेम थापा, दुर्गाप्रसाद श्रेष्ठ, भाइचन्द प्रधान, बी.बी. राणा, अग्नि डी. तामाङ, गुरूराज अधिकारी, चन्द्रप्रकाश नेपाली, प्रेम सिंह, मायादेवी सुब्बा, लक्ष्मीदास बस्नेत, समीरण छेत्री 'प्रियदर्शी', हर्क योञ्जन, प्रकाश कोविद, हरिशचन्द्र बम्जन, गनुसिंह गुरुङ, धनबीर पुरी, छत्रनरसिंह शाक्य, तुलसीराम शर्मा, नारदकुमार छेत्री, टी. आर. दियाली, राधिका राया, गाब्रियल राणा, दिल सुब्बा, हरिमदन गुरुङ, इन्द्र सुन्दास, काजी प्रधान, हरीश मोक्तान, जीतमान राई, मोहन बिरही, एडोन रोङ्गोङ, गोपाल गुरुङ, जी. छिरीङ, सूर्यकुमार श्रेष्ठ, नकुल काजी, रामलाल अधिकारी, विनोदकुमार राई, दिलीप बिरही, ए.बी. गहतराज, जगत् छेत्री, धनहाङ सुब्बा, नन्द हाङ्खिम आदि छन् ।

७० को दशकमा आइपुग्दा परम्परा र प्रयोग सराबरी हुन थालेको पाइन्छ । यस कालमा केही अकथा लाग्ने निबन्धात्मक, संस्मरणात्मक औ मनोविश्लेषणात्मक कथाहरू लेखिए पनि कथाले मानव जीवन र सामाजिक यथार्थको धरातल छोडेको देखिँदैन । चियाबारी, कुलैनबारी औ ग्रामीण जीवनको यथार्थ पस्कने उपक्रमसितै कथाकारहरू वैश्विक पीडा, विसङ्गति र सङ्घर्षसित पनि साक्षात्कार भइरहेको पाइन्छ । यस दशकमा निम्नवर्गीय जीवन र केही क्रान्तिचेतका कथाहरू अधिक लेखिको देखिन्छ । कुमार घिसिङ, खुशनारायण प्रधान, पूर्ण राई, उदय कुमार प्रधान, युवराज काफ्ले, के.बी. नेपाली, मणि राई, शरद् छेत्री, मोहन ठकुरी, आई.के. सिंह, जय धमाला, दिल साहनी, अर्जुन निरौला, बी.बी. लकान्द्री, ज्ञान सुतार, कृष्ण गिरी, दशरथ सुब्बा, हरिभक्त कटुवाल, माया ठकुरी, सानु लामा, हरिप्रसाद गोर्खा राई, पारसमणि प्रधान, निर्मल याद, दुर्गाप्रसाद अधिकारी, माटिल्डा राई, सरीता प्रधान, शङ्कर सुब्बा 'फागो', कमल चामलिङ, चन्द्र खालिङ, काजी प्रधान, सानुभाइ शर्मा, हस्त नेचाली आदि ७० का दशकमा बढी सक्रिय भएर आएका छन् ।

भारतीय नेपाली कथामा ८०को दशकबाट केही नवीन कथाकारहरूको आविर्भावले कथा फाट अझ उर्वर बन्न पुगेको देखिन्छ । एकातिर पारम्परिक कथाहरूमा पनि नयाँ विषय, विचार र मुद्दाले स्थान लिइरहेका थिए भने अर्कातिर कथाको शैली, शिल्प र संरचनामा नयाँ चेतको आगमन भइरहेको पाइन्छ । साहित्यमहारथी इन्द्रबहादुर राईले यसै दशकमा 'लीला-लेखन'को उद्घोषणा कथाकृति **'कठपुतलीको मन'**बाट गरेका हुन् । विनिर्माणको उत्तराधुनिक सञ्चेतना, विधाभञ्जनात्मक शिल्प र पुनर्लेखन शैली जस्ता नयाँ संरचनाले भारतीय नेपाली साहित्यमा प्रविष्टि पायो ।

नवीन प्रयोग र परम्पारलाई समानान्तर रूपमा अग्रसरण गर्दै यस कालमा देखिएका कथाकार हुन्- गुप्त प्रधान, पूर्ण सुब्बा, विप्रश, प्रदीप गुरुङ, बी.एम. प्रधान, लव गाउँले, एम.एम. गुरुङ, माधव बुढाथोकी, वीरविक्रम गुरुङ, जगत्

छेत्री, माया ठकुरी, लोकनाथ उपाध्याय चापागाईं, मोहन ठकुरी, सुरेश राई, कितापसिंह राई, आई.के. सिंह, लीलबहादुर छेत्री, कमला खप्नावली, विन्ध्या सुब्बा, पूर्णबहादुर विष्ट, एस.एन. छेत्री, कर्ण थामी, लक्षमण बोहरा, जय धमला, शरद् छेत्री, पूर्ण राई, टेकबहादुर गुरुङ 'तामी', धनबीर पुरी, भीम 'सन्तोष',आर्य लामिछाने, खडगराज गिरी, मणिकुमार प्रधान, रूद्रमणि प्रधान, सरला राई, शिवकुमार राई, समीरण छेत्री 'प्रियदर्शी', महानन्द पौड्याल, श्रीनारायण प्रधान, इन्द्रबहादुर राई, गहर सुब्बा 'उदासी' शरण सुब्बा आदि ।

९० को दशकका कथाहरूको वैचारिक परिधिको विस्तृति र शिल्पगत विविधता उल्लेखनीय छ । फ्रायडीय, मनोविश्लेषण, अस्तित्ववादी चेतनाको तिक्खर भाव र वैश्विक सङ्घटनाका प्रभावमा सिर्जित उदासीनता, मनोविकार तथा गुमाउँदै गएको मानवीयताको चिन्ता यस दशकका कथामा पाइन्छ । 'सङ्क्रमण लेखन' सितै युवाकथाकार सञ्जय बिष्ट, उदय थुलुङ, प्रवीण राई 'जुमेली' आदिको उदय उल्लेखनीय मान्न सकिन्छ । सानुभाइ शर्मा, पूर्ण राई, गंगा कप्तान, राधाकृष्ण शर्मा, आर्य लामिछाने, समीरण छेत्री प्रियदर्शी, टेकबहादुर तामी, रूद्र पौड्याल, गहर उदासी, सरला राई, प्रेम थुलुङ, भीम दाहालहरू सँगसँगै नयाँ कथाकारहरूले १९९०-को दशकको शुरूदेखि नै सिक्किमेली कथा साहित्यलाई नवीन आयाम दिने प्रयास गरेको देखिन्छ। यीमध्ये सानु लामा, भीम दाहाल, प्रवीण राई जुमेली, डिल्लीराम अधिकारी, विजयकुमार सुब्बा, पेम्पा तामाङ, चम्पादिवस राई, कालुसिंह रणपहेंली, विनोद प्रधान "सोरकी', कमला राई 'आँसु', थिरूप्रसाद नेपाल, छिरिङ पाञ्जो शेर्पा, पारसमणि शम, देवकुमार राई, धन निर्दोष सुब्बा आदि कथाकारहरूले सिक्किमेली नेपाली कथा साहित्यलाई नवीन आयाम दिने चेष्टा यस कालमा आएर गरेका छन्। महानन्द पौड्याल, के.बी. नेपाली, सूर्यकुमार सुब्बा, जगत् छेत्री, खडगराज गिरी, छिरीङ पाञ्जो शेर्पा, बेनेडिक्ट बी.बी. राई, मायादेवी योञ्जन, भीम 'सन्तोष', सञ्जय विष्ट, बी.बी. लकान्द्री, उदय थुलुङ, दिनेश खाती, पूर्ण राई, गुप्त प्रधान, समीरण छेत्री 'प्रियदर्शी', इन्द्रबहादुर गुरुङ, शिवकुमार राई, अनमोल थापा, रण्जीत सुब्बा, उपमान वस्नेत, केदार गुरुङ, प्रेम प्रधान, शरद् छेत्री, विष्णु शर्मा अधिकारी, सलोन कार्थक, मणिकुमार सुब्बा, राधाकृष्ण शर्मा, गहर 'उदासी', सम्पूर्णा राई, लक्ष्मीप्रसाद गुरुङ, बेनसिंह राई, जी.आर. खुलाल, विनोद प्रधान 'सोरकी', हरिश मोक्तान, कर्ण थामी, इन्द्रबहादुर छेत्री, विक्रमवीर थापा, चुनिलाल घिमिरे, रामलाल अधिकारी, भगीरथ लोहार, सुधा राई, टी.बी. चन्द्र सुब्बा, दलमान डी. गुरुङ, प्रणय लामिछाने, सुवास सोताङ, इन्द्रमणि दर्नाल, रामबहादुर राई, धन 'निर्दोष' सुब्बा, लक्खीदेवी सुन्दास, विजयकुमार सुब्बा, आशारानी राई आदिका कथा उल्लेखनीय छन् ।

सिक्किमबाट कथा साहित्यलाई बढ़ी प्राथमिकता दिंदै अघि सरेका पत्र-पत्रिकाहरूमा ***स्रष्टा, प्रक्रिया, निर्माण, नागबेली, चौंरी डॉड़ा, समय दैनिक, बाल दर्पण*** प्रमुख रहेका छन्। समकालीन सिक्किमेली कथाकारहरूले आफ्ना कथाहरूमा ग्रामीण जनजीवनको यथार्थिक चिन्त्रणमा बढ़ी जोर दिएका छन्। यसका साथसाथै सहरीकरणको कारण देखा परेका विभिन्न समस्या र विकृतिहरूलाई पनि कथाकारहरूले आफ्ना कथाहरूमा विषय वस्तु बनाएका छन् । प्रवृत्तिगत विशेषताको कुरा गर्दा सिक्किमेली कथाकारहरू यस अवधिमा आएर मनोविश्लेषणतर्फ पनि उन्मुख देखिन्छन्।

मूलतःकथाकारहरूले समाजको वास्तविक चित्रणलाई वर्णन गर्न वक्र दृष्टिको पनि प्रयोग गर्न रूचाएको देखिन्छ। एकातिर ऐतिहासिक विषयवस्तुलाई समेट्ने तथा पारिवारिक जीवनका दुःख, कष्टलाई पनि आफ्ना कथाहरूमा उतार्न यहाँका कथाकारहरू निक्कै सक्रिय देखिन्छन्। पछिल्ला पिँढ़ीका कथाकारहरू आर्थिक विपन्नता र बेरोजगारको समस्यालाई कथाका माध्यमद्वारा चित्रण गर्न रूचाएको पनि देखिन्छ। नयाँ कथाकारहरूले आफ्ना

कथाहरूमा मानव तस्करी, मादक पदार्थको तस्करी र रोजगारका निम्ति पलायन हुनुपरेको विसङ्गत जीवनलाई पनि चित्रण गर्न अघि सरेका छन्। समकालीन समाजमा घटेका सबै घटना र परिवेशलाई विविध रूपमा आत्मसात् गर्दै कथा स्वरूपमा तिनको प्रस्तुति रोचक बनेको देख्न सकिन्छ। आञ्चलिक यथार्थ, भौतिक निर्धनताले निम्त्याएको विसङ्गत परिवेश, इतिहासास्रित जातीय गौरव गाथा, स्वत्वबोध र मानवीय आवेग –संवेगजनित घटना प्रसङ्ग र तिनले सिर्जेका जीवन्त कथात्मक अभिव्यक्तिले यस कालका कथागत वैशिष्ट निर्माण गरेका छन्।

कथ्य शैलीमा आएको नवीन चेतना र विषयगत व्यापकता २००० को दशकको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। भारतीय नेपाली कथालेखनमा नवीन संरचनात्मक र विषय वैविध्यता लिएर कथा सिर्जना गर्ने कथाकारहरू हुन् - थीरूप्रसाद नेपाल, शान्ति छेत्री, भविलाल लामिछाने, हायमनदास राई 'किरात', विरभद्र कार्कीढोली, लक्ष्मी कालिकोटे, कमला राई 'आँसु', प्रदीप गुरुङ, प्रवीण राई 'जुमेली', गौरी नेम्बाङ, चन्द्र शर्मा, भानु खवास, एम.एस. खान, प्रकाश हाङ्खिम, विष्णु शर्मा नेउपाने, ध्रुव लोहागण, मायादेवी र मनोज योञ्जन, निमा 'निची' शेर्पा, सिद्धार्थ राई, गुप्त प्रधान, माधव बुढाथोकी, गुरूभक्त धिताल, विनोद प्रधान 'सोरकी', बद्रीनारायण प्रधान, गोबरधन बाँस्तोला, देवमान लिम्बू, शरद् छेत्री, विन्ध्या सुब्बा, डेशल राई, गीता लिम्बू, वसन्त कुमार राई, उदय थुलुङ, पूर्ण सुब्बा, दलमान मुखिया 'पीर', मणिप्रसाद राई, धनहाङ सुब्बा, भीम 'सन्तोष', रणजीत सुब्बा, जलन, धनबीर पुरी, कालूसिंह रनपहेंली, टेकबहादुर गुरुङ, 'तामी', जीतबहादुर सुनार, एम.एस. खान, भानु छेत्री, रोबिन राई 'नेचाली', असीत राई, हेमन्तलता, रामबहादुर राई, माटिल्डा राई, हरिप्रसाद सिंह, मणिकुमार सुब्बा, श्रीनारायण प्रधान, शङ्कर प्रधान, दलमान डी. गुरुङ, देवकुकार राई 'जुमेली', खडगराज गिरी, गङ्गा कप्तान, सुमित्रा अविरल, सुरज धड्कन, आई.के. सिंह, राजबहादुर राई, समीरण छेत्री 'प्रियदर्शी', गोपीचन्द्र प्रधान, डा. शान्ति थापा, साङ्गू लेप्चा, कमल चामलिङ, कुमार चामलिङ, रूद्र पौड्याल, पदमबहादुर राई, सञ्जय विष्ट, छिरीङ 'पाञ्जो' शेर्पा, मिङ लिवाङ, केदार गुरुङ, भगीरथ रावत, प्रवीण राई 'जुमेली', सानु लामा, उदय थुलुङ, नीना राई, निरज 'अयोग्य', नीता राई, समीर राई 'शान्ति', भूपेन गदाइली,राजेन्द्र ढकाल, पीर्थ तोर्दे आदि।

९०को दशकबाट केही उल्लेखनीय कथा सङ्ग्रहको प्रकाशन भएको पाइन्छ। यी मध्ये सामाजिक यथार्थका विषय वस्तुहरूलाई व्यङ्ग्यात्मक अभिव्यक्तिका साथ प्रस्तुत गर्ने कथाकार हुन् छिरिङ पाञ्जो शेर्पा। उनको भालेको डाक (१९९१) र अदृष्य घरहरू (१९९५) कथा सङ्ग्रह प्रकाशित छन्। यसै क्रममा ललित राई र पुष्प शर्माको लाल पुष्प (१९९२), जीवन बान्तवाको जीवन बान्तवाका कथाहरू (१९९१), जी.आर. खुलालको परदेशतिर (१९९३), काजी गजमेरको यात्रा उज्यालोको (१९९३), टी.बी.चन्द्र सुब्बाको आँशुका करूण थोपाहरू (१९९३), बेन सिंह राईको निशानी (१९९५), लक्ष्मी गुरूङको समय र जीवनका प्रतिच्छायाँहरू (१९९६), विकास श्रेष्ठ र आशवीर राईको नौलो सुस्केरा (१९९६), हरिश मोक्तान "अल्लरे'-को तथागत (१९९७), सानुभाइ शर्माको हाते चिट्ठी (१९९८), सम्पूर्णा राईको नाभो (१९९६), विजय बान्तवाको बिब्ल्यॉटो (१९९६), नन्दू दूतराज निशाको विश्व रोएको दिन (१९९४) र आत्महरूको देशमा (२००५), लिनू खालिङको सुस्केरा द्वय (२००५), अर्जुन चामलिङ यावाको अस्तित्व (२००४) आदि प्रकाशित कथा कृतिहरू हुन्।

२०१० को दशक यता भारतीय नेपाली कथाले युद्धकथा, भूतप्रेत, समलिङ्गी, हत्या-अपराध, अपाङ्गता, मनोरोगी, कौटुम्बिक यौनव्यभिचार जस्ता सिमान्त पात्र र विषयहरूसमेत लेखनमा उठाउन थालेको देखिन्छ। २०१०

देखि यता भारतमा लेखिएका नेपाली कथा लेखनमा युवा पुस्ताहरूको सचेत प्रयोगात्मक कथालेखन र थप नयाँ-नयाँ विषयहरू समाविष्ट भएका छन् ।

अग्रजहरूका पारम्परिक र केही प्रयगात्मक कथाहरूसितै निम्न कथाकारहरूका कथाकृति यस कालको उपलब्धी हो - गुप्त प्रधान, शरद् छेत्री, एम 'पथिक', विन्द्या सुब्बा, कालुसिंह रनपहैंली, डा. जीवन नामदुङ, नन्द हाङ्खिम, सतीश रसाइली, वसन्त राई, मदन खड्का, शङ्कर प्रधान, निरङ्कर थापा, ध्रुव चौहान, पवन राई 'नामदुङ', एम. एस. खान, प्रदीप गुरुङ, गौरी नेम्बाङ, सञ्जय बिष्ट, राज बहादुर राई, शमशेर अली, सुरज 'धडकन' निरज थापा, श्रीनारायण प्रधान, नवीन पतझड 'सिलास', प्रेम गुरुङ, हरीश मोक्तान अल्लरे, राजेन मोक्तान, भीम धमला, बी.योञ्जन, छुदेन काविमो, युवा बराल, खडगराज गिरी, राजेन्द्र ढकाल, कुवेर प्रधान, सागर छेत्री रायमाझी, विमल काफ्ले, मोहन पी. दाहाल, माधव बुढाथोकी, उदय सुब्बा 'गोर्खा', भगीरथ रावत, उषा शर्मा, कमल भण्डारी, कैलाश गुरुङ, सोनाम छिरीङ, राहुल राई 'बोगिको', मणिकुमार सुब्बा, कमल चामलिङ, राजेन्द्र ढकाल, खुसेन्द्र राई, देव भण्डारी, रीता ठकुरी, साङ्गू लेप्चा, सञ्जीव छेत्री, प्रकाश हाङखिम, नूरन राई 'जुदू', विनिता छेत्री, सन्ध्या आचार्य, कोमल सुब्बा आदि उल्लेखनीय छन् ।

भारतबाट विभिन्न पत्रिकाहरूका कथा विशेषाङ्क र सम्मेलन कथा सङ्ग्रह (सम्पा.- तुलसी अपतन, लक्खिदेवी सुन्दास र जगत् छेत्री), दार्जिलिङका कथा र कथाकार ( सम्पा.- राजनारायण प्रधान), नेपाली कथा यात्रा (सम्पा. – रामलाल अधिकारी), भारतीय नेपाली कथा ( सम्पा. दयाराम श्रेष्ठ), कथा सागर (सम्पा.- घनश्याम नेपाल), आधुनिक भारतीय नेपाली कथा (सम्पा. अविनाश श्रेष्ठ), भारतेली नेपाली कथा (सम्पा. लक्खीदेवी सुन्दास), स्वतन्त्रोत्तर कालका नेपाली कथाहरू ( सम्पा. जीवन नामदुङ) आदिका कथा सङ्ग्रहहरू पनि उल्लेखनीय छन् । यी विशेषाङ्क र सङ्ग्रहरूले नेपाली कथाको ७५ वर्षे भारतीय कथा साधनालाई पोषण गरेको पाइन्छ । यस अवधिमा समकालीन कथा साहित्यलाई विकास गर्न सिक्किमबाट स्रष्टाको भारतीय कथा विशेषाङ्क (१९९१), समय दैनिकको कथा विशेष समय कथा (२००५), रचना प्रकाशनको रचना कथा अनुष्ठान (२००५) सँगसँगै निर्माण, सिद्धि, प्रक्रिया आदि पत्र पत्रिकाले कथा साहित्यको उत्थानमा विशेष महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । भारतीय कथा साहित्यको विकासको इतिहास हेर्दा यहाँ पाश्चात्य साहित्यमा प्रसिद्ध रहेको अस्तित्ववादको प्रभाव पनि टड्कारो देखा पर्दछ । यसैले यी कथाहरूमा अस्तित्ववादी चिन्तन टड्कारो भएका छन् ।

जीवनका जटिलतामाझमा पनि पात्र पात्राले आत्मसचेत भई निजस्वप्राप्तिका लागि गरेका निर्णय वरण, मृत्युबोध, सन्त्रासपूर्ण स्थिति, भावावेग, विकल्पहीनताका स्थिति, एक्लोपन, जीवनको निरर्थकताबोध जस्ता विषय पनि यी कथामा प्रतिपादित छन् । यी कथामा अन्धविश्वास, कुरीति, नारीशोषण र त्यसबाट बाहिर निस्कन नारीले गरेका निर्णय वा आत्मालोचना, पुरुषप्रधान समाजको क्रुरताले निम्त्याएको त्रादस परिणति, शोषणचक्र, सम्पन्न र विपन्नमाझको खाडल तथा त्यसले ल्याएको सामाजिक विसमता र विसङ्गति, वर्गविहीन समाज व्यवस्थापनको कामना र यो लक्ष्य लिन गरेका विद्रोह आदि पनि भारतीय नेपाली कथा साहित्यका कथ्य वैशिष्ट्य बनेर आएका छन् ।

## ६. भारतीय नेपाली उपन्यास

भारतीय नेपाली उपन्यासको अध्ययन गर्दा दार्जिलिङबाट अनुवाद गरिएका उपन्यासबाट उपन्यासलेखन अभ्यास थालिएको पाइन्छ। प्रशमान प्रधान अर्थात् पारसमणि प्रधानद्वारा १९१५ मा लेखिएको हिरण्यमयी चरित्र (संक्षिप्त अनुवाद), राधारानी (१९१६ तिर) तथा प्रतिमानसिंह लामाद्वारा १९१८ मा लेखिएको महाकाल जासूस ( मौलिक) नै नेपाली उपन्यासका आरम्भिक नमूना हुन्। यसपछि रूपनारायण सिंहद्वारा लिखित भ्रमर (१९३६) बाट नेपाली साहित्यमा आधुनिकता भित्रेको मानिन्छ। रूपनारायण सिंहको भाषिक ओज, विषय वस्तु चयन तथा आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिले नेपाली साहित्यमा उपन्यासको एउटा बेग्लै प्रारूप निर्माण गरेको छ। यसपछि उनैको बिजुली ( अपूर्ण, १९४९), लैनसिंह बाङ्देलको मुलुकबाहिर (१९४८), माइतघर (१९४९) र लङ्गडाको साथी (१९५१) प्रकाशित भयो। अच्छा राई रसिकको घरज्वाइँ (अपूर्ण, १९५१ ताका रचित), लगन (१९५५), दोभान (१९६४); शिवकुमार राईको डाक बङ्गला ( १९५९), सुभद्रा सुब्बाको बाल महाभारत (१९५६), कृष्ण सिंह मोक्तानको चरणधुली (१९५९), अशेष यात्रा (१९६४), इन्द्र सुन्दासको मङ्गली (१९५८), नरबहादुर दाहालको मध्यरातको तारा (१९६४), नारदकुमार छेत्रीको वियोगी (१९६३), व्यथित सिपाहीको म विवश छु (१९६३), इन्द्रबहादुर राईको आज रमिता छ (१९६४), नन्द हाङ्खिमको लाश (१९६४) र प्रकाश गोविदको सङ्गम (१९६४) जस्ता उपन्यासले दार्जिलिङ छेत्रबाट भारतीय नेपाली उपन्यास फाँट उर्वर गराएका छन्। नेपाली उपन्यास लेखनमा मौलिकताको छाप, आञ्चलिकता, राजनैतिक सामाजिक संचेतना, पारिवारिक तथा सामाजिक यथार्थको चित्रण, विविध विषय वस्तु र प्रयोगले यो चार दशकको औपन्यासिक प्रवृत्तिलाई प्रतिनिधित्व गरेको पाइन्छ। यसैकालमा सामाजिक यथार्थवादी, आदर्शोन्मुख यथार्थवादी, स्वैरकल्पनात्मक यथार्थवादी तथा आयामेली प्रवृत्तिद्वारा नेपाली उपन्यासमा नवीन प्रयोग गरिएको पाइन्छ। सुवास घिसिङका केही उपन्यासमा राजनैतिक चेतना प्रखर देखिन्छन्। उनको मने उपन्यास, लुङ्खुम क्याम्प जस्ता उपन्यासले नेपाली जातिको परिचयको सङ्कटलाई सम्बोधन गरेको पाइन्छ। मने उपन्यासमा आएको एउटा प्रमुख प्रवृत्ति भनेको दार्जिलिङ हाम्रो हो र यो भूभाग हाम्रो राजनैतिक स्वत्वधिकारभित्र पर्नुपर्छ भन्ने भाव हो।

भूमिसितै भारतीय भएका गोर्खाले अझै कुनै विशेष भूभागलाई आफ्नो भन्न नपाएको पीडा अनि गोर्खा बासभूमिको अभीष्ट बोकेका यी उपन्यासले परिचयको सङ्कट भोग्ने गोर्खाको पीडा उजागर गरेको छ। दार्जिलिङ भेकबाट प्रकाशित अन्य केही प्रतिनिधि उपन्यास हुन् – भगीरथ रावतको माटोको माया र बास सल्किरहेछ, बालकृष्ण थापाको हट्टाबाहिर, हर्क योञ्जन विरहीको दुई मुहान एक स्रोत,असीत राईको यन्त्रणा आदि।

भारतमा मुद्रण र छापाखानाको व्यवस्था पछि नेपाली साहित्यमा पनि प्रकाशनको व्यवस्था सुलभ बन्यो। यसपछि थुप्रै पत्रपत्रिकाहरूले नेपाली साहित्यको पोषण गरेका छन्। माध्यमिककालका यस्ता पत्रपत्रिकाहरूले नेपाली उपन्यास लेखनलाई मलजल गरेर पृष्ठपोषण गरेको पाइन्छ। गोरखा पत्र (काठमाडौँ,१९०१), उपन्यास तरङ्गिणी (उपन्यास प्रधान पत्रिका, काशी १९०२), सुन्दरी (काशी, १९०६), माधवी (काशी १९०८), चन्द्र (काशी,

१९१४), गोर्खाली (काशी, १९१४), चन्द्रिका (खरसाङ, १९१८), गोर्खा संसार (देहरादुन, १९२६), तरुण गोर्खा (देहरादुन, १९२८) जस्ता पत्र पत्रिकाले उपन्यासलाई धारावाहिक रूपमा प्रकाशन गरेर नेपाली उपन्यासल लेखनलाई प्रखर तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

भ्रमरबाट थालिएको रोमान्टिक लेखन परम्परा अनि वाङ्देलद्वारा प्रतिपादित तथा प्रतिष्ठित यथार्थवादी धारापछि भारतमा थुप्रै  नेपाली उपन्यास लेखिन थालियो। बाङ्देललाई पछयाउँदै उनकै परिपाटीमा लेख्न प्रवृत्त हुनेमा मोहनबहादुर मल्ल – उजेली छाया (१९५१), पञ्चायत (१९५३), समयको हुरी (१९५७), मुक्तिनाथ तिम्सिनाको को अछुत ? (१९५४), लीलाध्वज थापाको मन (१९५८), लीलबहादुर क्षेत्रीको बसाइँ (१९५७), बद्रीनारायण प्रधानको मौली( १९९३) आदि प्रमुख हुन्।

भारतीय नेपाली उपन्यासलेखनमा प्रयोगकालीन उपन्यासमा विशेष तेस्रो आयामका प्रवर्तक त्रयमध्ये एक इन्द्रबहादुर राईले एउटै मात्रै उपन्यास लेखेर पनि धैरै प्रसिद्धि कमाएका छन्। पुस्तकको सङ्ख्याले होइन लेखनको गुणवत्ता झल्काउने एउटै कृतिले पनि कृतिकारलाई अमर तुल्याउने सामर्थ्य राख्दछ भन्ने दर्शाउन उनको आज रमिता छ उपन्यास पर्याप्त छ। तेस्रो आयाम, लीला लेखन जस्ता प्रयोगद्वारा कथामा थुप्रै नवीन पदक्षेप राख्ने इन्द्रबहादुर राईलाई उनको यो एउटै उपन्यासले पर्याप्त चिनाएको छ। यस्तै प्रयोगकालीन उपन्यासमा अग्रणी अर्की उपन्यासकार हुन् पारिजात। उनका दशवटा उपन्यासमा विविध प्रयोग दृष्टिगोचर हुँदछ।

पारिजातको प्रथम उपन्यास शिरीषको फूल (वि.सं. ले मदनपुरस्कार प्राप्त गरेको थियो।  उनका औपन्यासिक कृतिहरू हुन् - **शिरीषको फूल(**२०२२), **महत्ताहीन (वि.सं** २०२५), **बैंसको मान्छे** (२०२९), **तोरीबारी, बाटा र सपनाहरू (**२०३३), **पर्खाल भित्र र बाहिर (**२०३४), **उसले रोजेको बाटो (**२०३५), **अन्तर्मुखी (**२०३५), **अनिदो पहाडसँगै** (२०३९), **परिभाषित आँखाहरू (**२०४६), **बोनी (**२०४८)। उनले अस्तित्ववादी चिन्तनबाट विसङ्गतिवाद हुँदै प्रगतिवादसम्मको साहित्यिक यात्रा गरेकी छन्। यसर्थ उनका उपन्यास लेखनमा पनि यो प्रवृत्ति समयानुसार प्रवृत्त देखिन्छ।

कालेबुङ क्षेत्रबाट पनि थुप्रै उपन्यासकारको उदय भएको पाइन्छ। यी मध्ये प्रमुख उपन्यासकारहरूका सूचि हेर्दा पारसमणि प्रधान, धर्मरत्न बौद्ध, नरबहादुर दाहाल, जय धमाला, भूषण हुमागाइँ, ज्ञान सुतार, भगीरथ रावत, सलोन कार्थक, अनिल गुरूङ, दिल सुब्बा, प्रकाश राणा, शिवशमशेर रसाइली, यसमा हेमकान्त भण्डारी, मोहन दुखुन, रत्नकुमार शर्मा, देव भण्डारी, ललित परियार, दिनेश खाती, प्रदीप गुरूङ, हायमनदास राई, छुदेन काबिमो, स्वस्तिका छेत्री, सुष्मा शर्मा देखा परेका छन्। पारसमणि प्रधान – राधारानी (१९१९), धर्मरत्न बौद्ध (यमी)–समाजको यौटा झलकमा (१९३८), नरबहादुर दाहाल- मध्यरातको तारा (१९६५), ज्ञान सुतार–यौवन लुटिएपछि (१९६६), पर्खिदिने है माया (१९७९), करूणा भाउजू , सलोन कार्थक-अशेष प्रीत (१९७०), बिहानको तारा (१९७०), स्वस्तिका छेत्री सती उपन्यास र मौलिकतर्फ सुष्मा शर्माको सृष्टि (२०११) प्रकाशित छ। इन्द्रबहादुर राईको आज रमिता छ,

हाइमनदास राई किरातको होय च्याङबा, रत्नकुमार फुर्येलकै तीन उपन्यास, भगीरथ रावतको बास सल्किरहेछ, देव भण्डारीको कथा आफ्नै, प्रदीप गुरूङको पोस्टर र लात, ज्ञान सुतारको करूणा भाउजू र छुदेन काबिमोको फातसुङ जस्ता उपन्यासले कालेबुङको भौगोलिक, सामाजिक, सांस्कृतिक झलक बोकेका उपन्यासको प्रतिनिधित्व गरेका छन् ।

भारतको पूर्वोत्तर राज्यअन्तर्गत अविभाजित असमबाट नेपाली उपन्यासलेखनको पृष्ठपोषण १९२८-२९ तिरबाट नै हुन थालेको सूचना पाइन्छ । नागाल्यान्डका कोहिमाका धनबहादुर राईद्वारा लेखिएको एक थुङ्गा फूल यससमय प्रकाशित भएको भए पनि त्यो अप्राप्य हुनाले १९५७ मा प्रकाशित लीलबहादुर छेत्रीको बसाइँ उपन्यासलाई नै आजसम्म प्रकाशित र प्राप्य प्रथम उपन्यास मानिन्छ । उनका अतृप्त (१९६७) लाई पूर्वोत्तर भारतको प्रथम मनोविश्लेषणात्मक उपन्यास मानिन्छ भने ब्रह्मपुत्रको छेउछाउ (१९८६)ले असममा ब्रह्मपुत्रका वरिपरि बस्ने नेपालीको सामाजिक, राजनैतिक आर्थिक तथा सांस्कृतिक परिचय दिँदै एउटा उत्कृष्ट आञ्चलिक उपन्यासका रूपमा प्रस्तुत भएको छ । उनको चौथो उपन्यास प्रतिध्वनिहरू विस्मृतिका (२००४) मा प्रकाशित भएको थियो ।

नेपाली उपन्यास लेखनमा पूर्वोत्तर भारतबाट प्रतिनिधित्व गर्ने अर्का उपन्यासकार के.बी. नेपाली हुन् । उनको मेरो घर मेरो संसार (१९६५), समर्पण (१९६५) र तस्वीर एक रातको (१९६७) प्रकाशित छन् । उनका उपन्यासमा राष्ट्रवादी नारा, युद्धले निम्त्याएको विभीषिका, नेपाली सैनिक जीवनको मार्मिकता, अन्याय, अत्याचार र अनैतिकताले बिटुल्याएको ग्रामीण परिवेश आदिले उनलाई प्रगतिवादी, स्वच्छन्दतावादी तथा मानवतावादी उपन्यासकारका रूपमा स्थापित गरेको छ ।

मौलिक र अनुवाद दुवै किसिमका उपन्यासलेखनमा उद्दत उपन्यासकार हरिप्रसाद शर्माका म के गरौँ (१९६६), तिम्रो जीवन (१९६७), नारीको जीवन(१९६७), जीवन र सम्मान (१९६७), जीवन र प्रेम (१९६७) तथा मलाई भुल्दछौ (१९६७) प्रकाशित भएको पाइन्छ । मणिपुरबाट डा. चन्द्रेश्वर दुवेद्वारा लेखिएका देशको माटो (१९७८) र जिन्दगीको बाटो (१९८१) प्रकाशित भएको पाइन्छ । शेरमान थापाको पत्थर बोल्छ (१९८१), मोहनकुमार श्रेष्ठको सानी आमाको छोरो (१९८५) र प्रकाश सुवेदीको डोबहरू (१९८६) गुनु घर्ती प्रायश्चित (१९८९), सिन्दुरबिनाकी अर्धाङ्गिनी (१९८९), सपना (१९९०), चोखोमाया (१९९१), गीता उपाध्यायको बाल उपन्यास आमा म फार्ष्ट भएँ (१९९८), लोकनाथ उपाध्यायको आँधी, सन्तकुमार देवानको पहाड-पर्वत (२०००), कथा बल्ल सुरु हुन्छ (२००२), नया देवीको युगसन्धि (२००२), मुक्ति उपाध्याय बरालको हिमाली (२००६), रण काफ्लेको मायाको बन्धन २००८, शान्ति थापाको मोहनी डट् कम २००९ आदि पूर्वोत्तर भारतबाट प्रकाशित केही उपन्यास हुन् । यी उपन्यसले पूर्वोत्तर भारतको जनजीवनलाई प्रकट गर्नाका साथै विविध औपन्यासिक प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ ।

## ८. निष्कर्ष

प्रस्तुत एकाइमा भारतीय नेपाली साहित्यमा पद्य र गद्यविधाको विकासको अवलोकन गरिएको छ । गद्य विधामा पनि विशेष आख्यान साहित्यका विधा – कथा तथा उपन्यासको विकास तथा भारतीय आधुनिक नेपाली

साहित्यको विकासको कालक्रमिक अध्ययनमा यो एकाइ उन्मुख छ। भारतीय नेपाली साहित्यको विकासमा भारतका विभिन्न प्रान्तमा छरिएका नेपाली भाषाप्रेमीको विशेष भूमिका छ। उनीहरूले आफ्नो भू-सामाजिक परिस्थितिमा रहेर त्यसै क्षेत्रबाट नेपाली साहित्यको उर्वरतामा आफ्नो भूमिका निर्वाह गरेका छन्। नेपाली जातिका निम्ति छुट्टै वासभूमिको व्यवस्था अझै नभइसकेको स्थितिमा विशेष नेपालीभाषी बहुल क्षेत्र सिक्किम, दार्जिलिङ तथा पश्चिम बङ्गालका केही तराई र डुवर्स प्रान्त, असम तथा पूर्वाञ्चलका सात राज्यमा अनि भाक्सु-देहरादुन क्षेत्रमा पनि नेपाली साहित्यको विकास भएको थाहा लाग्दछ। प्रस्तुत एकाइमा भारतीय आधुनिक नेपाली साहित्यको पद्य, कथा तथा उपन्यास विधाको विकासको इतिहासको अध्ययनमा यो एकाइ केन्द्रित भएको छ।

## ९ अभ्यास प्रश्न

### ९.१ एक शब्दमा उत्तर दिनुहोस्

१. लीलबहादुर छेत्रीलाई कुन पुस्तकका निम्ति नेपाल प्रज्ञा प्रतिष्ठानले पुरस्कृत गरेको छ ? ( बसाइँ, २०७७)
२. तेस्रो आयाम आन्दोलनको मुख पत्र के हो ? (फूल, पात, पत्कर)
३. पारिजातको अस्तित्ववादी उपन्यासको नाम लेख्नुहोस् ( शिरीषको फूल)
४. रूपनारायण सिंहको एकमात्रै उपन्यासको नाम के हो ? (भ्रमर)
५. नरसिंह थापाको *हिमाद्रि* पत्रिकाको प्रकाशन कहिलेदेखि थालिएको हो ? (१९४८ देखि)

### ९.२ खाली स्थान भर्नुहोस्-

क) दार्जिलिङमा ज्ञानदिल दासका ……, ………, …………., …… आदिले भक्तिधाराको निर्गुण भक्तिसाहित्यको पोषण गरेको पाइन्छ ।(उत्तर - झ्याउरे भजन, टुङ्ना भजन, केही निर्गुण भजनहरू अनि उदय लहरी)

ख) शारदाको प्रकाशनपूर्वदेखि नै ………, …,……..,, ……, ., ……आदि पत्रिकाहरूमा नेपाली कथाहरू प्रकाशित भएका थिए। (उत्तर - *गोरखा पत्र, गोर्खे खबर कागत, गोर्खा संसार, माधवी, चन्द्र, चन्द्रिका)*

ग) सिक्किमबाट कथा साहित्यलाई बढ़ी प्राथमिकता दिँदै अघि सरेका पत्र-पत्रिकाहरूमा ………, ……, ………,………, ………, …….प्रमुख रहेका छन्। (उत्तर - *स्रष्टा, प्रक्रिया, निर्माण, नागबेली, चौंरी डॉंड़ा, समय दैनिक, बाल दर्पण)*

*घ)* बङ्गालको डाइरेक्टर अब् पब्लिक इन्स्ट्रक्सन्सको अनुमोदन सहित म्याकमिलियन एन्ड को.–बाट पारसमणि प्रधानको …… पुस्तक १९२१ मा प्रकाशित भयो। (उत्तर - नेपाली व्याकरण)

ङ) गुमानसिंह चामलिका प्रकाशित कृति हुन् -……, ………, ……, …… (उत्तर - जीवन परिधिभित्र (१९६३), अन्तर्द्वन्द्व (१९६४) सूर्य उदाउनुभन्दा पहिल्यै (१९६८), कारागरभित्र प्रतीक्षा र अन्य कविता (१९७८)

**९.३ क र ख अंश मिलाएर उत्तर दिनुहोस्**

| **क** | **ख** |
|---|---|
| क. गिर्मी शेर्पा | अ. कोलाज आन्दोलन |
| ख. तुलाचन | आ. आले एउटा गरीब सार्कीको छोरी |
| ग. अविनाश श्रेष्ठ | इ, हिपोक्रिट चाँप, गुराँस र अन्य कविता |
| घ. राजा पुनियानी | ई. मन्नीपुर्को सवाई |
| ङ. रामसिंह गोर्खाली | उ. हस्तक्षेप |

( **उत्तर** – क- इ, ख- ई, ग-अ, घ-उ, ङ-आ)

## १०. थप अध्ययनका लागि सन्दर्भसामग्री


दयाराम श्रेष्ठ र मोहनराज शर्मा, (२०३४), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

दयाराम श्रेष्ठ, (२०५९), **साहित्यको इतिहास** : सिद्धान्त र सन्दर्भ, काठमाडौँ : त्रिकोण प्रकाशन

नेपाली साहित्यकोश, (२०५५), **नेपाली साहित्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पेम्पा तामाङ, (२००५), **आख्यानदेखि पराख्यानसम्म,** सिक्किम : सरिता

प्रतापचन्द्र प्रधान, (२०४०), **नेपाली उपन्यास, पृष्ठभूमि र परम्परा,** दार्जिलिङ : दीपा प्रकाशन

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, (२०६३), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

# एकाइ ७

# नेपाली भाषा र साहित्यको विकासमा भएका आन्दोलनहरू

---

**एकाइको संरचना**

१. प्रस्तावना

२. उद्देश्य

३. परिचय

४. नेपाली भाषा र साहित्यमा देखापरेका आन्दोलनहरू

४.१ हलन्त बहिष्कार आन्दोलन

४.२ झर्रोवादी आन्दोलन

४.३ आयामेली आन्दोलन

४.४ राल्फाली लेखन

४.५ अस्वीकृत जमात

४.६ अमलेख आन्दोलन

४.७ लीलालेखन

४.८ कोलाज आन्दोलन

४.८.१ कोलाज आन्दोलनको परिचय तथा पृष्ठभूमि

४.८.२ पूर्वोत्तर भारतको नेपाली साहित्यमा कोलाज आन्दोलन

४.८.३ नेपाली भाषा मान्यता आन्दोलन

५. निष्कर्ष

६. अभ्यास प्रश्न

७. थप अध्ययनका लागि सन्दर्भसामग्री

---

## १. प्रस्तावना

नेपाली भाषा र साहित्यको विकासमा भएका आन्दोलनहरूले नेपाली मूल साहित्यको प्रवर्धनमा के कस्तो योगदान दिएको छ भनेर यससम्बन्धी विषयको अध्ययनमा केन्द्रित गरिएको छ। प्रस्तुत एकाइमा नेपाली भाषा र साहित्यको विकासमा भएका आन्दोलनहरूको संक्षिप्त भूमिकाको इतिहासलाई समेटिएको छ।

## २. उद्देश्य

प्रस्तुत पाठ्यसामग्रीको अध्ययनद्वारा विद्यार्थीहरूले नेपाली भाषासाहित्यको विकासको इतिहासमा भएका आन्दोलनबारे निम्नोक्त विषयमा ज्ञान प्राप्त गर्न सक्षम हुनेछन्।

क) नेपाली भाषाको विकासमा भएका आन्दोलनबारे जानकारी प्राप्त गर्न।

ख) नेपाली भाषा साहित्यको विकासका क्षेत्रमा चलेका आन्दोलनमा सहयोग पुऱ्याउने सङ्घसंस्थाबारे जानकारी हासिल गर्न।

## ३. परिचय

नेपाली भाषाको थालनी भएको प्रायः एक हजार वर्षपछि मात्र साहित्यले आफ्नो उपस्थिति दर्ता गराएको हो भन्ने तथ्यले दर्शाउछ। मनको भाव प्रकट गर्ने साधन भाषा भएझैँ साहित्य अभिव्यक्तिको माध्यम पनि भाषा हो। यसका माध्यमबाट अभिव्यक्ति क्षमता बढ्दै गएपछि व्याकरण लेखन, कोष सङ्कलन तथा सम्पादनजस्ता विभिन्न विषयमा लेखन कार्यको विस्तार हुँदै आएको छ। यसरी नेपाली भाषाले साहित्यिक स्वरूप प्राप्त गर्दै आएपछि यसका सीमा तथा शक्ति क्षेत्रहरू पनि विस्तारित हुँदै गएको छन्। भाषाकै माध्यमबाट ज्ञानको दार्शनिक, शास्त्रीय तथा व्यावहारिक क्षेत्रहरू सम्मिलित हुने र सम्प्रेषित हुने परम्परा विकसित हुदै गयो। साहित्य तथा कलाका विभिन्न पक्षहरूको सिर्जना तथा लेखन पनि भाषामै हुने भयो। उक्त दृष्टिकोणबाट हेर्दा नेपाली भाषा साहित्यको विकास हुन थालेको १५० वर्षपछि मात्र भाव व्यक्त गर्ने क्षमतामा रहेका सकारात्मक तथा नकारात्मक पक्षहरू निरूपण गर्ने दिशातर्फ चिन्तकहरूको ध्यानाकर्षण भयो।

## ४. नेपाली भाषा र साहित्यमा देखापरेका आन्दोलनहरू

काव्य रचनाका सन्दर्भमा भाषाको स्वरूप र संरचनात्मक मूल्यहरूको सीमा र प्रकृतिलाई मूल्याङकन प्रस्तुत गर्ने भाषाको क्षमता र विचारमा शास्त्रीय मूल्यको उपस्थापन तरिका उदाहरणीय रहेको छ। यसमा नाटक र आख्यान, गीत र आख्यानेतर गद्यको उल्लेख धेरै मात्रामा भएको पाइन्छ। विश्वभरि चलेका आन्दोलनहरूको प्रभाव नेपाली साहित्यमा पर्नु कुनै अस्वभाविक कुरा होइन। यस क्षेत्रमा भाषा नै ज्ञान र विज्ञानको संरक्षण तथा साहित्यको भण्डार भएको हुँदा यसखाले आन्दोलनहरूको प्रभाव पहिले भाषा र पछि साहित्यमा पर्दै आएका छन्। उक्त पाठमा नेपाली भाषा र साहित्यविधामा देखापरेका आन्दोलन तथा कार्यपन्थालाई क्रमानुसार तयार पारिएको छ।

### ४.१ हलन्त बहिष्कार आन्दोलन

हलन्त बहिष्कार आन्दोलनलाई भाषामा व्याकरणिक व्यावस्थापनका लागि भएको पहिलो आन्दोलन मानिन्छ। राममणि आ.दी. (वि.सं.-१९४१-२०२८) को प्रयासमा (वि.सं.-१९६५) सालमा हलन्त बहिष्कार आन्दोलनको श्रीगणेश भयो। 'माधवी' पत्रिका प्रकाशनका समयमा सुरु भएको उक्त आन्दोलन, नेपाली भाषाको लेखन परम्परामा हलन्तको प्रयोग त्याग्ने भावना लिएर जन्मेको हो। यस्तो लेखन परम्परालाई बहिष्कार गर्ने अभियान त्यही बेलादेखि चलाइएको थियो। शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, रामप्रसाद सत्याल, सदाशिव शर्मा अधिकारी आदिले नेपाली लेखनलाई खुट्टा काटेर विरूप पार्ने गरेको स्थिति विरुद्धमा देखापरेको उक्त आन्दोलन

नेपाली भाषाको व्याकरण पुनरीक्षण तथा व्यवस्थापनको आन्दोलन ठहरियो। यसका साथै विश्वमणि आचार्य दीक्षितको नेपाली व्याकरण बोध (वि.सं.१९६९) र हेमराज पाण्डेको 'चन्द्रिका व्याकरण'(वि.सं.१९६९) उक्त सिद्धान्तको आधारमा प्रस्तुत भएको थियो।

यस समयावधिमा मौलिक तथा सिर्जनात्मक रचनामा व्यस्त रहेका कवि लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा र लेखक चक्रपाणि चालिसे, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधानजस्ता सर्जकहरूले हलन्त बहिष्कारको आन्दोलनलाईनै समर्थन गरी आफ्नो लेखन कार्य जारी राखे। यस आन्दोलनले स्वर र व्यञ्जन, वर्ण र मात्राआदि समस्याको समाधान गर्ने ध्येय लिएर स्रष्टालाई यसबारे सचेत भई सृजनामा प्रवृत्त हुन प्रेरित गऱ्यो र यसको प्रभाव अहिलेसम्म पनि परिरहेको छ।

**४.२ झर्रोवादी आन्दोलन**

वि.सं.२०१३ सालमा 'बनारस'मा अध्ययनरत नेपाली मूलका विद्यार्थीहरूले चलाएको भाषा आन्दोलनलाई 'झर्रोवादी' आन्दोलन भनियो। उक्त आन्दोलनलाई नेतृत्व दिने विद्यार्थीहरूमा बालकृष्ण पोखरेल, तारानाथ शर्मा, बल्लभमणि दाहाल, कोशराज रेग्मी, चूडामणि रेग्मीहरू नै अगुवा बनेका थिए। 'झर्रोवाद'लाई अगि बढाउँदै लाने सिलसिलामा यसको मुखपत्रका रूपमा प्रकाशित 'नौलो पाइलो'का विभिन्न अङ्कमा आन्दोलनको लक्ष्य र उद्देश्य दर्शाउदै लेखहरू प्रकाशित गरिएका थिए। नेपाली भाषाको मौलिकतालाई प्रोत्साहित गर्ने तथा अनावश्यक रूपमा प्रवेश गर्दै गरेका विदेशी शब्दहरूलाई नियन्त्रण गर्ने, तत्सम शब्दहरूको बाहुल्यलाई निरुत्साहित गर्ने उद्देश्यहरू नै यस आन्दोलनका प्रमुख बुँदा थिए। उक्त आन्दोलनका कर्णधार बालकृष्ण पोख्रेलको भनाइ थियो- १) इतिहासका पानाबाट मृतप्रायः शब्दहरूलाई लिनु अनि तिनलाई लोकप्रियता दिनु २) पूर्व र पश्चिमका स्थानीय नेपाली भाषाबाट शब्द बटुलेर खाँचो टार्नु ३) नेपाली शब्दहरूको आधारमा कृत्रिम पद्धतिबाट शब्द निर्माण गरी अभावको पूर्ति गर्नु, ४) संस्कृतबाटै हिन्दी इत्यादिसँग नमिल्ने किसिमले शब्द निर्माण गरी खाँचो टार्नु ५) सकेसम्म हिज्जे सहज पार्नु ६) नेपाली तद्धित पुछ्रे र कृत्पुछ्रे प्रत्ययहरूको चलन बढाउनु।

यसखाले आवेगपूर्ण उद्देश्यले झर्रोवाद आन्दोलन तत्कालिक रूपमा निक्कै चर्कियो। तर कतिपय लेखकहरूका लागि यो आन्दोलन अजिर्ण बन्यो। त्यसैले झर्रोवादमाथि आक्रमण पनि भयो। झर्रोवादलाई साहित्यको स्तरीय र शास्त्रीय भाषामा पाखेपन थोपर्ने आन्दोलनको आरोप लगाउँदै यसको विरोध गरियो। यहाँ उद्घोषित कतिपय सकारात्मक दिशाका पक्षमा आमदानीकृत नेपाली शब्द, तत्सम र तद्भव शब्दहरूको प्रयोग क्षेत्र फराकिलो भयो। नेपाली भाषामा विदेशी भाषाद्वारा शब्दाक्रमण हुन लागेको समयमा यसलाई नियन्त्रण गर्न नेपाली भाषाका शब्दभण्डारको विस्तारमा भाषिक समृद्धिका निम्ति यस आन्दोलनले महत्वपूर्ण भूमिका खेलेको थियो। हाल नेपाली भाषाको विकासको स्तर जस्तो छ त्यसलाई शिखरमा पुऱ्याउन यस आन्दोलनले ठूलो टेवा पुऱ्याएको छ। नेपाली संस्कृतिको झर्रोपनसम्बन्धी चिन्तन र सम्बर्द्धनमा तथा वाक्य गठन शैली सम्बर्द्धनमा यसको आवश्यकता धेरै देखिन्छ।

महानन्द सापकोटा, पुष्कर शमशेर राणाजस्ता विभूतिहरूको विचारसँग सम्बद्ध रहेको यस वादले जानी नजानी नेपाली साहित्य लेखनका आधारमा, व्याकरण र समीक्षाका सन्दर्भमा आफ्नो प्रभाव विस्तार गर्न सक्षम भएको छ।

### ४.३आयामेली आन्दोलन

इन्द्रबहादुर राई, ईश्वर बल्लभ, वैरागी काइलाजस्ता महान साहित्यिक विभूतिहरूको सत्प्रयासमा चलाइको आन्दोलन हो आयामेली आन्दोलन। सन्- १९६३ मा दार्जिलिङबाट उक्त विद्वानवर्गले संचालन गरेको आन्दोलनले परम्परागत साहित्यको निर्माणलाई च्याप्टो भन्यो र हालको स्थितिमा बाटुलो, गोलो र एकखेपमा समग्र जीवन प्रस्तुत गर्ने साहित्यको खाँचो छ भन्ने पद्धतिको बिजारोपण गऱ्यो। सादा भावुकता र कथन मात्रको प्रबन्धमा साहित्यको स्थिति जिउँदो रहँदैन। च्याप्टो साहित्यको जीवनले एक विस्तार मात्र प्रस्तुत गर्ने हुँदा यसको सट्टामा आयामिक साहित्य प्रस्तुत गरियो। गोलो साहित्य भनेको जीवनलाई समग्रतामा पहिलोपल्टमै ठम्याउन सक्ने स्थिति प्रक्षेपण गर्ने साहित्य हो। यसखाले मतका आधार वस्तुता र समग्रतासम्बन्धी धारणा तयार भयो। समग्रताको अर्थ वस्तुता हो। यी दुवै धारणा छुट्टा-छुट्टै अस्तित्वका चिज नभएर परिपुरक हुन्। इन्द्रबहादुर राईले उक्त कुराको उपस्थापन गरेका छन्। वस्तुततालाई पराभौमिकता (metaphysical) मान्नेहरूमध्ये फ्रान्सका दर्शनशास्त्रीहरू यसलाई आध्यात्मिक अर्थमा समाहित गर्दछन्। वस्तुता सिङ्गो र पूर्ण रहने हुनाले यो अमूर्त रहन्छ। तर वस्तु यस विषयको नजिक रहन्छ- यो वस्तु हो। आयामेली आन्दोलन दर्शनको रूपमा प्रयोगमा आउँदा 'वस्तुतात्मक अमूर्तको व्यञ्जनाका निम्ति प्रतिबद्ध रहने हुनाले अनुभूति भौतिक हुन्छ' भन्ने आयामिक मान्यता रहेको छ। आयामेली स्रष्टाहरू वस्तुतामै सत्य सम्मिलित रहने देख्छन्। सत्य वस्तुताबाटै जन्मिने देख्छन्। त्यसैलेउत्पत्तिको मूल विषयवस्तु वस्तुतालाई लिन्छन् भन्ने अभिमत आयामेलीहरूको रहिआएको छ। 'वस्तुतात्मक अमूर्तको व्यञ्जनाद्रारा नै जीवनको सम्पूर्णता प्रक्षेपित हुन्छ' भन्ने सिद्धान्तमा आयामेलीहरू विश्वास गर्छन्। वस्तुलाई प्रत्यक्ष र परोक्ष विधिद्वारा लेख्न पाइन्छ। पहिलो-प्रत्यक्षता र दोस्रो अप्रत्यक्षताजस्ता दुई विधिबाट वस्तुतालाई हेर्न सकिन्छ। यही नै हो आयामेली आन्दोलनको मौलिक पक्ष।

विज्ञानबाट घनत्ववाद, मनोविज्ञानबाट जेष्टाल्टवाद अनि दर्शनबाट अनेक सिद्धान्तका पक्षहरू उल्लेख्य रूपमा अनुसरण गर्नु आयामेली सिद्धान्तको मूल आधारमा प्रतिपादन भएको छ। यसको विचारमा 'अनुभूति' चिन्तन सम्पूर्णतामा निहित हुन्छ भन्ने कुरामा सम्बद्ध छ। सम्पूर्णता आत्मपरकता र वस्तुपरकता मात्र होइन। आत्मपरकता र वस्तुपरकता समेतको समायोजनबाट जीवनको व्यापकता अडकल गर्न सकिन्छ। सम्पूर्णतालाई जान्न सकिन्छ। मानिस नाक, कान, आँखा अथवा अन्य कुनै शारीरिक अङ्ग मात्र नभएर उसका सम्पूर्ण बाह्य तथा आन्तरिक इन्द्रियहरूको संयोजित समष्टि हो। आयामिक लेखन अभियानको अभिप्राय हो- अब लेख्ने साहित्यका प्रत्येक शब्द तथा वाक्य र प्रकरणले मानव जीवनका सम्पूर्णतालाई अँगाल्नु पर्छ। यसखाले अवस्था प्रस्तुत गरिएका साहित्यमा तेस्रो आयाममा समेटिने मान्छेको दृष्टि समाहित हुनुपर्छ। रचनामा दुःख पाउने पात्रको कथा वा कविता त्यो एउटा पात्रले दुःख पाएको कथा कवितामा मात्र सीमित भएर नरहोस्। त्यस मान्छे वा पात्रको अवस्था तथा आचार व्यवहारमा एउटा विशाल विचार प्रकट होस्। त्यस कथा, कवितामा माथि  विशाल आकाश र तल फराकिलो धर्ती रहोस्। यस रचनाका खण्ड-खण्डमा राजनीति, समाज, जीवनदृष्टि सबै समेटिन सकोस् भन्ने भावनाबाट प्रेरित साहित्य मूलतः आयामिक साहित्य हो। समग्रमा भन्नुपर्दा सबै मूल्यलाई दृष्टि दिने आयामिक लेखन सम्पूर्णताबाट प्रेरित हुन्छ। सम्पूर्णताको अर्थ जीवनको स्वीकृति हो। जीवनको सम्पूर्णताका पक्षमा मानिसको आदिम स्वभाव र वृत्तिलाई समेत समेट्ने आद्यविम्बहरू उपस्थापन गर्ने कला आयामेली लेखनको प्रमुख लक्ष्य रहेको पाइन्छ।

आयामेली आन्दोलनको एउटा पक्ष विचारमा निहित रहेको पाइन्छ भने अर्को पक्ष भाषिक संरचनाको प्रस्तुतिमा रहेको छ। यथार्थ र अति यथार्थ चित्रकलामा पाइने चिन्तन र भाषामा पाइने यथार्थपरक भाव सम्वेदनाको मूर्तता र अमूर्तताको संयोगमा आयामेली लेखन टिकेको छ। भावमा अमूर्तता धारण गरी आयामेली लेखनमा भाषामा रहेको साँघुरोपन हटाउँदै सर्वाधिक फराकिलो र अमूर्त अर्थपूर्ण भाव वरण गर्न सक्षम बनेको हुन्छ। अमूर्त भावमा

विश्वास राख्ने आयामिक लेखनको वस्तुता र सम्पूर्णता प्राप्तिका निम्ति उक्त आन्दोलन जन्मेको थियो। आयामेली लेखनको निष्कर्ष हो सारवस्तु र रूपलाई परस्पर समीकरण गर्नु। यसले गरेको कलात्मक संरचनाले समग्र वस्तुताको समायोजनमा विश्वास राख्दछ। सबै पक्षको तत्क्षणिक प्रत्यक्षता र प्रभावको ग्रहणबाट मात्र साहित्य ग्रहण गरिन्छ। साहित्यलाई यस्ता क्षेत्रबाट छुट्याउन सकिँदैन भन्ने मत आयामेली लेखन परम्पराको रहेको छ।

सन्-१९६३ मा 'तेस्रो आयाम' पत्रिका प्रकाशन गरी थालनी गरिएको आयामेली लेखनको अभियान धेरै चर्चामा रह्यो। यस परम्पराले नेपाली साहित्य लेखनमा निकै ठूलो आरोप र लाञ्छना पनि सहन पऱ्यो। कहिले आयामिक लेखनले 'साहित्यमा अराजकतावाद' तथा कहिले प्रचारको ढोङ्ग भनेर आरोप तथा आक्षेप झेल्नु पऱ्यो। कसै-कसैले यसलाई 'प्रतिक्रियावादी साहित्य'को संज्ञा पनि दिए। अत्यन्त निम्नस्तरका शब्दद्वारा सम्बोधित तेस्रो आयामिक लेखनले कटु आलोचनासमेत सहनु पऱ्यो। अन्तमा  प्रवर्तकहरूको गहकिलो र दर्शणपूर्ण तथ्य अवलम्बन गरेका कारण आयामिक लेखनलाई लगाइएका आरोपहरू नितान्त खोक्रा र व्यर्थ साबित भए। भाषिक दृष्टिमा आयामिक लेखन निकै भ्रमपूर्ण मानियो। यसैकारण यसको वैयाकरणिक नियमसँग भाषिक शुद्धताको व्यवस्थासँग पाठकहरू विस्वस्त नभएको हुँदा वि.सं.-२०२० सालपछि नेपाली साहित्यको इतिहासमा देखापरेको एउटा उल्लेख्य मोड भएर आयामिक आन्दोलनको समापन भयो।

### ४.४ राल्फाली लेखन

वि.सं.-२०२३ सालमा देखापरेको नेपाली साहित्यको इतिहासमा साहित्यकार, गायक तथा सङ्गीतकारहरूको एउटा पुस्ताको रूपमा देखा परेको एक समूहबाट यस आन्दोलनको थालनी भएको थियो। 'राल्फा' कुनै कोशमा रहेको भाषा साहित्यमा शास्त्रीय अर्थवाहक शब्द होइन। 'राल्फा' एउटा निश्चित समयमा उठेको लहरको तरङ्ग र भावुकताले स्वयम् निर्मित भएको शब्द हो। रेडियो नेपालको व्यवहारबाट असन्तुष्ट भएका केही सङ्गीतकारहरूको प्रयासाम जन्मिएको एउटा समूहको नाम राल्फा हो। यस समूहका संस्थापकमध्येका एकजना सदस्य विमल राल्फाको भनाइमा- 'राल्फाको जन्म नै व्यवसाय' अर्थात् प्रतिभाको किन-बेच मुनि दबेर हासोन्मुख युगबोधलाई स्वर दिनका निम्ति भएको हो। अर्का सदस्य निनु राल्फाले 'राल्फा' आन्दोलनका कारणलाई यसरी प्रस्तुत गरका छन्- 'हामीहरू कुसंस्कारबाट ग्रसित थियौँ, अझै पनि छौँ, हामीलाई शासन गर्ने कुरूपताहरूले हामीलाई मनुष्यको तहबाट धेरै पर, पशुतातिर हुत्याइदिएको छ।' तर पनि हामीहरूमध्ये कतिपय आफूलाई मानव भनेर गर्व गर्दै थियौँ। असभ्य तरिकाले हाम्रो आफ्नै दाजुभाइहरूको शरीर, मन अर्थ सबैजसो मान्छेको रगत जुकाले जस्तै चुसेर। त्यसैले हामीहरूले यसको विरोधको एउटा बाटो निकाल्यौँ राल्फाको सृजना गरेर। सुरुमा यस समूहभित्र सीमित मात्रमा युवाको सहयोगिता थियो। पछि यसको आकर्षणमा धेरैले आफ्नो उपस्थिति दर्ता गराए। केही सदस्यहरू आफ्नो नामको पछिल्तिर राल्फा जोडेर लेख्ने काममा संलग्न भए। उनीहरूमध्ये पारिजात, मञ्जुल, निनु, विमल, नोरेम, रमेश, रायन, अरिम, सिसोम, गणेश रसिक, ओमकृष्ण सिटौलाजस्ता स्रष्टाहरूको नाम उल्लेख्य छ।

राफ्ला आन्दोलनका सहयोगीहरूमा कवि, लेखक, कथाकार, गायक, सङ्गीतकार र गीतकारको सहभागिता थियो। आफूलाई युवा सन्तति ठान्ने राल्फा समूहका सदस्यहरूले आफ्नो उद्देश्यलाई गीत, सङ्गीत र साहित्यका माध्यमबाट जीवन्त बनाउन सक्ने उद्देश्य लिएका थिए। उक्त कार्यले साहित्य सिर्जनामा पनि केही सहयोग पुऱ्याएको छ। यस आन्दोलनको उद्देश्य यथास्थितिका विरुद्ध गतिशील र सृजनात्मक कार्यतिर उन्मुख रहनु थियो। राल्फा समूहमा अस्तित्ववाद र शून्यवादको प्रभाव रहेको आभाष पाइन्छ यसमा पर्याप्त मात्रामा मार्क्सवादी चिन्तनधारा पनि मिश्रण भएको छ। जीवन र जगतको मूल्यलाई त्यागेर जीवनको आस्था र सकारात्मक पक्षलाई मूल्यको आधार बनाउँदै

रचिएका गीतहरू गाउँदै हिंडने युवा सन्ततिको अभियान राल्फावादबाट प्रेरित भइरह्यो। थालनीमा निराशावादबाट प्रेरित भएको भए तापनि पछि बिस्तारै आशावादी दिशातर्फ अग्रसर भएको छ। जीवनका निम्ति सकारात्मक र स्वतन्त्रताको आवश्यकता देखाएर गीत गाउँदै हिँडनु, अभौतिक सत्ताको अस्तित्व स्वीकार नगर्नु, इतिहासको प्रभावमाथि विश्वास नराख्नु, समूहभन्दा पनि व्यक्तिलाई महत्वपूर्ण मान्नु, बाँच्न पाउने अधिकार अनिवार्य ठान्नु जस्ता पक्षको समर्थनमा यो समूह प्रतिबद्ध रहेको देखिन्छ। प्रगतिवादी चिन्तन, निराशा तथा व्यक्तिसत्ताको प्राबल्य चिन्तनको विरोधाभासमा अल्झेको राल्फाली लेखन नेपाली साहित्य इतिहासको पन्नामा उच्च स्थानमा रहेको छ। यो समूह पुराना रुढिवादी परम्परा र पुरातन संस्कार, नियम कानुन, लिङ्गका वर्णभेद र सीमारेखा, जाति र संस्कृतिभेदका हीनभावका मूल्यहरूका विरुद्ध आफ्ना अभिमत दर्शाउन सक्रिय रहेको छ। सांस्कृतिक र सामाजिक मूल्यको रूपान्तरणका निम्ति, क्रान्तिकारी आस्था राख्ने राल्फा जमातले समाजमा विद्यमान शोषण भ्रष्टाचार, अन्याय, अत्याचार, असमानता, अभिव्यक्ति स्वतन्त्रताका निम्ति मार्क्सवादी मूल्यलाई नै अवलम्वन गरेको छ। सुरुमा राल्फाली लेखनको अभिव्यक्ति अप्ठ्यारो पर्ने वा बुझ्न नसकिने र दृष्टिकोण अस्पष्ट देखिए तापनि विस्तारै राल्फा समूह मार्क्सवादी चिन्तनको प्रतिबद्धतातिर अभिमुख भएको देखिन्छ। मूल्य विघटनका पक्षमा रहेको यो जमात विधागत वर्गीकरणको विरुद्धमा देखियो। यौन स्वतन्त्रता र अराजकतातिर ढल्किएको यो लेखन विस्तारै बोधगम्यता तिर जान लाग्यो। वाक् स्वतन्त्रता र मार्क्सवादी वर्ग अधिकार तर्फ ढल्केको यो लेखन नेपाली साहित्यको इतिहासमा निम्नवर्गीय असन्तुष्टिलाई उजागर गर्ने साधन बनेर देखा पऱ्यो।

भारतका दार्जिलिङ र असम लगायत नेपालका जम्मै भूभागमा राल्फा सन्ततिबाट आफ्नो कार्यक्षेत्र विस्तार गर्ने प्रयास गरियो। (साइक्लो प्रिन्ट) सामग्रीमार्फत् साहित्य प्रकाशनका क्रममा राल्फा प्रकाशन र सेतो वन, निलो आकाश, घामका अमिला निश्वासहरू जस्ता शब्दावलीका सम्पूर्ण पक्षहरू दर्ता गरिएका छन्। यसका साथै ‘बगरमाथिको जनावरको मृत्यु’ उक्त दुई पत्रिकाद्वारा प्रस्तुत भएको छ। नेपाली साहित्य जगतकी नारी हस्ताक्षर पारिजातको ‘महत्ताहीन’ तथा मञ्जुलको ‘छेकुडोल्मा’ जस्ता उपन्यासको लेखनमा राफ्ला विचार भाव प्रकट भएका छन्। ‘यन्त्रणा’ र ‘विरुद्ध’जस्ता पत्रिकाहरूको प्रकाशन राफ्लाअन्तर्गतका कार्यक्षेत्रमा परेका छन्। राल्फाली लेखनको क्रममा यस समूहका पाठक तथा आलोचकहरूले विभिन्न आरोप-प्रत्यारोप तथा बाहिरी हमला खप्न बाध्य भएका थिए। उनीहरूलाई लागेको पहिलो आक्षेप क) राल्फाली विकृत यौनवादी हुन्, ख) हिप्पीवादको अनुशरण गर्ने जमात हुन्, ग) क्लिष्टता र दुर्बोध्यतामा विश्वास गर्ने स्रष्टा हुन्। राफ्ला जमातमा विचारको एकता (चिन्तनगत स्थिरता) को अभाव देखिन्छ। सैद्धान्तिक पक्षमा संशोधन्नको खाँचो अनुभव गर्दै गएका राल्फा समूहका कतिपय सदस्यहरूको मत भिन्नताका कारण पछि गएर फुटेको र मार्क्सवादी चिन्तन धारातिर बगेको पाइन्छ। त्यसरीनै विस्तारै एउटा समूह मार्क्सवादतिर र बाँकी रहेकाहरू छरिएर भिन्नै भए। राल्फाली लेखन दार्शनिक दृष्टिले आधारहीन, सामाजिक दृष्टिले अव्यावहारिक, चारित्रिक दृष्टिले अशिष्ट देखिन थालेपछि आफ्नै जमातभित्र पनि आलोचनाको साधन बनियो। जीवन र जगतप्रति आस्थाहीन मनोभाव र समाजबाट प्राप्त नकारात्मक व्यवहारको कारण उक्त आन्दोलन साल २०२७ सम्म सक्रिय रह्यो। त्यसपछि यो सम्पूर्ण रूपमा विघटन भयो।

**४.५ अस्वीकृत जमात**

वि.सं.२०२५ सालतिर नेपाली समाज र सामाजिक परम्पराका माध्यमबाट स्थापित भएका मूल्य र मान्यता विरुद्ध सङ्गठित युवा साहित्यकारहरूको एउटा समूह खडा भयो। काठमाडौंमा केही साहित्यकारहरूले स्थापित मान्यताका ‘विरोधी समकालीन लेखन’ शीर्षकको संज्ञामा एउटा क्षेत्र निर्माण गरी अलग्गै अर्को एउटा आन्दोलन

आरम्भ गरे। यो आन्दोलन 'अस्वीकृत जमात' वा 'निषेधित पिँढी' नामले लेखन क्षेत्रमा प्रवेश गऱ्यो। शैलेन्द्र साकार, कविताराम श्रेष्ठ, अञ्जरी प्रधान, प्रकाश प्रेमी, सा.वि. ठाकुर, पुष्कर लोहनी, जगत रञ्जन, इन्द्रराज भण्डारी, प्रेमनारायण, व.आ. कनकद्वीप आदि अस्वीकृत जमातभित्रबाट सक्रियता निर्वाह गर्ने स्रष्टाहरूका लहरमा देखिए। यस जमातका मूल व्यक्तिव साकारले अस्वीकृत जमातको पक्षमा आफ्नो अभिमत यसरी उद्घोष गरेका छन्— साहित्यमा देखापरेका अन्योल हटाउन साहित्यलाई भाषिक जटिलताबाट मुक्त गराउन र परम्पराबाट सनातन रूपमा आएको यो समाजको पक्षलाई उपस्थापन गरेको छ। यस जमातका मुखिया कवितारामले उद्घोष गरेको कथनमा-'थोत्रा दम्भको विरोध गर्ने सङ्कल्प लिएको पाइन्छ।' पहिलो विश्वयुद्धको बेलामा, फ्रान्समा पनि यस्ता संस्थाहरू स्थापित भएका थिए। स्थापित ज्ञान, परम्परा र मूल्यहरूका विरुद्ध उपस्थित भएका दादावादबाट पनि उक्त जमात प्रेरित भएको थियो। युरोपमा क्रियाशील बिटग्रुप र भारतमा क्रियाशील हङ्ग्री जेनेरेसन (पुस्ता) अनि रिन्स कोयाट्किनको अराजकतावादी विचारहरूबाट यो समूह पूरै प्रभावित थियो। यस्ता प्रभावहरूले गर्दा अस्वीकृत जमात राजनीति निरपेक्ष हुन्छ भने तापनि निरपेक्ष रहन सकेन। मूल रूपमा यसले सामाजिक, सांस्कृतिक, साहित्यिक र यौनसम्बन्धी मूल्यलाई तोडदै यथार्थता अर्थात् मानवीय स्वाभाविक पक्षमा जोडदिने काम गऱ्यो। अस्वीकृत जमातले आफूलाई स्थापित मान्यता र मूल्यहरूबाट बन्धित र नियन्त्रित ठानेर कृत्रिम जीवन तथा सामाजिक व्यवस्था वा अनुशासनको पूर्णतः विरोधमा आफूलाई उभ्यायो। यस जमातमा सङ्गठित भएका स्रष्टाहरू आफूलाई सामाजिक मान्यताबाट बहिस्कृत भएको उद्घोष गर्दै स्थापित मूल्य चेतनाका विरुद्धमा संलग्न भए। यसका सथै विस्थापित, उपेक्षित चरित्र र वस्तुका मूल्य चेतनाका विरुद्धमा एकजुट भए। विस्थापित र उपेक्षित चरित्र र वस्तुमा साहित्यिक कृतिहरू सिर्जना हुने क्रमको थालनी भयो। निम्न आर्थिक र सांस्कृतिक वर्गका पात्रको जीवन अवस्था र भावनालाई रचनामा स्थान दिने काम सुरु भयो। बाहिरी आवरणका साथै औपचारिक व्यवहारबाट नाङ्गो बनाएपछि मान्छे जति विद्रोही, दायित्वहीन र राक्षसी रूपमा देखिन्छ, त्यस्तै रूपमा रचनामा प्रयोग गर्न यो जमात सक्रिय रह्यो। जीवनका नेपथ्यमा रहेका प्रकृतवादी सत्यलाई अनुधावन गर्दै धर्म, संस्कृति, नीति, मर्यादा लगायतका परम्पराबाट विच्छेद गर्ने नाङ्गो मान्छेका रूपमा प्रस्तुत हुने काम यस जमातले गऱ्यो। यस मान्यताको उद्घोषणा गर्दै कवितारामले भने- हामी सत्यको पहिचान नाङ्गोबाट लिन्छौँ मान्छेलाई मान्यता, मर्यादा, औपचारिकता, कृत्रिमता र स्वाङहरूबाट नङ्ग्याउन चाहन्छौँ त्यो नाङ्गो मान्छे हाम्रो यथार्थ साहित्य हो। दर्शनको यस बिन्दुमा उभिएर विचारलाई अँगालो हाल्दै उक्त जमात अडिएको छ। तथाकथित श्लील र अश्लील, नैतिक र अनैतिक, सुन्दर र कुरूपताको सीमाबाट पर र असम्पृक्त रहने यस जमातको चरित्र निकै अराजक रहेको छ। यौनसम्बन्धी स्वतन्त्रता र स्वैच्छिक अस्तित्व धारणमा यस जमातले सामाजिक मर्यादा र निर्धारित शिष्टतालाई ठूलो चुनौती दियो। कवितारामका भनाइमा- यौनमूलक व्यवहारलाई सम्बोधन गर्ने शब्दहरू अश्लील होइनन्। नाङ्गोपन स्वीकारयोग्य हो भन्ने यस जमातले मान्छेको सम्पूर्णतालाई यही नाङ्गोपनबाट बुझाउने प्रयास गरे। खासमा यो आचरण बाहिरी यथार्थको विरोध थियो। यसखाले लेखन शैली कला र सौन्दर्यको विरोधमा जन्मेको विद्रोह थियो। सामाजिक मर्यादा र नैतिकताको सीमाबाट विस्थापित भएका वेश्या, चोर, हत्यारा, बलात्कारी, षडयन्त्रकारी पात्रहरूको विवशतालाई खोज अन्वेषण गरी त्यस कोणको उपयोगद्वारा लेखन कार्य सुरु गरे त्यो साहित्य अस्वीकृत दर्शनको सिर्जना बन्न सक्ने सम्भावना रहेको छ। विगतका थोत्रिएका मूल्यको आवरणमा ठेलेर साहित्य सिर्जना गर्नु भन्दा वर्तमानको खुला जटिलता, अभाव र अभिघातसँग पाठकलाई परिचित गराउनु अस्वीकृत साहित्य हो भन्ने मत रहेको पाइन्छ। यस सन्दर्भमा सर्जक प्रकाश प्रेमीको भनाइ यस्तो छ- 'अस्वीकृत सहित्यलाई एक भद्दा, कुरूप, घृणित पात्रको आँखाबाट हेर्नुपर्छ।' यस भनाइबाट के बुझिन्छ भने यो जमात साधारण जनतासम्म पुग्ने प्रयास गर्दैछ। भाषाको अभिव्यक्ति पक्षलाई कुण्ठित र कुरूप बनाउने तेस्रो आयाम र राल्फाली लेखनका विपरीत सहज, सरल

र सुबोध्य लेखनको पक्षमा थियो अस्वीकृत जमात। यस जमातले गरेको प्रयासलाई हेर्दा के देखिन्छ भने आफूलाई पराजित र उपेक्षित पिँढीको जमात ठान्ने र सत्यको नजिक पुगेर अभिव्यक्ति दिने पक्षमा प्रतिबद्ध रहेको हो भन्ने प्रमाणित हुन्छ। समाजमा देखिएका परिवर्तित युगीन मान्यतालाई अवलम्बन गर्नाले युवा चिन्तनमा आएका सोचलाई समेत यसले आत्मसात गरेको छ।

भनिन्छ अस्तित्ववादी दर्शनबाट 'अस्वीकृत जमात' आकर्षित थियो। कतिपय सन्दर्भमा यस जमातका आलोचकहरूले 'माओवादी'को संज्ञा पनि दिए। तारानाथ शर्माले 'अस्वीकृत जमात'लाई विकृत यौनवृत्तिलाई जीवनको सम्पूर्णता मानेर यस्ता अभद्र बथानहरू कात्तिकका कुकुर हुँदै हाम्रो साहित्यलाई मैलो पारिरहेछन् भन्ने कटु मन्तव्य गरेको पाइन्छ। श्रीप्रसाद नामबाट समीक्षा गर्ने समीक्षकले अस्वीकृत जमातलाई भर्त्सना गर्दै यसरी टिप्पणी गरेका छन्- 'यी वसन्तपुरका बसाहाहरू रातोदिन गाईहरूको खोजमा रात काट्दै धतुलाएर हिडिरहने जमदग्नि हुन्।' यो जमात समाजको स्थापित र स्वीकृत मूल्यबाट धेरै भिन्न र असम्पृक्त रहेर सृजनातर्फ लागेको देखिन्छ। सोही कारण उक्त जमातले यसखाले कटु आरोप खप्नु परेको थियो। नेपालीहरूको नेपाल बाहिर र भित्रसमेत सामाजिक र सांस्कृतिक परम्परामा यिनका धारणाहरूले स्वीकृति प्राप्त गर्न सकेका छैनन्। यिनै स्वीकृतिहीन मान्यताको दर्शन बोकेर स्थापित मूल्यप्रति विद्रोहको आगो दन्काउने उक्त जमातका स्रष्टाहरू वि.सं.२०३० सम्म पुग्दा नपुग्दै छेउ लाग्न थालेको पाइन्छ। स्थापित मूल्यको विरुद्ध राँको बालेर विस्थापित मानव मूल्यको स्थापनामा देखा पर्ने विवशता र जीवन सङ्घर्षलाई प्रस्तुत गर्ने ठूलो प्रयत्न नगरेका होइनन्। नेपाली साहित्यको इतिहासमा अस्वीकृत जमातको आन्दोलन पनि एउटा कढीको रूपमा देखिएको छ।

### ४.६ अमलेख आन्दोलन

वि.सं. २०२६ सालतिर नेपाली साहित्य इतिहासमा देखा परेको अर्को एउटा आन्दोलनको नाम हो अमलेख आन्दोलन। यस आन्दोलनमा संलग्न रहेका साहित्य स्रष्टाहरूमध्येका अगुवा हुन् मोहन कोइराला। यसका साथै उनलाई साथ दिने अन्य स्रष्टाहरूमा कवि द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, भूपि शेरचन, मदन रेग्मी, ध्रुवचन्द गौतम, रत्न शमशेर थापा, भुवन कोइराला (ढुङ्गाना), आदि थिए। कवि तथा लेखकहरू अमलेख अर्थात् (स्वतन्त्रता वा मुक्ति)का निम्ति प्रतिवद्ध बन्न यस कार्यमा संलग्न भए। खासमा यसको आशय लेखकीय स्वतन्त्रता जोगाउने परम्परा र कसैको स्तुतिगानबाट मुक्त रहन सक्नु लेखकको पहिलो सर्त रहेको थियो। यस समूहमा संलग्न रहेका लेखकको जमात 'अमलेख वर्ग'का नामले परिचित हुन पुग्यो। उक्त जमातले गरेको लिखित घोषणा पनि सार्वजनिक भएको थियो। तापनि अमलेख आन्दोलनमा जडित सर्जकहरूका जमातमा मात्र सीमित रहेको यो काव्य साहित्यगत मान्यतामा केन्द्रित 'सिउडी' नामको पत्रिका पनि प्रकाशित भएको थियो। वि.सं. २०२६ सालको भदौ महिनामा प्रकाशित उक्त पत्रिकाको पहिलो अङ्कले आफ्नो प्रकाशकीय स्तम्भमा यसरी उद्घोष गरेको थियो। 'सिउडी' एउटा प्रतिनिधि र समूहस्तरको प्रतीक भएकाले हामी आफ्ना मूल्य र दृष्टिकोणमा विश्वस्त छौँ र आजको हाम्रो अस्तित्व तथा आस्थाको विघटन, सन्त्रास, नैराश्यता, हर्ष-विस्मात, जय-पराजय जस्ता समसामयिक अनुभूतिहरू अभिव्यक्त गर्नमा सिउडी सबैभन्दा सचेत हुनेछ। समाजमा विद्यमान आवेगपूर्ण पुराना विचार र मान्यताहरू, मूल्यहरूबाट मुक्त हुन चाहने इच्छा अमलेख वर्गले आफ्नो मत्, सिद्धान्त र दर्शनलाई निम्नानुसारका बुँदामा व्यक्त गरेको पाइन्छः

(क) नेपाली साहित्यका क्रमिक विकास र सम्बर्द्धनमा, अमलेख, अभिव्यञ्जना गर्न,
(ख) युगानुकुल चेतनाप्रति सम्बेदनशील भई त्यसका मूल्यहरूको अभिव्यक्त गर्न र

(ग) पुराणा मान्यताहरूको पुनर्मूल्याङ्कन गर्न र नयाँ मान्यताको खोजी गर्नमा सम्पूर्ण विश्वास राख्न।

विभिन्न प्रकारका शोषणहरू साहित्यमा पनि भइरहेका छन्। त्यस्ता शोषणका विरोधमा पनि 'अमलेख वर्ग'ले आफूलाई उभ्याउने प्रयत्न गर्दछ। लेखनका क्षेत्रमा रहेका अनेक धारा र प्रवृत्तिका धर्षाहरू मेटेर एउटै साझा मञ्चमा सबै साहित्यकार उभ्याउने प्रयत्न गर्नु यसको उद्देश्य थियो। आखिरमा अमलेख वर्गको यो प्रयत्न प्रशंसनीय बन्यो। सिउडीको पहिलो अङ्कमै यसले निम्नोक्त उदघोष गरेको थियो- "देशका विभिन्न साहित्यिक प्रतिष्ठान, सङ्घ-संस्थाहरूप्रति सिउडी अत्यन्त चेतनशील छ... साहित्य र साहित्यकारको नाउमा देशका पैसा र श्रम अपव्यय हुन्छ र साहित्य सृजनाको नाउमा साहित्य र साहित्यकारलाई वैयक्तिक निर्देशन र गुटबन्दी गर्न खोजिन्छ भने सबभन्दा पहिले सिउडीले त्यसको सामूहिक तथा क्रियात्मक रूपले विरोध जताउने छ।" विद्रोहको स्वर लिएर स्थापना गरिएको अमलेख आन्दोलन दीर्घायु हुन सकेन। वि.सं. २०२८ सालमा यसको पनि अवसान भइसकेको थियो। विद्रोहको भावना लिएर साहित्य सिर्जनामा अगिसरेको अमलेख आन्दोलनले धेरैवटा उद्देश्य राखे तापनि आन्तरिक संरचना, साङ्गठनिक र व्यवस्थित आचरण निर्वाह नभएको हुँदा उक्त आन्दोलन विस्तारै विलुप्तिको गर्भतिर अग्रसर भयो।

**४.७ लीलालेखन**

आयामेली लेखन शैलीको थालनीमा देखापरेका त्रिमूर्तिमध्ये दार्जिलिङका इन्द्रबहादुर राईको एकल प्रयसमा वि.सं.२०३० साल पछि 'लीलालेखन' आरम्भ भयो। आयामिक कालका बल्लभमणि र वैरागी काइँलामा सर्वाधिक विचार, विधा सिर्जना र निरन्तरतामा इन्द्रबहादुर राईको नाम अग्र पंक्तिमा रहेको देखिन्छ। यसका साथै सिद्धान्त प्रतिपादन गर्ने र प्रतिपादित सिद्धान्तलाई सिर्जनाको आधार बनाउने कलामा राई सबैभन्दा उच्च स्थानमा देखिन्छन्। 'लीलालेखन'को मूल आधार ईश्वरको तत्व र अनेक क्रिया तथा एक चरित्र र अनेक आचरण भन्ने अवतारवादी चिन्तनमा निहित दर्शन वा सिद्धान्त मानिएको छ। एकजना कृष्ण हजारौँ गोपिनीका बीचमा अनेकौँ रूपमा प्रकट भए जस्तै लेखन पनि तिनै एउटै वर्ण, शब्द र शब्दावलीको शृङ्खलामा जोडिएर अनेक रूपमा देखा पर्दछ भन्ने सिद्धान्त लीलालेखनको दार्शनिक आधार मानिएको छ। भ्रममा परेका गोपिनीले अनेक कृष्ण दर्शनको भ्रम पाले जस्तै हामी पनि लेखनमा अनेकौँ भ्रम पाल्दछौँ। पूर्वीय ईश्वर अवतारवादलाई आधार बनाएर स्रष्टा राईले आफ्नो जीवन यात्राको उत्तर कालको आरम्भ पछि मिथकीय स्वरूपमा चिन्तनको सहारा लिन थाले। लेखनको सन्दर्भमा 'यहाँ भ्रान्तिहरूको अभिनय छ, क्रीडा छ, लीला छ।' भन्दै जीवनका सबै कोणमा तथा विचारको तहमा राईले चारैतिर 'लीला' देखेका छन्। उनको दृष्टिकोणमा- जतासुकै लीला छ। लीलाका सन्दर्भमा उनको भनाइ छ-'यथार्थ सदा अगोचर छ। गोचरणीय रूपहरू मात्र। अनि रूपहरू परस्परमा एक अर्काको द्योतक छन्।' यस्तो चिन्तनको स्तरबाट उनको लीलालेखनको बीजारोपण भएको छ। उनी भन्छन्- यथार्थ अज्ञेय र अँठ्याइने हुँदोरहेछ र 'हामी भ्रम लेख्दा रहेछौँ।' जीवनको यस यथार्थलाई साहित्यमा लगाई हामी बित्थामा बित्थाहरू लेखौँ, यसबाट सिद्ध हुन्छ 'सर्वे सर्वाय वाचका अर्थात् सबै सबै अर्थका वाचक' भन्ने दर्शनमा साहित्यकार इन्द्रबहादुर राईको लेखन 'लीलालेखन' भएर देखापरेको छ।

नेपाली साहित्य जगतका स्वनामधन्य कथाकार इन्द्रबहादुर राईको लीलालेखन कताकता हिन्दु आदर्शको चिन्तनबाट प्रेरित छ भने अर्कातिर ज्याक डोरिडाको विनिर्माणवादी चिन्तनबाट पनि प्रेरित देखिन्छ। समग्र आयामेली वस्तुताको चिन्तनबाट उठेका राईको धारणा क्वान्टम फिजिक्स वा घनत्ववादी दर्शनबाट पनि प्रभावित छ। उनले आफ्नो आत्मकथनमा भनेका छन- "वस्तु वस्तुतामा निर्गुण छ" अर्थ, मूल्य, विशेषण, नामसँग देखिनु हो वस्तुको लीला। अवश्य नै मानिसकै असमान, अस्थिर, सम्वेदित र बौद्धिकताले यो हुन सक्छ। अनुभव र ज्ञानका भेदहरू सृष्टि

हुने मानिसको सब कार्य हुन्छ, वस्तुतात्मक, लीलावन्त। वस्तुताको अक्षमा लीलायित फरक र अन्तरणहरूलाई पनि तीनका कारकहर देख्नु लीलालेखन हो। अनाशक्त आशक्तिले लीलालेखन हुँदैछ। राईको यस भनाइले के कुराको पुष्टि गर्दछ भने बहुरङ्गीय कोणबाट निरीक्षण गर्दा एउटै वस्तु अनेकौँ रूपमा देखिन्छ। यो अनेकौँ देखिनु भ्रान्ति हो। वस्तु एउटै हो र देखिएको बहुलता लीला हो। यस्ता सबै दृश्यहरूको समीकृत लेखन लीलालेखन हो। यसखाले लेखनमा लेखक वस्तु यथार्थलाई हुँडलेर परायथार्थसम्म विचरण गर्न पुग्दछ। यस्तो परायथार्थसम्मको लेखनमा मान्छेका अनुभूति, बुद्धिको क्रियाशीलता, चेतनाजस्ता सबै पक्षहरू लीलामात्र बन्न आएका हुन्छन् भन्ने कुरा यहाँ पुष्टि भएको छ।

आफ्नो लेखनको तेस्रो चरणमा आइपुग्दा साहित्यकार इन्द्रबहादुर राईले उपर्युक्त मान्यताका आधारमा कथा सर्जेका छन्। लीलालेखनको दार्शनीक बीज अध्यात्म मान्दै साहित्यकार राईले आत्मस्वीकृतिमा प्रस्तुत गरेका छन्। उनकै भनाइमा "औपनिषदिक माया, बौद्धको शून्य, जैनको स्यादवाद, भौतिक विज्ञानको सापेक्षतावाद, मनोविश्लेषणको फ्रायडवाद, गेष्टाल्ट मनोविज्ञान, मार्क्सवादीय आइडियालिज्मको सिद्धान्त, व्यावहारवाद, समालोचनात्मक पाठकीय प्राप्ति सिद्धान्त, विनिर्माणवाद, क्वान्टम फिजिक्स आदिबाट आधार र स्वीकार लीलालेखनलाई प्राप्त छ। साथै लोकवृत्त लीला कैवल्यम्।" जस्ता दार्शनिक गहन उक्तिहरू उपसथापन भएका छन्। प्रस्तुत् कथन उनका कथाहरूमा सार्थक सिद्ध भएको छ। राईको अर्को सङ्ग्रह 'कठपुतलीको मन'मा सङ्कलित कथाहरू आफ्नै पूर्व परम्पराभन्दा पनि भिन्न र अनौठो किसिमका छन्। लेखन चिन्तनका सन्दर्भमा उनको जीवन विषयक चिन्तन छ- 'खेलौँ बाँच्ने खेल।' यस्ता चिन्तनमा केन्द्रित उनका कथामा मानवीय जीवनको बचाइमा बेहोर्नु पर्ने स्थिति र परम्पराको मूल्य प्रस्तुत भएको देखिन्छ। 'जिजीविषेशतं शमा' शीर्षकको उद्देश्यमा राई प्रतिबद्ध छन्। बाँच्नुलाई महान ठान्ने पक्षका राईले आफ्ना कथामा मृत्यु तथा आत्महत्या जस्ता जीवनविरोधी पलायनमुखी जीवनको निषेधका पक्षहरू प्रस्तुत गरेका छन्। जीवन जगतका सकारात्मक आकर्षणशील चिन्तनलाई आशावादी ढङ्गले स्वीकारेका छन्। गतिशील जीवनलाई स्वागत गर्ने राईले आफ्ना कथामा बाँच्नु स्वयममा अर्थपूर्ण र सोद्देश्यपूर्ण हुनुपर्छ, निरर्थक सास फेराइ मात्र जीवन होइन भन्दै जीवनको आकर्षण पक्षलाई प्रस्तुत गरेका छन्। लीलालेखनअन्तर्गतका सबै कथामा राईले जीवनका गतिशील पक्षलाई स्वीकारेका छन्। मानवले बाँच्नु र बाँच्ने उपायको तर्जुमा गर्ने क्रमलाई महत्व दिँदै राईले मानवको जिउनु सार्थक रहन्छ भन्ने मत प्रकट गरेका छन्। राईको दृष्टिमा मान्छे- 'जीवन र जगतको कर्मभूमिमा लीलानुसार सङ्घर्षमा रत रहौँ' भन्ने धारणा राख्तछन्। राईका 'बाघ', 'मिथक मात्र', 'घासीसँग' लगायतका कथाहरूमा जीवन मूल्यलाई उपर्युक्त ढङ्गमा प्रस्तुत गरिएको छ।

इन्द्रबहादुर राईले लीलालेखन अन्तर्गत जीवनका निस्सारता वा विसङ्गति जस्ता पुराना रुढ बनिसकेका उक्तिहरूलाई पूर्ण रूपमा त्यागेका छन्। जीवन विनाश गर्ने वस्तु होइन, यसलाई जोगाएर मात्र चलायमान बन्न सकिन्छ। जीवनको सङ्घर्षमा प्रत्याक्रमित बनेर बाधा र व्यवधानमा विजय प्राप्त गर्न सकेमा जीवनको खुसी नै अर्को हुन्छ भन्ने राईको मत छ। उक्त तथ्य उनले 'घाँसीसँग', 'जन्ती', 'आँगनको घाममा', 'लाटा', 'विश्व तिम्रा चरणमा'जस्ता कथाहरूमा व्यक्त गरेका छन्। आशा र आकांक्षाका पक्षलाई लक्ष्य बनाएर जीवनलाई सार्थक बनाउने बिन्दुमा अग्रसर बन्ने मान्छेहरू उनका कथामा पात्र बनेका छन्। यस्तै अवस्थामा लीलालेखन कालका कथाहरू सिर्जन भएका छन्

कथाकार इन्द्रबहादुर राईको भनाइ छ कि- मान्छेको अन्तःश्चेतनामा देवत्व थोरै र पशुत्व धेरै हुन्छ। आफ्नो कथा सिर्जनामा कथ्य बनेर आएका मानव चरित्रमा रहेको कालो परिस्थितिवश कहिलेकाहिँ आफैँ भित्रबाट प्रकट हुने वर्वर र पाशविक चरित्र बनेर प्रकट हुन्छ भन्ने लीलालेखन कालका राईका कथाले स्पष्ट पारिदिएका छन्। जैनको स्वाद्वादमा अभिप्रेरित हुने मान्छेले आफ्नै वर्गका सदस्यप्रति भयानक शोषण गर्दछ। नराम्रा कल्पनाको सिकार बन्छ

मान्छे। यस्ता दुष्कल्पनाको सिकार बनेको अवस्थामा मान्छे भौतिक र मानसिक कुनै पनि दुर्घटनाबाट ग्रस्त बन्दछ। यस्तो 'अन्धलीला'को अभिनेता मान्छे नै रहेको पाएका छन् इन्द्रबहादुर राइले। राईले दोस्रो चरणमा प्रतिपादन गरेका भ्रान्ति दर्शन अनुसार नै मान्छे सधैँ अन्धलीलामा अल्मलिएको छ। राईका सबै पात्रहरूयसै अन्धलीलाको अभिनय गर्नु परेको स्थिति बोध गर्दछन्।

लीलालेखनको आन्दोलनमा देखापरेका इन्द्रबहादुर राईको विधा विनिर्माणवादी चेतना, वस्तु विनिर्माणवादी चेतना र चिन्तन विनिर्माणवादी चेतना एकैसाथ प्रयोग भएका छन्। विनिर्माणवादी चेतना उत्तरआधुनिकतावादी चिन्तनको एउटा पक्ष हो र यो विधा विनिर्माणवादी सन्दर्भमा प्रकट भएको छ। 'कठपुतलीको मन' शीर्षकको कथामा विनिर्माणको प्रक्रिया राम्ररी प्रयोग भएको छ। कथावस्तु र त्यसको संरचना विनिर्माण भएको छ। संरचना र शैली दुवै क्षेत्रमा नयाँ रूपमा उपस्थित भएका कारण राईको पछिल्लो चरणका कथा 'लीलालेखन' सन्दर्भमा पनि उल्लेख्य छन्। जस्तै- गुरुप्रसाद मैनालीको 'परालको आगो' शीर्षक कथालाई इन्द्रबहादुर राईले नयाँ मिथकका रूपमा लिएर पुनर्लेखन गरेका छन्। कथावस्तु मैनालीकै सारवस्तुमा रहेको छ र कथाकार राईले अरू चारवटा कथाहरू जोडजाम गरेर कथालाई विनिर्माण गरेका छन्। मूल कथा चामे र गौँथलीकै सेरोफेरोमा घुमेको छ। थपिएका कथा पनि लोग्ने-स्वास्नीकै सम्बन्धमा अल्झेर रहेका छन्। मूल कथा सञ्जालबाट भिन्नता देखाउने थप कथाहरू लीला कथाबाट सर्जित छन्। यस कथामा भएको विधा विनिर्माण अन्तर्सम्मिश्रण क्रियाबाट भएको छ। उक्त कथाका अतिरिक्त निबन्ध, नाटक, कविता र समालोचनाका दिशाहरू पनि उल्लेख भएका छन्। त्यसैले कथाकार राईले 'कठपुतलीको मन' लाई कृतिलेखनको संज्ञा दिएका छन्।

इन्द्रबहादुर राईको कथा सिर्जनामा गेस्टाल्ट (आकारवाद) मनोविज्ञानको प्रभाव परेको देखिन्छ। महारुदन कथाकी पात्र ठूलीको रुवाइ नै कथाको मूलभूत विषय बनेर देखा परेको छ। ठूली आफ्नो मुटु निचोरिएको रुवाइ रुन्छे। यसमा रोदनको विनिर्माण भएको छ। महारुदन चारवटा विकथाको संयोजनमा निर्मित लीलाकथा हो। राईका लेखनले के सिद्ध गरेको छ भने- भिन्नहरूको योगफलबाट लीलालेखन बन्दछ।

लीलालेखन तेस्रो आयामको विकसित रूप मानिएको हुनाले नेपाली साहित्यको इतिहासमा भारतीय भूभागमा भन्दा पनि नेपालको भूभागमा धेरै विस्तार भयो। साहित्यकार इन्द्रबहादुर राईले वि.सं. २०३० को दशकमा थालनी गरेको उक्त लेखनले वि.सं. २०४० र २०५० को दशकसम्म आइपुग्दा निकै चर्चित भयो। समालोचनाका क्षेत्रमा निकै चर्चित बन्न पुगेको यस लीलालेखनलाई 'कृष्ण धारावासी'ले उपन्यास र कथामा प्रयोग गरेर देखाए। कृष्ण बरालले नाटक तथा कवितामा र रत्नमणि नेपालले कथामा प्रयोग गरी सिर्जनात्मक कार्य सम्पन्न गरे। स्रष्टाहरूले सिर्जना र समीक्षामा निकै गहन काम गरे। अहिलेको समयसम्म पनि नेपाली साहित्यको सिर्जना र समीक्षा क्षेत्रमा लीलालेखनको चर्चाले उच्च स्थान प्राप्त गरिरहेको छ।

### ४.८ कोलाज आन्दोलनः

### ४.८.१ कोलाज आन्दोलनको परिचय तथा पृष्ठभूमि

फ्रान्सेलीशब्द कलर (collar) बाट बनेको शब्द हो कोलाज(collage)। कलर शब्दको अर्थ टाँस्नु हो। विभिन्न प्रकारका सामान भेला पारी एक ठाउँमा टाँसेर सजाउनु र नयाँ रूप प्रदान गर्नु कोलाज हो। यसमा रङ्गीन कागज, रिवनका ध्वजा, पत्रिकाका टुक्रा वा हातले बनाएका कागज साथै सुकुमार कलाका केही अंश, फोटो, मरेको मुसो अथवा माउसुलीको सुकेको मासुको चोक्टो वा छाला अनि यस्तैखाले चिजहरूका अंश कागज वा क्यानभासमा टाँसेर कोलाज तयार पारिन्छ। त्यसैले यसलाई विचित्रको कलात्मक चीज मानिन्छ।

सर्वप्रथम ईशापूर्व २०० तिर चीनमा यसखाले कोलाज शैलीको प्रयोग कागजको उत्पत्तिको समयमा गरिएको हो भनिन्छ। दशौँ शताब्दीमा जापानका हस्तलेखकहरूले आफ्ना कविता लेख्ने प्रक्रियामा लिसो दलेका कागज भुइँमा टाँसेर आफ्ना कविताहरू अति राम्रो हरफमा लेख्ने गर्थे। तेह्रौँ शताब्दीमा मध्य युरोपमा कोलाज शैली देखा पऱ्यो। पन्ध्रौँ-सोह्रौँ शताब्दीतिर जर्मनीका चर्चमा युँ तथा अरू दामी धातुका अंशहरू धार्मिक मूर्तिहरूमा, यीशुको मूर्तिमा, प्रयोग गर्दै पछि हातका बाहुलामा बटन (टाँक) आदि टाँस्ने चलन चल्यो। हविस्टहरूले सम्झना सजीव राख्न आफन्तका फोटोहरू अलबममा टाँसेर राख्ने गरे उन्नाइयौँ शताब्दीमा।

पुरानो समयदेखि कोलाजको प्रयोग हुँदै आएको भए तापनि असलमा कोलाजको थालनी आधुनिकताको प्रवेश बिन्दु सन्- १९०० सम्म भएकै थिएन भन्ने कतिपयको भनाइ रहेको पाइन्छ। टेट ग्यालेरीको कला शब्दोकोशका अनुसार- कोलाज बीशौँ शताब्दीमा एकजना कलाकारको निजी शैलीमा पहिलोपटक प्रयोग गरिएको हो। गगेनहिन म्युजियमको कलाकोशअनुसार- कोलाज आधुनिकताको आरम्भमा आएको कलाको एउटा शैली विशेष हो। यो विभिन्न चीजहरूलाई टाँसेर एउटा आकार प्रदान गर्नुभन्दा माथि विभिन्न विचारको थुप्रो हो। जर्जेज ब्रेक र पाब्लो पिकासोले लिसो दलेका टुक्राहरूलाई क्यानभासमा टाँसेर यसलाई आफ्ना कलामा नयाँ आयाम दिए। कलाको दृष्टिकोणमा कोलाज रङ्ग र मूर्ति बीचको एउटा भाग हो। कोलाजको उपलब्धि भनेको त्यही हो जसले समाचारपत्रमा रहेका विभिन्न घटनाका खबरका टुक्राहरू टाँसेर सजाउँदा जुन अर्थ र सोचको खोराक मस्तिष्कमा दिन्छ।

सङ्गीतमा पनि कोलाजको चिन्तनले चित्रकलाको सीमा नाघेर आफ्नो प्रभाव विस्तार गऱ्यो। बीशौँ शताब्दीको मध्यतिर सङ्गीतमा रेकर्डिङ प्रविधि विकास भएपछि नयाँ प्रयोगवादी कलाकारहरूले नयाँ र पुराना सङ्गीतलाई मिलाएर सङ्गीत जगतमा एउटा नौलेपनको कोलाज सङ्गीतको निर्माण गरे। सन्-१९६० मा जर्ज मार्टिनले बिटलसका गीतको कोलाज गीतको रेकर्ड बनाए। पप कलाकार पिटर ब्लेकले बिटलसका गीतको अलबमको खोलामा कोलाज चित्र बनाए सन्-१९६७ मा। क्रिस्चियन मार्कले र नेटिवल्याण्ड समूहले सन्-१९७० र ८० का दशकमा पुराना गीतलाई नयाँ शैलीमा प्रस्तुत गरे। ऱ्याप, हिपहप र विद्युतीय सङ्गीतले कोलाज सङ्गीतलाई लोकप्रिय बनाए। सन्-१९९६ को न्युयर्क सहरका कलाकार, लेखक र सङ्गीतकार पल.डी.मिलर र डी.जे. स्पुकीका सङ्गीतसम्बन्धी पुस्तक रिदम साइन्स (सन्-२००४) र साउन्ड अनबाउन्ड (सन्-२००४) मा कोलाज सङ्गीतमाथि विशेष चर्चा भएको छ। आन्टोनिन अर्टाउड, जेम्स जोयस, विलियम एस. बुडोर रेमन्डरस्कट आदि कोलाज सङ्गीतका लेखक, गायक र सङ्गीतकारहरूमा प्रमुख रहेका छन्। बाइबल प्रिन्सिया डिसकडियालाई पहिलो कोलाज साहित्य मानिन्छ। यस शब्दले साहित्यमा विचार र चित्रको संयोजन गराउँछ।

### ४.८.२ पूर्वोत्तर भारतको नेपाली साहित्यमा कोलाज आन्दोलन

सन्-१९७६ मा भारतको उत्तरपूर्वी क्षेत्रको मूलद्वार मानिने गुवाहाटी महानगरबाट नेपाली साहित्यको विकासका लागि र समाजमा विभिन्न रुचिका स्रष्टाशील तथा सर्जक व्यक्तित्वहरूलाई एकै मञ्चमा भेला पारी आ-आफ्नो रुचिको सिर्जनशीलतामा लगाउने उद्देश्यले कोलाज गोष्ठीको स्थापना भयो। विश्वविख्यात कलाकार पाब्लो पिकासोले आफ्ना कलात्मक सिर्जनामा कोलाजको प्रयोगद्वारा विश्वमै हलचल मच्चाएको र पश्चिमी देशहरूमा कला र सङ्गीत जगतमा धैरै चर्चित कोलाज शब्दलाई भारतीय नेपाली साहित्यमा स्थान दिने काम गुवाहाटीका तत्कालीन कविहरू अविनाश श्रेष्ठ, अनुराग प्रधान, नव सापकोटा तथा मुन्नी सापकोटाको संयुक्त प्रयासमा भएको पाइन्छ। कोलाज शब्दलाई अझ ठूलो आयाम दिने लक्ष्य लिएर यसलाई साहित्य र समाजमा अँगल्ने व्यावहारिक पक्षको

रूपरेखा तयार पारी नेपाली साहित्य परिषद, असम (सन्-१९७४) को तत्वावधानमा मासिक साहित्य गोष्ठीको रूपमा कोलाज गोष्ठी सुरु भयो। यस अभियानमा साथ दिनेहरूमध्ये भूपेन निषाद, चोकबहादुर थापा, डा. शान्ति थापा, राधा नेवार, अच्युत नेवार, मोहन श्रेष्ठ, बालकृष्ण उपाध्याय, देवी उपाध्याय, लक्ष्मी उपाध्याय, मीरा उपाध्याय, मुक्ति उपाध्याय बराल, शिवानन्द शर्मा, शिवलाल शर्मा डा. उमाकान्त शर्मा, हरि छेत्री, माया छेत्री, दामोदर ढकाल, बालकृष्ण पौडेल, छविलाल पौडेल, चन्द्र पौडेल, मणिराम खनाल, विजय श्रीनेथ, बिमला श्रीनेथ, विजय राणा, दिलीप सिंह, आदि साहित्यानुरागीका साथै अरू धेरैको सहभागिता थियो। यसरी समाजमा छरिएर रहेका विभिन्न प्रतिभाहरूलाई एकैठाउँमा भेला पारी आ-आफ्नो प्रतिभा विकास गर्ने उद्देश्य लिएर कोलाज आन्दोलनका माध्यमबाट कला साहित्य सिर्जनामा अगिबढने प्रयास जारी रह्यो।

यसैबीच (सन्-१९७९) मा अखिल असम छात्र सङ्घले असममा बहिरागत बिताडन आन्दोलन मच्चाए। उनीहरूका अनुसार असमीया र जनजातिबाहेक जतिनै पुराना भए तापनि बाहिरबाट आएर असममा रैथाने भई बसेका सबै गैर असमीया जनताले असम छोडनु पर्छ भन्ने दाबी थियो। त्यसपछि तथाकथित बहिरागतमाथि अत्याचार सुरु भयो। मानिसका घर जले, बाटाघाटामा कुटपिट गरी जतातते सन्त्रास फैलाउने काम भयो। यसरी एउटा शक्तिले हाम्रो जरो उखेल्ने कुप्रयास गरिरहेको बोला त्यसको विपरीत त्रासित भएका नेपाली जनताले आफ्ना जातिलाई एक एकजुट पारी उक्त सङ्कटबाट कसरी बाँच्ने वा दृढ भइ रहने भन्दै कोलाज गोष्ठीको आयोजन गरी गाउँगाउँ घुम्दै प्रचार कार्य सुरु गरे। यसले एकातिर आफ्ना जातिभित्र परेको पिरमर्काको पत्तो लगाउन सहयोग पुऱ्यायो भने अर्कोतर्फ आत्मरक्षा गर्ने उपाय खोज्न र परस्परमा सहयोग प्राप्त गर्न हामीलाई ठूलो सहयोग पुऱ्यायो।

सन्-१९८० मा अखिल असम छात्र सङ्घ (आसु)को विदेशी बहिष्कार आन्दोलनले उग्र रूप लियो। यसले असमका रैथाने नेपाली जनतामाथि अझ त्रास थप्यो। रातारात सीमा पार गरेर असम पसेका बाङ्गलादेशीसँगै पुस्तौँपुस्तादेखि असममा स्थायी रूपले बसोबास गरिरहेका नेपाली जनतालाई पनि विदेशी नै ठहराइयो।

यस्तो विपरीत स्थितिको बेलामा कोलाज आन्दोलन असमे नेपाली जनताका लागि दर्के पानीमा छाता फेला परेझैँ सिद्ध भयो। कोलाज नेपाली साहित्य सङ्गीत र कलाको साधनामा सबै जनताबीच प्रेरणको श्रोत बनेर देखा पऱ्यो। साहित्यमा यसको अनुकुल प्रभाव पर्दै गयो। साहित्यिकहरूले कोलाज लेखनको थालनी गरे। सन्-१९७६ मा कवि अविनाश श्रेष्ठका कवितामा कोलाजको प्रयोग, नव सापकोटाको कविता ‘एउटा अस्तित्वको फलिङ्गोः कोलाजको हातबाट फुत्केर’ शीर्षक अस्तित्ववादी कविता प्रकाशित भए। सन्-१९८२ मा हास्य कविका रूपमा परिचित बालकृष्ण उपाध्यायको कोलाज शीर्षक कविता सङ्ग्रह प्रकाशित भयो। सन्-१९७६ देखि १९८४ सम्म कोलाज आन्दोलनले छोटो समयका लागि भए तापनि असमेली नेपाली कवितामा सुप्रभाव विस्तार गर्न सफल भएको छ।

भारतीय नेपाली साहित्यिक आन्दोलनहरूको चर्चा गर्दा सन् २०१३ को हस्तक्षेप र सन् २०१४ को समावेशी अवधारणा वा आन्दोलनको कुरा पनि गर्नु पर्ने हुन्छ। हस्तक्षेप आन्दोलनका प्रवर्तक कवि सिलगडीका राजा पुनियानीको अनुसार आम जनताका दिमागी व्यवस्थामा सत्ताले नियोजित अनि प्रायोजितरूपमा हस्तक्षेप गरेको छ। त्यही दिमागी व्यवस्थामा भइरहेको हस्तक्षेपमाथि प्रतिहस्तक्षेप नै हस्तक्षेप आन्दोलनको उद्देश्य हो। कवि राजा पुनियानी, मनोज बोगटी, टीका भाइ, भूपेन्द्र सुब्बा, लेखनाथ छेत्री, निमा शेर्पा आदिका साथै नेपालका केही साहित्यिक पनि यस हस्तक्षेपी समूहमा पर्दछन्। मानिसहरूको विचारमा भइरहेको राजनैतिक, सामाजिक, अर्थनैतिक

हस्तक्षेपमाथि प्रतिहस्तक्षेप गर्नु र लेखक आफ्नो लेखनप्रति, समाजप्रति प्रतिबद्ध रहनुमा यस समूहको मूल ध्येय विषय रहेको छ।

समावेशी आन्दोलनका प्रस्तावक हुन् समकालीन कवि वासुदेव पुलामी लगायत ज्ञानेन्द्र यक्सो, प्रवीण खालिङ, सदीप प्रधान, सूरज धडकन, निरज थापा, प्रकाश हाङ्खिम, योगेश पन्त र सपन प्रधान। सन्-२०१४ मा गान्तोकमा यस अवधारणाको ओपचारिक घोषणा भएको हो। सन्-२०१५ को अगस्त महिनामा हस्तक्षेप र नभेम्बरको अन्तमा समावेशी अवधारणाका घोषणा पत्र प्रकाशित भएका हुन्। भारतीय नेपाली साहित्यमा उठेको यस समावेशी स्वरको अभीष्ट हो समयको कालखण्डमा छुटेका, छुट्ट्याइएका पाटाहरूलाई पुनर्व्याख्या र पुनर्सन्दर्भसहित समावेश गर्ने। कोही छुट्टिनु नपरोस् र सबै एकसाथ अघि बढौँ भन्ने सद्भावना रहेको यस अवधारणाले वर्ग, जाति, जनजाति, लिङ्ग, भाषा संस्कृति, इतिहास, भूगोल, अर्थनीति, राजनीतिजस्ता अनुशासनलाई साहित्यको अवकाश मान्दछ। यस समूहले साहित्य, कला चिन्तनमा आफ्नै जातिको लोकदर्शन, मिथक, प्रतीक बिम्ब आदिको समावेशीकरणलाई आवश्यक ठान्दछन्।

### ४.८.३ नेपाली भाषा मान्यता आन्दोलन

सन्-१९५६ को १८ जानुवारी देखि भारतको देहरादुनबाट सुरु भएको नेपाली भाषा आन्दोलन सन्-१९९२ को २० अगस्तमा आएर समाप्त भयो। 'जाग्रत गोर्खा' पत्रिकाका सम्पादक आनन्दसिंह थापाले आफ्नै पत्रिकामा तत्कालीन राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई भारतको संविधानमा नेपाली भाषालाई अन्तर्भुक्त गरिदिन सर्वप्रथम अनुरोध गरेका थिए। यस्तो गहिन मागप्रति भारत सरकारको ध्यान आकर्षण गराउन विभिन्न प्रान्तमा केही प्रयास हुन लागे। साथै प्रान्तीय दबाउको प्रभावभन्दा राष्ट्रीय अभियानको महत्व बढी हुने ठानेर सन्-१९७२ को ३१ जानुवारीका दिन अखिल भारतीय नेपाली भाषा समिति गठन भयो। त्यससमयदेखि अखिल भारतीय नेपाली भाषा समितिले प्रायः सबै राज्यमा शाखा समिति गठन गरी, अधिवेशन सम्पन्न गराइ सबै नेपाली जनतालाई जागृत गराउदै भारतीय संविधानको आठौँ अनुसूचीमा नेपाली भाषालाई अन्तर्भुक्त गर्न माग गर्ने मुखियाको रूपमा अघि सऱ्यो। यहाँ नेपाली भाषा सङ्ग्राममा कुनकुन संस्था तथा व्यक्तिहरूको के कति योगदान छ भन्ने कुराको व्यापक खोज अनुसन्धान हुन बाँकी नै छ। सर्वभारतीय पर्यायमा व्याप्त अखिल भारतीय नेपाली भाषा समितिका अतिरिक्त भारतीय नेपाली राष्ट्रीय परिषद्ले अन्त्यमा अविस्मरणीय भूमिका निर्वाह गरेको छ। यसका मुखिया सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारी र उहाँकै श्रीमती दिलकुमारी भण्डारी (तत्कालीन सांसद) थिए। यस्ता अरू पनि राष्ट्रीय सङ्गठनमध्ये भारतीय नेपाली भाषा सङ्घर्ष समिति पनि एउटा हो। सिक्किमबाट प्रकाशित 'प्रक्रिया' पत्रिका (सम्पादक वीरभद्र कार्कीढोली)को 'भाषा मान्यता विशेषाङ्क' वर्ष-७, अङ्क-११ (सन-१९९३) को पृ-६८-६९मा १०५ वटा संस्था सङ्गठनको भाषा आन्दोलनमा योगदान रहेको इतिहास देखिन्छ। यी १०५ वटा संस्था सङ्गठनमध्ये १६वटाचाहिँ असमका छन्। यसमा पनि कुनै छुटेका हुन सक्ने पूर्ण सम्भावनालाई नकार्न सकिन्न।

## ५. निष्कर्ष

नेपाल र भारतमा साहित्य र भाषाको सन्दर्भमा चलेका विभिन्न आन्दोलनहरूले नेपाली साहित्यको इतिहासमा धेरै प्रभाव पारेका छन्। त्यसखाले अरू आन्दोलनमध्ये बुट पोलिस (वि.सं-२०३१) पनि उल्लेख्य छ। एक विसेष परिस्थितिमा 'यङ्ग राइटर्स फ्रन्ट' नामको संस्थाले युवा स्रष्टाहरूको सामग्री प्रकाशनका निम्ति आवश्यक परेको २०००/- भेला पार्न नसक्दा आवश्यक रकम भेला पार्न 'युवा लेखन प्रकाशनार्थ आफ्ना जुत्ताहरू चम्काई सहयोग गर्नुहोस्' शीर्षकको विज्ञापन टाँसेर काठमाडौँको नयाँ सडकमा चलाएको अभियानको नाम 'बुट पोलिस'हो। वि.सं.-२०३६ सालमा नेपालमा पञ्चायत वा बहुदलमध्ये कुनै एक राजनीतिक व्यवस्था कायम गर्ने उद्देश्यमा गरिएको जनमत सङ्ग्रह अभियानमा बहुदलको पक्षमा मत जुटाउने उद्देश्यले भवानी घिमिरेको नेतृत्वमा सडक, चोक र गल्लीका सभाहरूमा सम्पन्न गरिने कविता गोष्ठीलाई सडक कविता क्रान्ति भनिन्छ। वि.सं.-२०३९ सालमा अशेष मल्लको सञ्चालनमा सम्पन्न सडक नाटक अभियान नेपाली साहित्यको इतिहासमा एउटा आन्दोलनको रूपमा चिनिन्छ। हालसम्म पनि यो संस्था नाटकको खुल्ला प्रदर्शन व्यवस्थालाई शिखरमा पुर्‍याउन त्यतिकै प्रयत्नरत छ। वि.सं.-२०४० सालमा फणिन्द्र नेपाल, विनय रावल अनि तीर्थ श्रेष्ठको अगुवाइमा चलेको 'तरलवादी' आन्दोलन पनि निकै चर्चित रह्यो। साहित्यमा अनुभूतिगत तरलताको सम्वेदना अनिवार्य तत्वका रूपमा रहनुपर्छ भन्ने यो आन्दोलन पनि अलिक दिन चर्चामा आयो र विस्तारै हराउँदै गयो।

वि.सं.-२०४६ सालतिर पञ्चायती राजनीतिका विरुद्ध राजनैतिक जागरण ल्याउने ध्येय लिएर चलेको आन्दोलनमा पढिने, लेखिने र छापिने कवितालाई आन्दोलन कविता भनियो। नेपालको राजनीतिक अवस्था तरल बन्दै गएपछि 'सडक नाटक' र 'सडक कविता'ले आन्दोलनमा धेरै शक्ति प्रदान गर्‍यो। यस्ता राजनीतिक जागरणमुखी आन्दोलनलाई हावा दिने कविता वाचन, लेखन र प्रकाशनलाई आन्दोलन कविताको भनियो।

भारतको दार्जिलिङ, सिक्किम, असम, पूर्वाञ्चल भारत लगायत बनारस देहरादुन आदि स्थानमा समय-समयमा साहित्यको विकासका निम्ति व्यापक अभियानहरू चल्दै आएका छन्। सन्-१९३२ मा सूधपा (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान)को सक्रियतामा सङ्गठित र सञ्चालित नेपाली साहित्य सम्मेलन स्थापित भएको थियो। सन्-१९५०मा नेपाली साहित्य परिषद्, सन्-१९५८मा मेघालयमा नेपाली साहित्य सङ्घ, सन्-१९६३ मा कालिम्पोङ नेपाली साहित्य परिषद्, सन्-१९६५ मा कालिम्पोङ नेपाली साहित्य अध्ययन समिति, सन्-१९७० मा सिलिगुडी साहित्य परिषद्, सन्-१९७२ मा नेपाली अकादमी दार्जिलिङ, सन्-१९७३मा नेपाली साहित्य सम्पर्क समिति, सन्-१९७६ मा नेपाली साहित्य सृर्जन समिति शिलाङ, सन्-१९६९ मा नेपाली साहित्य परिषद, स्थापित भए। गोष्ठी, सङ्गोष्ठी, प्रवचन, सम्मेलन आदिका गतिविधिहरूले नेपाली साहित्यको ऐतिहासिक विकासमा विशेष योगदान दिए। सन्-१९७१ मा बनारसमा स्थापित 'जनवादी क्रान्तिकारी सांस्कृतिक मोर्चा', वि.सं.-२०३०मा नेपाल प्रगतिशील अध्ययन मण्डलजस्ता संस्थाहरू उल्लेख्य छन्। असमको दरङ जिल्लामा 'नेपाली साहित्य सम्मेलन', तेजपुरमा 'नेपाली युवा साहित्य प्रचारिणी समिति' र प्रगतिशील साहित्य सङ्गठनजस्ता संस्थाहरूले पनि साहित्यको विकासमा विशेष सहयोग दिए। सन्-१९६५ मा मेघालयमा अर्को एउटा नेपाली साहित्य सृजन समिति, सन्-१९७१ मा मित्र मण्डली र सन्-१९७४ मा नेपाली साहित्य परिषद्, असम, सन्-१९७४ मा डुवर्स साहित्य समिति र सन्-१९८२ मा साहित्य सेवा समितिको स्थापना गरेर साहित्यको विकासमा ठूलो सहयोग पुर्‍याएका छन्। सिक्किम सरकारको सहयोगमा सञ्चालित 'स्रष्टा प्रकाशन'ले पनि विशेष भूमिका वहन गरेको छ। साहित्यिक सङ्घ-संस्थाका साथै पत्र-पत्रिका, रेडियो, टिभी र पाठ्यक्रमका लागि पुस्तक प्रकाशनका कार्यले नेपाली साहित्यको इतिहासमा ठूलो भूमिका लिएको छ। साहित्यको विकासमा महत्वपूर्ण योगदान दिन भारत-नेपालका सङ्घ-संस्था, शैक्षिक संस्था, पत्र-पत्रिका प्रकाशन संस्था, टिभी र रेडियो लगायतका सबै माध्यमले सहयोग पुर्‍याएका छन्।

## ६. अभ्यास प्रश्न

### ६.१ आफ्नो प्रगति जाँच्नुहोस्

१. नेपाली भाषाको विकासमा के-कस्ता आन्दोलन देखापरेका छन् र तिनको प्रभाव नेपाली भाषाको इतिहासमा कस्तो परेको छ ?
२. हलन्त बहिष्कार र झर्रोवादी आन्दोलनबाट नेपाली भाषा व्याकरणले प्राप्त गरेको मूल दिशा के हो ?
३. आयामेली आन्दोलनले साहित्य मार्फत् जीवनलाई कुन रूपमा प्रस्तुत गरेको छ ?
४. राल्फाली आन्दोलनको सैद्धान्तिक आधार के थियो ?
५. अस्वीकृत जमातले नैतिकता र आदर्शलाई बहिष्कार गर्नुको कारण के हुन् ?
६. लीला लेखनले जीवन र साहित्यलाई के कसरी हेरेको छ ?
७. असमेली नेपाली कवितामा कोलाज आन्दोलन स्थापनको मूल कारण के हो ?
८. नेपाली भाषाको मान्यताका लागि के कस्ता आन्दोलन भएका छन् ?
९. नेपाली भाषाका क्षेत्रमा प्रचलित आन्दोलनका मुख्य उपलब्धि के के हुन् ?
१०.नेपाली साहित्यका क्षेत्रमा प्रचलित आन्दोलनले के कस्तो योगदान पुऱ्याएको छ ?
११.समावेशी आन्दोलनका प्रस्तावक को हुन्?

### ६.२ आत्म मूल्याङ्कन गर्नुहोस्

१. आयामेली आन्दोलनको मूलभूत मान्यता के के हुन् ? (१०० शब्द)
२. भारतीय नेपाली कवितामा कोलाजको के कस्तो प्रभाव परेको छ ? (१०० शब्द)

## ७. थप अध्ययनका लागि सन्दर्भ सामग्री

नेपाल, घनश्याम, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, गान्तोकः नेपाली साहित्य परिषद्।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** त्रिपुरेश्वरः सहयोगी प्रकाशन।

सुवेदी, रादेन्द्र, **स्रष्टा सृष्टिःद्रष्टा दृष्टि,** ललितपुरः साझा प्रकाशन।